
# प्रतापपुर गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), लुम्बिनी प्रदेश

# आवधिक विकास योजना

## (अद्यावधिक)



## आर्थिक वर्ष

## २०८१/०८२- २०८५/०८६

उमेश चन्द्र यादव
अध्यक्ष

# विषय सूची


परिच्छेद १ : परिचय ........ १
१. पृष्ठभूमी ........ १
२. औचित्य ........ २
३. कानुनी/नीतिगत व्यवस्था ........ २
४. योजना तर्जुमाको उद्देश्य ........ ३
५. आवधिक विकास योजना तर्जुमा विधि तथा प्रक्रिया ........ ४
५.१. सन्दर्भ सामग्री अध्ययन ........ ४
५.२. योजना तर्जुमा कार्यशाला गोष्ठी ........ ४
५.३. आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण ........ ४
५.४. योजना दस्तावेज तयारी ........ ५
५.५. योजना दस्तावेजको संरचना ........ ५
६. सीमा तथा परिसीमाना ........ ६
६.१. तथ्यांकीय उपलब्धता ........ ६
६.२. लागत तथा लगानी पूर्वानुमान ........ ६
६.३. कार्यान्वयन र अपेक्षित उपलब्धि ........ ६
६.४. श्रोत, साधन तथा जनशक्ति ........ ६
परिच्छेद २ : आधारभूत वस्तुस्थिति एवम् उपलब्धि समीक्षा ........ ७
१. आधारभूत वस्तुस्थिति ........ ७
१.१. प्रशासनिक/राजनीतिक विभाजन ........ ७
१.२. जनसांख्यिक विवरण ........ ८
१.३. भू-उपयोग विवरण ........ १०
२. क्षेत्रगत वर्तमान वस्तुस्थिति ........ ११
३. पालिका विकासको उपलब्धिको समीक्षा ........ १४
३.१. आर्थिक विकास क्षेत्र ........ १५
३.२. सामाजिक विकास क्षेत्र ........ १५
३.३. पूर्वाधार विकास क्षेत्र ........ १६
३.४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ १६
३.५. संस्थागत विकास तथा सुशासन क्षेत्र ........ १७
परिच्छेद ३ : दीर्घकालीन सोच तथा अवधारणा ........ १८
१. गाँउपालिका विकासका संभावना तथा अवसर ........ १९
२. गाँउपालिका विकासका समस्या तथा चुनौति ........ १९
३. दीर्घकालीन सोच ........ २०
४. समष्टिगत लक्ष्य तथा उद्देश्य ........ २०
४.१. समष्टिगत लक्ष्य ........ २०
४.२. समष्टिगत उद्देश्य ........ २१
४.३. समष्टिगत रणनीति ........ २१
५. निर्देशक सिद्धान्त ........ २१
६. प्राथमिकता प्राप्त क्षेत्र ........ २२
७. स्रोत अनुमान तथा प्रक्षेपण ........ २२
परिच्छेद ४ : आर्थिक विकास ........ २४
१. पृष्ठभूमि ........ २४
२. वर्तमान अवस्था ........ २४
३. समग्र अवसर र चुनौति ........ २४
४. समग्र लक्ष्य ........ २५

उमेश चन्द्र यादव


५. समग्र उद्देश्यहरू ........ २५
६. स्तम्भहरू (उपक्षेत्र) ........ २५
क. कृषि तथा पशुपंछी विकास ........ २६
१. परिचय ........ २६
२. वर्तमान अवस्था ........ २६
३. लक्ष्य ........ २७
४. उद्देश्य ........ २७
५. सम्भावना तथा अवसरहरु ........ २८
६. चुनौतिहरु ........ २८
७. रणनीतिहरू र कार्यनीतिहरू ........ २९
८. आवधिक प्राथमिकता : कृषि तथा पशुपंछी विकास ........ ३१
ख. पर्यटन ........ ३५
१. परिचय ........ ३५
२. वर्तमान अवस्था ........ ३५
३. लक्ष्य ........ ३६
४. उद्देश्य ........ ३६
५. सम्भावना तथा अवसरहरु ........ ३७
६. चुनौतिहरु ........ ३७
७. रणनीतिहरू र कार्यनीतिहरू ........ ३८
८. आवधिक प्राथमिकता : पर्यटन ........ ४०
ग. उद्योग, व्यापार तथा व्यवसाय ........ ४१
१. परिचय ........ ४१
२. वर्तमान अवस्था ........ ४१
३. लक्ष्य ........ ४१
४. उद्देश्य ........ ४१
५. सम्भावना तथा अवसरहरु ........ ४२
६. चुनौतिहरु ........ ४२
७. रणनीतिहरू र कार्यनीतिहरू ........ ४३
८. आवधिक प्राथमिकता : उद्योग, व्यापार तथा वाणिज्य ........ ४५
घ. सहकारी ........ ४७
१. परिचय ........ ४७
२. वर्तमान अवस्था ........ ४७
३. लक्ष्य ........ ४७
४. उद्देश्य ........ ४७
५. सम्भावना तथा अवसरहरु ........ ४८
६. चुनौतिहरु ........ ४८
७. रणनीतिहरू र कार्यनीतिहरू ........ ४९
८. आवधिक प्राथमिकता : सहकारी ........ ५०
ङ. सीप तथा रोजगारी ........ ५२
१. परिचय ........ ५२
२. वर्तमान अवस्था ........ ५२
३. लक्ष्य ........ ५२
४. उद्देश्य ........ ५२
५. सम्भावना तथा अवसरहरु ........ ५४
६. चुनौतिहरु ........ ५४

उमेश चन्द्र यादव


७. रणनीतिहरू र कार्यनीतिहरू ........ ५५
८. आवधिक प्राथमिकता : सीप तथा रोजगारी ........ ५७
अपेक्षित उपलब्धि तथा नतिजा तालिका ........ ६०
प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ........ ६४
परिच्छेद ५ : सामाजिक विकास ........ ६९
१. पृष्ठभूमी ........ ६९
क. शिक्षा विकास ........ ७०
१. परिचय ........ ७०
२. वर्तमान अवस्था ........ ७०
३. लक्ष्य ........ ७०
४. उद्देश्य ........ ७१
५. सम्भावना तथा अवसरहरू ........ ७२
६. चुनौतीहरू ........ ७२
७. रणनीतिहरू र कार्यनीतिहरू ........ ७३
८. आवधिक प्राथमिकता : शिक्षा विकास ........ ७६
ख. स्वास्थ्य ........ ८१
१. परिचय ........ ८१
२. वर्तमान अवस्था ........ ८१
३. लक्ष्य ........ ८१
४. उद्देश्य ........ ८२
५. सम्भावना तथा अवसरहरू ........ ८३
६. चुनौतीहरू ........ ८४
७. रणनीतिहरू र कार्यनीतिहरू ........ ८५
८. आवधिक प्राथमिकता : स्वास्थ्य ........ ८९
ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ १०१
१. परिचय ........ १०१
२. वर्तमान अवस्था ........ १०१
३. लक्ष्य ........ १०१
४. उद्देश्य ........ १०१
५. सम्भावना तथा अवसरहरू ........ १०२
६. चुनौतीहरू ........ १०२
७. रणनीतिहरू र कार्यनीतिहरू ........ १०३
८. आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ १०५
घ. युवा तथा खेलकुद ........ १०७
१. परिचय ........ १०७
२. वर्तमान अवस्था ........ १०७
३. लक्ष्य ........ १०७
४. उद्देश्य ........ १०७
५. सम्भावना तथा अवसरहरू ........ १०७
६. चुनौतीहरू ........ १०८
७. रणनीतिहरू र कार्यनीतिहरू ........ १०९
ङ. सम्पदा संरक्षण ........ १११
१. परिचय ........ १११
२. वर्तमान अवस्था ........ १११
३. लक्ष्य ........ १११

उमेश चन्द्र यादव
अध्यक्ष

४. उद्देश्य ........................................................................................................ ११२
५. सम्भावना तथा अवसरहरु ........................................................................................ ११२
६. चुनौतिहरु ........................................................................................................ ११२
७. रणनीतिहरू र कार्यनीतिहरू ..................................................................................... ११३
८. आवधिक प्राथमिकता : सम्पदा संरक्षण ........................................................................ ११५
अपेक्षित उपलब्धि तथा नतिजा तालिका ............................................................................ ११७
प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ........................................................................... १२३
परिच्छेद ६ : पूर्वाधार विकास ......................................................................................... १२८
१. पृष्ठभूमि ............................................................................................................ १२८
क. भू-उपयोग तथा आवास व्यवस्थापन .............................................................................. १२९
१. परिचय ............................................................................................................ १२९
२. वर्तमान अवस्था ................................................................................................. १२९
३. लक्ष्य ............................................................................................................... १३०
४. उद्देश्य ............................................................................................................ १३०
५. सम्भावना तथा अवसरहरु ........................................................................................ १३१
६. चुनौतिहरु ........................................................................................................ १३१
७. रणनीतिहरू र कार्यनीतिहरू ..................................................................................... १३२
८. आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन ................................................... १३६
ख. पार्क तथा मनोरञ्जन ............................................................................................ १४२
१. परिचय ............................................................................................................ १४२
२. वर्तमान अवस्था ................................................................................................. १४२
३. लक्ष्य ............................................................................................................... १४३
४. उद्देश्य ............................................................................................................ १४३
५. सम्भावना तथा अवसरहरु ........................................................................................ १४४
६. चुनौतिहरु ........................................................................................................ १४४
७. रणनीतिहरू र कार्यनीतिहरू ..................................................................................... १४५
८.आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन ................................................................... १४७
ग. सडक, पुल तथा यातायात ........................................................................................ १५०
१. परिचय ............................................................................................................ १५०
२. वर्तमान अवस्था ................................................................................................. १५०
३. लक्ष्य ............................................................................................................... १५०
४. उद्देश्य ............................................................................................................ १५०
५. सम्भावना तथा अवसरहरु ........................................................................................ १५१
६. चुनौतिहरु ........................................................................................................ १५२
७. रणनीतिहरू र कार्यनीतिहरू ..................................................................................... १५३
८. आवधिक प्राथमिकता : सडक, पुल तथा यातायात ............................................................. १५८
घ. सार्वजनिक निर्माण ............................................................................................... १६३
१.परिचय ............................................................................................................. १६३
२. वर्तमान अवस्था ................................................................................................. १६३
३. लक्ष्य ............................................................................................................... १६३
४. उद्देश्य ............................................................................................................ १६४
५. सम्भावना तथा अवसरहरु ........................................................................................ १६४
६. चुनौतिहरु ........................................................................................................ १६५
७. रणनीतिहरू र कार्यनीतिहरू ..................................................................................... १६६
८. आवधिक प्राथमिकता : सार्वजनिक निर्माण ..................................................................... १६९

ङ. खानेपानी, सिंचाइ, सञ्चार र विद्युत तथा वैकल्पिक उर्जा ....................................................१७०
१. परिचय ....................................................१७०
२. वर्तमान अवस्था ....................................................१७१
३. लक्ष्य ....................................................१७२
४. उद्देश्य ....................................................१७२
५. सम्भावना तथा अवसरहरु ....................................................१७२
६. चुनौतिहरु ....................................................१७२
७. रणनीतिहरू र कार्यनीतिहरू ....................................................१७४
८. आवधिक प्राथमिकता : खानेपानी, सिंचाइ र विद्युत तथा वैकल्पिक उर्जा ....................................................१७६
अपेक्षित उपलब्धि तथा नतिजा तालिका ....................................................१८१
प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ....................................................१८५
परिच्छेद ७ : वन, वातावरण र विपद् व्यवस्थापन ....................................................१८९
१. पृष्ठभूमि ....................................................१८९
क. वन तथा वातावरण ....................................................१९०
१. परिचय ....................................................१९०
२. वर्तमान अवस्था ....................................................१९०
३. लक्ष्य ....................................................१९१
४. उद्देश्य ....................................................१९१
५. सम्भावना तथा अवसरहरु ....................................................१९३
६. चुनौतिहरु ....................................................१९३
७. रणनीतिहरू र कार्यनीतिहरू ....................................................१९४
८. आवधिक प्राथमिकता : वन तथा वातावरण ....................................................१९७
ख. विपद् तथा आपत्कालीन व्यवस्थापन ....................................................२०२
१. परिचय ....................................................२०२
२. वर्तमान अवस्था ....................................................२०२
३. लक्ष्य ....................................................२०२
४. उद्देश्य ....................................................२०२
५. सम्भावना तथा अवसरहरु ....................................................२०२
६. चुनौतिहरु ....................................................२०३
७. रणनीतिहरू र कार्यनीतिहरू ....................................................२०४
८. आवधिक प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन ....................................................२०८
अपेक्षित उपलब्धि तथा नतिजा तालिका ....................................................२०९
प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना ....................................................२१४
परिच्छेद ८ : संस्थागत विकास र सुशासन ....................................................२१८
१. पृष्ठभूमि ....................................................२१८
क. संस्थागत विकास ....................................................२१९
१. परिचय ....................................................२१९
ख. सुशासन ....................................................२२१
१. परिचय ....................................................२२१
२. स्थानीय अवस्था ....................................................२२१
३. लक्ष्य ....................................................२२१
४. उद्देश्य ....................................................२२१
५. अवसर ....................................................२२२
६. चुनौतिहरु ....................................................२२२
७. रणनीतिहरू र कार्यनीतिहरू ....................................................२२३

८. आवधिक प्राथमिकता सुशासन प्रवर्द्धन ........ २२५
अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २२७
प्रमुख कार्यक्रम तथा आयोजना ........ २३३
परिच्छेद ९ : कार्यान्वयन एवम् अनुगमन ........ २३९
१ आवश्यक स्रोत ........ २३९
२. आवधिक योजना कार्यान्वयन ........ २४०
३. अनुगमन, मूल्याङ्कन ........ २४०
३.१ अनुगमन तथा मूल्यांकनको जिम्मेवारी ........ २४०
३.२ अनुगमन तथा मूल्यांकन विधि तथा प्रक्रिया ........ २४१
सन्दर्भ सामग्रीहरु ........ २४२

# अध्यक्षको मन्तव्य

नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका काम, कर्तव्य र अधिकारहरू स्पष्ट पारेको छ । संवैधानिक र कानुनी रुपमा तोकिएका महत्वपूर्ण कामहरुमध्ये गाउँपालिकाले दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) तर्जुमा गरी गाउँसभाबाट पारित गरेको छ ।

यस आवधिक योजना कार्यान्वयनको पहिलो वर्षको रुपमा आ.व.२०८१।८२ को पाँचौं वार्षिक योजना रहेको छ । यस योजनाको दीर्घकालीन सोच " **हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास**"को उद्देश्य र लक्ष्य हासिल गर्न क्षेत्रगत पृष्टभूमी, सोच, उद्देश्य र रणनीति अनुरुप सामञ्जस्यता ल्याउन समानुपातिक र सन्तुलित रुपमा विकासका कार्यक्रमहरु ल्याइएको छ । यस योजनाले कृषि, पर्यटन र सहकारीलाई मुख्य प्राथमिकतामा राखि प्रतापपुरको आर्थिक र सामाजिक विकासलाई तिब्रता प्रदान गर्ने, बेरोजगार युवाहरुलाई सीप तथा तालिम र लगानीको प्रवर्द्धन गरी स्वरोजगारका अवसरहरु सृजना गर्ने, विपन्न दलित, महिला, जनजाती, अपाङ्ग भएका व्यक्ति तथा पिछडिएको वर्गलाई प्रोत्साहन गरी राज्यको मूल प्रवाहमा ल्याउने, कृषि तथा पशु उद्यमशिलताबाट कृषि तथा पशुपालनका उत्पादनहरु निर्यात गरी आर्थिक परनिर्भरताको अन्त्य गर्ने, एक घर एक धाराको नीति लिई स्वच्छ, सुलभ र गुणस्तरीय खानेपानी पहुँचको सुनिश्चितता गर्ने, सहकारीको माध्यमबाट नागरिकको आर्थिकस्तर उच्च बनाउने, पर्यटन पूर्वाधारको विकास गरी स्वरोजगारका अवसरहरु सृजना गर्ने, लगायतका संलग्न बमोजिमका बिभिन्न योजना तथा कार्यक्रमहरुले समृद्ध प्रतापपुर बनाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिएको छ । त्यसै गरी सहकारी तथा सामुदायिक क्षेत्रले स्थानीय स्रोत साधन, सामाजिक पुँजी र क्षमता परिचालन मार्फत प्रथम आवधिक गाउँपालिका विकास योजनाको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने आशा गरिएको छ । यस योजनामा सम्बद्ध सबै पक्षहरुको सहयोगमा सफल कार्यान्वयन भई योजनाले लिएको दीर्घकालीन सोँच, लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न ठोस योगदान पुग्ने विश्वास रहेको छ ।

अन्त्यमा, यो योजना तयार गर्ने क्रममा प्रदेश योजना आयोगका उपाध्यक्षज्यू, गाउँपालिकाका सबै जनप्रतिनिधिज्यूहरु, सबै राजनितिक दलहरू एवं परामर्शदाता **श्री ट्रेड एण्ड इन्जिनियरीङ् प्रा. लि.** , काठमाण्डौका विज्ञज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु र पत्रकार मित्रहरु लगायत सम्पूर्णजनहरूबाट योजना तर्जुमाका विभिन्न चरणहरुमा प्राप्त सुझाव र सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहान्छु । साथै हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास, भन्ने मूल नारा सहितको पाँच वर्ष यस दोस्रो आवधिक योजनाले गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि मार्गनिर्देशन गर्नेछ भन्नेमा पूर्ण विश्वास गर्दै यसको सफल कार्यान्वयनको लागि सबै सरोकारवालहरुको पूर्ण सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद !

# उपाध्यक्षको मन्तव्य

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारहरु सुम्पेको छ । यिनै काम कर्तव्य र अधिकारहरुलाई सफल रुपमा कार्यान्वयनको लागि विभिन्न ऐन, नियम र कार्यविधिहरु तर्जुमा गरि सोही बमोजिम आफ्ना गतिविधिहरू अगाडि बढाई रहेको छ ।

विकासका प्रक्रियाहरु अगाडि बढाउने क्रममा प्रतापपुर गाउँपालिकामा स्थानीय तहको निर्वाचन, २०७४ बाट जनप्रतिनिधिहरुको पद बहाली पश्चात् आफ्नो स्रोत साधनको वार्षिक रूपमा अनुमान गरी उक्त स्रोत साधनको परिधिमा रहि वार्षिक योजना तथा कार्यक्रमहरु तर्जुमा गर्दै आइरहेको छ । विकासलाई योजनावद्ध तवरबाट अगाडि बढाइयो भने प्राथमिकताका आधारमा स्रोत साधनको अधिकतमा परिचालन भई समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ । विकासलाई योजना मार्फत व्यवस्थित गर्नको लागि गाउँपालिकाले आफ्नो दोस्रो आवधिक गाउँपालिका विकास योजना तर्जुमा गरी गाउँसभाबाट स्वीकृत गरिसकेको छ । सबै विषय क्षेत्रलाई समेटेर लक्ष्य, उद्देश्य, नीति, रणनीति र योजना तथा कार्यक्रम समेत व्यवस्थित रुपमा समेटेर सहभागितात्मक पद्धतिबाट तर्जुमा भएको यस योजनाको सफल कार्यान्वयनबाट गाउँपालिकाको समृद्धिको यात्रामा अगाडि बढ्न पक्कै पनि सहयोग पुग्ने छ भन्ने अपेक्षा गरेको छु ।

वास्तवमा यस दोस्रो आवधिक योजनाले स्थानीय सरकारको दोस्रो कार्यकालका जनप्रतिनिधिज्यूहरूलाई नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तर्जुमाको लागि स्पष्ट मार्गनिर्देशन गर्नेछ । बजेट तथा कार्यक्रम निर्माणको क्रममा योजना बैंक समेत आवश्यक पर्ने हुँदा सोको आवश्यकता समेत यस आवधिक योजनाले समेट्ने छ भन्ने अपेक्षा गर्दै यसको सफल कार्यान्वयनको लागि आम सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, यो योजना तयार गर्ने क्रममा प्रदेश योजना आयोगका उपाध्यक्षज्यू, गाउँपालिकाका सबै जनप्रतिनिधिज्यूहरु, सबै राजनितिक दलहरू एवं परामर्शदाता श्री ट्रेड एण्ड इन्जिनियरीङ् प्रा. लि., काठमाण्डौका विज्ञज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु र पत्रकार मित्रहरु लगायत सम्पूर्णजनहरूबाट योजना तर्जुमाका बिभिन्न चरणहरुमा प्राप्त सुझाव र सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहान्छु । साथै हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास, भन्ने मूल नारा सहितको पाँच वर्षे यस दोस्रो आवधिक योजनाले गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि मार्गनिर्देशन गर्नेछ भन्नेमा पूर्ण विश्वास गर्दै यसको सफल कार्यान्वयनको लागि सबै सरोकारवालहरुको पूर्ण सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद !

# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरूप समाजवादप्रति प्रतिवद्ध समृद्ध राष्ट्र निर्माण गर्ने अभिलाषासहितको नेपालको संविधान जारी भएपछि राज्यको मूल लक्ष्य आर्थिक विकास नै हो । आर्थिक असमानता हटाई सामाजिक न्याय कायम गरी स्वनिर्भर अर्थ व्यवस्था प्रणालीको निर्माण तथा दीगो आर्थिक वृद्धि गर्दै नागरिकको जीवनस्तर उकास्नुपर्ने चुनौति कायमै रहेको अवस्था छ ।

परिवर्तित विद्यमान शासन व्यवस्था अनुरूप स्थानीय सरकार सञ्चालनको थालनी भएपछि दीर्घकालीन सोचसहितको दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना गाउँसभाबाट स्वीकृत भई कार्यान्वयनको चरणमै रहेको छ । यसै अवधिमा सामाजिक आर्थिक विकासका अन्य केही पक्षहरूमा उल्लेखनीय सफलता हासिल भैसकेको स्थिति छ । यसैगरी उपयुक्त सामाजिक, आर्थिक कार्यक्रम मार्फत् आर्थिक वृद्धि, रोजगारी सृजना, शिक्षा तथा स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि र जोखिम व्यवस्थापनका कार्यक्रमहरू तय गर्नुपर्ने भएको छ । मानव विकासका विभिन्न पक्षमा प्रगति हासिल गर्नुपर्ने, आर्थिक असमानता न्यून गर्नुपर्ने अवस्थामा यस आवधिक योजना अत्यन्तै कोशेढुङ्गा साबित हुनेछ । आधारभूत भौतिक पूर्वाधारको कमीका कारण उच्च आर्थिक वृद्धि, आधुनिकीकरण र समृद्धिको मार्ग प्रशस्त हुन नसकेको अवस्थामा भौतिक पूर्वाधारमा समेत उल्लेखनीय लगानी बढाउनु परेको छ । यस सन्दर्भमा दीगो आर्थिक-सामाजिक विकास तथा पूर्वाधार विस्तार र शासकीय सुधारजस्ता पक्षलाई विशेष प्राथमिकता दिई दीर्घकालीन सोचसहितको पञ्चवर्षीय दोस्रो आवधिक विकास योजना तयार भएको छ ।

यो आवधिक योजना तयार गर्दा नौ वटै वडा, सम्पूर्ण विषयगत समिति, पालिकास्तर तथा विकासका सरोकारवालाहरूबीच व्यापक रूपमा अन्तर्कृया गरिएको छ र त्यसबाट प्राप्त सुझावहरूलाई योजनामा समावेश गर्नुका साथै राजनीतिक दलका प्रतिनीधि, विभिन्न निकायका पदाधिकारीज्यूहरू, विकास साझेदारहरू, विभिन्न संघसंस्थाहरू, प्रवुध्द वर्गका सुझावहरूलाई समेत समावेश गरिएको छ । यो योजना तयार गर्ने क्रममा अहोरात्र रूपमा खटिई सुझाव तथा सहयोग गर्नुहुने जनप्रतिनिधिज्यूहरू, विभिन्न संघसंस्था, समाजसेवीहरू, राजनीतिक दल, आवधिक योजना तर्जुमाको लागि अहोरात्र खटिई व्यवस्थापन तथा संयोजनको भूमिका निर्वाह गर्नुहुने योजना शाखा प्रमुख ज्यू लगायत सम्पूर्ण कार्यालय परिवार, परामर्शदाताको विज्ञ समूह र विभिन्न मिडियाकर्मी मित्रहरूलाई हार्दिक धन्यवाद दिन चाहान्छु । साथै " हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास" कथित मूल नारा सहितको पाँच वर्षे यस दोस्रो आवधिक योजनाले गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि मार्गनिर्देशन गर्नेछ भन्नेमा पूर्ण विश्वास लिएको छु ।

धन्यवाद !

# परिच्छेद १ : परिचय

## १. पृष्ठभूमी

आवधिक योजना अध्यावधिक तर्जुमा मूलतः स्थानगत विशेषताहरुमा आधारित एकीकृत तथा बहु-विषयक योजना हो । यसले गाँउपालिकाको संभावनालाई समृद्धिमा रुपान्तरण गर्ने स्पष्ट दीर्घकालीन सोच सहित गाँउपालिका क्षेत्र विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य र प्रतिफलहरु निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता र श्रोत पहिचान तथा परिभाषित गरी गाँउपालिकाको विकासको भविष्यको मार्गचित्र तयार गर्दछ । गाँउपालिकाको अगुवाई र गाँउपालिकाको सम्पूर्ण सरोकारवालाको सक्रीय संलग्नतामा गाँउपालिकाको आवधिक विकास योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिन्छ । यसबाट स्थानीय शासन प्रक्रियामा स्थानीय विकासका संभावना, साझेदार एवं सरोकारवालाको पहिचान भई प्रभावकारी परिचालनको आधार तयार हुन्छ । आवधिक योजनामा स्थानगत विशेषताहरुको आधारमा गाँउपालिकाको एकीकृत तथा विषयगत प्रयासहरु समेटिनु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थापन गरिएको छ । यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको बिकासका लागि आवधिक, बार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्नेछ भनी उल्लेख गरिएको छ । यसका साथै उक्त दफामा योजनाहरु बनाउँदा प्राथमीकता दिनुपर्ने विषयहरुको बारेमा समेत व्यवस्था गरिएको छ । जसमध्ये गाँउपालिकाको लागि पार्श्वचित्र तयारी, सूचना व्यवस्थापन प्रणालीको स्थापना र बिभिन्न क्षेत्रहरु समावेश गरी गाँउपालिकाको वृहत आवधिक योजना तयारी मुख्य रुपमा पर्दछन् । तसर्थ यस गाँउपालिकाको जनसंख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास, तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन तथा सम्पूर्ण सूचनाहरुको व्यवस्थापन प्रणाली स्थापित गरी गाँउपालिकाको समग्र विकासको लागि विभिन्न क्षेत्रहरु समावेश भएको क्षेत्रगत आवधिक योजना तयार गरिएको छ ।

यसका लागि राष्ट्रिय योजना, प्रदेश योजनाका लक्ष्य, विषयगत नीति तथा योजना, गाँउपालिका विकासका अवधारणा र विषयगत गुरुयोजनामा आधारित भएर ५ वर्ष अवधिका लागि गाँउपालिकाको अगुवाईमा–समग्र विकासको साझेदार तथा सरोकारवालाको सक्रिय संलग्नतामा सहभागितामूलक रुपमा आवधिक गाँउपालिका स्तरीय योजना तर्जुमा गरिएको छ । यो आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र विषयगत मन्त्रालय तथा विकासका साझेदारबाट लिखित रुपमा प्राप्त नीति, निर्देशन तथा सुझाव समेतलाई आधारलाई मध्नजर राख्दै तयार गरिएको छ । यसका साथै विकास व्यवस्थापनको सन्दर्भमा हेर्ने हो भने आजको परिवेसले निम्त्याएको जटिल समस्या जलवायू परिवर्तन अनुकुलन, बातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, फोहोरमैला व्यवस्थापन, बालबालिका, पोषण र क्षमता विकास, सामाजिक सद्भाव, सामाजिक जवाफदेहिता, समावेशीकरण, नैतिकता, सामाजिक उत्तरदायितत्व र नागरीक दायित्व आदी

जस्ता विषयहरुलाई योजना तर्जुमा प्रक्रियामा साझा सवालको रुपमा सम्बोधन गरि तयार गरिएको छ ।

स्थानीयतहमा सकेसम्म अत्याधिक सरोकारवालाको सहभागितामा अनुशिक्षण, परामर्श र सहमतिको प्रक्रियाबाट वडा र गाँउपालिकालाई समेत आवद्ध गरी पायक पर्ने स्थानमा कार्यशाला गोष्ठीहरुको आयोजना गरी प्राप्त सूचनाको आधारमा तथ्याक संकलन, विश्लेषण, पालिकाको संभावना र आवश्यकताको विश्लेषण एवं दिर्घकालिन सोच समेत आवधिक विकास योजनाको अवधारणा तथा खाका तयार पारिएको छ । योजना तयारीको सिलसिलामा अनुशिक्षण, सूचना संकलन विश्लेषण, अवधारणा तर्जुमा, परामर्श गोष्ठी, विषयगत कार्यशाला चरणबद्ध रुपमा आयोजना गरी गाँउपालिकास्तरीय आवधिक विकास तर्जुमा कार्य सम्पन्न गरिएको छ । परिबर्तित राजनैतिक परिबेश तथा जनताको परिवर्तनप्रतिको चाहना परिपूर्ति गर्ने कार्यमा गति प्रदान गर्न गाँउपालिका, राजनीतिक दलहरु, विषयगत निकायहरु लगायत अन्य सरोकारवालाबाट गरिएको प्रतिवद्धता अनुरुप यस संस्थाको विशेषज्ञ टोलीको प्राविधिक सहयोग र सहजिकरणमा आवधिक गाँउपालिकास्तरीय विकास योजना तर्जुमाका लागि यो प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ ।

## २. औचित्य

यो आवधिक योजनाले पालिकावासीहरूको आधारभूत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा पहुँच बृद्धि गर्न, गाँउपालिकाको प्राकृतिक, आर्थिक तथा सामाजिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी लगानीलाई प्रोत्साहितगर्न गाँउपालिकाको वातावरण संरक्षण र सम्बर्द्धन गर्न गाँउपालिकाको आर्थिक सामाजिक विकास र जनसङ्ख्याकोवितरण तथा बस्तीविकास र विकास प्रक्रियामा सन्तुलन ल्याउने सन्दर्भमा उचित किसिमको निर्णयमा पुग्न आवधिक पालिका विकास योजनाले मार्गदर्शन गर्ने छ । साथै आवधिक योजनाले स्पष्ट लक्ष्य, उद्देश्य एवम् सोही अनुसारका कार्यक्रमबजेट मार्फत् अपेक्षित परिवर्तन हासिल गर्न सहज बनाउने हुदास्थानीय सरकारको जनआकांक्षा प्रतिबिम्वगरी सोही अनुरुप विकासको गतिलाई डोहोऱ्याउन समेत पहल गर्नेछ । यसका अतिरिक्त आवधिक योजना तर्जुमा गर्नु स्थानीयसरकारको कानूनी दायित्व समेत भएकाले यो आवधिक विकास योजना प्रतापपुर गाँउपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन गर्ने मुख्य योजनाका रुपमा रहेको छ । यसर्थ, गाँउपालिकाको विकास, समृद्धि तथा सुशासनका प्रवर्द्धनकालागि नीतिगत तथा व्यवहारिक रुपमा आवधिक विकास योजना तर्जुमा गर्नु स्थानीय तहहरूका लागि एक प्रमुख आवश्यकताका रुपमा रहेको छ ।

## ३. कानूनी/नीतिगत व्यवस्था

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरे अनुरुप स्थानीय शासन सञ्चालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाँउ / नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेका छ । योजना बनाउँदा नेपाल सरकारको १५ औ योजना, दिगो विकासका रणीति, प्रदेश सरकारको नीति,

लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुलहुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्त स्वन्धित विषयहरूलाई ध्यान दिनुपर्ने व्यवस्था गरे अनुरुप आवाधिक योजना निर्माण गरिएको छ ।

## ४. योजना तर्जुमाको उद्देश्य

प्रतापपुर गाँउपालिकाको विकास र समृद्धिका लागि गाँउपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एकै स्थानमा ल्याई गाँउपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस आवधिक गाँउ विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । यो योजना आ.ब. २०८१/०८२ – ०८५/०८६ सम्म ५ (पाँच) बर्षका लागि तर्जुमा गरिएको छ । योजना तर्जुमाका थप विशिष्ठ उद्देश्यहरू देहाय अनुसार छन् :

- दीर्घकालीन सोच उन्मुख समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक बृहद् दस्तावेज तयार गर्ने,
- गाँउपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने नविन तथा प्रमुख कार्यक्रम र कार्यनीति तयार गर्ने ।
- पालिकाबासीको चाहना अनुरुपको दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा प्रमुख कार्यक्रम र बजेट सहितको मध्यकालीन योजना तयार गर्ने ।
- स्थानीय तहका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा गाँउपालिकाको एकीकृत, नतिजामुखी र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,
- विषयगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारीका लागि आधार दस्तावेज तयार गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र समीक्षाका लागि सूचकहरूको खाका तयार पार्ने
- अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रवर्धनका लागि मार्ग प्रशस्त गर्ने ।
- पालिका विकासको स्पष्ट मार्गचित्र तयार गर्ने ।

## ५. आवधिक विकास योजना तर्जुमा विधि तथा प्रक्रिया

गाँउपालिकाको यो आवधिक योजनाको तर्जुमाका लागि चरणबद्ध रुपमा विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएको थियो, जुन निम्नअनुसार रहेका छन् :

### ५.१. सन्दर्भ सामग्री अध्ययन

आवधिक योजना तर्जुमा गर्ने प्रक्रियासँगै आवधिक योजना तर्जुमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरू अध्ययन गरिएको थियो । यसक्रममा खासगरी राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, बमोजिम आवधिक योजना तर्जुमा निर्देशिका अनुसार आवधिक योजना तर्जुमाका लागि आवश्यक खाकाको तयारी गरिएको थियो । यसबाहेक संघीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना, लुम्बिनी प्रदेशको पहिलो आवधिक योजना, प्रतापपुर गाँउपालिकाका वार्षिक योजना तथा नीति कार्यक्रमहरू लगायत अन्य थुप्रै दस्तावेजहरूको अध्ययन गरिएको थियो । यसबाहेक, गाँउपालिकाका प्रगति प्रतिवेदन तथा अन्य दस्तावेजहरूको अध्ययन गरी गाँउपालिकाको विद्यमान वस्तुस्थिति तथा आधाररेखा सूचना संकलन गरिएको थियो । अध्ययन गरिएका दस्तावेजहरूको नामावली अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

### ५.२. योजना तर्जुमा कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमा गर्ने गाँउपालिकाको निर्णय बमोजिम गाँउपालिकाको आयोजनामा २०८० साल फाल्गुन १८ गते  दीर्घकालीन सोच तथा योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा गाँउपालिका निर्वाचित जनप्रतिनिधी, पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरू गरी कुल ९३ जनाको उपस्थिति रहेको थियो । कार्यशाला गोष्ठीको दिन आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, भौतिक पूर्वाधार विकास क्षेत्र, वनवातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्र र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रगत योजना तर्जुमाका लागि विषयगत समिति र सम्बन्धित सरोकारवालाहरू पाँचवटा समूहमा विभाजन गरी विषयक्षेत्रगत नतिजा खाका तथा प्रमुख रणनीतिक  कार्यक्रम तथा आयोजनाहरू पहिचान गरिएको थियो ।

### ५.३. आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमाका लागि आवश्यक आधार रेखा सूचना गाँउपालिकाका शाखागत अभिलेखहरू, प्रगति प्रतिवेदनहरू, गाँउपालिकामा कार्यरत अन्य कार्यालयका प्रगति प्रतिवेदनहरू, प्रदेश तथा संघीय सरकार अन्तर्गतका विभिन्न निकायका प्रकाशनहरूबाट संकलन गरिएको थियो । यसका अलावा अपुग सूचना विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठी तथा वडा स्तरीय छलफल कार्यक्रमका सुझाव संकलन गरी विषय क्षेत्रअनुसार संभावना, अवसर, समस्या, चूनौति पहिचान गरी आवश्यक कदम/क्रियाकलाप पहिचान गरिएको थियो ।

## ५.४. योजना दस्तावेज तयारी

यो दस्तावेज मूलत: आवधिक योजना तर्जुमा सम्बन्धी निर्देशिकामा आधारित रही आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीबाट गाँउपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवाला निकायहरूसँग गरिएको सहभागितामूलक छलफलबाट प्राप्त सूचनाका आधारमा तयार गरिएको छ । तयार भएको प्रारम्भिक मस्यौदा सुरुमा गाँउपालिकालाई उपलब्ध गराइएको थियो । निर्वाचित जनप्रनिधि, कर्मचारी तथा पदाधिकारीहरूबाट प्राप्त पृष्ठपोषणबाट प्राप्त सुझावका आधारमा दस्तावेजलाई सरोकारवालाबीच पुन कार्यगोष्ठीमा छलफल गराई आवधिक योजनाको मस्यौदालाई थप सुधारका सल्लाह सुझावका आधारमा पुन: उक्त दस्तावेजलाई सुधार गरी गाँउपालिका समक्ष पेश गरिएको छ ।

## ५.५. योजना दस्तावेजको संरचना

प्रतापपुर गाँउपालिकाको यो दस्तावेजमा कुल नौ परिच्छेद रहेका छन् । पहिलो परिच्छेदमा आवधिक योजना तर्जुमाको नीतिगत तथा कानूनी आधारहरू, यसका उद्देश्यहरू एवम् योजना तर्जुमा विधिका बारेमा प्रकाश पारिएको छ । दोस्रो परिच्छेदमा गाँउपालिकाको संक्षिप्त वस्तुस्थिति एवम् गाँउपालिका गठन पश्चात् भएका प्रमुख कार्यहरूका बारेमा प्रकाश पारिएको छ । तेस्रो परिच्छेदमा दीर्घकालीन सोच तथा अवधारणा, निर्देशक सिद्धान्तहरू, प्राथमिकताकाक्षेत्र, योजना अवधिमा प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण र रुपान्तरणकारी परियोजनाहरू प्रस्तुत गरिएको छ । चौथो परिच्छेद देखि आठौं परिच्छेद सम्म क्रमश: आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, बन वातावरण तथा विपद् जोखिम व्यवस्थापन र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रहरूको विषय क्षेत्रगत योजना प्रस्तुत गरिएको छ । यी सबै योजनाहरूमा पृष्ठपोषण, उपक्षेत्रगत बस्तुस्थिति विश्लेषण, विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, अपेक्षित उपलब्धि तथा नतिजा तालिका, आयोजना तथा कार्यक्रमको स्थानगत र अन्य विवरण समावेश गरिएको छ । नवौं परिच्छेदमा कार्यान्वयन एवम् अनुगमन तथा मूल्यांकन योजना प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषय क्षेत्र अनुसार अनुमानित कुल बजेट तथा आवधिक योजना कार्यान्वयनबारे संक्षिप्तमा प्रकाश पारिएको छ । परिच्छेद ९ मा आवधिक योजनाको कार्यान्वयन तथा अनुगमनका व्यवस्थाहरूका सम्बन्धमा प्रकाश पारिएको छ भने यसपश्चात् अनुसूचीहरू रहेका छन् ।

## ६. सीमा तथा परिसीमाना

यस आवधिक योजनालाई गुणस्तरीय, व्यवहारिक एवम् यथार्थपरक दस्तावेज बनाउने अधिकतम प्रयास गरिएको छ। यद्यपि, आवधिक योजना तर्जुमाको प्रक्रिया तथा विद्यमान अवस्थाले यसलाई सीमाङ्कन गरेको छ। यस सीमा/परिसिमन देहायअनुसार रहेका छन् :

### ६.१. तथ्यांकीय उपलब्धता

यो योजना द्वितीय स्रोतका तथ्यांक/सूचना तथा गाँउपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरूसँगको सहभागितामूलक छलफलका आधारमा आवश्यक तथ्यांक संकलन गरी तर्जुमा गरिएको छ। कुनै वस्तुस्थिति विवरण तयारी नभएको अवस्थामा तर्जुमा गरिएको हुँदा यसमा आवधिक योजनाका लागि आवश्यक आधाररेखा सूचनाहरू मात्र रहेका छन्। ढाँचा, विधि तथा प्रकृया: गाँउकार्यपालिका कार्यालयसँगको सहमती, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, विगतका सफल अभ्यास तथा विज्ञका सुझावका आधारमा योजना तर्जुमा कार्यशालले स्थानीय वस्तुस्थिति बमोजिम तय गरेको ढाँचा विधि तथा प्रकृयाको उपयोग गरिएको थियो।

### ६.२. लागत तथा लगानी पूर्वानुमान

विगतका अभ्यास, अनुभव र गाँउ कार्यपालिकाको कार्यालयका प्राविधिक कर्मचारी तथा योजना तर्जुमा कार्यमा संलग्न प्राविधिक सहयोग टोलीका सम्बन्धित विषय विज्ञका सुझावका आधारमा अनुमानित लागत तथा लगानीको पूर्वानुमान गरिएको छ। यो योजनाको सफल कार्यान्वयन विद्यमान संघीय तथा प्रादेशिक अनुदानको आनुपातिक बृद्धि, संघ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा स्थानीय समुदाय र विकास साझेदार संस्थाको लागत साझेदारीको विद्यमान अवस्थामा भएको अपेक्षित सुधारमा निर्भर रहनेछ।

### ६.३. कार्यान्वयन र अपेक्षित उपलब्धि

यस आवधिक योजनाको अपेक्षित उपलब्धि हासिल हुने कुरा यसको पालनासँग प्रत्यक्ष सम्बन्धित हुनेछ। आवधिक योजना आफैंमा कार्यान्वयन गरिने दस्तावेज भन्दा वार्षिक योजनालाई दिशानिर्देश गर्ने दस्तावेज भएको हुँदा वार्षिक कार्यान्वयन योजनालाई यस योजनासँग आवद्ध गरेर यसका लक्ष्य, उद्देश्य अनुरुप वार्षिक योजनाहरू तर्जुमा र कार्यान्वयन गर्दै गएमा मात्र यस योजनाले लक्षित गरे अनुरुपका अपेक्षित उद्देश्यहरू हासिल गर्न सकिनेछ।

### ६.४. श्रोत, साधन तथा जनशक्ति

गाँउपालिकाको आवधिक विकास योजनाका लागि वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको श्रोत, सूचना तथा तथ्याङ्क र गाँउ कार्यपालिका कार्यालयमा रहेको योजना तर्जुमासँग सम्बन्धित जानकारी तथा विज्ञतालाई यथासम्भव प्रभावकारी हुने गरी परिचालन गरिएको छ। यस आवधिक विकास योजनाको कार्यान्वयनको सफलताका लागि स्रोत, साधन तथा जनशक्ति र परिचालनको विद्यमान क्षमतामा सुधार हुने अपेक्षा रहेको छ।

## परिच्छेद २ : आधारभूत वस्तुस्थिति एवंम् उपलब्धि समीक्षा

### १. आधारभूत वस्तुस्थिति

#### १.१. प्रशासनिक/राजनीतिक विभाजन

शान्तिका अग्रदुत महामानव भगवान गौतम बुद्धको जन्म स्थलको रुपमा प्रख्यात लुम्बिनी प्रदेशका १२ जिल्लाहरु मध्ये नवलपरासी ( बर्दघाट-सुस्ता पश्चिम) जिल्लामा अवस्थित प्रतापपुर गाँउपालिका नेपालमा रहेका ४८१ मध्ये एक गाँउपलिका हो । नेपालमा ७५३ स्थानिय तह लागु हुदाँ नवलपरासी जिल्लाका साविकका जमुनिया गाविसको वडा नम्बर (२,३,४,५,७,९,), सोमानीका वडा नम्बर ( १,२,३,४,९,), गुठि प्रसौनीका वडा नम्बर (१,५,६,७,८,९), प्रतापपुर गाविसका (१,४,५,६,७,९), ठुलो खैरटवा, बैदोली र गुठि सूर्यपुरा गाविसहरु समेटर प्रतापपुर गाँउपालिको बनाइएको हो ।

| वडा नं | साविकका न.पा/गा.वि.स हरू | वडा कार्यालय रहेको स्थान |
|---|---|---|
| १ | जमुनिया गा.वि.स | गोपीगंज |
| २ | जमुनिया गा.वि.स | गोपीगंज |
| ३ | जमुनिया र सोमानी गा.वि.स | सोमानी |
| ४ | ठुलो खैरटवा गा.वि.स | खैरटवा |
| ५ | बैदोली गा.वि.स | बसहिया |
| ६ | गुठि प्रसौनी गा.वि.स | गुठि प्रसौनी |
| ७ | गुठि सूर्यपुरा गा.वि.स | गुठि सूर्यपुरा |
| ८ | प्रतापपुर गा.वि.स | गुठि प्रसौनी |
| ९ | प्रतापपुर गा.वि.स | बेलटारी |

८७.५५ वर्ग कि.मी.मा फैलिएको यस गाँउपालिकाको पूर्वमा सुस्ता गाउँपालिका, पश्चिममा सरावल गाउँपलिका, उत्तरमा बर्दघाट नगरपालिका र दक्षिणमा भारत देश संग सिमाना जोडिएको यस गाउँपालिकाको बनावट समथर रहेको छ । ९ वडा मा बिभाजन गरिएको यस गाउँपालिकाको २०७८ को जनगणना अनुसार कुल जनसंख्या ४९,८९७ रहेको छ भने महिलाको २५,०८५, पुरुषको २४,८१२ रहेको छ । गाउँपालिकाको केन्द्र साविकको प्रतापपुर गाबिसको कार्यालयमा राखिएको छ ।

गाँउपालिका भित्र सामुदायिक रुपमा संचालनमा रहेको आधारभूत विद्यालय ८, माध्यमीक विद्यालय ६, प्रा। वि ८, नि.मा.वि. १, शिक्षा मन्दिर २ र मदरसा ६ रहेका छन् ।

## १.२. जनसाख्यिक विवरण

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार र यहाँको कुल जनसख्या ४९,८९७ रहेको छ भने महिलाको २५०८५, पुरुषको २४८१२ रहेको छ र यसअनुसार यहाँको औसत जनघनत्व ५७० जना प्रति वर्ग कि.मि. रहेको छ।

| वडा नं | घर परिवार संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | १०५३ | २३२१ | २४८३ | ४८०४ |
| २ | १०९९ | २५२० | २६०९ | ५१२९ |
| ३ | १११३ | २७९३ | २८६९ | ५६६२ |
| ४ | ९७१ | २७६० | २७३७ | ५४९७ |
| ५ | ११४३ | ३२७७ | ३२३१ | ६५०८ |
| ६ | ९८० | २५२७ | २५५८ | ५०८५ |
| ७ | १०९४ | २९२० | २८५० | ५७७० |
| ८ | १०३८ | २६७७ | २६६० | ५३३७ |
| ९ | १२११ | ३०१७ | ३०८८ | ६१०५ |
| जम्मा | ९७०२ | २४८१२ | २५०८५ | ४९८९७ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

वि.सं. २०६८ सालको जनगणना अनुसार यहाँको कुल जनसख्या ४७,५२० (महिला २३,६६८) र पुरुष २३,८५२ थियो। यस पछिल्लो तथ्यांक अनुसार यस करिब १० वर्षको अवधिमा यहाँको जनघनत्व प्रति व.कि.मी.मा २७ जनाले वृद्धि भई कुल ५७० जना प्रति वर्ग कि.मी. पुगेको छ। उमेर समूह अनुसारको जनसंख्या अध्ययन गर्दा प्रतापपुर गाँउपालिका सम्पन्न रहेको देखिन्छ। यहाँ १०-४९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ६७.४६ प्रतिशत रहेको देखिन्छ भने ५०-५९ वर्ष उमेर समूह समेतको जनसंख्या गणना गर्दा यहाँ सक्रिय उमेर समूहको कुल जनसंख्या ७६.५४ प्रतिशत रहेको छ। यसरी कुल जनसंख्याको ठूलो हिस्सा सक्रिय उमेर समूहको जनसंख्या रहेकोले स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गरी आर्थिक वृद्धिलाई तीव्रता दिने लगायतका जनसांख्यिक लाभांश लिन सक्ने अवसर रहेको छ। गाँउपालिकाको उमेर समूह अनुसारको जनसंख्याको थप विवरण देहाय अनुसार रहेको छ :


| वडा न / उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-०९ | ४५९३ | ४३१० | ८९०३ | १७.८ |
| १०-१९ | ५३५२ | ५०४७ | १०३९९ | २०.८ |
| २०-२९ | ४२२२ | ४८७९ | ९१०१ | १८.२ |
| ३०-३९ | ३४४९ | ३९०० | ७३४९ | १४.७ |
| ४०-४९ | २६०० | २५१५ | ५११५ | १०.३ |
| ५०-५९ | २०५४ | १९६८ | ४०२२ | ८.१ |
| ६०-६९ | १४६० | १३८८ | २८४८ | ५.७ |
| ७०-७९ | ८४५ | ८३० | १६७५ | ३.४ |
| ८०-८९ | १७१ | १८३ | ३५४ | ०.७ |
| ९० माथी | ६६ | ६५ | १३१ | ०.३ |
| जम्मा | २४,८१२ | २५,०८५ | ४९,८९७ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

उमेश चन्द्र यादव
अध्यक्ष

## १.३. भू-उपयोग विवरण

प्रतापपुर गाँउपालिकाको क्षेत्रफल ८७.५५ वर्ग कि.मि. भन्दा बढी रहेको देखिन्छ । जसमा सबैभन्दा धेरै कृषि क्षेत्र (९४ प्रतिशत) रहेको छ । ०.१ प्रतिशत भनेको वनले ओगटेको छ । त्यसैगरी अन्य क्षेत्र चाहिं सार्वजनिक उपयोग क्षेत्र र आवसीय क्षेत्र रहेको छ । वर्तमान भूउपयोगको अनुपातिक वितरण निम्नलिखित चित्रमा प्रस्तुत गरिएको छ :–



## २. क्षेत्रगत वर्तमान वस्तुस्थिति

यस योजनाले समेटेका विभिन्न क्षेत्र तथा उपक्षेत्रको वर्तमान अवस्था विश्लेषण सम्वन्धित क्षेत्रमा नै गरिएको छ। यद्यपि सबै क्षेत्रको वस्तुस्थिति सम्बन्धी सामान्य झलक तलको तालिकामा प्रस्तुत गरिएको छ।

| विषयगत क्षेत्र र उपक्षेत्र | हालको अवस्था |
|---|---|
| **१. आर्थिक विकास** | |
| कृषि तथा पशुपालन | • ६८ प्रतिशत जनसंख्या कृषिमा आवद्ध रहेका<br>• कृषि तथा पशुपाललाई आधुनिकीकरण र व्यवसायमुखी बनाउँदै गाउँपालिकलाई खाद्यान्न, तरकारी, मासु, र अण्डा उत्पादनमा आत्मनिर्भर बनाउने कार्यको सुरुवात भएको पालिकाले<br>• कृषकहरुको व्यावसायिक क्षमता विकासका लागि तालिम, गोष्ठीहरु आयोजना गर्दै किसानको व्यावसायिक ज्ञान, सीप र क्षमताको अभिवृद्धिका क्रियाकलापहरू सञ्चालित भइरहेका<br>• स्थानीय रोजगार प्रवर्द्धन गर्न तालिमको व्यवस्था गरी स्थानीय प्राविधिक जनशक्ति उत्पादन गर्ने कार्यको सुरुवात भएको<br>• गाँउपालिकालाई केरा पकेट क्षेत्रको रुपमा विकास गरिएको<br>• चिस्यान केन्द्र (कोल्ड स्टोर) पनि निर्माणधीन अवस्थामा रहेको |
| पर्यटन | • पालिका क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक, प्रमकृतिक आकर्षणका सम्पदाहरुलाई पर्यटकीय केन्द्रको रुपमा परिणत गर्न कार्यक्रमहरु संचालन गरिएको |
| बैंक, वित्तीय संस्था तथा सहकारी | • पालिका क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई नियमन रव्यवस्थापन गरी तथ्याङ्क संकलन गरी क्षेत्रगत वर्गीकरण गरिएको |
| **२. सामाजिक विकास** | |
| शिक्षा | • सामुदायिक विधालय, संस्थागत विधालय र धार्मिक विधालय गरी ५४ वटा शिक्षालय सचालनमा रहेका।<br>• साक्षरता दर ७२.९ प्रतिशत रहेको।<br>• विद्यालयको विद्यार्थी जनसंख्या १४००० रहेको।<br>• विपन्न तथा दलित बालबालिकाहरूलाई शैक्षिक सामग्री तथा विद्यालय पोशाकको व्यवस्था गरिएको।<br>• आधुनिक प्राविधि र शैक्षिक सामग्री प्रयोगमा कमी रहेको।<br>• विद्यालय हाता भित्र जङ्क फुड निषेधित नभएको। |

| | |
|---|---|
| | • विद्यालय सम्म पुग्ने बाटो गुणस्तरीय नभएको<br>• सुपरिवेक्षण र पृष्ठ पोषणको परिणाममुखि नभएको ।<br>• विद्यालयहरुको शैक्षिक स्तर एकै किसिमको नभएको ।<br>• पढाइलाई सिप र श्रमसँग जोड्ने अवसरको कमी भएको ।<br>• बाल, महिला र अपाङ्ग मैत्री भौतिक संरचनाको अभाव रहेको । |
| स्वास्थ्य | • १५ सैयाको अस्पताल भवन, वडा नं.९ मा स्वास्थ्य संस्थाको भवन निर्माणधीन अवस्थामा भइरहेको<br>• पालिका भित्र १ आधारभुत स्वास्थ्य केन्द्र र ६ वटा स्वास्थ्य चौकी रहेको<br>• सुत्केरी महिलाका लागि रु. २००० का दरले उपचार खर्च छुट्याइएको<br>• पूर्ण खोपयुक्त गाँउपालिका सुनिश्चितता कार्यक्रम नियमित रुपमा सञ्चालनमा रहेको ।<br>• घर घरमा गएर नागरिकको स्वास्थ्य जाँचको कार्यक्रम र स्वास्थ्य शिविर मार्फत् घरदैलो र समुदायमा स्वास्थ्य सेवा दिने अभ्यास गरेको ।<br>• नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम प्रतापपुर गाँउपलिकामा लागु भई सकेको । |
| कला भाषा, साहित्य र सम्पदा | • विद्यालयहरुमा विभिन्न अतिरिक्त क्रियाकलाप अन्तर्गत कविता, गीत, नृत्य प्रतियोगिता आयोजित गरिरहेको |
| युवा तथा खेलकुद | • युवाहरुको युवा लक्षित कार्यक्रममा रुची नरहेको ।<br>• सबै खेलहरुलाई प्रोत्साहित नगरिएको । |
| लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | • बालमैत्री गाँउपालिका घोषण नभएको ।<br>• साक्षरता दर ७२.९ प्रतिशत रहेको ।<br>• लक्षित वर्ग कार्यक्रमलाई बहुपक्षिय रुपमा संचालन गरेको ।<br>• लक्षित वर्ग कार्यक्रमलाई गम्भिर रुपमा लिरहेको । |
| **३. पूर्वाधार विकास** | |
| सडक, पुल तथा यातायात | • गाँउपालिकाभित्रका सबै वडा जोड्ने चक्रपथ निर्माणधीन अवस्थामा रहेको ।<br>• पालिका बासीहरुलाई यातायात सहज रुपमा नरहेको<br>• ८३ प्रतिशत पालिकाबासीहरुले कम्तीमा एक वा बढीको यातायात प्रयोग गरेको |
| बस्ती विकास, आवास | • जनसङ्ख्या, व्यवसायिक तथा प्रशासनिक क्षेत्र आदि सहित वडा नं. ९ यस गाँउपालिकाको शहरी केन्द्र र बाँकी वडा ग्रामीण बसोबास, कृषि तथा पशुपालन, बन क्षेत्र, अन्य प्राकृतिक स्रोत सम्भाव्य क्षेत्रका रुपमा रहेका । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | • भू-उपयोग योजनाबाट व्यवस्थित नभएको पालिकाको ग्रामीण भेगका कृषि योग्य क्षेत्र रहेको ।<br>• गाँउपालिकाका कुल घर परिवारमध्य ५६.२ परिवार बस्ने घरहरू पक्की, ८.५ प्रतिशत परिवारहरू बस्ने घर अर्धपक्की र ३५.३ प्रतिशत कच्ची घरमा बसोबास गर्ने गरेको । |
| सार्वजनिक निर्माण तथा बजार व्यवस्थापन | • सार्वजनिक ढलको पहुँच सबै पालिकावासीमा नरहेको । |
| खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र | • ३५.६ प्रतिशत पालिकावासीको घरमा पाइपबाट खाने पानीको पहुँच रहेको ।<br>• १४.४ प्रतिशत पालिकावासीको घर बाहिर पाइपबाट खानेपानीको पहुँच रहेको<br>• ४२.७ प्रतिशत पालिकावासीले कुवा र चापकलबाट पानीको पहुँच रहेको |
| सिंचाइ, विद्युत तथा वैकल्पिक उर्जा | • ९५.२ प्रतिशत परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेका । |
| सूचना तथा सञ्चार प्रविधि | • ७०.३ प्रतिशत भन्दा बढी परिवारमा एक वा सो भन्दा बढी मोबाइल फोन रहेको<br>• ४८.४ प्रतिशत भन्दा बढी परिवारमा एक वा सो भन्दा बढी टेलिभिजन रहेको ।<br>• ४.७ प्रतिशत भन्दा बढी परिवारमा एक वा सो भन्दा बढी रेडियो रहेको । |
| **४. वन, वातावरण तथा विपद् व्यवस्थापन** | |
| वन तथा जैविक विविधता | • वनजङ्गलले कुल भू-भागको ०.१ प्रतिशत ओगटेको ।<br>• विभिन्न हरियाली पार्क रहेका |
| वातावरण तथा स्वच्छता | • पालिकाको वातावरण र हावापानी स्वच्छ रहेको भए पनि विभिन्न क्षेत्रमा भने स्वच्छता र सरसफाईको समस्या रहेको ।<br>• ८७.२ प्रतिशत घरपरिवारले चर्पीको प्रयोग गरेको । |
| विपद व्यवस्थापन | • बाढी, नदी कटान, सडक दुर्घटना, चट्याङ, असिना पानी लगायतबाट विपद् जोखिम रहेको ।<br>• विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको र पालिकामा विपद् हेर्ने फोकल पर्सन तोकिएको । |
| फोहोरमैला व्यवस्थापन | • फोहोरमैला व्यवस्थापन गर्न ल्याडफिल साइट नरहेको ।<br>• सार्वजनिक ढलको पहुँच पालिकावासीमा नरहेको । |
| **५.संस्थागत विकास तथा सुशासन** | |
| संस्थागत विकास | • पालिकामा प्रमुख प्रशासकीय अधिकृतको प्रशासनिक नेतृत्वमा सबै विषयगत क्षेत्रमा अधिकृतस्तरको दरबन्दीसहितको जनशक्तिको व्यवस्था तथा आधारभूत उपकरणको प्रवन्ध भएको ।<br>• सबै विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र हेर्ने फोकल पर्सन तथा सम्वन्धित विषयगत क्षेत्रको समन्वयकर्तासहितको कर्मचारीको व्यवस्था हुन बाँकी रहेको । |

| | |
|---|---|
| | • कार्यपालिका अन्तर्गतको विषयगत समितिहरूले सम्बन्धित क्षेत्रको समन्वयमा नीतिगत भूमिका निर्वाह गरिरहेको ।<br>• क्षमता विकासका कार्यक्रमलाई नियमित कार्यक्रमका रुपमा सञ्चालन गर्ने गरिएको । |
| सुशासन | • सार्वजनिक सुनुवाई लगायतका सामाजिक जवाफदेहिताका औजार प्रयोगमा रहेको ।<br>• सहभागितामूलक योजना तर्जुमा र कार्यान्वयनलाई संस्थागत गरिएको ।<br>• समुदायस्तरको योजना अनुगमन इकाई सहित वडा र पालिकास्तरबाट विकासका कार्यक्रमको अनुगमन हुने व्यवस्था रहेको ।<br>• सूचनाको हक सम्बन्धी कानून कार्यान्वनमा रहेको । |

*स्रोत : २०७८ को राष्ट्रिय जनगणना, गाँउपालिकाको शाखागत तथा वडागत छलफल, प्रथम आवधिक विकास योजना*

## ३. पालिका विकासको उपलब्धिको समीक्षा

यो आवधिक योजना तर्जुमा गर्दाको यो अवधीमा प्रतापपुर गाँउपालिका गठन भएको कुल सात बर्ष पुरा भएको छ भने हालको नेतृत्वले गाँउपालिकाको नेतृत्व गरेको करिब २ वर्ष पुरा हुदै छ । यस अवधिमा भवन निर्माण, सडक निर्माण, खानेपानी आयोजनाहरू निर्माण, सिंचाइ आयोजनाहरू निर्माण तथा संस्थागत एवम् प्रणालीगत सुधारका दृष्टिले उल्लेख्य कामहरू भएको देखिन्छ । यद्यपि दोस्रो जननिर्वाचित स्थानीय सरकार भएको नाताले यस सरकारप्रतिको जनअपेक्षा निकै उच्च रहेको हुँदा उक्त अपेक्षा अनुरुपको उपलब्ध हासिल गर्न भने अझ धेरै काम गर्नुपर्ने आवश्यकता रहेको छ ।

उमेश चन्द्र यादव
अध्यक्ष

## प्रमुख उपलब्धिहरू विषयगत क्षेत्रअनुसार

### ३.१. आर्थिक विकास क्षेत्र

- पालिकाका विभिन्न क्षेत्रमा विभिन्न समयमा देखिने रोग किरा नियन्त्रणका लागि कृषकहरूलाई व्यवस्थापनका उपायहरूको बारेमा सैद्धान्तिक ज्ञानका साथै प्रयोगात्मक विधिहरू समेत प्रदान गरिएको छ।
- गाँउपालिका क्षेत्रभित्र काम गर्ने सहकारी संस्थाहरूलाई सूचीकृत गराई अभिलेख व्यवस्थित गर्ने र स्थान, उद्देश्य र कारोबार समान भएका सहकारी संस्थाहरूको एकीकरण गर्ने कार्यको सुरुवात गरी तीन खम्बे अर्थ नीति अनुरुप निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरिएको छ।
- यस गाँउपालिकामा दर्ता र सूचीकृत भएका सहकारी, कृषक समूह, कृषि फर्महरुलाई बीउ बिजन, कृषि औजार, बिषादी वितरण गर्नुका साथै उखु उत्पादन, तरकारी उत्पादनका लागि संरचना निर्माणमा किसानहरूलाई अनुदानका कार्यक्रमहरु संचालन गरिएको छ।
- गाई भैंसीपालन गर्ने किसानहरूलाई प्रोत्साहित गर्न पशु बीमा अनुदान उपलब्ध गराइएको छ।

### ३.२. सामाजिक विकास क्षेत्र

- विद्यार्थीहरुलाई हरेक वर्ष छात्रवृत्ति उपलब्ध गराइरहेको।
- पालिकामा शिक्षा समितिको नियमित बैठक बसी शिक्षा सुधारका लागि शैक्षिक सरोकारवालाहरूसँग बिद्यार्थी सख्याका आधारमा शिक्षक दरबन्दी मिलान, विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माण र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन जस्ता कार्यहरु सम्पन्न भएका छन्, जसबाट शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुगेको नतिजाहरु देखिन थालेको छ।
- स्वास्थ्य सेवालाई सबै पालिकाबासीको पहुँचमा पुऱ्याउन १५ सैयाको अस्पताल भवन, वडा नं.९ मा स्वास्थ्य संस्थाको भवन निर्माणधीन अवस्थामा भइरहेका छ। स्वास्थ्य संस्थाहरूमा अत्याधुनिक औजारहरूको व्यवस्थापन गर्नुका साथै स्वास्थ्यकर्मीहरुलाई समयानुकूल क्षमता अभिवृद्धिमा जोड दिइ गुणस्तरीय स्वास्थ्य सेवामा अभिवृद्धि हुदै गएको छ।
- स्वास्थ्य संस्थाहरूमा २४ घण्टे प्रसूति सेवाको प्रबन्ध भएको र स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने सख्यामा वृद्धि भई मातृ मृत्यु दर र शिशु मृत्यु दरमा उल्लेखनीय कमी आएको छ।
- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारी नियन्त्रण, रोकथाम र व्यवस्थापनको सन्दर्भमा हेल्पडेस्क सञ्चालन गरी स्वास्थ्य परीक्षणे, PCR परीक्षण र RDT परीक्षण गरी संक्रमित व्यक्तिहरूलाई आवश्यक व्यवस्थापन गरिनुका साथै क्वारेन्टाइन, होल्डिङ्ग सेन्टर आइसोलेसनको स्थापना गरिएको थियो।
- मद्यपान, धुम्रपान, लागुऔषध, बाल बिबाह, लैंगिक हिंसा विरुद्धका सचेतनामूलक सडक नाटक कार्यक्रमहरु सञ्चालन गरी पालिकालाई बाल बिबाह मुक्त पालिकाको रुपमा स्थापित गर्ने वातावरण निर्माण गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरू तथा जेष्ठ नागरिकहरुलाई सम्बन्धित वडामै शिविर सञ्चालन गरी जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको र सम्भाव्य व्यक्तिहरूलाई तत्काल सामाजिक सुरक्षा भत्तामा आवद्ध गरिएको छ।

## ३.३. पूर्वाधार विकास क्षेत्र

- गाँउपालिकाले प्रदान गर्नुपर्ने सेवा, सुविधालाई सरल, सहज र प्रभावकारी रुपमा सञ्चालन गर्न उचित सुविधासहितको कार्यालय भवन अपरिहार्य हुन जान्छ । यस दिशामा गाँउपालिकाले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । गाँउपालिकाले आफ्नै प्रशासकीय भवन निर्माण गरी सेवा प्रवाह गर्न सक्ने अवस्थामा पुऱ्याएको छ ।
- १५ सैयाको अस्पताल भवन, वडा नं.९ मा स्वास्थ्य संस्थाको भवन निर्माणधीन अवस्थामा भइरहेको छ ।
- विद्युत सेवा नपुगेका गाँउपालिकाका वडाका केही वस्तीहरुमा विद्युतीकरण गरिएको छ । यस कार्य पश्चात् गाँउपालिकाका सबै टोल वासीहरुले विद्युत् सेवा उपयोग गर्ने वातावरण बनेको छ ।
- बाह्रै महिना सञ्चालनमा आउन नसकेका वडा कार्यालय जोड्ने सडक निर्माण र स्तरोउन्नोतिमा उल्लेखनीय फड्को मारिएको छ । प्रतापपुर गाँउ कार्यपालिका आउने सडकहरू कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ । भित्रका वडा तथा गाँउपालिकाको कार्यालय जोड्ने प्रतापपुर फास्ट ट्रयाक निर्माण भइरहेको छ ।
- पालिकाभित्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाहरुलाई संरक्षण तथा सम्वर्द्ध गरी पर्यटक प्रवर्द्धन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यहरु भइरहेको छ ।
- गाँउपालिकावासीहरूलाई खानेपानीको व्यवस्थापन गर्न संघ र प्रदेशसँग समन्वय गरी लिफ्टिङ्ग एवं डिपबोरिङ्ग र खेतीयोग्य जमिनमा सिंचाई प्रवर्द्धनका लागि लिफ्टिङ्ग डिप एवं बोरिङ्ग प्रविधि मार्फत् खानेपानी र सिचाईको बन्दोवस्त गरिएको छ ।

## ३.४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

- गाँउपालिकाभित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्दै उद्दार, राहत वितरण तथा पुनर्लाभका कार्यमा जोड दिइएको छ ।
- गाँउपालिकालाई उज्यालो शहरको रुपमा विकास गर्न बजार क्षेत्रमा सौर्य वत्तिको व्यवस्थापन गरी उज्यालो प्रवर्द्धनमा जोड दिएको छ ।
- वातावरणको क्षेत्रमा काम गर्ने बिभिन्न संघ सस्थाहरुसगँको समन्वय र सहकार्यमा वृक्षारोपण, संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु सञ्चालन गरी वातावरण मैत्री पालिका निर्माणमा जोड दिएको छ ।

## ३.५. संस्थागत विकास तथा सुशासन क्षेत्र

- परम्परागत रुपमा म्यानुअल लेखाङ्कन तथा अभिलेखन व्यवस्थापन भइरहेको सन्दर्भमा बास्तविक आय, व्यय र मौज्दातको एकिन गर्न कठिन भई वित्तीय प्रतिवेदन गर्न समेत कठिन भएको अवस्थामा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) अनलाईन सफ्टवेयर सञ्चालनमा ल्याई एकीकृत आय-व्यय तथा अन्य वित्तीय प्रतिवेदन गर्न सहज भएको छ । यसबाट वित्तीय जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, नियमितता तथा कार्यदक्षता वृद्धिमा समेत योगदान पुगेको छ ।
- व्यक्तिगत घटनादर्ता, राजस्व संकलन तथा सामाजिक सुरक्षा भत्ताको अभिलेखलाई अनलाइन प्रणालीमा रुपान्तरण गरी यी तीन क्षेत्रमा अभिलेख प्रणाली सुदृढीकरण गरिएको छ ।
- गाँउपालिकाको संगठन संरचना स्वीकृत गरी सो मुताबिक कर्मचारीहरूको जिम्मेवारी बाँडफाँट गरिएको छ, जसबाट सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी भई पालिकावासीहरूले सरल र सहजरुपमा सेवा प्राप्त गर्ने वातावरण निर्माण भएको छ ।
- गाँउपालिकाले आफ्ना अधिकार क्षेत्रभित्रका राजस्वका शीर्षकहरूमा सम्पत्ति करका अलावा अन्य आन्तरिक आयका मुख्य स्रोतहरू दहत्तर-बहत्तर कर, घर नक्सा पास र अभिलेखीकरण, व्यवसाय दर्ता तथा नवीकरण, विभिन्न सिफारिस, धितो मूल्याङ्कन, आयस्रोत प्रमाणित जस्ता क्षेत्रहरू थप गरी स्रोको दायरामा समेत वृद्धि गरी आन्तरिक राजस्व संकलनमा उल्लखनीय वृद्धि गरिएको छ ।
- न्यायिक समिति समक्ष प्राप्त हुन आएका उजूरीहरुको समयमै सुनुवाई गरिएको छ ।
- गाँउपालिकाका सम्पूर्ण महत्वपूर्ण सूचना तथा जानकारी यस गाँउपालिकाको वेबसाइट https://pratappurmun.gov.np/ मा राख्ने, स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्ने, नागरिक बडापत्र, गुनासो पेटिका, कार्यालयभित्र सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी गाँउपालिकाको जवाफदेहिता र पारदर्शिता उच्च राख्ने व्यवस्था कायम गरिएको छ ।

# परिच्छेद ३ : दीर्घकालीन सोच तथा अवधारणा

स्थानीय तहमा सञ्चालन हुने सबै प्रकारका विकास कार्यक्रमहरूलाई गाँउपालिकाको साझा सोच र लक्ष्यतर्फ उन्मूख गर्न पालिकाको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी पालिका विकासको भविष्यको स्पष्ट मार्गचित्र तयार गर्नु यस आवधिक विकास योजनाको मूलभूत अवधारणा हो ।

आवधिक विकास योजना मूलतः स्थानगत विशेषताहरूमा आधारित रहेर समग्र विषयगत क्षेत्रहरू समेट्ने गरी एकीकृत रुपमा तयार गरिएको छ । यसले स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण तयार गर्न सघाउ पुर्‍याउँदछ । यसमा गाँउपालिकाका सेवा प्रदायक निकाय, सेवाग्राही र सहयोगी निकायसहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन, मूल्यांकन, विश्लेषण, परामर्श कायम गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाँउ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यसर्थ, आवधिक योजना समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्ने दस्तावेज मात्र नभई स्थानीय तहहरूको एक कानूनी दायित्व समेत हो । यिनै तथ्यहरुलार्य मनन गर्दै तयार गरिएको यस आवधिक पालिका विकास योजनामा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्वन्धित विषयहरूलाई समेत समुचित मध्यनजर गरि आवधिक गाँउपालिका विकास योजना तयार गरिएको हुँदा यो दस्तावेज सम्बन्धित गाँउपालिकाको सर्वोच्च योजना हो ।

आवधिक विकास योजनाले चाहेको अन्तिम गन्तव्य वा परिवर्तन आवधिक योजनाको दीर्घकालीन सोचमा प्रतिविम्वित गरिएको हुन्छ । गाँउपालिकाको समष्टिगत सामाजिक आर्थिक विकासका लागि तयार गरिने आवधिक गाँउपालिका विकास योजनाको सबैभन्दा महत्वपूर्ण विशेषता भनेको यसले पालिका क्षेत्रको विकासको लागि विभिन्न तहका उद्देश्यहरू (लक्ष्य, उद्देश्य, उपलब्धि, प्रतिफल) निर्धारण गरी उपरोक्त उद्देश्यहरू निश्चित अवधिभित्र हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गर्दछ । कार्यक्रम र बजेटसहित भविष्यको मार्गचित्रमा सरोकारवालाहरूबीच आम सहमति कायम गरी कार्यान्वयनका लागि आधार तयार गर्दछ । गाँउपालिका विकास योजनामा दीर्घकालीन सोच उपल्लो स्थानमा रहने हुँदा योजनाका समग्र लक्ष्य, उद्देश्य र रणनीतिहरू पालिकाको दीर्घकालीन सोच हासिल हुने दिशामा केन्द्रित हुन्छन् । दीर्घकालीन सोच गाँउपालिका विकासका लागि मार्गदर्शक सोच भएको हुँदा यो तर्जुमा गर्ने चरणमा गाँउपालिकाको मौजुदा समस्या र सवालहरू एवम् उपलब्ध अवसर र सम्भावनाहरूले पालिका विकासको दिशा र गति निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्दछन् । यस गाँउपालिकाको विकासका लागि प्रमुख अवसर तथा संभावनाहरू देहाय अनुसार रहेका छन् :

## १. गाँउपालिका विकासका संभावना तथा अवसर

- गौतम बुद्धको जन्म स्थान लुम्बिनी नजिक अवस्थिति,
- राष्ट्रिय स्तरका महेन्द्रराजमार्ग र सडकसँग जोडिनु,
- प्रदेश र स्थानीय यातायात र सञ्चारको पहुँच सहज हुनु,
- औद्योगिक क्षेत्र तथा औद्योगिक ग्रामको लागि संभाव्य क्षेत्र,
- गण्डक हाइड्रोपवर रहेको
- ६८ प्रतिशत जनसंख्या कृषिमा आवद्ध रहेका
- उर्वर भूमिको उपलब्धता हुनु,
- पर्यटन, उद्योग तथा कृषिमा व्यावसायीकरण गर्न सकिने प्रचुर संभावना रहनु,
- शान्त, स्वच्छ तथा मनोरम बातावरण हुनु
- व्यवस्थित वन तथा जलाधारको क्षेत्र हुनु

## २. गाँउपालिका विकासका समस्या तथा चूनौति

गाँउपालिकाको दीर्घकालीन र दीगो विकासका लागि विभिन्न समस्याहरू रहेका छन् । उक्त समस्याहरू मध्येका प्रमुख समस्या तथा चूनौतिहरू देहायअनुसार रहेका छन् :

- आम कृषक समुदायमा हावापानी र भूगोल सुहाउँदो दीगो व्यावासायिक कृषिका लागि उचित ज्ञान, सीप, सोच, पूँजी तथा सिंचाइको कमी हुनु
- भूउयोग योजना तथा संभाव्य स्थानहरूमा एकीकृत जग्गा विकास आयोजनाहरू सञ्चालन हुन नसक्दा बसोवास र शहरीकरण थप अव्यवस्थित र जटिल बन्दै जानु
- स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको परिचालन गरी उद्यम विकास गर्न आवश्यक ज्ञान, सिप, स्रोत, साधन, सोच, पूँजी र प्रेरणाको कमी हुनु
- अव्यवस्थित र कमजोर पूर्वाधार एवम् संरचनाको विकास र निर्माण,
- प्रदूषणमा वृद्धि तथा दीगो र बातावरणमैत्री फोहोरमैला व्यवस्थापनका लागि शून्य विसर्जनतर्फ उन्मुख हुन नसक्नु
- बढ्दो दरमा नसर्ने रोगमा वृद्धि हुनु
- वाह्य रोजगारीमा आकर्षण तथा प्रतिभा पलायन हुनु
- युवा बेरोजगारी र स्थानीय आर्थिक क्रियाकलापमा न्यून सहभागिता हुनु
- प्राकृतिक सम्पदाको अधिक दोहन हुनु
- दक्ष मानव संशाधन र नयाँ प्रविधिको न्यून उपलब्धता, प्रयोग तथा उत्पादनमा कमी हुनु
- मौलिक ज्ञान, भाषा, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण, प्रवर्द्धन र पर्यटन विकासमा कमी हुनु
- पिछडापन, लैंगिक र सामाजिक विभेद निरन्तरता र श्रोत, तथ्याङ्क र जनशक्तिको न्यूनता हुनु ।

उमेश चन्द्र यादव
अध्यक्ष

## ३. दीर्घकालीन सोच

सामान्यता गाँउपालिकाको संभावना, अवसर, समस्या र चुनौति लगायत विगतको विकासको प्रवृत्ति समेतलाई ध्यानमा राखी आगामी करिब २०-२५ वर्षको अवधिमा गाँउपालिकालाई कस्तो अवस्थामा पुऱ्याउने भन्ने कुरामा मस्तिष्क मन्थन गरी सहभागिता मूलक ढंगले दीर्घकालीन सोच निर्धारण गरिन्छ । यस प्रक्रियामा निर्धारण गरिएको दीर्घकालीन सोच निम्न अनुसार रहेको छ :

**शिक्षित, स्वास्थ्य, व्यावसायिक शहर** : उत्थानशील र समृद्ध प्रतापपुर गाँउपालिका यो दीर्घकालीन सोच वि.सं. २१०० अर्थात् आगामी २० वर्षपछि प्रतापपुर गाँउपालिकालाई विकासको दृष्टिकोणले कस्तो बनाउने भन्ने गाँउपालिका, स्थानीय सरोकारवालाहरू र प्रतापपुर गाँउपालिकाका नागरिकहरूको परिकल्पनामा आधारित भई दीर्घकालीन सोच कार्यशाला गोष्ठीमा सहभागिता मूलक ढंगले सर्वसम्मतिबाट तय गरिएको हो । यस दीर्घकालीन सोचको भावार्थ देहाय अनुसार रहेको छ :

**स्वास्थ्य** : गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न गाँउपालिका सक्षम भएको हुनेछ र उच्चस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच वृद्धि भएको हुनेछ । कुनै पनि नागरिकले स्वास्थ्योपचारको अभावमा ज्यान गुमाउनुपर्ने छैन ।

**शिक्षित** : प्रतापपुर गाँउपालिकाका सबै नागरिक शिक्षित हुनेछन् । गुणस्तरीय प्राविधिक, व्यवसायिक शिक्षाको विस्तार तथा उच्च शिक्षाको पहुँचमा वृद्धि र सुसंस्कृत, समयानुकूलका प्रतिस्पर्धी जनशक्ति तयार भएका हुनेछन् ।

**व्यावसायिक** : कृषि, व्यापार, व्यवसाय र उद्यम नागरिकको एक प्रमुख पेशा, गाँउपालिकाको एक प्रमुख आर्थिक स्रोत र गाँउपालिकाको आर्थिक वृद्धिको महत्वपूर्ण कडिका रुपमा स्थापित भएको हुनेछ ।

**उत्थानशील** : गाँउपालिकामा बहुविपद् सामना गर्न सक्ने क्षमता विकास भएको हुनेछ । विपद् जोखिम न्यूनीकरण भएको र सामाजिक तथा संस्थागत जीवन विपद् उत्थानशील भएको हुनेछ ।

**समृद्धि** : गाँउपालिकाको आर्थिक वृद्धि उच्च र दीगो भएको हुनेछ तथा नागरिकको जीवनस्तर उच्च भएको हुनेछ ।

## ४. समष्टिगत लक्ष्य तथा उद्देश्य

गाँउपालिका विकासको उपयुक्त सोचतर्फ उन्मुख हुनका लागि निम्नअनुसारको लक्ष्य तय गरिएको छ :

### ४.१. समष्टिगत लक्ष्य

- प्रतापपुर गाँउपालिकावासीको जीवनस्तर, वातावरण तथा स्थानीय अर्थतन्त्रमा दीगो र गुणात्मक परिवर्तन गर्ने यस आवधिक योजना अवधि (२०८०/८१—२०८४/८५) को अन्तसम्ममा, योजना अवधिको अन्त्यसम्ममा उद्योग व्यवसाय तथा कृषि र पशुपंक्षीको व्यवसायीकरणमा उल्लेख्य हिसावले संख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुनेछ । उद्यम-व्यवसाय क्षेत्रमा १०,००० जना, कृषि तजा पशुपालन क्षेत्रमा ५,००० जना गरी १५,००० जना रोजगार भएका हुनेछन् ।

- शैक्षिक क्षेत्रको गुणस्तर उल्लेख्य मात्रामा वृद्धि भएको हुनेछ । कक्षा १० को निरन्तरता दर ९५ प्रतिशत तथा उपलब्धि दर (औसत जीपीए) ३.५ पुगेको हुनेछ ।
- वन क्षेत्रको गुणस्तरीयतामा उल्लेख्य वृद्धि भएको हुनेछ । कूल भूमिमा वन/हरियाली क्षेत्र हालको ०.१ प्रतिशतबाट ५ प्रतिशतमा पुगेको हुनेछ । वन व्यवस्थापनमा सुधार भई वन क्षेत्रमा हरियालीमा पनि वृद्धि भएको हुनेछ ।

## ४.२. समष्टिगत उद्देश्य

- सबल, समुन्नत अर्थतन्त्रयुक्त शहर निर्माण गर्नु
- शिक्षित, स्वस्थ र सभ्य पालिकाबासी तयार गर्नु
- योजनाबद्ध, व्यवस्थित, व्यावसायिक र विकसित शहर निर्माण गर्नु
- हरित, सुरक्षित, स्वच्छ अनि सन्तुलित गाँउपालिका निर्माण गर्नु
- सबल, सक्षम, पारदर्शी र जवाफदेही स्थानीय तहको स्थापना गर्नु

## ४.३. समष्टिगत रणनीति

गाँउपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र रणनीतिहरू देहायअनुसार रहेका छन् :

- तुलनात्मक लाभका कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यावसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने,
- उद्योग र व्यापार, दृष्यावलोकन, घरबास पर्यटन, ग्रामीण पर्यटन र पर्या पर्यटन प्रवर्द्धन गर्ने,
- जीवनपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाई तथा स्वच्छ खानेपानी सुविधा र सामाजिक सुरक्षामा पहुँच र उपभोग सुनिश्चित गर्ने
- यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने
- विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने
- अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने
- स्थानीय सेवा तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने

## ५. निर्देशक सिद्धान्त

गाँउपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र क्रियाकलापहरू निश्चित सिद्धान्तहरूबाट निर्देशित हुनु जरुरी हुन्छ । उपयुक्त दीर्घकालीन सोचका सन्दर्भमा निम्नअनुसार सिद्धान्तहरूमा आधारित गरी गाँउपालिकाले समग्र विकास निर्माण र विकास व्यवस्थापनको नेतृत्व गर्नेछ :

- दिगो, योजनाबद्ध विकास तथा व्यवस्थित शहरीकरण

- उत्पादनमुखी, अन्तरनिर्भर र उन्नत स्थानीय सेवामूलक, टेवामूलक र आयमूलक अर्थतन्त्र
- मानव विकास तथा गुणस्तरीय जीवन
- सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास
- जलवायु परिवर्तन अनुकूलता तथा विपद् उत्थानशिलता
- सूचना प्रविधिमा आधारित, गुणस्तरीय तथा जनमुखी सेवा प्रवाह
- समन्वय, साझेदारी र सहकार्य
- सुशासन तथा सदाचार प्रवर्द्धन
- नतिजामा आधारित विकास व्यवस्थापन

## ६. प्राथमिकता प्राप्त क्षेत्र

प्रतापपुर गाँउपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा उपलब्ध संभावना र अवसर एवम् सरोकारवालाहरूसँगको छलफलका आधारमा यस आवधिक योजनाले गाँउपालिकाको समग्र दिगो विकास र समृद्धिका लागि देहायअनुसार प्रमुख प्राथमिकताप्राप्त क्षेत्रहरू पहिचान गरेको छ :

- कृषि, पर्यटन, यातायात, व्यापार एवम् सेवा क्षेत्रको व्यावसायीकरण, विविधीकरण तथा औद्योगिकीकरण
- गुणस्तरीय, व्यावसायिक र उच्च शिक्षा
- हरियाली प्रवर्द्धन, दिगो वन व्यवस्थापन
- विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता विकास
- स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी
- दिगो तथा उत्पादनशील पूर्वाधार, सहज यातायात, सुरक्षित आवास
- योजनाबद्ध, दिगो, नतिजामुखी विकास
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- स्रोत व्यवस्थापन तथा वित्तीय अनुशासन

## ७. स्रोत अनुमान तथा प्रक्षेपण

यो आवधिक योजना प्रतापपुर गाँउपालिकाको नेतृत्वमा संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गैसस तथा जनसमुदायको सक्रिय सहभागिता तथा अन्य विकास साझेदार समेतको समन्वय, सहभागिता र सहकार्यमा सञ्चालन हुनेछ। यस योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य अनुसार वार्षिक रुपमा कार्यक्रम बजेट तर्जुमा, नियमित रुपमा समीक्षा र पृष्ठपोषण अनुरुपको सुधार सहित कार्यान्वयन हुने अपेक्षा गरिएको छ। यो योजना कार्यान्वयनको अवधिमा गाँउपालिकाको विकासका लागि आन्तरिक, बाह्य स्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट जम्मा रु. ४ अर्ब ५२ करोड ३६ लाख ५४ हजार स्रोत उपलब्ध हुन सक्ने प्रक्षेपण गरिएको छ। स्रोत अनुसारको आय प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | विवरण | बजेट अनुमान र प्रक्षेपण (रु. हजारमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/८० को यथार्थ | चालु आ.व.को अनुमान | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | २०८५/८६ को प्रक्षेपण | पाँच वर्षको कुल |
| १ | संघीय सरकार | ३७२६२५ | ४४७५०० | ४५५००० | ४९४२०० | ५३७४०० | ५८४२०० | ६१९५०० | ३१०७५०० |
| १.१ | समानिकरण अनुदान | १४२१३७ | १३४४०० | १३३००० | १३९८०० | १४७६०० | १५५४०० | १४८३०० | ८४७५०० |
| १.२ | शसर्त अनुदान | २३०४५२ | २९८१०० | ३०५९०० | ३३६४०० | ३७०००० | ४०७००० | ४४७३०० | १८६७००० |
| १.३ | विषेश अनुदान | ० | ७००० | ७३०० | ८४०० | ९२०० | १०१०० | ११९०० | ४६५०० |
| १.४ | समपुरक अनुदान | ० | ८००० | ८८०० | ९६०० | १०६०० | ११७०० | १२८०० | ५३५०० |
| २ | प्रदेश सरकार | २२५६६ | ३६७१७ | ३९७०० | ४३१०० | ४६९०० | ५११०० | ५५६०० | २३६४०० |
| २.१ | समानिकरण अनुदान | ८६१२ | ९९६७ | १०९०० | ११९०० | १३१०० | १४५०० | १५९०० | ६६३०० |
| २.२ | शसर्त अनुदान | ६०६६ | ११६५० | १२५०० | १३५०० | १४६०० | १५८०० | १७१०० | ७३५०० |
| २.३ | विषेश अनुदान | ४९०७ | ५१०० | ५३०० | ५६०० | ५९०० | ६२०० | ६५०० | २९५०० |
| २.४ | समपुरक अनुदान | २९८१ | १०००० | ११००० | १२१०० | १३३०० | १४६०० | १६१०० | ६७१०० |
| ३ | राजस्व बाँडफाँड | ९२२०९ | १०८८५७ | १२०८०० | १३१६०० | १४२१०० | १५६३०० | १७११०० | ७२१९०० |
| ३.१ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ८७२२१ | १०२८५७ | ११४२०० | १२४५०० | १३४४०० | १४७९०० | १६१९०० | ६८२९०० |
| ३.२ | बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | ४९८८ | ६००० | ६६०० | ७१०० | ७७०० | ८४०० | ९२०० | ३९००० |
| ४ | आन्तरिक श्रोत | १६०३७४ | १४८९३० | १५६२३६ | १६८८०० | १७९९४५ | १८४३६० | १९१७५० | ८७९२४२ |
| ४.१ | आन्तरिक श्रोत | १६०३७४ | १४८९३० | १५६२३६ | १६८८०० | १७९९४५ | १८४३६० | १९१७५० | ८७९२४२ |
| | जम्मा | ६४७७६८ | ७४२००४ | ७७१७३६ | ८३७७०० | ९०६३४५ | ९७५९६० | १०३७९५० | ४५२३६५४ |

# परिच्छेद ४ : आर्थिक विकास

## १. पृष्ठभूमि

प्रतापपुर गाँउपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, व्यापार/व्यवसाय, होटल, रेस्टुरेन्ट, पर्यटन जस्ता क्षेत्रमा आधारित छ । गाँउपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जाल विस्तार भएकोले आर्थिक गतिविधिका लागि क्रमशः उपयुक्त वातावरण बन्दै गएको छ । पालिका बाहिरबाट रोजगारी मार्फत् गरिने आम्दानी तथा वैदेशिक रोजगारी पनि यस नपालिकाको वैकल्पिक आर्थिक आधार हो । विभिन्न जातजातिको संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य सङ्ख्यामा रहेको धार्मिक, पौराणिक महत्वका स्थलहरू गाँउपालिकाको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । प्रतापपुर गाँउपालिकाले आफ्नो प्राकृतिक स्वरूप तथा स्थानीय जातजातिको कला र संस्कृति जस्ता सम्पदामा आधारित पर्यटनलाई प्राथमिकता दिई पर्यटन पूर्वाधारमा जोड दिन आवश्यक छ । यो गाँउपालिकामा उखु, गहुँ आदिको कृषिको विकास गर्न सकिने अवसर छ । यसका लागि निजी क्षेत्रको सहभागितासहित ठूलो मात्रामा कृषि व्यवस्यासँग सम्बन्धित क्षेत्रहरूमा लगानी भित्र्याउनु पर्ने देखिन्छ ।

## २. वर्तमान अवस्था

यस गाँउपालिकामा २५ वटा होटल तथा गेष्ट हाउसले पर्यटक सत्कारको सेवा उपलब्ध गराउँदै आएका छन् । पालिकामा ११ वटा बैंक, २० वटा लघुवित्त, २६ वटा सहकारी संस्थाहरूले वित्तीय सहजकर्ताको भूमिका निर्वाह गरिरहेका छन् । यसलाई आधार मान्दा पालिका क्षेत्रमा रोजगारी र स्वरोजगारीका विभिन्न विकल्पहरू रहेका छन् । पालिकाभित्र अन्न तथा तरकारी उत्पादनका लागि प्रस्सत खेतीयोग्य जमिन रहेको छ । जस्तै उखु उत्पादनका लागि उपयुक्त माटो र हावापानी तथा गहुँ, आँप, धान खेती जस्ता व्यवसायिक उत्पादनका अवसरहरू रहेका छन् । तरकारी तथा मासुजन्य कृषि वस्तुमा आत्मनिर्भर भई निकासी गर्न सकिने सम्भावना रहेको छ । पर्यटन क्षेत्रसँग अन्तर सम्बन्धित कृषि व्यवसायको सम्भाव्यताका कारण कृषि क्षेत्र पनि पालिकाको महत्वपूर्ण आर्थिक स्तम्भ रहेको छ । तथापि अपेक्षित रूपमा कृषि क्षेत्र व्यवसायिकतातर्फ जान वा लैजान नसक्नु, भौतिक पूर्वाधारको सीमितता तथा सेवा क्षेत्रको अपर्याप्त व्यवसायिकताका कारण आर्थिक क्रियाकलापका क्षेत्र सीमित भई पालिकामा पर्याप्त रोजगारी सिर्जना गर्न सकिएको छैन । जसका कारण पालिकाभित्र काम गर्नसक्ने उमेरका करिब ३४.४ प्रतिशत जनसङ्ख्या पूर्ण वा आंशिक बेरोजगार रहेको अवस्था छ । मिनरल वाटर लगायत स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगको सम्भावना पनि पालिकामा रहेको छ ।

## ३. समग्र अवसर र चूनौति

यस पालिकामा अन्नबाली तथा तरकारीका लागि उपयुक्त खेतीयोग्य जमिन तथा अधिकांश क्षेत्रमा हुने उखु तथा अन्य नगदेबाली उत्पादनको वर्तमान अभ्यासलाई थप व्यवसायिक बनाउँदै कृषि उपजलाई आन्तरिक र बाह्य बजारसँग जोडेर कृषिलाई स्थानीय आर्थिक विकास र रोजगारीको भरपर्दो आधारका रुपमा विकास गर्ने अवसर पालिकालाई उपलब्ध छ । पालिकामा रहेका पर्यटकीय स्थल र साँस्कृतिक पुरातात्विक सम्पदामात्र नभई छिमेकी स्थानीय तहमा रहेका पर्यटकीय क्षेत्रलाई समेत पालिकाको आर्थिक विकासमा उपयोग गर्न सक्ने अवसर समेत प्रतापपुरलाई छ । स्थानीय उत्पादन र कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग मार्फत् हुने स्थानीय उत्पादनलाई पर्यटनसँग

समेत आवद्ध गरी आर्थिक गतिविधि बढाउने अवसर पनि पालिकासँग रहेको छ । कृषि सहकारी तथा अन्य सहकारी र वित्तीय संस्थालाई कृषि र गैरकृषि क्षेत्रको भरपर्दो वित्तीय साझेदार बनाउने अवसर पनि पालिकालाई छ । आर्थिक विकासका अवसरको सदुपयोग गर्दै र स्थानीय जडिबुटी तथा प्राकृतिक स्रोत समेतको उपयुक्त प्रयोगबाट स्थानीय विकासका लागि लगानीको स्रोत अर्थात् राजस्व बढाउने अवसर पनि पालिकालाई छ । तथापी छरिएर स-साना खण्डमा परम्परागत रुपमा हुने गरेको कृषि उत्पादनलाई व्यवसायिक उत्पादन अभ्यासले प्रतिस्थापित गर्ने उत्पादनलाई एकीकृत गरी बजारसँग जोड्ने चूनौति रहेको छ । अर्कोतर्फ पूर्वाधारको वर्तमान अवस्थामा सुधार गरी उत्पादन र ढुवानीको लागत घटाउने तथा उत्पादनलाई सहजै बजारमा लान सक्ने गरी पूर्वाधार विकास गर्ने चूनौति पनि पालिकालाई रहेको छ । लगानी सुरक्षाको प्रत्याभूति दिलाई पर्यटकको उचित सत्कारका लागि उपयुक्त मापदण्ड सहितको होटल स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई तयार बनाउने चूनौति पनि छ । स्थानीय औद्योगिक उत्पादन वृद्धिका लागि अविछिन्न रुपमा बजार उपलब्धताको सुनिश्चितता र लगानी सुरक्षाको प्रत्याभूतिसहित लगानीकर्तालाई उत्प्रेरित गरी साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गराउने चूनौति पनि पालिकालाई छ । बचत तथा ऋणमा केन्द्रित स्थानीय सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न लगाउने चूनौति पनि छ । घरभाडा लगायत विभिन्न घरयोग्य आयका आधारमा राजस्व संकलन गर्ने तथा सबै आयलाई राजस्वमा आवद्ध गर्ने चूनौति पनि पालिकालाई छ ।

## ४. समग्र लक्ष्य

स्थानीय आर्थिक विकास र पूर्ण रोजगारीसहित समृद्ध पालिका बनाउने ।

## ५. समग्र उद्देश्यहरू

१. दोहोरो अंकको आर्थिक वृद्धिदर हाँसिल गर्ने,
२. कृषि क्षेत्रलाई व्यावसायिक बनाउँदै उत्पादनशील र आयमूलक क्षेत्रको रूपमा विकास गर्ने
३. स्थानीय पहिचानसहितको स्वच्छ र हराभरा पर्यटन स्थलको रुपमा प्रवर्द्धन गर्ने
४. स्थानीय विकासमा औद्योगिक क्षेत्रको योगदान बढाउने
५. रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने

## ६. स्तम्भहरू (उपक्षेत्र)

आर्थिक विकास अन्तर्गतका समग्र लक्ष्य र उद्देश्य परिपूर्तिमा केन्द्रित रही यस क्षेत्र अन्तर्गतको बेग्लाबेग्लै लक्ष्य र उद्देश्यसहित उपक्षेत्रगत रुपमा रणनीति, कार्यनीति तय गरिएको छ । त्यसका लागि (क) कृषि तथा पशुपालन (ख) पर्यटन (ग) उद्योग व्यापार तथा व्यवसाय (घ) सहकारी (ङ) सीप तथा रोजगारीलाई आर्थिक विकासका प्रमुख स्तम्भका रूपमा पहिचान गरिएको छ । साथै, आर्थिक विकासको आधारका रूपमा पहिचान भएका क्षेत्रलाई पालिकाको आन्तरिक राजस्व बढाउने तथा रोजगारी सिर्जना गर्ने अवसरका रूपमा समेत लिन सकिन्छ । त्यसैले कृषि तथा पशुपालन, पर्यटन, उद्योग व्यापार तथा व्यवसाय, बैंक वित्तिय संस्था तथा सहकारी र सीप रोजगारी आर्थिक विकासका प्रमुख प्राथमिकताका क्षेत्रका रूपमा समेटिएका छन् ।

उमेश चन्द्र यादव
अध्यक्ष

# क. कृषि तथा पशुपंक्षी विकास

## १. परिचय

"किसानको उन्नती, प्रतापपुरवासीको प्रगती" प्रतापपुरवासीहरूको सामुहिक सोच हो । यही सोचसहित अगाडि बढ्दै गरेको यो प्रतापपुरलाई यसका कृषि तथा व्यवस्था महत्वसहित आफ्नै विशिष्ठ पहिचान र प्राकृतिक सौन्दर्यतालाई "पालिका चिनाउने र पालिका बनाउने" अवसरको रुपमा लिंदै आर्थिक रुपमा सबल पालिकाको रुपमा विकसित भएको हेर्न चाहन्छन्, प्रतापपुरवासीहरू । आर्थिक विकासका लागि रोजगारी सिर्जना र दीगो आयआर्जनलाई मूल आधारको रुपमा लिएको पालिकाले पर्यटन, कृषि र उद्योग व्यवसाय विकासको माध्यमबाट सो हाँसिल गर्न चाहन्छ । कृषिको हकमा, आत्मनिर्भर, उत्पादनमा विविधिकरण तथा व्यावसायीकरण र कृषिजन्य उद्योग व्यवसायलाई प्राथमिकतामा राखी सोही अनुसार रणनिती तथा कार्यनितीहरू प्रस्ताव गरिएको छ ।

## २. वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार ८९.७ प्रतिशत जनसंख्या रोजगार भएकोमा, ६८ प्रतिशत बराबरको लागि कृषि अझै आम्दानीको मुख्य श्रोत हो । व्यापार व्यवसायमा जम्मा जम्मी १५ प्रतिशत परिवार निर्भर रहेको यो पालिकामा २० प्रतिशत परिवार दैनिक ज्यालादारीमा आश्रित छन् । ठुला उद्योगहरू नहुनु, साना तथा मझौला प्रकारका उद्योग व्यवसायहरू भर्खर शुरु हुँदै गर्नु र भएकाहरूमा अधिकांश साना उद्यम व्यवसायहरू नै हुनुले पालिका अझै निर्वाहमुखी पालिकाकै रुपमा रहेको अवस्था छ ।

यहाँ उत्पादन उखु पालिकाकै पहिचान बनेको छ । उखु, गहुँका साथै अन्य बालीलाई व्यावसायिक रुपमा उत्पादन गर्न सकिने प्रचुर सम्भावनाहरू छन् । साथ साथै, रैथाने बालीहरूको उत्पादन र प्रवर्द्धनलाई जोड दिन सकेमा पालिकाले धेरै लाभ लिन सक्ने देखिन्छ । उखुलाई पालिकाकै Champion Products को रुपमा बाहिरी बजारमा प्रवर्द्धन गर्न सके उपलब्ध जमिनको अधिकतम उपयोग हुदै बढ्दो उत्पादन र प्रशोधन मार्फत् मुल्य अभिवृद्धि गरी आय तथा रोजगारीको अवसर बढाउने र सिंगो पालिकालाई खाद्य तथा पोषण सुरक्षित पालिकाको रुपमा विकास गर्न सकिनेछ ।

प्रतापपुर गाँउपालिका पशुपालनमा पनि अग्रणी छ । दुध, मासु र अण्डामा आत्मनिर्भरतातर्फ उन्मुख पालिकामा उल्लेख्य मात्रामा पशुपंछीहरू पालिंदै आएका छन् । गाई, भैंसी, खसी/बोका, सुंगुर/बंगुर/कुखुरा प्रमुख रुपमा पालिने पशुपंछीहरू हुन् । परम्परागत पालन पद्धति विद्यमान भएता पनि उन्नत जातका पशुपंछीहरू पनि उल्लेख्य मात्रामा पालिंदै आएका छन् । उन्नत जातका पशुपंछीहरूको बढ्दो लोकप्रियतालाई ध्यान दिई जातमा सुधार र उन्नत पालन पद्धतिका माध्यमबाट उत्पादकत्व बढाई आम्दानी बढाउन सकिने सम्भावनाहरू धेरै देखिन्छ । यसका लागी हाँसपालन उपयुक्त हुन सक्ने देखिन्छ । रोग कम लाग्ने , लागत कम लाग्ने, उत्पादन राम्रो दिने , बजार सहज भएको कारण प्रभावकारी देखिन्छ ।

यी सबै सम्भावनाहरूबाट अधिकतम लाभ लिनको लागि विद्यमान समस्याहरूलाई दीगो रुपमा समाधान गर्न जरुरी छ । वित्तमा न्यून पहुँच खासगरी कृषि तथा पशुपालन प्रयोजनको लागि, व्यावसायिकता तथा प्राविधिक क्षमताको अभाव, न्यून उत्पादकत्व, सीमित बजार पहुँच आदि प्रमुख

समस्याहरू हुन् । सहकारी संस्थाहरूको सवलीकरण, प्रभावकारी बजार सूचना प्रणाली, अनुकूल नीति, उन्नत तरिका, प्रविधि तथा यान्त्रिकरणको प्रयोग, क्षमता अभिवृद्धिका साथै आवश्यक पूर्वाधारहरूको व्यवस्थामार्फत् माथिका समस्याहरूलाई समाधान गर्न सकिनेछ ।

## ३. लक्ष्य

पालिकालाई जैविक र व्यावसायिक कृषिमा अग्रणी पालिकाको रुपमाविकास गर्ने ।

## ४. उद्देश्य

व्यावसायिक रुपमा कृषि तथा पशुपालनको विकासमार्फत् कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई पालिकालाई खाद्य र पोषणमा आत्मनिर्भर बनाउन तथा आय र रोजगारी वृद्धि गर्ने ।

- कृषि यान्त्रिकरण तथा बजारीकरण
- व्यवासायिक कृषिको लागि अनुदान तथा छुट (सहुलियत पूर्ण ऋण, कृषिऔजार खरिद, मलखादमा)
- नगदे बाली प्रवद्दन कार्यक्रम
- कृषिउपज भण्डारण र चिस्यान केन्द्र निर्माण
- कृषिमा आधारित घरेलु तथा साना उद्योग स्थापना
- कृषि ज्ञान केन्द्र स्थापना
- कृषि प्रयोगशाला स्थापना
- किसान क्षमता अभिवृद्धि
- कृषिपकेट क्षेत्र
- जैविक खेती प्रवर्द्धन, कृषि उपकरण वितरण
- रैथाने बिउ संरक्षणका लागि उन्नत बिउ वितरण
- कृषि उत्पादनको मुल्य श्रृंखला कायम गर्न स्थानीय उत्पादनको विभिन्न विन्दुको अधिकतम मुल्य तोक्ने पद्धति बिकास गर्ने ।
- संकलन केन्द्रहरूको स्थापना
- सिंचाइको आवश्यकता अध्ययन गरी पानीको उपलब्धता र उपयुक्त प्रविधिहरूको छनौट
- स्वच्छ र स्वस्थ उत्पादन सुनिश्चित गर्न गुणस्तर मापन र आवश्यक प्रमाणीकरणको लागि सम्भाव्यता अध्ययन
- कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरुपको प्रभावकारी उपायहरूको खोजी
- स्थानीय उत्पादन वस्तुलाई प्याकेजिङ्ग लेवलिङ्ग गरि बजारमा बेचबिखन गर्नुपर्ने ।
- पशु नश्ल सुधार तथा कृतिम प्रजनन प्रवद्दन कार्यक्रम
- पशु स्वास्थ्य तथा बिमा कार्यक्रम

- पशु किसान क्षमता अभिबृदी कार्यक्रम
- पशु बधस्थल निर्माण
- बधशालाहरूको लागि आवश्यक स्थान छनौट
- स्थानहरूको पहिचान
- उन्नत नश्लका गाई/भैंसी बाखा कार्यक्रम
- घाँस खेती ( डाले घाँस /भुई घाँस ) को लागि जग्गाको पहिचान
- पशु सेवा /पशु स्वास्थ्य प्राविधिकको प्रर्याप्तता हुनुपर्ने ।
- भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र जिल्लामा स्थापना
- पशुपालक कृषक क्षमता अभिबृद्धि
- कृषि क्षेत्रबाट वातावरणमा पर्न सक्ने असर न्युनिकारण गर्ने

## ५. सम्भावना तथा अवसरहरु

- पालिकाका रहेको फरक अन्नबाली, तरकारी र फलफूल उत्पादन कृषियोग्य क्षेत्रहरूको उत्पादनमूलक उपयोग र उपलब्ध पूर्वाधारको अधिकतम उपयोग मार्फत् रैथाने र जैविक उत्पादनलाई ब्राण्डिङ गरी बजारसँग जोडेर प्रतापपुरको कृषि उत्पादनको राष्ट्रिय पहिचान बनाउने अवसर पालिकालाई रहेको छ ।
- उत्पादन बृद्धि र बजारीकरणका लागि सहकारी र समुदायको साझेदारीलाई थप सबल बनाउने अवसर पालिकालाई छ ।
- उन्नत जातको पशुपालनको अभ्यासलाई थप बृद्धि र उत्पादनको गुणस्तर प्रवर्द्धनबाट पर्यटन क्षेत्रमा दुग्ध तथा मासुजन्य स्थानीय उत्पादनको उपयोग बढाउन र निर्यात समेत बढाउने अवसर पनि रहेको छ ।
- कृषि पेशामा आवद्ध जनशक्तिलाई रोजगारी सृजना र अवसर आफनै देशमा बसेर आयआर्जन गर्ने अवसर हुने साथै आर्थिक बिकासमा सहयोग पुग्ने ।
- आयतलाई न्यूनिकरण गर्ने र स्वदेशी खाद्यन्य वस्तु उत्पादन हुने ।

## ६. चूनौतिहरु

- सिँचाइ सुविधाको अपर्याप्तता, व्यवसायिक सोचको कमी, समूहगत उत्पादन प्रणालीको सीमित अभ्यास, कमजोर सहयोगी व्यवसायिक पूर्वाधार आदिका बिच उत्पादन बृद्धि गर्ने र बजारसँग जोडेर कृषिलाई आकर्षक र लाभदायक क्षेत्रका रुपमा अघि बढाउँदै कृषि उत्पादनशील पालिका बनाउने चूनौति भने पालिकालाई छ ।
- कृषि बस्तुहरु उत्पादन भइसकेपछि स्वदेशी बजारमा मूल्य नपाउने ।
- कृषि बिमा खाद्य तथा तरकारी बालीहरुमा नहुनु ।
- बिमा प्रक्रियाहरु सहज नहुनु ।
- पर्याप्त संकलन केन्द्र नहुनु ।

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषि क्षेत्रमा नीतिगत अनुकुलताको सुनिश्चितताका लागि सरोकारवाला निकायहरूसँगको समन्वयमा आवश्यक नीति तथा कानुनहरू निर्माण गर्ने । | १. कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन, नियमन र व्यवस्थापनका लागि आवश्यक नीति तथा कानूनको समयमै निर्माण तथा कार्यान्वयन गरी यो क्षेत्रलाई थप व्यवस्थित बनाउँदै लगिने छ । |
| २. कृषि व्यवसायका लागि आवश्यक सेवाको उपलब्धताका लागि आवश्यक कार्यक्रम तथा प्रक्रियागत सहजीकरण गर्ने । | १. स्थानीय समूह तथा सहकारी संस्थाहरू एवं निजी क्षेत्रका उद्यमी व्यवसायीहरूसँगको समन्वय तथा सहकार्यको माध्यमबाट कृषि तथा पशुपालनका लागि आवश्यक उत्पादन सामग्रीहरू, प्राविधिक सेवा, प्रविधि तथा अन्य उपकरणहरूको आपूर्तीलाई सर्वसुलभ गराइनेछ । |
| | २. निजी क्षेत्र एवं अन्य सेवा प्रदायक संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी सहुलियतपूर्ण वित्त, बिमा, बजार तथा अन्य व्यावसायिक सेवाहरूमा पहुँचको सुनिश्चितता गरिनेछ । |
| ३. कृषि पूर्वाधारको विकास गरी उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यलाई सहज तुल्याई प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने । | १. संकलन केन्द्रको सुदृढीकरणमार्फत् स्थानीय बजार तथा बजार सूचना प्रणाली र सहजीकरणमार्फत् स्थानीय कृषि तथा पशुजन्य उपजहरूलाई बाह्य बजारमा पहुँच बढाइनेछ । |
| | २. कृषियोग्य जमिनको उत्पादनशीलता र उत्पादनमूलक उपयोगका आधारमा आवश्यकता अनुसार उपयुक्त प्रविधिबाट सिँचाइ सुविधा उपलब्ध गराइने छ । |
| ४. मूल्य शृङ्खलामा आधारित उत्पादन, प्रशोधन, बजारीकरण लगायतका व्यावसायिक कार्यमा लगानी र सहभागिता प्रोत्साहित गर्ने । | १. सीप, पुँजी, प्रविधि, क्षमता विकास, बजार सम्पर्क विस्तारका अलावा कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरुपको प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ । यसका लागि बिमा, जोखिम व्यवस्थापन कोष, क्षतिमा आधारित अनुदान आदिजस्ता सम्भाव्य उपायहरूका लागि पालिकाले आवश्यक स्रोत व्यवस्थापन गर्नेछ । |
| | २. स्थानीय उत्पादनमा आधारित, साना तथा मझौला तहको उद्योग व्यवसायहरूलाई प्राथमिकतामा राखी सोही अनुरुप सहयोगात्मक र प्रवर्द्धनात्मक नीति अवलम्बन गरिनेछ । |
| ५. उत्पादन विविधिकरण, उत्पादकत्व वृद्धि तथा व्यावसायीकरणलाई अझ बढाउन प्राविधिक, व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने । | १. तालिम तथा परामर्शको माध्यमद्वारा स्थानीय निजी उद्यमी व्यवसायी (एग्रोभेट) तथा समूह/सहकारी सदस्यहरूको प्राविधिक, उद्यमशीलता तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । |
| | २. कृषियोग्य जमिन तथा पशुपालनमैत्री क्षेत्र पहिचान गरी कृषि र पशुपालनको पकेट क्षेत्रहरू तोकिने छ । हाल निर्धारणमा रहेका यस्ता क्षेत्रलाई विस्तार गर्दै लगिने छ । |
| | ३. पशुपालनतर्फ उन्नत पालन पद्धति र नश्ल सुधार मार्फत् उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । पशु नश्ल सुधार कार्यलाई अभियानकै रुपमा लगिनेछ । |
| | ४. रैथाने बाली प्रवर्द्धनको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ५. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटाबेस तयार गरी अद्यावधिक गर्दै लगिनेछ। |
| | ६. उन्नत खेती पद्धति, नवीन प्रविधि र यान्त्रिकीकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ। |
| | ७. स्वच्छ र स्वस्थ उत्पादन, त्यस अनुसारको उत्पादन पद्धतिको अवलम्बन, सो को गुणस्तर मापन र प्रमाणीकरणको व्यवस्था गरिनेछ। |
| ६. कृषि क्षेत्रबाट वातावरणमा पर्न सक्ने असर न्युनिकारण गर्ने। | १. कृषिअवशेष जलाउने कार्य रोकिने छ। |
| | २. विषादी र रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरिनेछ। |

## ८. आवधिक प्राथमिकता : कृषि तथा पशुपंक्षी विकास

क. पालिकालाई उत्पादनमा आत्मनिर्भर, रैथाने बालीहरूसहित कृषि क्षेत्रको व्यावसायीकरण र त्यसमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन गर्ने कार्यलाई बढावा दिने गरी ऐन कानूनहरू तर्जुमा भएका छैनन् । त्यसकारण, उक्त प्रयोजनका लागि निम्न नीति तथा कार्यक्रमहरू निर्माण गरी सो को कार्यान्वयन गरिनेछ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. कृषि र पशुपालन सम्बन्धी दीर्घकालीन नीति निर्माण गर्ने । | १. कृषि सम्बन्धी नीतिहरूको समीक्षा गरी समयानुकूल परिमार्जन गर्ने । | १. कृषि पशुपालन लगायतका नीतिहरूको समीक्षा गरी समयानुकूल परिमार्जन गर्ने । |
| २. जैविक खेती, रैथाने बालीहरूको उत्पादन, संरक्षण एवं सम्बर्धन र प्रतिस्पर्धी बालीहरूको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण, ढुवानी अनुदान वा अन्य अनुदान तथा सहयोग, बिमा आदि सम्बन्धी नियमावली र कार्यविधि निर्माण गर्ने। | २. कृषि सम्बन्धी स्थानीय कानून कार्यान्वयनको समीक्षा र समयानुकुल परिमार्जन गर्ने । | २. बजार प्रणालीमा सहकारीको संलग्नता प्रोत्साहन गर्नुका साथै मध्यस्थकर्तालाई गाँउपालिकामा दर्ता गर्ने व्यवस्था गरी उनीहरूको कार्य र अतिरिक्त नाफालाई स्थानीय कानूनमार्फत् नियमन र व्यवस्थापन गर्ने । |
| | ३. जग्गा भिजमा लिने तथा जग्गा बाँझो राख्न नपाउने नीतिको प्रभावकारी कार्यान्वयन गर्ने । | ३. निरन्तर । |

ख. कृषि उत्पादकत्व वृद्धि गर्ने अपरिहार्य स्रोत-साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरू जस्तै: सिंचाइ, सडक, कृषि बजार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता मूल समस्याका रूपमा देखिएका छन् । कृषि तथा पशुजन्य उत्पादनमा आशातीत उपलब्धी हासिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दर पनि अपेक्षित कम छ । यसको अलावा बजार क्षेत्रमा जमिनको तीव्र खण्डीकरण तथा ग्रामीण क्षेत्रमा क्रमश: जग्गा जमिन बाँझो रहनु प्रमुख समस्याको रूपमा रहेको छ । पालिकालाई उत्पादनमा आत्मनिर्भर बनाउँदै कृषि र पशुपालन क्षेत्रको व्यावसायीकरण र त्यसमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन गरी अधिकतम रोजगारीको सिर्जना गर्नका लागि निम्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । यो क्रममा जैविक खेती प्रवर्द्धन महत्वपूर्ण प्राथमिकतामा राखिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. आवश्यकता, भौगोलिक अवस्था,अवसर आदिलाई ध्यान दिई पशुपालन तथा रैथाने र व्यावसायिक कृषिको लागि पकेट क्षेत्र निर्धारण गर्ने ।<br>१.१. माटो परिक्षण र माटोको उर्वरता सुधार कार्यक्रमलाई निरन्तरता दिँदै अन्न र तरकारी उत्पादनको पकेट क्षेत्रमा यसलाई निरन्तरता दिने । | १. कृषि पकेट क्षेत्र अन्तर्गत अन्नबाली, तरकारी, आलु र विभिन्न नगदेबालीको विशिष्ठ क्षेत्रहरू छुट्याउने ।<br>१.१. कृषिको व्यावसायीकरणको लागि भूमिको उपलब्धताको सुनिश्चितता गरिनुका साथै करार, समूह तथा सहकारी खेतीका लागि एकीकृत भूमि व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गर्ने । | १. निजी, सहकारी र अन्यक्षेत्रसँगको समन्वयमा कृषि पकेट क्षेत्र तथा विशिष्टीकृत उपक्षेत्रहरूमा अन्नबाली, तरकारी र फलफूल तथा बाख्रापालन, गाई पालन र भैंसीपालन मार्फत् पकेट क्षेत्रहरूलाई पूर्ण रुपमा उत्पादनशील बनाउनमा भएका प्रगति लेखाजोखा गरी पकेट क्षेत्र लक्षित कार्यक्रमलाई निरन्तरता दिने । |
| २. पकेट क्षेत्रहरू र त्यससँग सम्बन्धित किसानहरू पहिचान तथा सो को आवश्यकताहरू अध्ययन गरी सोही अनुसारको उन्नत प्रविधि र पद्धतिसहितको उत्पादन योजना तयार गर्ने । | २. सम्बन्धित क्षेत्रका लक्षित किसानहरू पहिचान र उनीहरूको आवश्यकता अध्ययन गरी उत्पादन योजनालाई आवश्यकता अनुसार परिमार्जन गर्ने र कार्यान्वयनमा सहजीकरण गर्ने । | २. निर्धारित अवधिका लागि लक्षित किसानहरू पहिचान र आवश्यकता अध्ययन गरी उत्पादन योजनालाई आवश्यकता अनुसार परिमार्जन र कार्यान्वयनमा सहजीकरण गर्ने । |

उमेश प्रसाद यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ३. कृषक समूह/सहकारी प्रतिनिधि र स्थानीय एग्रोभेट लगायतको क्षमता अभिवृद्धि गरी सोसँगको निरन्तर समन्वयमा कृषि उपजहरू, प्रविधि एवं प्राविधिक सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने । | ३. गाँउपालिकामा कृषि उत्पादनमा समय सापेक्ष आधुनिक तथा वैज्ञानिक अनुसन्धान इकाईको स्थापना गरी सोको अध्ययन तथा परामर्शका आधारमा कृषि सहायतालाई थप वैज्ञानिक व्यवस्थित गर्ने। | ३. निरन्तर |
| ४. कृषि बाली तथा पशु बिमा, जैविक खेती प्रवर्द्धन, कृषि उपकरण वितरण, र रैथाने बिउ संरक्षणका लागि उन्नत बिउ वितरण जस्ता कार्यक्रमको प्रभावकारिता मुल्यांकन र आवश्यक सुधारसहित निरन्तरता दिने । | ४. जैविक खेती प्रवर्द्धन तथा रैथाने बिउ संरक्षण जस्ता कार्यक्रममा आवश्यक हेरफेर गरी निरन्तरता दिने । | ४. निश्चित सूचकका आधारमा अध्ययन गरी अर्गानिक तरकारी तथा फलफूल उत्पादनहुने गाँउपालिकाको रुपमा पालिकालाई घोषणा गर्ने अवस्थामा पुर्याउने । |
| ५. सिँचाइको आवश्यकता अध्ययन गरी पानीको उपलब्धता र उपयुक्त प्रविधिहरूको छनौट गर्ने । (यो विषय सार्वजनिक निर्माण अन्तर्गत थप समेटिएको) | ५. अल्पकाल र मध्यकालमा कृषिबालीका निर्धारित पकेट क्षेत्रमा उत्पादनको प्रकृति अनुसार सिँचाइका पूर्वाधार र सेवा सुनिश्चित गर्ने । | ५. निरन्तर |
| ६. संचालनमा रहेको हाटबजार र संकलन केन्द्रहरूको आवश्यकता अध्ययन गरी सुधारको योजना बनाउने ।<br>६.१. नयाँ हाटबजार र संकलन केन्द्रहरूको आवश्यकता अध्ययन गर्ने । | ६. सञ्चालनमा रहेको हाटबजार र संकलन केन्द्रहरूको सुधारको योजना कार्यान्वयन गर्ने ।<br>६.१. आवश्यकता अनुसार नयाँ हाटबजार र संकलन केन्द्रहरूको स्थापना र संचालनमा सहयोग गर्ने। | |
| ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटाबेस तयार गर्ने । | ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटाबेस अद्यावधिक गर्ने । | ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटाबेस अद्यावधिक गर्ने । |
| ८. स्वच्छ र स्वस्थ उत्पादन सुनिश्चित गर्न गुणस्तर मापन र आवश्यक प्रमाणीकरणको लागि सम्भाव्यता अध्ययन गर्ने/गराउने । | ८. पालिकामा वस्तु तथा उत्पादित फसलहरूको गुणस्तर मापन र प्रमाणीकरण कार्य शुरु गर्ने । | ८. गुणस्तर मापन र प्रमाणीकरण कार्यलाई अत्याधुनिक गर्दै उक्त कार्यलाई निरन्तरता दिने । |
| ९. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरुपको प्रभावकारी उपायहरूको खोजी गर्ने । | ९. विभिन्न प्रकोपका कारणले हुने हानीबाट जोगाउन कृषकलाई कृषि लगानी सुरक्षा कोष, अनुदान आदि) क्षेत्रमा भएको लगानी संरक्षण कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | ९. जोखिम (प्राकृतिक वाअन्य कुनै) बाट बचाउने उपायहरूको कार्यान्वयनलाई निरन्तरता दिने ।<br>९.१. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनिकरण गर्दै जलवायु अनुकूलन तथा उत्थानशील प्राङ्गारिक लगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने । |

| | | |
|---|---|---|
| १०. हाल सञ्चालनमा रहेका र विगतमा सञ्चालन भई बन्द भएका सामुदायिक दुग्ध संकलन केन्द्रहरूको अवस्थाको लेखाजोखा गरी निर्धारित पशुपालन पकेट क्षेत्रमा क्लस्टरस्तरमा डेरी सञ्चालनमा सहजीकरण र सहयोग उपलब्ध गराउने तथा दुध संकलन तथा व्यवस्थापनको लागि निजी क्षेत्रसँग आवश्यक समन्वय गर्ने । | १०. दुग्ध पदार्थको प्रशोधन तथा सह उत्पादन (पनिर, नौनी, चिज आदि) को शुरुवातका लागि निजी क्षेत्र तथा सहकारीहरूसँग निजी, सरकारी, साझेदारी सम्बन्धी कार्यहरूको बारेमा आवश्यक सहजीकरण तथा शुरुवात गर्ने । | १०. पकेट क्षेत्र लक्षित पशुपालन कार्यक्रम लाई निरन्तरता दिने वा पालिकाभित्र पशुपालनको लागि निश्चित क्षेत्र निर्धारण गरी क्रमशः परम्परागत पशुपालन अभ्यास विस्थापित गर्ने । |
| ११. इच्छुक किसान पहिचानसहित नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिँदै यसको पहुँच विस्तार गर्ने । | ११. बढी उत्पादकत्व (दुध र मासु) भएका पशुपालन मार्फत् कम उत्पादन दिने पशुपालनको अभ्यास विस्थापन गरिसक्ने गरी नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिने । | |
| १२. पशु वधस्थल तथा वधशालाहरूको लागि आवश्यक स्थानहरूको पहिचान गर्ने । | १२. पशु वधस्थल तथा बधसालाहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि निजी तथा सहकारीहरू संघ संस्थाहरूलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने । | |
| | १३. कृषि तथा पशुपंक्षीजन्य उत्पादनको मूल्य श्रृंखला कायम गर्ने स्थानीय उत्पादनको विभिन्न बिन्दुको अधिकतम मूल्य तोक्ने पद्धति विकास गर्ने । यसको पूर्ण कार्यान्वयनका सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने । | १३. सहकारीहरूलाई कृषि उपज बजारीकरणको मुख्य सहजकर्ता बनाउने तथा अन्य मध्यस्थकर्तालाई सम्बन्धित व्यवसाय दर्ता गरी उसले प्राप्त गर्ने अधिकतम लाभको हिस्सा निर्धारण गर्ने । |
| | १४. आवश्यक सहयोग र समन्वयमार्फत् कोसेली घरलाई स्थानीय उत्पादनको बिक्री वितरण र बाह्य क्षेत्रमा बजारीकरणको भूमिका निर्वाह गर्ने अवस्थामा पुर्‍याउने । | १४. कोसेली घरहरूलाई कृषि पकेट क्षेत्रमा विस्तार गर्ने । |
| | १५. कृषि तथा पशु फर्महरू निर्माण तथा व्यावसायिक उत्पादन प्रवर्द्धनका लागि लागि युवा कृषकहरूलाई उत्प्रेरित तथा सहजीकरण (वित्तीय व्यवस्था, तालिम, प्राविधि सहयोग) गर्ने । | |
| | १६. सहकारीहरूसँग साझेदारी तथा सञ्चालन हुने गरी कृषि तथा पशुपालन पकेट क्षेत्रको नजिकको संकलन बिन्दुमा कृषि शीत भण्डार (Cold Storage) स्थापना सञ्चालनको व्यवस्था गर्ने । | |

उमेश चन्द्र यादव
अध्यक्ष

| ग. कृषि क्षेत्रको कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित कृषक तथा कृषि क्षेत्रका सरोकारवालाहरूको सहभागितामा सम्बन्धित पक्षको क्षमता विकासका कार्यक्रम कार्यान्वयन गरिने छ । त्यसैगरी कृषकलाई उत्प्रेरित र उत्पादन सुरक्षाका पूर्वाधारका कार्यलाई पनि प्राथमिकतामा राखी अघि बढाउनु पर्ने आवश्यकता भएकाले सोही अनुसार निम्न कार्यक्रम तय गरिएको छ । | | |
|---|---|---|
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १. पहिलो वर्षको लक्ष्य अनुरुप किसान, किसान समूह तथा सहकारीहरूलाई आवश्यक अभिमुखीकरण तालिम, तथा परामर्श दिने । | १. दोस्रो योजना कार्यकालको लक्ष्य अनुरुप, किसान समूह तथा सहकारीहरूलाई आवश्यक तालिम, अभिमुखीकरण तथा परामर्श दिने तथा उत्कृष्ठ किसानलाई अध्ययन भ्रमण तथा बाह्य तालिमको अवसर उपलब्ध गराउने । | १. तेस्रो योजना कार्यकालको लक्ष्य अनुरुप, किसान समूह तथा सहकारीहरूलाई आवश्यक तालिम, अभिमुखीकरण तथा परामर्श दिने । |
| २. पालिकामा रहेका कृषि शिक्षा उपलब्ध गराउने शैक्षिक संस्थाहरू र गाँउपालिका बिचमा आवश्यक समन्वय तथा कृषि कार्यक्रम सञ्चालनको लागि साझेदारीको शुरुवात गर्ने । | २. आवश्यक समन्वय मार्फत् पालिकाको विशेषतामा आधारित जैविक खेती तथा उत्पादनको विषय माध्यमिक तहको पाठ्यक्रममा समेट्ने । | |

## ख. पर्यटन

### १. परिचय

विश्व पर्यटन संगठनले व्यक्तिले विभिन्न चाहना वा अपेक्षा परिपूर्तिका लागि आफ्नो नियमित बसोबासको स्थान छोडर फुर्सद मनाउन, व्यवसाय गर्न वा अन्य प्रयोजनका लागि एक वर्ष भन्दा कम समयमा अन्यत्र जाने र बस्ने कार्यलाई पर्यटन भनी परिभाषित गरेको छ । हाम्रो सन्दर्भमा विभिन्न दृष्यावलोकन, तिर्थाटन, मनोरञ्जन, व्यवसायिक गतिविधि वा अन्य उद्देश्यले आफ्नो बसोबास गरिरहेको स्थान बाहिर गएर अपेक्षित उद्देश्य प्राप्तिका लागि खर्च गर्ने सम्मको कार्यलाई पर्यटन भन्न सकिन्छ । व्यक्तिगत चाहना परिपुर्तिका यस्ता गतिविधिमा सघाउने, व्यवस्थित गर्ने र आर्थिक गतिविधिका रुपमा अघि बढाएर आर्थिक विकासमा आवद्ध गर्ने कार्यलाई पर्यटन क्षेत्रका कार्यका रुपमा लिनु पर्दछ ।

### २. बर्तमान अवस्था

प्रतापपुर गाँउपालिका गौतम बुद्धको जन्मस्थान लुम्बिनी नजीकै रहेको र यहाँ रहेको गण्डक ड्याम आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण स्थलको रूपमा परिचित हुँदै गएको छ । पालिका क्षेत्रभित्र रहेको धार्मिक पर्यटकीय केन्द्र बाउन्नदेवी मन्दिर, ताल, सांस्कृतिक विविधता, चाडपर्व र प्राकृतिक सौन्दर्यता पर्यटकहरूका लागि आकर्षक गन्तव्य हुन् ।

पालिका क्षेत्रभित्र धार्मिक तथा पर्यटकीय स्थलहरूको पहिचान भएका र सबैमा क्षेत्रमा सडक सञ्जाल पुगेको अवस्था छ । सडकको पहुँच भएता पनि सबै क्षेत्रहरूमा सहज यात्रा हुने गरी सडक वा अन्य वैकल्पिक मार्गको पहुँच पुऱ्याउन आवश्यक छ । पूर्वाधारको विकाससँगै यी क्षेत्रहरूको थप प्रचार प्रसार तथा पर्यटकमैत्री वातावरणको प्रवर्द्धन गर्न सक्दा प्रतापपुर गाँउपालिकाको आर्थिक विकास र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान हुन सक्छ । साथै अन्य सम्भावित स्थलहरूलाई थप विकास गरी पर्यटक सङ्ख्या वृद्धि गरी आर्थिक उपार्जन र प्रचार प्रसारमा वृद्धि गर्न सकिने सम्भावना देखिन्छ । गाँउपालिकाको आन्तरिक आर्थिक कियाकलाप वृद्धि गरी पर्यटकको बन्दोबस्ती र व्यवस्थापन गर्न स्थानीय होटल तथा रिसोर्टहरूको महत्वपूर्ण भूमिका हुन्छ । हाल वार्षिक रूपमा  क्षेत्रमा बसोबास गर्ने पर्यटकहरूको संख्या यकिन छैन । व्यवसायलाई पूर्ण रूपमा व्यावसायिक बनाउन स्थानीयस्तरमा नै सञ्चालकहरूलाई अतिथि सत्कार (Hospitality), परिकार तथा अन्य सेवासम्बन्धी तालिमको व्यवस्था गर्न सके पर्यटन तथा आर्थिक विकासमा टेवा पुग्दछ । पर्यटन व्यवसायको विकास गर्न व्यवस्थित पूर्वाधारको साथै पालिकामा रहेका होटेल, रिसोर्ट, रेष्टुरेण्ट र घरबासको उपलब्धता र व्यवसायिकता सहितको व्यवस्थापन आवश्यक हुन्छ । ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनबाट होटेल, रिसोर्ट, रेष्टुरेण्ट र घरबासबाट कुनै पनि स्थानको आर्थिक विकास अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै रोजगारीको सिर्जना गर्दछ ।

## ३. लक्ष्य

पर्यटनमार्फत् स्थानीय विकास र समृद्धि हाँसिल गर्नु ।

## ४. उद्देश्य

पूर्वाधार विकास र सेवा विस्तार गरी पर्यटनलाई स्थानीयआय र रोजगारीको आधार स्तम्भका रूपमा विकास गर्ने ।

- पर्यटनमा टेवापुग्ने गरी गाउपालिका भित्र रहेका स्थानीय भाषा, संस्कृति तथा सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र सो को प्रचार प्रसार गरी साँस्कृतिक पर्यटनलाई मुख्य पर्यटकीय उपक्षेत्रको रूपमा विकास गर्ने ।
- गाँउपालिका भित्र रहेका अमुल्य प्राकृतिक स्रोतहरूलाई संरक्षण, उपयोग र व्यवस्थापन गरी पर्यावरण पर्यटन (Eco Tourism) को प्रवर्द्धन गर्ने ।
- पर्यटकको उचित सेवा, सत्कार तथा सुरक्षा प्रवन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न गाँउपालिका भित्र रहेका सबै औपचारिक तथा अनौपचारिक होटलहरूलाई गाँउपालिकाको व्यवसायको दायरामा ल्याई तिनको वर्गीकरण, न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र प्रमाणीकरणका मापदण्ड निर्माण गर्ने ।
- पालिका भित्र बाह्य (वैदेशिक) पर्यटकको उचित सेवा सत्कार हुने स्तरीय होटल तथा रिसोर्ट स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।
- पर्यटनमा टेवा पुऱ्याउन गाँउपालिका भित्र रहेका सबै पर्यटकीय दृष्टिले महत्वपूर्ण तथा पर्यटकले उपयोग गर्ने क्षेत्रहरूलाई सुचिकृत गरी त्यस्ता क्षेत्रको प्रदुषणन्यूनीकरण फोहोर मैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिई स्थानीय पर्यटकीय गन्तव्यहरूलाई आकर्षक बनाउने ।
- पालिकामा रहेको प्रमुख पर्यटकीय क्षेत्रको बारेमा आवश्यक प्रचार प्रसार गर्न Documentary, Tourism App तयार गर्ने र विभिन्न सूचना प्रविधिको प्रयोग गरी प्रचार प्रसार गर्ने ।
- पर्यटन सर्किटको पूर्वाधार तयारी र दायाँबायाँ सडक सुन्दरताका कार्य गर्ने ।
- गाँउ प्रवेश गर्ने प्रवेशद्वार निर्माण सम्पन्न गर्ने । जसमा पर्यटन सूचना केन्द्र, सार्वजनिक शौचालय र शहरी सेवा केन्द्रको पूर्वाधारको कार्य गर्ने ।
- घरबास व्यवसायको स्थापना, प्रवर्द्धन एमं संचालन गर्ने ।
- भौतिक पूर्वाधार विकास (सडक, बत्ती, खानेपानी, सञ्चार, सार्वजनिक शौचालय आदि) कार्यक्रमसँग सामञ्जस्यता कायम गर्दै मुख्य पर्यटकीय क्षेत्रमा प्राथमिकता बमोजिम आवश्यक पर्ने पूर्वाधारहरूको सूची तयार गरी क्रमशः निर्माणको प्रकृया अघि बढाउने ।
- पर्यटन गुरुयोजना तयार गर्ने  गुरुयोजना अनुसार आधारभुत पूर्वाधार तयार गर्ने र बढी लगानीका पूर्वाधारका लागि निजी सार्वजनिक साझेदारीको लागि प्रकृया अघि बढाउने ।

- समुदायमा आधारित घरबास सञ्चालनका लागि प्रत्येक वडामा उपयुक्त स्थानहरूको अध्ययन र विश्लेषण गर्ने र सम्भाव्य स्थानका इच्छुक पालिकावासीलाई घरबास सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने ।

## ५. सम्भावना तथा अवसरहरु

- पलिका भित्र केरा, उखु तथा बेसार खेती प्रशस्त हुने हुँदा कृषि पर्यटकको सम्भवना रहेको
- आर्थिक विकासको मुख्य अंगको रुपमा पर्यटन क्षेत्रलाई विकास गर्न सकिने ।
- सांस्कृतिक, प्रमकृतिक, धार्मिक, पर्यटनको गन्तव्यको रुपमा विकास गर्न सकिने ।

## ६. चूनौतिहरु

- असुरक्षित यातायात रहेको ।
- पर्यटन क्षेत्रलाई उत्पादन मूलक आर्थिक पक्षसँग जोड्न नसकिएको ।
- पर्यटन क्षेत्रको आवश्यक पहिचना र विकास गर्न नसकिएको ।
- पर्यटन क्षेत्रलाई दिगोपनसँग जोड्न नसकिएको ।
- आवश्यक ज्ञान, सिप र क्षमता सहितको दक्ष जनशक्तिको अभाव रहेको
- प्रदूषणका कारण पर्यटकहरु यस क्षेत्र बाटबिमुखहुने सम्भावना रहेको ।

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय आय र रोजगारीको आधार स्तम्भका रूपमा विकास गर्न पर्यटनलाई आधारभूत सेवा उद्योग वा व्यवसायको रूपमा अघि बढाउने । | १. पर्यटनमा टेवा पुग्ने गरी गाँउपालिकाभित्र रहेका स्थानीय भाषा, संस्कृति तथा सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र सो को प्रचार प्रसार गरी सांस्कृतिक पर्यटनलाई मुख्य पर्यटकीय उपक्षेत्रको रूपमा विकास गरिने छ। |
| | २. गाँउपालिकाभित्र रहेका अमुल्य प्राकृतिक स्रोतहरूलाई संरक्षण, उपयोग र व्यवस्थापन गरी पर्यावरण पर्यटन (Eco Tourism) को प्रवर्द्धन गरिने छ। यसका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ। साथै यस क्षेत्रको प्रदुषणन्युनीकरण, फोहोर मैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिइनेछ। |
| | ३. पर्यटकको उचित सेवा, पर्यटकको उचित सेवा, सत्कार तथा सुरक्षा प्रबन्धसहितको पर्यटकीय आवास व्यवस्थापन गर्न गाँउपालिकाभित्र रहेका सबै औपचारिक तथा अनौपचारिक होटलहरूलाई गाँउपालिकाको व्यवसायको दायरामा ल्याई तिनको वर्गीकरण, न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र प्रमाणीकरणका मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ। |
| | ४. गाँउभित्र बाह्य (वैदेशिक) पर्यटकको उचित सेवा सत्कार हुने स्तरीय होटल तथा रिसोर्ट स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई उत्प्रेरित गरिने छ। |
| | ५. पर्यटनमा टेवा पुर्‍याउन गाँउपालिकाभित्र रहेका सबै पर्यटकीय दृष्टिले महत्वपूर्ण तथा पर्यटकले उपयोग गर्ने क्षेत्रहरूलाई सुषिकृत गरी त्यस्ता क्षेत्रको प्रदुषणन्यूनीकरण फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिई स्थानीय पर्यटकीय गन्तव्यहरूलाई आकर्षक बनाइने छ। |
| | ६. गाँउपालिकाले पर्यटनको व्यवस्थापन गर्न सबै पर्यटन व्यवसायी, पर्यटकीय स्थल, पर्यटन व्यवसायसँग सम्बन्धित संघ संस्था लगायत पर्यटकका लागि आवश्यक पर्ने सूचनाको उचित व्यवस्थापन गरी आधुनिक सूचना प्रविधिका माध्यमबाट पर्यटकको पहुँचमा पुर्‍याइने छ। |
| | ७. पालिकाको आन्तरिक पर्यटकीय गन्तव्यहरू बिचको यातायात सञ्जाल विस्तार गरी पालिकाभित्रका सबै पर्यटकीय स्थल जोडिएको पर्यटन रूट निर्धारण र व्यवस्थापन गरिने छ। |
| २. गरिबी निवारण र पालिकावासीको जीवनस्तर सुधार गर्न पर्यापर्यटन र ग्रामीण पर्यटन प्रवर्द्धनमा जोड दिँदै पर्यटन क्षेत्रको विविधिकरण र विस्तार गर्ने । | १. ग्रामीण पर्यटन प्रवर्द्धनका लागि समुदायको संस्कृति र समुदायमा आधारित घरबास स्थापना र सञ्चालनमा सामुदायिक संघ संस्थाहरूमार्फत् अनुदान, सहुलियत ऋणको व्यवस्था र तालिमको व्यवस्था मिलाउनको लागि आवश्यक सहयोग र सहजीकरण गरिने छ। |

| | |
|---|---|
| | २. पालिकाको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, आदिवासी, जनजाति लगायतका विपन्न समूह समेतलाई पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न ग्रामीण क्षेत्रका बस्तीहरूका बस्तीमा समावेशी र सहकारीको माध्यमबाट घरबास जस्ता उपयुक्त आयमूलक संरचनाहरूको निर्माण र विकास गरिनेछ । |
| | ३. पालिका क्षेत्रभित्र रहेका वनजंगल, वन्यजन्तु तथा पार्कहरूको संरक्षण र व्यवस्थापन गरी पर्यटकीय स्थानका रूपमा विकास गरिनेछ । |
| | ४. अर्गानिक पद्धति अपनाई खेती प्रणालीको शुरुवात, सम्बन्धित उत्पादन क्षेत्र लक्षित कृषि पर्यटनको प्रवर्द्धन गरिनेछ । |

## ८. आवधिक प्राथमिकता : पर्यटन

क. पालिका क्षेत्रमा विभिन्न पर्यटकीय स्थलहरू रहेको र पर्यटनको सम्भावना भएकोले कोभिड १९ को असर कम भएसँगै आगामी पर्यटकहरूको आगमनमा समेत वृद्धि हुने सम्भावना छ । धार्मिक, सांस्कृतिक तथा प्राकृतिक विविधताको धनी प्रतापपुर गाँउपालिकाको समग्र क्षेत्र समेट्ने बृहत् पर्यटन गुरु योजना बनाई यो क्षेत्रलाई व्यवस्थित रुपमा अघि बढाउनु पर्ने आवश्यकता छ । गाँउपालिकाभित्र रहेका होटलहरूको वर्गीकरणसहित यो को सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्पष्ट मापदण्ड निर्धारण गर्ने, ग्रामीण क्षेत्रमा घरबास सञ्चालनको सम्भावना भएकाले सम्भावनालाई कार्यरुप दिने व्यवस्थित पद्धति तय गर्ने तथा पर्यटन क्षेत्रसँग सम्बन्धित सबैका कार्यका बिच सामञ्जस्यता र प्रभावकारिता ल्याउन यो क्षेत्रको निम्नानुसार प्राथमिकता तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. घरबास सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति तथा कार्यविधि र होटेलको वर्गीकरण, मापदण्ड तथा सेवाको स्तर, न्यूनतम दर आदि सम्बन्धी व्यवस्थाका लागि कार्यविधि तयार गर्ने ।<br>१.१. पर्यटन क्षेत्र व्यवस्थापन र पर्यटक प्रवेश शुल्क सम्बन्धी नीति तथा दर निर्धारण गर्ने । | १. घरबास सञ्चालन, व्यवस्थापन तथा वर्गीकृत होटलहरूको सेवा मापदण्ड कार्यान्वयनको अवस्था समीक्षा गरी सम्बन्धित नीति तथा कानूनको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने ।<br>१.१. पर्यटन नीतिमा आधारित रहेर पर्यटन गुरुयोजना बनाई कार्यान्वयन मा लैजाने । | १. पर्यटक सेवा तथा पर्यटन सम्बन्धी स्थानपर्यटन सम्बद्ध नीति तथा कानूनको समसामयिक सुधार गर्ने ।<br>१.१. पर्यटन गुरुयोजना कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन वा अन्य सान्दर्भिक पर्यटन रणनीति बनाउने । |

ख. यस गाँउपालिकामा रहेका सांस्कृतिक, धार्मिक र ऐतिहासिक सम्पदा, तालहरूको रमणीयता आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण स्थलको रुपमा परिचित हुँदै गएको छ । तथापि कतिपय पूर्वाधारको विकास तथा पर्याप्त प्रवर्द्धन हुन नसक्दा पर्यटन विकासले गति लिन सकेको छैन । पर्यटन प्रवर्द्धन तथा रोजगारी सृजनाका लागि आवश्यक पूर्वाधारको निर्माण सँगसँगै पर्यटकसँग सम्बन्धित सेवाका क्षेत्रहरूलाई विस्तार गरी प्रभावकारी कार्यान्वयन र गुणस्तरमा सुनिश्चितता गरिनु पर्दछ । त्यसैले पर्यटन क्षेत्रको विकासमा आगामी वर्षदेखि तपसिलका कार्यक्रमहरू आवधिक रुपमा कार्यान्वयन गरिने छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकामा रहेको प्रमुख पर्यटकीय क्षेत्रको बारेमा आवश्यक प्रचार प्रसार गर्न Documentary, Tourism App तयार गर्ने र विभिन्न सूचना प्रविधिको प्रयोग गरी प्रचार प्रसार गर्ने । | १. उपयुक्त माध्यम प्रयोग गरी पर्यटकीय स्थानहरूमा पुग्ने तथा उक्त स्थानमा भएको सुविधाहरू समेतलाई समेटी सूचना तथा संकेतहरूको व्यवस्था गर्ने तथा पर्यटन सम्बन्धी प्रचार सामग्रीको पालिकाभित्र र बाहिर पनि प्रचार प्रसार गर्ने । | १. पर्यटन क्षेत्र तथा पर्यटकीय सम्भावनाको थप अध्ययन विश्लेषणसहित उपयुक्त प्रचार सामग्री निर्माण तथा प्रवर्द्धनको कार्यलाई आवश्यक सुधारसहित निरन्तरता दिने । |
| २. भौतिक पूर्वाधार विकास (सडक, बत्ती, खानेपानी, सञ्चार, सार्वजनिक शौचालय आदि) कार्यक्रमसँग सामञ्जस्यता कायम गर्दै मुख्य पर्यटकीय क्षेत्रमा प्राथमिकता बमोजिम आवश्यक पर्ने पूर्वाधारहरूको सूची तयार गरी क्रमशः निर्माणको प्रकृया अघि बढाउने । | २. निर्धारित पर्यटकीय स्थलहरूमा पर्यटन गुरुयोजना अनुसार आधारभूत पूर्वाधार तयार गर्ने र बढी लगानीका पूर्वाधारका लागि निजी सार्वजनिक साझेदारीको लागि प्रकृया अघि बढाउने ।<br>२.१. पालिका क्षेत्रमा अवस्थित महत्वपूर्ण पार्कहरूमा प्रवेश शुल्कको व्यवस्था सहित पर्यटकहरूलाई मनोरञ्जन तथा आराम हुने खालका पूर्वाधारहरू निर्माणका लागि सहजीकरण गर्ने । | २.सार्वजनिक-निजी-सहकारी साझेदारीको आधारमा बढी लगानीका पर्यटन पूर्वाधार विकासका सम्भाव्य आयोजना अघि बढाउने ।<br>२.१. पर्यटन क्षेत्र व्यवस्थापन र बजारीकरणका लागि उपयुक्तताका आधारमा समुदाय, निजी क्षेत्र, सहकारी आदिलाई सेवा करार वा साझेदारी मार्फत् पर्यटकीय पूर्वाधार व्यवस्थापन गर्ने । |

## ग. उद्योग, व्यापार तथा व्यवसाय

### १. परिचय

वस्तु तथा सेवाको उत्पादन र बिक्री वितरणको कार्य उद्योग र वाणिज्य अन्तर्गत पर्दछन् । कृषि, पर्यटन जस्तै: पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यवसायहरू समेत स्थानीय अर्थतन्त्रको मेरूदण्ड हुन् । गाँउपालिकाभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यापार व्यवसाय, सेवामूलक व्यवसायिक कार्यहरू पालिका क्षेत्रमा आर्थिक क्रियाकलापलाई चलायमान बनाउने माध्यमहरू हुन् ।

### २. वर्तमान अवस्था

तराईको लाइफलाइनको रुपमा रहेको हुलाकी सडक रहनु साथै यो गाँउपालिका भारतसँग जोडिएको र लुम्बिनी प्रदेशको मुख्य व्यापारिक केन्द्र भैरहवा र बुटवलखँग नजिकैको दुरीमा रहेकाले व्यापार, कृषि तथा रोजगारीको लागि यस क्षेत्रका बासिन्दाहरुका लागि सहज वातावरण रहेको छ । यस गाँउपालिकामा व्यापार व्यवसाय अन्तर्गत उद्योगसंख्यामा नगन्य रहेको छ । स्थानीय बासिन्दाहरु खाद्यान्न पसल, खुद्रा पसल, कपडा तथा हार्डवेयर पसल जस्ता साना खालका व्यापार व्यवसायमा आवद्ध भएको देखिन्छ । कृषिमा आधारित साना उद्योगहरु छिटपुट रुपमा सञ्चालनमा रहेका छन् ।

### ३. लक्ष्य

उद्योग र व्यवसाय मार्फत् स्थानीय आर्थिक विकास र समृद्धिमा टेवादिने

### ४. उद्देश्य

स्थानीय सीप, प्रविधि तथा उत्पादनमा आधारित उद्योगको विकास र विस्तार मार्फत् उत्पादनशील पालिका बनाउने ।

- स्थानीय उत्पादनमा आधारित उद्योग र व्यवसाय प्रवर्द्धन
- स्थानीय सीपमा आधारित रोजगारी
- लगानी सम्मेलन
- व्यावसायिक तथा सिप अभिवृद्धि कार्यक्रम
- युवा उद्यम बिकास कार्यक्रम
- उधमसिल बिकास कार्यक्रम

## ५. सम्भावना तथा अवसरहरु

- लघु, घरेलु एवंम साना उद्योगको स्थापना गर्न सकिने ।
- स्थानीय कच्चा पदार्थको प्रयोग गरि उत्पादन वृद्धि गर्न सकिने
- आवश्यक तालिम एवंम सिप विकास गरि स्वरोजगार एवंम उद्यमी सिर्जना गर्न सकिने ।
- आयतलाई न्यूनिकरण गर्न सकिने ।
- विदेशीने युवा जनशक्ति र बौद्धिक जनशक्तिलाई स्वदेशमा रोजगार दिन सकिने ।

## ६. चूनौतिहरु

- आवश्यक पूर्वाधारको अभाव
- व्यवसायीलाई आवश्यक सहुलियत उपलब्ध नहुनु ।
- लगानीको लागि अभिप्रेरित गर्न नसक्नु ।
- स्थानीय तहमा लगानी मैत्री वातावरण नहुनु ।
- नविन मेशिन, औजारको उवलब्ध र सिपको कमी हुनु ।

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय उत्पादनमा आधारित उद्योग र व्यवसाय प्रवर्द्धन गरी आर्थिक विकासमा उद्योग र वाणिज्य क्षेत्रको योगदान बढाउने। | १. स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने किसिमका स्थानीय रूपमा स्थापित घरेलु तथा साना उद्योग तथा व्यवसायीहरूलाई आर्थिक रूपमा सहयोग गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। |
| | २. स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापना र सञ्चालनका लागि समन्वयात्मक, उत्प्रेरणात्मक र सहयोगात्मक भूमिका निर्वाह गरिने छ। |
| | ३. पालिकाबासीलाई पर्याप्त रोजगारीको अवसर सिर्जना हुने खालका नयाँ व्यवसाय तथा कलकारखानाको स्थापना गरी व्यापारिक क्रियाकलाप शुरूवात तथा सञ्चालनको लागि उपयुक्त वातावरण निर्माण गरिने छ। |
| २. उद्योग र वाणिज्य क्षेत्रमा लगानी बढाउन उपयुक्त पूर्वाधारसहितको औद्योगिक र व्यवसायिक वातावरण सकारात्मक नियमनमार्फत् स्थानीय आर्थिक विकास र रोजगारी प्रवर्द्धन गर्ने। | १. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका व्यापार/व्यवसायलाई गाँउपालिका भित्र स्थापनाका लागि आकर्षित गर्न प्रयत्न गरिने छ। यसका लागि गाँउपालिकाद्वारा कर सहुलियत, लिज लगायतबाट जमिनको व्यवस्थापनमा सहजीकरण वा निश्चित अवधिको लागि सहुलियत उपलब्ध गराउन नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गरिने छ। |
| | २. निश्चित संख्या भन्दा बढी स्थानीयलाई रोजगारीका अवसर उपलब्ध गराउने व्यवसायहरूलाई स्थानीयस्तरमा कर सहुलियत उपलब्ध गराइनुका साथै संघ र प्रदेशबाट उपलब्ध हुने सहुलियतका लागि सहजीकरण गरिने छ। |
| | ३. भविष्यमा रोजगारी तथा आयआर्जन प्रवर्द्धनमा योगदान पुऱ्याउने भौतिक पूर्वाधार निर्माणको प्रशासनिक प्रक्रियालाई थप सरल र सहज बनाइने छ। |
| | ४. भू-उपयोग योजनाद्वारा नयाँ व्यवसाय तथा कलकारखाना शुरूवात गर्नका लागि उपयुक्तता निर्धारण गरिएका स्थानको जमिनको यकिन गरी त्यस्ता कलकारखानाका लागि आवश्यक पूर्वाधार तथा सेवाको पूर्व व्यवस्थापन गरिने छ। |
| ३. स्थानीय आर्थिक विकासका लागि पालिका क्षेत्रमा संचालित उद्योग तथा कलकारखानामा हाल प्रयोग भईरहेको उर्जाले वायु प्रदुषणको नकारात्मक असर परिरहेकोले हरित उर्जा प्रयोग र प्रवर्धनमा जोड दिईनेछ। | १. वातावरण संरक्षण तथा वायु प्रदुषण व्यवस्थापनमा टेवा पुऱ्याउने उद्योगहरुलाई प्रोत्साहन तथा सहुलियत ऋण व्यवस्थापनका लागि वित्तीय संस्थाहरुसँग समन्वय गरिने छ। |
| | २. निजीक्षेत्र संग आवश्यक समन्वय गरि अनुकूल वातावरणका लागि आवश्यक नीति तथा कार्य विधी तयार गरिनेछ। |
| | ३. वातावरण व्यवस्थापन तथा जलवायु उत्थानशीलतामा टेवा पुऱ्याउने साना तथा अन्य उद्योग तथा व्यवसाय संचालनका लागि आवश्यक नीति तथा वातावरण तयार गरिने छ। |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | ४. महिला तथा विपन्न वर्गको लागि आर्थिक विकासका लागि वातावरण संतुलन तथा वायु प्रदुषण व्यवस्थापनका टेवा पुऱ्याउने विभिन्न व्यवसाय तथा सिपका प्रशिक्षण प्रदान गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

## ८. आवधिक प्राथमिकता : उद्योग, व्यापार तथा वाणिज्य

क. प्रतापपुर गाउँपालिकाभित्र विभिन्न किसिमका साना उद्योग तथा व्यापार व्यवसायहरू सञ्चालनमा छन् । तर तिनीहरूलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । यस गाउँपालिकाको व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन र नियमन गरी नागरिकहरूको आर्थिक समृद्धि तथा थप रोजगारी सिर्जनाका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम गाउँपालिकाले विविध नीति विधिहरू निर्माण गर्नुपर्ने हुन्छ । यसको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. स्थानीय बजार व्यवस्थापन, नियमन तथा प्रवर्द्धन सम्बन्धी स्थानीय कानून बनाउने । | १. औद्योगिक ग्राम तथा बजार क्षेत्र व्यवस्थापन, विस्तार एवं तथा उद्योग स्थापना र सञ्चालन सन्दर्भमा आवश्यक प्रबन्धसहित स्थानीय उद्योग र वाणिज्य नीति तथा कानूनमा आवश्यक संशोधन वा परिमार्जन गर्ने । | १. उद्योग तथा व्यवसाय प्रवर्द्धनमा मौजुदा नीति तथा कानूनको प्रभावकारिता विश्लेषणका आधारमा आवश्यक संशोधन वा परिमार्जन गर्ने । |
| १.१. घरेलु तथा स्थानीय कच्चा पदार्थको प्रयोगबाट उत्पादन उद्योग प्रवर्द्धन नीति तथा निर्माण गर्ने घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन सम्बन्धी ऐन तथा कार्यविधि बनाउने । | | |

ख. आमरूपमा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्र र उद्योग क्षेत्रमा पर्याप्त लगानी नजुट्नु वा भएको पुँजी यो क्षेत्रमा परिचालित नहुनु स्थानीय औद्योगिक उत्पादनहरू लागत प्रतिस्पर्धी तथा गुणस्तरीय नहुनु र निर्यातयोग्य वस्तुहरूको उत्पादन र विविधिकरण नहुनु उद्योग क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू हुन् । लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजन गराउन निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिकरणमा नवीन प्रविधि र उपकरणहरूको प्रयोग गर्न नसकिनु तथा पालिकाका पनि यसमा सीमितताका कारण औद्योगिक क्षेत्रको विकास र विस्तार हुन सकिरहेको छैन । बजार विस्तार ग्रामीण तहका बस्तीहरूसम्म अपेक्षित रूपमा हुन सकेको छैन । प्रतापपुर गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका कतिपय व्यवसाय औपचारिक रूपमा दर्ता नविकरण प्रक्रिया र राजस्वको दायरामा आएका छैनन् । यसले गर्दा यो क्षेत्रको वास्तविक तथ्यांकको पनि कमी रहेको छ । तिनीहरूको अभिलेखीकरणको कार्य थप व्यवस्थित गरी पालिकाभित्र बजार तथा व्यापार व्यवसायलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । स्थानीयस्तरमा उत्पादन भएका कृषि तथा पशुजन्य वस्तु लगायत यहाँका कच्चा पदार्थको उपयोग औद्योगिक प्रयोजनमा व्यापक हुन सकेको छैन । यहाँ उत्पादन भएका वस्तुहरूले बजार नपाएको अवस्था छ । यहाँका भौतिक पूर्वाधार र अन्तरआबद्धता (इन्टरकनेक्टिभिटी) मा रहेका कठिनाईले पनि उद्योग र वाणिज्य क्षेत्रका चुनौतिका रूपमा रहेका छन् । ग्रामीण क्षेत्रमा समेत बजार विस्तार गरी उपभोग्य सामान तथा हाटबजारको व्यवस्थासहित बजारको व्यवस्थापन गर्नु अपरिहार्य रहेको छ । गाउँपालिकामा उद्योग वाणिज्य संघ लगायतका विभिन्न व्यापारिक संघ संस्थाहरू रहेका छन् । उनीहरू उद्योग वाणिज्य क्षेत्र विकासको वाहक भएकोले उपयुक्त समन्वय र परस्पर सहयोगका आधारमा उद्योग र वाणिज्य क्षेत्रलाई पनि अघि बढाउने अवस्था छ । यस सन्दर्भमा व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापनमा सुधार गरी पालिकावासीलाई पर्याप्त रोजगारीको अवसर सिर्जना गर्ने र आर्थिक समृद्धि हासिल गर्नमा यो क्षेत्रको योगदान बढाउन निम्नानुसार आवधिक कार्यक्रम प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. नेपाल सरकार र प्रदेश सरकारको मापदण्ड बमोजिम औद्योगिक ग्राम स्थापनाका लागि जग्गा व्यवस्थापन गर्ने । (जग्गाको लागत, पूर्व सम्भाव्यता अध्ययन आदि) | १. नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायको समन्वय र सहयोगमा गाउँपालिकाको औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक समन्वय गर्ने । | १. आवश्यक समन्वय र निजी क्षेत्रलाई सहजीकरण गरी औद्योगिक ग्राममा उद्योगहरू स्थापना र सञ्चालन गर्ने । |
| २. स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापनाको सम्भावना विश्लेषण गरी उपयुक्त विकल्पहरूको सूची तयार पार्ने । | २. स्थानीय कच्चा पदार्थमा आधारित साना तथाघरेलु उद्योग विकासका लागि कोष खडा गर्ने तथा कोषलाई सम्बन्धित उद्योग प्रवर्द्धन तथा लगानी सुरक्षमा | २. तरकारी, फलफुल, अन्नबाली, जडिबुटी, छाला तथा मासु जस्ता स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विस्तार गरी कम्तीमा एक वडा : एक |

| | | |
|---|---|---|
| | परिचालन गर्ने<br>२.१.स्थानीय रूपमा उत्पादन भैरहेका कृषि, पशु तथा वनजन्य वस्तुहरूको प्रशोधनका लागि उद्योगहरू खोल्ने (सार्वजनिक निजी सहकारी साझेदारी अनुरूप) । | मध्यमस्तरको उद्योग स्थापना गर्ने । |
| ३. विभिन्न वडाका सम्भावित बजार केन्द्रमा कोसेली घर वा मध्यमस्तरको सपिङ सेन्टरको पूर्वाधार तयारीका लागि उपयुक्तता अध्ययन गरी प्रतिवेदन तयार गर्ने । | ३. पूर्वाधारमा पालिकाका तर्फबाट साझेदारीका आधारमा सहयोग गरी मुख्य बजार केन्द्रमा निजी क्षेत्रबाट डिपार्टमेण्टल स्टोर वा सपिङमल स्थापना गर्ने ।<br>३.१. पालिका केन्द्रमा निर्माणाधीन व्यापारिक कम्प्लेक्स निर्माणको कार्य सम्पन्न गरी लिजिङ प्रक्रिया पुरा गर्ने | ३. पूर्वाधारका लागि उपयुक्त साझेदारी गरी निजी क्षेत्रबाट प्रत्येक वडाका मुख्य बजार केन्द्रमा सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्ट स्टोर खोल्ने । |
| ४. कृषि क्षेत्रको उत्पादनको संकलन, व्यवस्थापन र बिक्री वितरणलाई सहज बनाउन वडाका सम्भावित क्षेत्रमा सबैलाई पहुँच हुने गरी पूर्वाधारयुक्त कोसेली घर (संकलन तथा प्रशोधन केन्द्र आदिसहित) स्थापनाका लागि अध्ययन गर्ने गर्ने । | ४.ग्रामीण वडाको उपयुक्त क्लष्टर बनाई (संकलन तथा प्रशोधन केन्द्र, कोल्ड स्टोर आदिसहितको पूर्वाधारयुक्त हाटबजार स्थापना गर्ने । पालिका केन्द्रमा रहेको हाटबजारलाई थप व्यवस्थित बनाउने ।<br>४.१. सबै वडाका मुख्य बजार हरूमा अर्गानिक तरकारी पसलहरू स्थापना गर्ने। | ४. हाट बजार र सम्बन्धित पूर्वाधारको प्रभावकारी उपयोग र उचित व्यवस्थापनको सुनिश्चितताका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने । |
| ५. प्रस्तावित औद्योगिक ग्राम तथा अन्य व्यवसायिक केन्द्रलाई आधार बनाई गाँउपालिकाको मुख्य बजारक्षेत्र लगायत यस वरपरका बस्तीलाई जोड्ने गरी सडकको स्तरोन्नती तथा आवश्यक पूर्वाधार निर्माणलाई यातायातका कार्यक्रममा समेट्ने । | ५. यातायात तथा अन्य पूर्वाधारका कार्यक्रममा उद्योग र व्यवसायको आवश्यकता (औद्योगिक ग्राम तथा स्थानीय उत्पादन तथा बिक्री वितरण केन्द्रसम्मको पहुँच) विश्लेषण गर्ने पद्धति विकास गरी पूर्वाधार निर्माणका कार्य गर्ने। | |
| ६. वाणिज्य संघ तथागाँउपालिकाको सहकार्यमा बजारलाई प्रतिस्पर्धात्मक बनाउन वस्तु तथा सेवाको अधिकतम मुल्य, गुणस्तर आदिमा आधारित रहेर बजार अनुगमनलाई समयबद्ध बनाउने । | ६. निरन्तर | |
| ७. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा सेवा उद्योगहरू (होटेल, रेष्टुरेन्ट र अन्य पर्यटन सम्बन्धी उद्योग) मा लगानीका लागि लगानी सम्बाद अघि बढाउने । | ७ लगानी सम्वादलाई निरन्तरता दिई सम्भाव्य उद्योग स्थापनाका लागि निजी सार्वजनिक साझेदारीको प्रारुप (सम्भाव्य परिपूर्ति कोषमार्फत् सहयोग गर्ने लगायत) तयारी र कार्यान्वयन गर्ने | ७. निरन्तर |

# घ. सहकारी

## १. परिचय

ग्रामीण अर्थतन्त्रलाई सबल बनाउन वित्तीय सहजकर्ताका साथै स्थानीय उत्पादन बृद्धि तथा बजारीकरणका मध्यस्थकर्ताका रुपमा रहने स्थानीय सहकारीको स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान हुनसक्छ। त्यसका लागि स्थानीय पुँजीलाई एकीकृत गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउने र लगानीको प्रतिफललाई आफ्ना सदस्य अर्थात् समुदाय बिचमा न्यायोचित वितरण गर्ने संस्थागत अभ्यास ती सहकारीहरूले गर्न सक्छन्। प्रतापपुर गाँउपालिकाको सन्दर्भमा कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमूलक बनाउन सहकारी क्षेत्रको योगदान रही आएको छ भने त्यसमा थप सुधार गर्नुपर्ने आवश्यकता पनि छ।

## २. वर्तमान अवस्था

गाँउपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँ स्थापित सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीयस्तरको बचतलाई गाउपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्थाप्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच बढाउँदै समावेशीकरणमा समेत टेवा पुऱ्याइरहेका छन्। पालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि र बहुउद्देश्यीय प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै यी संस्थाहरूले नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। प्रायः सहकारीहरूले कृषि व्यवसाय, बैदेशिक रोजगारी, शिक्षा, स्वास्थ्य आदिमा लगानी गरेको पाइन्छ। यसका बावजुत सहकारी क्षेत्रको लगानी उत्पादनमूलक क्षेत्रमा हुन नसकेको गरिब र विपन्न वर्गले सहकारीबाट उचित लाभ हाँसिल गर्न नसकेको, पुँजी छरिएको, सहकारीहरूको भूमिकालाई बृहत्तर आर्थिक हितमा आवद्ध गर्न नसकिएको जस्ता सवाल यस क्षेत्रमा रहेको छ।

## ३. लक्ष्य

सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकासको वित्तीय र आर्थिक सहजकर्ता बनाउने।

## ४. उद्देश्य

सहकारी क्षेत्रलाई थप विश्वसनीय, भरपर्दो र पहुँच योग्य संस्थाका रुपमा आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने।

- सहकारी ऐन बमोजिम नियम बनाउने (सहकारी सञ्चालन, व्यवस्थापन, वर्गीकरण, सेवा क्षेत्र निर्धारण, एकीकरण वा गाभ्ने, व्यवसायिक योजना पेश गर्नुपर्ने जस्ता व्यवस्था सहित)
- पालिकाभित्र दर्ता रहेका सबै सहकारीहरूले आफ्नो व्यवसायिक योजना अनिवार्य बनाउन पर्ने गरी निर्देशिका जारी गर्ने।

- सबै सहकारीहरूले व्यवसाय योजनातयार पारेको सुनिश्चितता गर्नुका साथै वार्षिक रुपमा योजना कार्यान्वयनको समीक्षा पद्धति विकास र कार्यान्वयन गर्ने ।
- सहकारीहरूका लागि व्यवसायिक योजनाको खाका तयार पार्ने र सबै वडाका सहकारी सञ्चालक र कर्मचारीहरूका लागि सहकारी शिक्षा सञ्चालन गर्ने.
- पालिकाभित्रका एउटै कार्य क्षेत्र र समान उद्देश्य भएका सहकारीको मर्जर प्रक्रिया शुरु गर्ने ।
- पर्यटन, कृषि, उद्यम जस्ता विशिष्टीकृत सहकारी स्थापनामा र सञ्चालनका लागि सहजीकरण गर्ने ।

## ५. सम्भावना तथा अवसरहरु

- स्थानीय स्तरमा उत्पादित वस्तुहरुको बिक्री वितरणबाट आम्दानी भएको रकमलाई जम्मा गरी लगानी गर्ने
- सरल रुपमा कर्जा उपलब्ध हुने ।
- आफनो रकम सूरक्षित रुपमा जम्मा गर्ने ।

## ६. चूनौतिहरु

- सहकारी शिक्षा पर्याप्त नहुँदा सदस्यहरुमा विश्वासको कमी
- लगानी भएका कर्जा समयमा नउठ्ने
- आवश्यक परेको बेला आफनो रकम झिक्न नपाउने ।

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणानीति | कार्यनीति |
|---|---|
| १. आर्थिक गतिविधि प्रवर्द्धनमा सहकारी क्षेत्रको भूमिका अभिवृद्धि गर्न उत्पादनमूलक क्षेत्रमा केन्द्रित गराउन सहजीकरण गर्ने । | १. कृषि सहकारीलाई कृषि उत्पादनमा सहजीकरण र कृषि उपज संकलन, भण्डारण व्यवस्थापन, प्रशोधन र बजारीकरणका भूमिकामा केन्द्रित गराइनेछ । |
| | २. बहुउद्देश्यीय सहकारी संस्थालाई बचत तथा ऋणको कार्यमा न्यून भूमिका रहने गरी उत्पादनमूलक कार्यमा लगानी गर्ने तथा उद्देश्य अनुसार सञ्चालन हुने अवस्थामा पुर्‍याइने छ । |
| | ३. रोजगारी सिर्जना, कृषि उत्पादन र व्यवसायिक गतिविधि प्रवर्द्धनमा योगदान गर्ने सहकारीका लागि योगदानका आधारमा उत्प्रेरणात्मक प्याकेज कार्यक्रम उपलब्ध गराइने छ । |
| २. सहकारीको सेवालाई पहुँचयोग्य बनाउन गरी सहकारीहरूको एकीकरण, सेवा क्षेत्र निर्धारण, संस्थागत क्षमता र आन्तरिक सुशासन अभिवृद्धिलाई प्राथमिकता दिने । | १. पालिकामा रहेका सबै उद्देश्यका सहकारीलाई वैधानिक दायित्व पूरा गर्न लगाइने छ । समान प्रकृतिका सहकारीहरूको एकीकरण गरी क्रमश: एक वडामा एक उद्देश्यको एक मात्र सहकारी सञ्चालन हुने व्यवस्था गरिनेछ । |
| | २. सहकारीको कर्जा प्रक्रिया सरलीकृत र पारदर्शी बनाई सबै परिवारलाई सहकारीमा पहुँच हुने गरी सहकारी संस्थाको व्यवस्था, संरक्षण, प्रवर्द्धन तथा नियमनकारी भूमिका निर्वाह गरिने छ । |
| | ३. स्थानीय सहकारीहरूलाई विधिसम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकीकृत तथ्याङ्क निर्माण र अद्यावधिक हुने व्यवस्था गरिनेछ । |
| | ४. स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरूको संस्थागत तथा क्षमता विकास गर्नुको साथै स्थानीय यातायात तथा ढुवानी सेवा सञ्चालन, फोहोरमैला व्यवस्थापन, सार्वजनिक शौचालय व्यवस्थापन लगायत पालिका विकासमा सहकारीसँगको साझेदारी र सहकार्यमा जोड दिइनेछ । |
| | ५. स्थानीय सहकारी संस्थाका पदाधिकारी, कर्मचारीहरूलाई लक्षित गरी सहकारी शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रवर्द्धन गरिनेछ । सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरूलाई जिम्मेवार बनाइने छ । |

उमेश चन्द्र यादव

## ८. आवधिक प्राथमिकता : सहकारी

क. गाउँपालिकालाई प्राप्त अधिकार बमोजिम सबै सहकारीहरूलाई नियमन गर्न आवश्यक देखिन्छ । हाल गाउँपालिकामा रहेका सहकारीहरूको बचत तथा ऋण लगायत उत्पादन तथा आयमूलक क्षेत्रमा के कति लगानी गैरहेको छ सो को स्पष्ट सूचना गाउँपालिकासँग छैन । सहकारीको पुँजीलाई विषयगत क्षेत्र तथा अन्य उत्पादन क्षेत्रमा केन्द्रिकृत गरी प्रभावकारी रूपमा सञ्चालन र नियमनका लागि सहकारीको व्यवसायिक योजना (Business Plan) को आवश्यक पर्दछ । अर्थात् सबै सहकारीहरूलाई सहकारीको सिद्धान्त अनुसार कार्य गर्न गराउन, अनिवार्य रूपमा व्यवसायिक योजना बनाई गाउँपालिकामा पेश गर्नुपर्ने र सोही बमोजिम गाउँपालिकाले नियमन गर्नुपर्ने व्यवस्थालाई कानुनद्वारा नै स्पष्ट गर्न आवश्यकतानुसार ऐन तथा नियमावलीको संशोधन गर्नुपर्ने हुन्छ । त्यसैले नीति तथा कानूनको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. सहकारी ऐन बमोजिम नियम बनाउने । सहकारी सञ्चालन, व्यवस्थापन, वर्गीकरण, सेवा क्षेत्र निर्धारण, एकीकरण वा गाभ्ने, व्यवसायिक योजना पेश गर्नुपर्ने जस्ता व्यवस्थासहित। | १.पालिकाभित्र दर्ता रहेका सबै सहकारीहरूले आफ्नो व्यवसायिक योजना अनिवार्य बनाउन पर्ने गरी निर्देशिका जारी गर्ने । | १.सहकारी सम्बन्धी नीति तथा कानून कार्यान्वयनको अवस्था अध्ययन गरी समय सापेक्ष संशोधन तथा परिमार्जन गर्ने । |

ख. हाल गाउँपालिका क्षेत्रमा सबै पालिकावासीको सहकारीमा पहुँच नभएको अवस्था छ । संख्यात्मक हिसावले सहकारीहरू धेरै संख्यामा रहे पनि सहकारीमा रहेको पुँजीलाई एकीकरण गर्ने र उत्पादनमूलक क्षेत्रमा लगाउने चुनौति रहेका छन् । सहकारीहरू स्थापना हुने र सञ्चालन नहुने वा सञ्चालनमा भएका सहकारीको नियमनमा रहेको कमीले गर्दा सर्वसाधारणको रकम जोखिममा पर्ने सम्भावना विद्यमान रहेको छ । दीगो विकासको लक्ष्य बमोजिम पालिका क्षेत्रभित्रका न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्तालाई सहकारीमा पहुँच अभिवृद्धि गर्न आवश्यक रहेको छ । साथै उनीहरूको पुँजी तथा उत्पादनलाई एकीकृत गरी आर्थिक तथा सामाजिक विकासमा परिचालन गर्न, समुदायमा आधारित लोकतान्त्रिक स्वायत्त र स्वशासित संगठनका रूपमा विकास गर्न गाउँपालिकाबाट प्रभावकारी नियमनका लागि सहकारीका क्षेत्रमा थप सुधार गर्नुपर्ने देखिन्छ । त्यसैले सहकारीको सुव्यवस्थापन र सहकारीलाई स्थानीय आर्थिक विकासको भरपर्दो साझेदार बनाउनमा केन्द्रित निम्न प्राथमिकता तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. सहकारीहरूका लागि व्यवसायिक योजनाको खाका तयार पार्ने र सबै वडाका सहकारी सञ्चालक र कर्मचारीहरूका लागि सहकारी शिक्षा सञ्चालन गर्ने । | १. सबै सहकारीहरूले व्यवसाय योजना तयार पारेको सुनिश्चितता गर्नुका साथै वार्षिक रूपमा योजना कार्यान्वयनको समीक्षा पद्धति विकास र कार्यान्वयन गर्ने । | |
| २. पालिका क्षेत्रमा रहेका सबै सहकारीको विस्तृत अभिलेख तयार गर्ने (पुँजी, बचत, क्षेत्रगत लगानी, सञ्चालन व्यवस्थापन, प्रविधिको प्रयोग आदि) । | २. सहकारी सम्बन्धी एकिकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) प्रभावकारी कार्यान्वयन गर्ने । | २. निरन्तर |
| ३. पालिकाभित्र मात्र कार्यक्षेत्र भएका सबै सहकारीको वैधानिक दायित्व पूरा गराई नविकरण गर्ने र पालिकाको नियमनको दायरामा ल्याउने । | | |
| ४. पालिकाभित्रका एउटै कार्य क्षेत्र र समान उद्देश्य भएका सहकारीको मर्जर प्रक्रिया शुरु गर्ने | ४. सहकारीको मर्जर प्रक्रिया पूरा गरी एक वडामा एक उद्देश्यको एक मात्र सहकारी हुने अवस्थामा पुऱ्याउने । | |

| | | |
|---|---|---|
| ५. पालिकामा स्थानीय यातायात सेवा सञ्चालनका लागि इच्छुक सहकारी छनोट गरी सेवा प्रारम्भ गर्ने । | ५. सहकारीमार्फत् निम्न कार्यक्रम अघि बढाउने ।<br>५.१. सहकारीमार्फत् स्थानीय यातायात सेवा सञ्चालन र विस्तार गर्ने । सेवाको वार्षिक समीक्षा गर्ने ।<br>५.२. सहकारीको क्षमता अनुसार र सम्झौतामा आधारित रहेर कृषि उपज भण्डारण तथा चिस्यान केन्द्र स्थापना गरी सम्बन्धित वडाको कृषि सहकारीमार्फत् सञ्चालन र व्यवस्थापन गर्ने ।<br>५.३. सहकारीसँगको साझेदारीमा कृषि प्रयोगशाला तथा रैथाने तथा लोपोन्मुख बिउ बिजन बैंक स्थापना र सञ्चालन गर्ने ।<br>५.४. दुग्ध, अण्डा र मासुजन्य उत्पादनको बजारीकरणको मुख्य सहजकर्ताका रुपमा वडा र पालिकास्तरीय सहकारीको कार्य विभाजन व्यवस्थित गर्ने ।<br>। | ५. सहकारीमार्फत् सञ्चालित विभिन्न व्यवसायिक गतिविधि, बजारीकरण सेवा, यातायात, कृषि क्षेत्रमा सहजीकरण जस्ता सेवा प्रवाहको अवस्था आवधिक मुल्यांकन गरी सुधारका लागि सहयोग गर्ने । |
| ६. वित्तीय सहयोग र उत्पादन र बजारीकरणमा खेलेको भूमिकाका आधारमा उत्कृष्ठ सहकारी छनोटको मापदण्ड तयार गरी मुल्यांकन शुरु गर्ने । | ६. वित्तीय सहयोग र पारदर्शिता र उत्पादन र बजारीकरणमा योगदानका आधारमा उत्कृष्ठ सहकारी छनोट गरी वार्षिक रुपमा पुरस्कृत गर्ने | ६. कृषि सहकारी, बचत तथा ऋण सहकारी तथा बहुउद्देश्यीय सहकारीको बेग्लाबेग्लै मुल्यांकन मार्फत् क्षेत्रगत रुपमा उत्कृष्ठ र समग्रमा सर्वोत्कृष्ट सहकारी वार्षिक रुपमा छनोट र पुरस्कृत गर्ने । |
| ७. पालिकामा स्थानीय पर्यटन तथा उद्योग प्रवर्द्धनमा केन्द्रित पालिकास्तरीय सहकारी स्थापना र सञ्चालनको सम्भाव्यता अध्ययन गरी सम्बन्धित पक्षलाई त्यसमा उत्प्रेरित गर्ने । | ७. पर्यटन, कृषि, उद्यम जस्ता विशिष्टीकृत सहकारी स्थापनामा र सञ्चालनका लागि सहजीकरण गर्ने । | |

## ङ. सीप तथा रोजगारी

### १. परिचय

सीप तथा राजगारी प्रबर्द्धन आर्थिक विकासको बेग्लै स्तम्भ नभए पनि सीपयुक्त जनशक्ति आर्थिक गतिविधि प्रबर्द्धनको आधार रहेकोले आर्थिक विकासका अन्य क्षेत्रमा रहेका रोजगारीका अवसर उपयोग गर्न सक्ने गरी सीप विकास गर्ने र सीपमार्फत् स्वरोजगारी प्रवर्द्धन गर्ने विषयलाई अन्तरसम्बन्धित क्षेत्र र विशिष्ट क्षेत्रका रुपमा पनि हेर्नु र प्राथमिकता दिनु आवश्यक हुन्छ।

### २. वर्तमान अवस्था

२०७८ को जनगणना अनुसार आम्दानीको प्रमुख स्रोत कृषि हुने जनसंख्याको सङ्ख्या १४,४२२, दोस्रोमा प्रमुख स्रोत सामान्य वा प्राथमिकबाट आम्दानी हुनेको जनसङ्ख्या ६४६० रहेको देखिन्छ। त्यसैगरी तेस्रोमा शिल्पकला तथा कारिगरीबाट आम्दानी गर्नेको जनसंख्या १४३६, चौथो र पाँचौमा क्रमश: सेवा तथा बस्तु बिक्री र कारखाना तथा यन्त्र प्रचालक तथा जडान गर्नको जनसंख्या ७९८ र ६८० क्रमश रहेको छ। सबैभन्दा महत्वपूर्ण पक्ष भनेको आम्दानीको मुख्य स्रोत परम्परागत कृषि हुनुले यहाँ ठूलो सङ्ख्याको अदृष्य बेरोजगारी रहेको र अन्य उत्पादनशील क्षेत्रमा मानिसको संलग्नता कम रहेको छ। अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसङ्ख्या उच्च हुँदा गाँउपालिकाको विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ। यहाँ भैरहेको युवा जनशक्ति रोजगारीका लागि बाहिर जाने र पालिकाको विकासका लागि गरिने सार्वजनिक निर्माण तथा सेवा क्षेत्रमा अधिकांश बाहिरका व्यक्ति (विशेषगरी भारतीय कामदार) लाई काममा लगाउनु पर्ने बाध्यता छ।

### ३. लक्ष्य

प्रतापपुरलाई पूर्ण रोजगारीयुक्त पालिका बनाउने।

### ४. उद्देश्य

एक घर एक रोजगारीको सुनिश्चितता हुने गरी पालिकामा पर्याप्त र आकर्षक रोजगारीका अवसर सिर्जना गर्ने

- दक्ष जनशक्ति उत्पादन गर्न ज्ञान र सीप विकासका कार्यक्रमलाई सुव्यवस्थित र समन्वयात्मक रुपमा अघि बढाउने।
- पालिकास्तरको श्रम सर्वेक्षण गरी रोजगारीको अवस्था अद्यावधिक गर्ने।
- निजीक्षेत्रसँग समन्वय गरी बेरोजगारी संख्या र बजारको माग बमोजिम (शहरी पूर्वाधार र सेवाप्रवाहलाई समेत ध्यानमा राखेर) श्रम बजारको अध्ययन गर्ने।
- श्रम सर्वेक्षण बमोजिम क्षेत्र पहिचानका आधारमा उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धनका कार्यक्रमका सूचीतयार गर्ने।

- व्यवसायिक खेती, सीपमा आधारित व्यवसाय, कृषि तथा स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योगका लागि आवश्यक छोटो तथा लामो अवधिको सीपमूलक कार्यक्रम तय गरी सञ्चालनका लागि तालिम प्रदायक तथा सहयोगी निकाय पहिचान गर्ने ।
- स्थानीय आवश्यकता अनुसार पालिकामा स्थायी बसोबास गरी उद्यम शुरु गर्न चाहने बेरोजागारी जनशक्तिलक्षित गरी इलेक्ट्रिसियन, वेल्डिङ, अटोमोवाइल, काष्ठ सामाग्री उत्पादन, पलम्बर, तरकारी खेती, पशुपालन आदि तालिम सञ्चालन वा बाह्य निकायबाट सञ्चालन हुने तालिममा सहभागिताका लागि पालिकाका तर्फबाट सहयोग र समन्वय गर्ने ।
- सूचीकृत बेरोजगारी जनशक्तिलाई दक्ष बनाउनको लागि जीवन उपयोगी सीप विकास तालिमहरु संचालन गर्ने ।
- विकास निर्माणका योजनाहरु र पालिकाक्षेत्रमा संचालन हुने संघ संस्था उद्योगहरुमा पालिकामा सूचीकृत बेरोजगारीहरुलाई प्राथमिकता दिने ।
- बढी बेरोजगारी भएका वडाका सिमान्तकृत महिलाहरू मध्ये उद्यम सञ्चालन गर्ने चाहना र योजना भएका लागि विभिन्न (ब्युटीपार्लर, झोला, सिलाई बुनाई, स्यानेटरी प्याड, मास्क, अचार, पाउरोटी आदि) तालिमदिने र सम्बन्धित सीपमा आधारित उद्यम सञ्चालनका लागि सरल कर्जाका लागि सहजीकरण र प्राविधिक सहायता उपलब्ध गराउने ।
- प्राथमिकता बमोजिम शिक्षित तथा अर्धशिक्षित युवा जनशक्ति मध्ये सहकारी सेवा, होटल कुक तथा हस्पिटालिटी, टुरिष्ट गाइड, होमस्टे सञ्चालन तथा व्यवस्थापन आदि विषयमा तालिम उपलब्ध गराउने (सम्बन्धित विषयसँग आवद्ध सरकारी, गैरसरकारी वानिजी क्षेत्रसँग समन्वय गर्ने ।
- स्वरोजगारीका गतिविधि सञ्चालनका लागि बैंक तथा वित्तीय संस्था (सहकारी समेत) बाट सहुलियतमा कर्जा उपलब्ध गराउन योग्य संस्था छनोट गरी सम्झौता गर्ने ।
- पालिकाबाट व्योहोर्ने व्याजको हिस्सा, स्थानीय स्वरोजगारी प्रवर्द्धनका कार्यक्रमको ढाँचा, परियोजना प्रस्तावको नमूना तथा सहयोग प्राप्ति र परिचालन विधि तय गरी छनोट गरिएको वित्तीय संस्थाबाट सम्बन्धितउद्यमीलाई सहुलियतकर्जा प्रवाहलाई व्यवस्थित गर्ने ।
- वैदेशिक रोजगारबाट फर्कने युवालक्षित स्वयं छनोट गरिएको स्वरोजगारीको विकल्प कार्यान्वनयका लागि व्यवसाय योजना निर्माण, सीप, प्राविधिक सहयोग, परामर्श र वित्तीय सहजीकरण गर्ने ।
- हरित रोजगारी (Green jobs) र हरित अर्थव्यवस्था(Green economy)प्रवर्द्धन गर्ने ।

## ५. सम्भावना तथा अवसरहरु

- विदेशमा सिकेर आएको सीप आफनो स्थानीयतहमा प्रयोग गरी उद्यमी बन्ने ।
- आन्तरिक रोजगारको क्षेत्रको पहिचान गरि रोजगारीको अवसर रहेको ।
- स्थानीय तहमा संचालन भएका संघ, संस्था, उद्योग, कलकारखानाहरुमा स्थानीय बेरोजगारलाई रोजगारीको अवसर ।

## ६. चुनौतिहरु

- सीप अनुसारको रोजगारी उपलब्ध गराउन नसक्नु ।
- आन्तरिक रोजगारीलाई व्यवस्थित नगर्नु ।
- श्रमको सम्मान र काम अनुसारको ज्याला उपलब्ध नहुने ।
- सूचिकृत बेरोजगारीलाई रोजगारी उपलब्ध गराउन नसक्नु ।

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणानीति | कार्यनीति |
|---|---|
| १. दक्ष जनशक्ति उत्पादन गर्न ज्ञान र सीप विकासका कार्यक्रमलाई सुव्यवस्थित र समन्वयात्मक रुपमा अघि बढाउने । | १. गाँउपालिकाले कृषि, पर्यटन, उद्योग, व्यवसाय, सार्वजनिक निर्माण तथा अन्य सेवाका लागि चाहिने जनशक्ति तयारीको लागि पूर्व व्यवसायिक र प्राविधिक शिक्षालाई आधारभूत एवं माध्यमिक तहको पाठ्यक्रममा समावेश गराइनेछ । |
| | २. कृषि, पर्यटन, उद्योग तथा व्यापार व्यवसाय, सार्वजनिक निर्माण तथा अन्य प्राविधिक क्षेत्रमा स्नातक तहसम्मको शिक्षा पालिकाभित्र उपलब्ध हुने गरी शिक्षा क्षेत्रको विकासका लागि केन्द्र र प्रदेशका सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिने छ । |
| | ३. गाँउपालिकामा स्थापना हुने एवं भइसकेका उद्योग तथा व्यवसायका लागि चाहिने जनशक्तिको आवश्यकता पुरा गर्न औपचारिक शिक्षा लिन नचाहने नागरिकहरूलाई मध्यनजर गर्दै दक्ष र अर्धदक्ष जनशक्ति उत्पादन गर्ने व्यवसायिक शिक्षालयको व्यवस्था गरिने छ । त्यसका लागि बाह्य निकायसँग समन्वय गरिने छ । |
| | ४. स्थानीय आर्थिक विकासको लागि चाहिने जनशक्तिको प्रकार र सीपको आवश्यकता परिवर्तन भइरहन सक्ने हुनाले सीप र सिकाईलाई समयानुकुल बनाउँदै लगिने छ । |
| २. सीप विकास र रोजगारी प्रवर्द्धनका कार्यक्रम तय गर्दा अवसरहरूमा सबैको समावेशी पहुँचलाई महत्वपूर्ण आधार बनाउने<br>। | १. सीप र रोजगारीका कार्यक्रम तय गर्दा कम्तीमा हरेक परिवारबाट एकजना रोजगार हुने कुराको सुनिश्चितताका लागि रोजगार सदस्य नभएका परिवारलाई पहिलो प्राथमिकता दिइने छ । |
| | २. स्थानीय रोजगारीलाई आकर्षक बनाउँदै बाह्य र वैदेशिक रोजगारीमा जाने अभ्यासमा कमी ल्याउन न्यूनतम शर्तका आधारमा स्वरोजगारीका विकल्पमा अनुशिक्षण, व्यवसायिक योजना निर्माण तथा क्षमता विकास, बिउ पुँजी सहयोग लगायतका कार्यक्रमलाई एकीकृत प्याकेजका रूपमा उपलब्ध गराइने छ । |
| | ३. सीपमूलक तालिम तथा सहुलियतमा बिउ पुँजी जुटाउन सहयोग गरी सबैभन्दा बढी बेरोजगारी भएका बढाहरूका सीमान्तकृत वर्ग तथा महिलाहरूलाई स्वरोजगारीका गतिविधिमा संलग्न हुन उत्प्रेरित गरिने छ । त्यसका लागि तालिम प्रदायक निकायसँग आवश्यक समन्वय गरिने छ । |
| | ४. अपाङ्गता भएका व्यक्तिहरूको अवस्थाका आधारमा उपयुक्त सीप विकास तथा आयमूलक गतिविधि सञ्चालन गरिने छ । |
| | ५ स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरूको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी स्थानीय उत्पादनलाई स्वरोजगारीका अवसरसँग आवद्ध गर्दै लगिने छ । |
| | ६. विद्युतीय साना सर्वजनिक यातायतको विस्तारमा प्रवर्द्धन गरि युवा तथा महिला रोजगारमा वृद्धिगरिने छ । |

| | |
|---|---|
| | ७. जलवायु उत्थानशील तथा वातावरण अनुकूलन कृषि व्यवसायको प्रवर्द्धन गर्ने । अधिकतमकितनाशक औषधीको प्रयोगमा न्यूनीकरण गरिने छ । |
| | ८ हरित अर्थतन्त्रमा योगदान पुऱ्याउने र हरित रोजगारी सिर्जना गर्ने उद्योगहरूलाई प्रवर्द्ध नगरिने छ । |

## ८. आवधिक प्राथमिकता : सीप तथा रोजगारी

क. ठूलो सङ्ख्यामा रहेको स्वैच्छिक बेरोजगारी र अदृश्य बेरोजगारी एवं दक्ष, अर्धदक्ष र वैदेशिक रोजगारीमा जाने युवा जनशक्तिको सङ्ख्यालाई समेत न्यूनिकरण गरी पालिकाभित्रै रोजगारीका अवसर सिर्जना गर्ने गाउँपालिकामा स्पष्ट नीति र कानून बनाउन बाँकी छ। साथै गाउँपालिकाले गर्ने सार्वजनिक निर्माणका कार्य र अन्य सेवाका क्षेत्रहरूमा आवश्यक जनशक्ति उत्पादन गर्ने उद्योग र सेवा क्षेत्रमा सीपमूलक जनशक्तिको विकास गर्नेका लागि आवश्यक नीति तथा कानूनको आवश्यक पर्ने भएकाले प्राथमिकताका आधारमा देहाय बमोजिमका नीति तथा कानून निर्माण पालिकाको प्राथमिकतामा रहेको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. सीप विकास तथा स्थानीय स्वरोजगार प्रवर्द्धनमा केन्द्रित नीति तथा कानून निर्माण गर्ने। साथै कोभिड १९ को कारण बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकाहरूको लागि अल्पकालीन रोजगारी व्यवस्था गर्ने कार्ययोजना बनाई लागु गर्ने। | १. स्वरोजगार प्रवर्द्धनका लागि पालिकाबाट हुन सक्ने आर्थिक सहायता, वित्तीय संस्था समन्वय र सहजीकरण, बजार व्यवस्थापन, सहुलियत ऋण जस्ता विषयलाई थप व्यवस्थित बनाउने गरी सान्दर्भिक नीति तथा कानूनमा आवश्यक संशोधन/परिमार्जन गर्ने। | १. सीप तथा रोजगारी प्रवर्द्धनका नीति तथा कानून कार्यान्वयनको अवस्था विश्लेषण गरी आवश्यक परिमार्जन वा संशोधन गर्ने। |
| २. पालिकास्तरीय दैनिक ज्यालादर निर्धारण गर्ने (कामको प्रकृति, ज्याला तथा दैनिक हाजिरका लागि कामको अवधि र प्रति घण्टा दर आदि) | २. पालिकाको आवश्यकता बमोजिम प्राविधिक जनशक्ति उत्पादन तथा परिचालन सम्बन्धी कार्ययोजना निर्माण गरी सीप विकासको विधि निर्धारण गर्ने। | |

ख. बेरोजगारहरूको संख्या र वर्गीकरण, प्राथमिकता तथा सार्वजनिक निर्माण तथा शहरी सेवाका लागि सीपयुक्त जनशक्तिको आवश्यकता बमोजिमका कार्य क्षेत्र, बजारको सम्भावना, बेरोजगारहरू तथा विदेशबाट फर्केका व्यक्तिहरूको चाहना र क्षमताका आधारमा सीप विकास र रोजगारीमूलक कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्नुपर्ने हुन्छ। त्यसका लागि आवश्यकता अनुसार सीप विकासका कार्यक्रम तय गर्ने त्यसका लागि आवश्यकता अनुसार तालिमको पाठ्यक्रमको विकास गर्ने र त्यस्ता कार्यक्रम कार्यान्वयन गर्न अल्पकालमा सम्बन्धित विशिष्टीकृत निकाय वा अनुभवी प्रशिक्षकमार्फत् सीप विकास कार्यक्रम कार्यान्वयन गर्ने र मध्यकाल र दीर्घकालका लागि पालिकास्तरको सीप विकास केन्द्र वा पालिकामा रहेका शैक्षिक संस्थासँगको साझेदारीमा त्यस्ता कार्यक्रमलाई थप व्यवस्थित गराई बेरोजगारी दर कम गर्ने पालिकालाई पूर्ण रोजगारयुक्त पालिका बनाउनेतर्फ अघि बढ्ने रणनीति लिइएको छ। विपन्न, परिवारका कुनै पनि सदस्य रोजगार नरहेका, महिला, दलित र सिमान्तकृत परिवारलाई उच्च प्राथमिकतामा राखी सीप विकास र स्वरोजगारी प्रवर्द्धनका निम्न प्राथमिकता अघि सारिएको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकामा रहेको तथ्याङ्कलाई आधार बनाई पालिकामा रहेका बेरोजगार हरूको अभिलेख अद्यावधिक गर्ने। यसक्रममा कोभिड १९ को महामारीका कारणले लामो समय पालिकामा नै रहने सोचसहित फर्किएकाहरूको सूची समेत व्यवस्थित गर्ने।<br>१.१. निजी क्षेत्रसँग समन्वय गरी बेरोजगारी संख्या र बजारको माग बमोजिम (शहरी पूर्वाधार र सेवा प्रवाहलाई समेत ध्यानमा राखेर) श्रम बजारको अध्ययन गर्ने। | १. पालिकास्तरको श्रम सर्वेक्षण गरी रोजगारीको अवस्था अद्यावधिक गर्ने।<br>१.१. श्रम सर्वेक्षण बमोजिम क्षेत्र पहिचानका आधारमा उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धनका कार्यक्रमका सूची तयार गर्ने। | १. श्रम सर्वेक्षण रवजारको श्रमिकको माग र आपूर्ति विश्लेषणका लागि आवधिक रूपमा निरन्तरता दिने। |
| २. श्रम बजारको तथ्यांकका आधारमा | २. विशिष्ठ तालिमको आवश्यकताका | |

| | | |
|---|---|---|
| स्थानीय उद्यमशीलताका सम्भावित क्षेत्रहरूको अध्ययन गरी सीप विकास तालिमका लागि पाठ्यक्रम तयार वा छनौट गर्ने । | आधारमा तालिम प्रदायक निकायसँगको समन्वयमा सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन तालिमका पाठ्यक्रममा आवश्यक परिवर्तन गर्ने । | |
| ३. व्यवसायिक खेती, सीपमा आधारित व्यवसाय तथा कृषि तथा स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योगका लागि आवश्यक छोटो तथा लामो अवधिको सीपमूलक कार्यक्रम तय गरी सञ्चालनका लागि तालिम प्रदायक तथा सहयोगी निकाय पहिचान गर्ने । | ३. निर्धारित पाठ्यक्रममा आधारित छोटो र लामो अवधिका सीप विकास तालिम कार्यक्रम निर्धारित सहयोगी निकाय (तालिम प्रदायक) मार्फत् नियमित कार्यान्वयन गर्ने ।<br>३.१. संघ र प्रदेश तथा अन्य स्थानीय तहसँगको सहकार्यमा स्थानीय प्राविधिक शिक्षालयसँगको साझेदारीमा आयमूलक सीपमा लक्षित वयस्क तालिम केन्द्र सञ्चालन गर्ने । | ३. पालिकाको सीप विकास केन्द्र वा निर्धारित शिक्षालयबाट सीप विकास तालिमलाई नियमित कार्यान्वयन गर्ने । |
| ४. स्थानीय आवश्यकता अनुसार पालिकामा स्थायी बसोबासगरी उद्यम शुरु गर्न चाहने बेरोजगार जनशक्ति लक्षित गरी इलेक्ट्रिसियन, वेल्डिङ, अटोमोवाइल, काष्ठ सामाग्री उत्पादन, पलम्बर, तरकारी खेती, पशुपालन आदि तालिम सञ्चालन वा बाह्य निकायबाट सञ्चालन हुने तालिममा सहभागिताका लागि पालिका तर्फबाट सहयोग र समन्वय गर्ने । | ४. अल्पकालमा गरिएका तालिमको उपलब्धीका आधारमा फलोअप कार्यक्रम र नयाँ सीप विकास तालिम सञ्चालन गर्ने ।<br>४.१. पालिकामा रहेर निश्चित अवधि सेवा गर्ने शर्तका आधारमा पालिकाको प्राथमिकता बमोजिम प्रत्येक वडाका उत्कृष्ठ युवा विद्यार्थीलाई कृषि, भेटनरी, स्वास्थ्य सेवा, इलेक्ट्रिसियन, इन्जिनियरिङ आदि विषयमा अध्ययनका लागि सहयोग गर्ने । | |
| ५. बढी बेरोजगार भएका वडाका सिमान्तकृत महिलाहरू मध्ये उद्यम सञ्चालन गर्ने चाहना र योजना भएका लागि विभिन्न (ब्युटीपार्लर, झोला, सिलाई बुनाई, स्यानेटरी प्याड, मास्क, अचार, पाउरोटी आदि) तालिम दिने र सम्बन्धित सीपमा आधारित उद्यम सञ्चालनका लागि सरल कर्जाका लागि सहजीकरण र प्राविधिक सहायता उपलब्ध गराउने । | ५. महिला लक्षित व्यवसायिक तालिम (कृषि र सीपमा आधारित स्वरोजगारीका लागि) सञ्चालन गर्ने र सेवा शुरु गर्ने औजार, प्राविधिक सहयोग र वित्तीय सहजीकरणलाई निरन्तरता दिने । | ५. महिला सीप विकास तथा स्वरोजगारी सम्बन्धी तालिम, परामर्श तथा वित्तीय समन्वय सेवालाई निरन्तरता दिने । |
| ६. प्राथमिकता बमोजिम शिक्षित तथा अर्धशिक्षित युवा जनशक्तिमध्ये सहकारी सेवा, होटल कुक तथा हस्पिटालिटी, टुरिष्ट गाइड, होमस्टे सञ्चालन तथा व्यवस्थापन आदि विषयमा तालिम उपलब्ध गराउने (सम्बन्धित विषयसँग आवद्ध सरकारी, गैरसरकारी वा निजी क्षेत्रसँग समन्वय गरेर) । | ६. पर्यटन सत्कार, कुक, पर्यटन गाइड जस्ता सेवा उद्योग केन्द्रित सीप विकास कार्यक्रमलाई निरन्तरता दिने । | |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ७. स्वरोजगारीका गतिविधि सञ्चालनका लागि बैंक तथा वित्तीय संस्था (सहकारी समेत) बाट सहुलियतमा कर्जा उपलब्ध गराउन योग्य संस्था छनोट गरी सम्झौता गर्ने । | ७. पालिकाबाट व्योहोर्ने ब्याजको हिस्सा, स्थानीय स्वरोजगारी प्रवर्द्धनका कार्यक्रमको ढाँचा, परियोजना प्रस्तावको नमूना तथा सहयोग प्राप्ति र परिचालन विधि तय गरी छनोट गरिएको वित्तीय संस्थाबाट सम्बन्धित उद्यमीलाई सहुलियत कर्जा प्रवाहलाई व्यवस्थित गर्ने । | ७. निरन्तर |
| ८. कोभिड १९ को प्रभावका कारण पालिकामा फर्किएका वा पालिकाभित्र बसोबास गरी आफ्नो नियमित आय आर्जनको अवसर गुमाएका श्रमिक वर्गको सूची बनाई प्रधानमन्त्री स्वरोजगार कार्यक्रम र स्थानीय पूर्वाधार विकास कार्यक्रममा श्रम गर्ने व्यवस्था मिलाउने । | ८.वैदेशिक रोजगारबाट फर्कने युवा लक्षित स्वयं छनोट गरिएको स्वरोजगारीको विकल्प कार्यान्वयनका लागि व्यवसाय योजना निर्माण, सीप, प्राविधिक सहयोग, परामर्श र वित्तीय सहजीकरण गर्ने । | ८. वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित स्वरोजगारी प्रवर्द्धन सेवालाई परिमार्जनसहित निरन्तरता दिने । |
| | ९. संघ र प्रदेशको सहयोगमा कृषि, पर्यटन, उद्योग तथा अन्य व्यवसाय का सन्दर्भमा पूर्व व्यवसायिक शिक्षाको विषयलाई आधारभूत र माध्यमिक तहको पाठ्यक्रममा समावेश गर्ने । | |

## अपेक्षित उपलब्धि तथा नतिजा तालिका

गाँउपालिका क्षेत्रमा व्यवसायिक कृषिको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुनेछ । गाँउपालिकास्तरमा १ वटा कृषि प्राविधिक शिक्षालयको क्षमतामा सुधार भएको हुनेछ । गाँउपालिकामा नश्ल सुधार तथा पशु उपचार केन्द्र र संकलन तथा प्रशोधन केन्द, एकिकृत कृषि तथा पशुशेवा प्रयोगशाला, बिउ जिन बैंक, स्थानिय बालीको प्रशोधन केन्द र दुग्ध चिस्यान केन्द्र स्थापना भएको हुनेछ ।

यसैगरी गाँउपालिका क्षेत्रभित्र करीब ९ स्थानमा व्यवसायिक कृषि नर्सरी विस्तार भएको हुनेछ । गाँउपालिकाका उपयुक्त स्थानमा औद्योगिक ग्रामको स्थापना भएको हुनेछ । गाँउपालिकाका चालिस हजार घरपरिवार विभिन्न स्वरोजगार उद्योग, व्यापार, व्यवसायमा संलग्न भएका हुनेछन् । पालिका भित्र एउटा औद्योगिक ग्राम स्थापना भएको हुनेछ ।

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा आ.व.०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रभाव : स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि भएको हुने | आफ्नो उत्पादनबाट वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७५ | ८० | ८० | |
| | कृषि तथा पशुपालन क्षेत्रमा स्व/रोजगार | जना | १५००० | १५५०० | १६००० | १६५०० | १७००० | १७५०० | १७५०० | |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | जना | ३००० | ३२०० | ३४०० | ३६०० | ३८०० | ४००० | ४००० | |
| | साना किसान तथा उत्पादकको औसत वार्षिक आय | रु. लाखमा | २ | २.५ | ३ | ३.५ | ४ | ४.५ | ४.५ | |
| | पर्यटन क्षेत्रमा रोजगारी सिर्जना | संख्या | ० | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | |
| असर १ : व्यावसायिक कृषि, पशुपालन तथा उद्यम व्यवसाय क्षेत्रको उत्पादन र उत्पादकत्वमा दीगो वृद्धि भएको हुन | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | रु. हजारमा | ४८० | ५०० | ५२० | ५४० | ५६० | ५८० | ५८० | |
| | उन्नत बिउ, जैविक मल/ विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६८ | ७० | ७२ | ७४ | ७६ | ७८ | ७८ | |
| | १२ है महिना सिचाई हुने क्षेत्र | हेक्टर | ३०१५ | ३१०० | ३१५० | ३२०० | ३२५० | ३३०० | ३३०० | |
| प्रतिफल १.१: वडास्तरमा कृषि तथा पशुपन्छी सेवा केन्द्रको विकास भएको हुनेछ | एकिकृत सेवा (कृषि, पशुपन्छी माछा, मौरी लगायतका) सेवा संचालन भएका पकेट क्षेत्र | संख्या | ३ | ५ | ६ | ७ | ८ | ९ | ९ | |
| | संचालित कृषि सेवा केन्द्र | संख्या | २ | ३ | ४ | ६ | ८ | ९ | ९ | |

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रतिफल १.२: कृषि व्यवसाय विशिष्टीकरण भई उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ। | एक वडा एक नमूना कार्यक्रम सञ्चालन गर्ने | संख्या | - | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | व्यावसायिक कृषि नर्सरी | संख्या | - | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | कोल्ड स्टोर/रस्टिक स्टोर/ सेलार स्टोर | संख्या | निर्माणाधीन | १ | - | २ | - | ३ | ३ | |
| | प्रवर्द्धित कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | - | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| असर २ : स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित लघु, साना तथा घरेलु उद्योगको विकास एवं विस्तार तथा औद्योगिकीकरणको आधार तयार भएको हुने | व्यवसायिक प्राविधिक विभिन्न सीपयुक्त जनशक्ति | संख्या | ३००० | ३३०० | ३५०० | ३८०० | ४००० | ४२०० | ४२०० | |
| | उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | ७०० | ८०० | ९०० | १००० | ११०० | १२०० | १२०० | |
| | कुल उद्यमी-व्यवसायीमध्ये कर्जामा सहज पहुँच भएका उद्यमी व्यवसायी | संख्या | ८० | ८५ | ९० | ९५ | १०० | १०५ | १०५ | |
| प्रतिफल २.२: औद्योगिक विकासको आधार तयार भएको हुनेछ। | औद्योगिक ग्राम स्थापना | संख्या | - | १ | - | - | - | - | १ | |
| | संचालित औद्योगिक व्यापार मेला (वार्षिक) | पटक | - | १ | १ | १ | १ | १ | ५ | |
| | औद्योगिक प्रतिष्ठान तथा उद्यमी व्यवसायी अन्तरक्रिया कार्यक्रम (वार्षिक) | पटक | १ | १ | १ | १ | १ | १ | ५ | |

| नतिजा श्रृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९ /८० सम्मको अवस्था) | लक्ष (सम्मको अवस्था) | | | | | लक्ष | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| असर ३ : सहकारी तथा वित्तीय सेवामा स्थानीयको पहुँच वृद्धि भएको हुने | सेवा सुचारु सहकारी | संख्या | २६ | २७ | २८ | २९ | ३० | ३० | ३० | |
| | बैंक खाता | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ | ९५ | ९५ | |
| प्रतिफल ३ : युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा वृद्धि भएको हुनेछ । | बेरोजगार लक्षित संचालित व्यवसाय विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | |
| | युवाहरूले सञ्चालन गरेका उद्यम व्यवसाय संख्या | संख्या | - | २५० | ३०० | ३५० | ४०० | ४५० | ४५० | |
| असर ४ : सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास भएको हुने | पर्यटन र संस्कृतीसँग सम्वन्धित अध्ययन र सर्वेक्षण विषय | संख्या | - | २ | २ | २ | २ | २ | ११ | |
| प्रतिफल ४.१ : पर्यटकीय स्थलको पहिचान, नक्सांकन, विकास र प्रवर्धन भएको हुन | भ्रमण गर्ने वार्षिक पर्यटक | संख्या | २५०० | ३००० | ४००० | ५००० | ६००० | ७००० | ७००० | |
| प्रतिफल ४.२ : पर्यटकीय सम्पदा र सेवाको विशिष्टीकरण भएको हुन | व्यवस्थित पर्यटकीय स्थल | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | |
| | व्यवस्थित घरबास र ग्रामीण पर्यटकीय गाउँ | संख्या | - | २ | ४ | ६ | ८ | ९ | ९ | |
| | होटेल तथा रेष्टुरेण्ट | संख्या | २८ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | |
| असर ५ : मौलिक संस्कृति तथा सम्पदाको संरक्षण तथा सम्वर्द्धन भएको हुन | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन (वार्षिक) | संख्या | - | २ | २ | २ | २ | २ | १० | |
| | संरक्षण प्राप्त स्थानीय जात्रा तथा मेला | संख्या | - | १ | १ | १ | १ | १ | ५ | |

## प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

आवधिक योजनाले तय गरेको आर्थिक विकास क्षेत्रको नतिजा हासिल गर्न गाँउपालिकाको आफ्नै स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकता आधारमा योजना अवधिमा लागि देहायअनुसारको रणनीतिक कार्यक्रम सञ्चालन गरिनेछ :

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| उद्देश्य १ : व्यावसायिक कृषि तथा पशुपंक्षीजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु | | | | | | | | | | |
| कृषि क्षेत्र व्यावसायिकरण प्रवर्द्धन कार्यक्रम ( रुपान्तरणकारी परियोजना) | पकेट संख्या | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | |
| उत्पादन पकेट विकास कार्यक्रम / प्रशोधन केन्द्र | संख्या | १८ | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | २५०० | |
| जैविक मल / प्राङ्गारिक मल प्रयोग प्रवर्द्धन कार्यक्रम (गोठ सुधार कार्यक्रम समेत) | संख्या | २५०० | २५००० | २५००० | २५००० | २५००० | २५००० | १२५००० | ५० | |
| फलफूल, मसलाजन्य, औषधिजन्य, जडिबुटी, पुष्प वा फूलजन्य खेती विस्तार | स्थान | ९ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |
| संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने | स्थान | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | |
| कृषि यान्त्रिकीकरणमा अनुदान सहयोग कार्यक्रम | जना | ७००० | ७०००० | ७०००० | ७०००० | ७०००० | ७०००० | ३५०००० | ५० | |
| एकीकृत कृषि तथा पशुसेवा प्रयोगशाला स्थापना | स्थान | १ | ५००० | - | ५००० | - | - | १०००० | १०००० | |
| बिउ बिजन बैंक स्थापना | स्थान | १ | - | ५००० | - | ५००० | - | १०००० | १०००० | |
| पशुसेवा केन्द्र भवन स्थापना | वटा | ३ | १०००० | - | १०००० | - | १०००० | ३०००० | १०००० | |
| व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन कार्यक्रम | संख्या | २०० | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | ५०० | |
| पशुबीमामा प्रिमियम सहकार्य कार्यक्रम | पशुसंख्या | १००० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ४ | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| दुग्ध चिस्यान केन्द्र स्थापना | स्थान | ३ | १०००० | - | १०००० | - | १०००० | ३०००० | १०००० | |
| पशुसेवा सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ४५ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | १०० | |
| उखु हार्भेस्टर मेसिन खरिद | संख्या | १ | २०००० | - | - | - | - | २०००० | २०००० | |
| उद्देश्य १ को जम्मा | | | | | | | | ७६१००० | | |
| उद्देश्य २ : स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवं विस्तार गर्नु | | | | | | | | | | |
| उद्यम विकास तालिम | पटक | २५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ५०० | |
| उद्योगको संभाव्यता अध्ययन | संख्या | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |
| कृषि र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापनामा सहकारीहरूसँग सहकार्य | स्थान | ३० | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | १५०० | |
| व्यवसाय दर्ता एवम् उद्यम विकासका लागि जोखिम स्थानान्तरणमा सहकार्य | उद्यम व्यवसाय | ५००० | २५००० | २५००० | २५००० | २५००० | २५००० | १२५००० | २५ | |
| सिप विकास तालिम | जना | २००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | २५ | |
| आधुनिक खाद्य प्रवर्द्धन | जना | २००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | २५ | |
| पुनर्ताजगी र स्तरोउन्नति | जना | ५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | |
| विकास कार्यक्रमको सम्भाव्यता अध्ययन | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | |
| वस्तुगत संघ/ एसोसिएसन | संख्या | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५० | |
| उद्देश्य २ को जम्मा | | | | | | | | ९९६०० | | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| **उद्देश्य ३ : बैंक, सहकारी तथा वित्तीय सेवा** | | | | | | | | | | |
| उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम | सहकारी संख्या | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ७५०० | ५०० | |
| बैंकिङ सेवा विस्तारका लागि सहजीकरण कार्यक्रम | वडा संख्या | ६ | - | ६०० | १२०० | १२०० | १२०० | ४२०० | ७०० | |
| विप्रेषण पूंजी परिचालन कार्यक्रम | व्यक्ति | १५० | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | ५०० | |
| कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा कार्यरत पतिहरूको क्षमता अभिवृद्धि/ व्यवसाय सुरुआत सहयोग कार्यक्रम | व्यक्ति | १००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५० | |
| **उद्देश्य ३ को जम्मा** | | | | | | | | १३६७०० | | |
| **उद्देश्य ४: पर्यटन र संस्कृति** | | | | | | | | | | |
| पर्यटन गुरुयोजना तयारी | पटक | १ | ५०० | - | - | - | - | ५०० | ५०० | |
| पर्यटन पूर्वाधार निर्माण | संख्या | ६ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | २५०० | |
| पालिका/वडास्तरमा पर्यटन विकास सम्बन्धी नीति, समिति निर्माण तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन र सहयोग | वटा | ९ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ५०० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) | आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| समुदायस्तरमा घरवास प्रवर्द्धन कार्यक्रम | संख्या | ९ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ४५०० | ५०० | |
| स्थानीयस्तरमा सांस्कृतिक महोत्सवको आयोजना | पटक | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | |
| बाउन्नगढी देवी मन्दिर प्रवर्द्धन तथा शनी देवको मन्दिर स्थापना ( वडा नं १ ) | पटक | १ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | २०००० | |
| उद्देश्य ४ को जम्मा | | | | | | | | ५४५०० | | |
| आर्थिक विकास क्षेत्रको जम्मा बजेट | | | | | | | | १०२१९८०० | | |

## परिच्छेद ५ : सामाजिक विकास

### १. पृष्ठभूमी

सामाजिक विकास जीवनस्तरमा प्रत्यक्ष रुपमा सकारात्मक परिवर्तन हासिल गर्ने विकासको बहुआयामिक अवधारणा हो । सामाजिक विकास गुणस्तरीय जीवन यापनका आधारहरू तयार गर्दै व्यक्तिको सक्षमता, आत्मसम्मान तथा समविकासको अभिवृद्धिमा केन्द्रित रहन्छ । यस आवधिक योजनामा सामाजिक विकास क्षेत्रअन्तरगत शिक्षा विकास, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, कला तथा संस्कृति जस्ता उप-क्षेत्रहरू समेटिएका छन् ।

सामाजिक विकासको सबाललाई नेपालको संविधानले प्रस्तावना, मौलिक हक, राज्यको दायित्व, सिद्धान्त तथा नीतिमा सामाजिक विकासको लाई आत्मसात गरेको छ । संविधानको प्रस्तावनामा सामाजिक न्याय तथा समावेशीकरण र समतामूलक समाज निर्माणलाई समावेश गरिएको छ । मौलिक हक अन्तरगत आधारभुत तहको स्वास्थ्य तथा पोषण, प्राथमिक तहसम्मको अनिवार्य शिक्षा, माध्यमिक तहसम्मको निशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभुत गरेको छ । संविधानको राज्य निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ ।

नेपालले लिएको दिगो विकास लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक योजना र स्थानीय योजनाले शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति संरक्षण, महिला, दलित, बालबालिका, सामाजिक न्याय जस्ता सबालहरू प्राथमिकतामा रहेका छन् । वर्तमान १५ औं राष्ट्रिय योजनाले मुलुकको समग्र विकासका लागि समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनका अवसर सृजना गर्ने कुरालाई उच्चतम महत्व दिएको छ । बागमती प्रदेशको प्रथम आवधिक योजनामा पनि सामाजिक विकासलाई विकासको मुख्य चालकका रुपमा लिइएको देखिन्छ ।

सामाजिक विकास क्षेत्रको यस विषय क्षेत्रगत योजना उपक्षेत्रगत रुपमा सम्भावना, अवसर, समस्या तथा चूनौतिको विश्लेषण लगायत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी तर्जुमा गरिएको छ ।

# क. शिक्षा विकास

## १. परिचय

शिक्षा विकासको आधार हो । साथै मर्यादित एवम् परिस्कृत जीवन सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दीगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिँदै आइएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सीपमूलक तथा स्वरोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ ।

## २. वर्तमान अवस्था

प्रतापपुर गाँउपालिकामा ३१ ओटा सामुदायिक विद्यालय र २३ वटा संस्थागत विद्यालय गरी जम्मा ५४ ओटा विद्यालय रहेका छन् । ३१ वटा सामुदायिक विद्यालय मध्ये ६ वटा मा. वि. र ८ वटा आधारभूत विद्यालय, ८ वटा प्रा.वि., १ वटा नि.मा.वि., २ वटा शिक्षा मन्दिर र ट वटा मदरसा रहेका छन् । गाँउपालिका भित्र रहेका सामुदाहिक विद्यालयहरुमा प्रयोगशाल र शैचालय कतिपय सञ्चालनमा रहेका र बाँकी निर्माणधीन अवस्थामा रहेका छन् ।

प्रतापपुर गाँउपालिकाभित्रका ३१ ओटा सामुदायिक विद्यालयमा प्रति कक्षाकोठा ४० जना विद्यार्थीको आधारमा सबै सामुदायिक विद्यालयमा क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् तर कक्षाकोठाको न्यूनतम मापदण्डलाई आधार मानिएको छैन। २०७८ को जनगणना अनुसार कुल जनसंख्याको साक्षरता दर ७२.९ प्रतिशत रहेको छ जसमा पुरुषको साक्षरता दर ८२.४ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ६३.६ प्रतिशत रहेको छ ।

## ३. लक्ष्य

पहुँचयोग्य, गुणस्तरीय, आयमूलक र व्यवहारिक विद्यालय शिक्षाको माध्यमबाट नवप्रवर्तनशील नविनखोज र अनुसन्धानलाई अघि बढाउन चाहने। मानव स्रोत विकास गर्ने ।

## ४. उद्देश्य

प्रारम्भिक बाल शिक्षामा भर्ना गर्ने उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल कक्षामा भर्ना गरी बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी विद्यालयलाई भयरहित, अपांगतामैत्री बनाउनु ।

- विद्यालय तहमा अध्ययन गर्ने उमेरका सबै बालबालिकाहरूको विद्यालयमा सहज पहुँच र उनीहरूलाई प्रदान गरिने शिक्षामा गुणस्तर कायम गर्नु ।
- गाँउपालिका देखि वडा तहसम्मका शिक्षाका आवश्यक संरचनाहरूको निर्माण र क्षमता विकास गर्ने। विद्यालयको क्षमता मापन गरी शिक्षक, अभिभावक लगायत विद्यार्थीमा विस्वास जगाउने ।
- पालिकाका शैक्षिक प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्ने ।
- विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गता मैत्री बनाउने ।
- विद्यालयमा घेराबार र खेल मैदान लगायत आवश्यक सेवाको सुनिश्चितता गर्ने ।
- विद्यालयमा बालमैत्री खेल मैदान र खेलकुद सामाग्रीको व्यवस्था गर्ने ।
- विद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण सिकाई वातावरण तयार गर्ने।
- विद्यालय शान्तिक्षेत्रको अवधारणा पूर्ण कार्यान्वयन गरी विद्यालयमा भयरहित वातावरण सिर्जना गर्न आवश्य ककानूनी र संरचनागत व्यवस्था गर्ने।
- शिक्षण सिकाईलाई सहभागितामुलक र भयरहित बनाउनका लागि आधुनिक पढ्दै, सिक्दै रमाउदै, कमाउदै, कार्यक्रम विकास गरी पूर्ण कार्यान्वयन गर्ने ।
- सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धारमा सञ्चालनको लागि प्रोत्साहन गर्ने ।
- सामुदायिक विद्यालयलाई शिक्षण सिकाईको अभिन्न अङ्गका रुपमा सामाजिक व्यवसाय सञ्चालनमा सहजीकरण गर्ने ।
- बहु-प्राविधिक विद्यालय सञ्चालन गर्नका लागि सामुदायिक निजी साझेदारी नीति अवलम्बन गर्ने ।
- सम्बन्धित निकायसँगको समन्वयमा पालिकाभित्र एउटा आयुर्वेदिक पाठशाला स्थापना गर्ने।
- गाँउपालिका क्षेत्रमा मेडिकल कलेज, इन्जिनियरिङ कलेज रहेको र थप कृषि क्याम्पस खोल्नका लागि आवश्यक पहल गर्ने
- सबै सामुदायिक विद्यालयमा छात्रा र छात्रको लागि छुट्टाछुट्टै शौचालयको निर्माण थालनी गर्ने ।
- विज्ञान प्रयोगशाला नभएका सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका लागि वातावरण निर्माण गर्दै विज्ञान प्रयोगशाला निर्माण सम्पन्न गर्ने
- सबै सामुदायिक विद्यालयमा कम्तीमा ८ कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठन शुरुवात गर्ने ।

## ५. सम्भावना तथा अवसरहरु

- प्रथामिकतामा शिक्षलाई उच्च स्थान दिइएको ।
- भएका स्रोत र साधनको प्रयोग गरी आवश्यक तथ्यांकहरु संकलन गरी लक्षित वर्गको नक्साकंन गर्ने ।
- सूचनाको आधारमा जनप्रतिनिधीहरुको भूमिका सहित सहयोग तथा सुझावक कार्यक्रमहरु तय गर्ने ।
- शिक्षक तथा विद्यार्थी लक्षित कार्यक्रमहरु संचालन गरी कक्षकोठा शिक्षण सिकाइमा सुधार ल्याउने ।
- सिकाइह्रास हुन नदिन वैकल्पिक विधिहरु अपनाएको ।
- शिक्षा क्षेत्रमा क्रियाशिल सहयोगी संघ संस्थाहरुको भूमिका रहेको ।

## ६.चुनौतिहरु

- समयमा बजेट फुकुवा नहुनु साथै कतिपय कार्यक्रमहरुका लागि बजेट व्यवस्थापन नभएको
- अपाङ्गमैत्री विद्यालय भौतिक संरचना निर्माणको कमी
- विषयगत तथा तहगत शिक्षक व्यवस्थापन नभएको
- विविध प्राकृतिक तथा मानवीय प्रकोपका कारण विद्यार्थीहरुको सिकाय उपलब्धीमा वृद्धि नभएको
- विद्यार्थी टिकाउदर नरहेको
- माध्यमिक तहमा व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन नगरिएको
- समुदायमा सामुदायिक विद्यालयप्रति सकारात्मक धारण विकास कम रहेको ।

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. भयरहित र प्रभावकारी शिक्षण सिकाई वातावरणका लागि बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार व्यवस्था र आधुनिक शिक्षण पद्धति कार्यान्वयन गर्ने । | १. विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गतामैत्री बनाइनेछ । |
| | २. सबै सामुदायिक विद्यालयहरूका भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, बुक कर्नर जस्ता आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरूलाई पूर्णता दिइनेछ । |
| | ३. विद्यालयमा घेराबार र खेलमैदान लगायत आवश्यक सेवाको सुनिश्चितता गरिनेछ । |
| | ४ विद्यालयमा बालमैत्री खेल मैदान र खेलकुद सामाग्रीको व्यवस्था गरिनेछ । |
| | ५ विद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण सिकाई वातावरण तयार गरिनेछ । |
| | ६. विद्यालय शान्ति क्षेत्रको अवधारणा पूर्ण कार्यान्वयन गरी विद्यालयमा भयरहित वातावरण सिर्जना गर्न आवश्यक कानुनी र संरचनागत व्यवस्था गरिने छ । |
| | ७ शिक्षण सिकाईलाई सहभागितामूलक र भयरहित बनाउनका लागि आधुनिक सिकाइ विधिको विकास गरी पूर्ण कार्यान्वयन गरिनेछ । |
| २. विद्यालय शिक्षामा समावेशी र समतामूलक पहुँच विस्तार, गुणस्तर प्रवर्द्धन गर्ने । | १. आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित र गुणस्तर सुधार गर्न आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| | २. शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुर्याई बालबालिकाको सिकाई उपलब्धी वर तथ्य बनाउने नीति अवलम्बन गरिनेछ । |
| | ३. निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको नीति व्यवहारिक कार्यान्वयनमा लगिने वातावरण निर्माण गरिनेछ । |
| | ४. निरन्तर मूल्यांकन प्रणालीको व्यवहारिकताको आधारमा कार्यान्वयन प्रकृयामा सुधार गर्ने आधार तयार गरिनेछ । |
| | ५. अपनत्वको सृजना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रकृयामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ । |
| | ६. राष्ट्रिय शिक्षा नीति २०७६ मा व्यवस्था भए अनुसार आधारभूत तहको कक्षा एक देखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धतिलाई व्यवहारिक कार्यान्वयनमा लगिने छ । |

| | |
|---|---|
| | ७. सामुदायिक विद्यालयका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हाँसिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| | ८. सामुदायिक विद्यालयमा विज्ञान र प्राविधिक धारतर्फको विषय समावेश गरी नमूनाका रुपमा सञ्चालन गराउन सम्बन्धित सरोकारवालाहरू संगको सहकार्य गर्ने नीति लिइनेछ । |
| | ९. व्यवहारिक र जीवनउपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ । |
| | १०. सामुदायिक विद्यालयमा पुस्तकालय, कम्प्युटर र इ हाजिरीको व्यवस्था क्रमशः गरिनेछ । |
| | ११. फरक क्षमता (अपाङ्गता) भएका बालबालिकाको पहुँच वृद्धिमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १२. विद्यालय सुशासन प्रणालीलाई व्यवहारिक कार्यान्वयनमा लगिनेछ । |
| ३. पालिकाको शिक्षा शाखा, विद्यालय शिक्षक, कर्मचारीको र विभिन्न संरचनाको क्षमता विकास गर्ने । | १. शिक्षकहरूलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ । |
| | २. पालिकाको शिक्षा समिति क्षमता विकास गरिनेछ । |
| | ३.पालिकामा निर्माण भएका विभिन्न शिक्षा संरचनालाई जनशक्ति र प्राविधिक रुपमा सबल बनाइनेछ । |
| | ४. पालिकामा निर्माण भएका शिक्षा संरचनाको क्षमता विकास गरी पारदर्शिता र सुशासन सुनिश्चितताका लागि आवश्यक क्षमता विकास गरिनेछ । |
| | ५. विद्यालय सूचना प्रणालीलाई प्रभावकारी बनाउन गाउँपालिकास्तरमा सूचना व्यवस्थापन सम्बन्धी एप्स निर्माण र कार्यान्वयन गरिनेछ । |
| | ६. शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ । |
| ४. विद्यालयको क्षमता मापन र सेवाक्षेत्र निर्धारण गर्ने । | १. विद्यालयको क्षमता मापनमा आधारहरू तयार गरी क्षमता एकिन गरिनेछ । |
| | २. विद्यालयको सेवा क्षेत्र सम्बन्धी आधारहरू तयार गरी सेवा क्षेत्र सुनिश्चित गरिनेछ । |
| | ३. विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरूलाई सेवा क्षेत्र भित्र नै अध्ययन गर्नका लागि प्रोत्साहन गरिनेछ । |
| ५. प्राविधिक शिक्षाको विकासका लागि आवश्यक पूर्वाधारसहित वातावरण तयार गर्ने । | १. सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धारमा सञ्चालनमा प्रोत्साहन गरिनेछ । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | २. सामुदायिक विद्यालयलाई शिक्षण सिकाईको अभिन्न अङ्गको रुपमा सामाजिक व्यवसाय सन्चालनमा सहजीकरण गरिने छ। |
| | ३. बहु-प्राविधिक विद्यालय सञ्चालन गर्नका लागि सामुदायिक निजी साझेदारी नीति अवलम्बन गरिनेछ। |
| | ४. सम्बन्धित निकायसँगको समन्वयमा पालिकाभित्र एउटा आयुर्वेदिक पाठशाला स्थापना गरिनेछ। |
| ६. गाँउपालिकामा विद्यमान वायु प्रदुषणलाई व्यवस्थापन गर्न विद्यालय मार्फत वातावरण शिक्षा विस्तार गरी व्यक्तिगत व्यवहारमा परिवर्तन ल्याउने | १. विद्यालय मार्फत वायु प्रदुषण तथा जलवायु परिवर्तन सम्बन्धी शिक्षा प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रममा समावेश गरिने छ। |
| | २. विज्ञान, वातावरण तथा स्वास्थ्यका शिक्षकहरुलाई वातावरण प्रदुषण तथा जलवायु परिवर्तन सम्बन्धी प्रशिक्षण प्रदान गरिने छ। |
| | ३. वायु प्रदुषणको विषय पालिका क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयको विद्यालय सुधार योजनामा समावेश गरिनेछ। |
| | ४. विद्यालयमा इको क्लब (Eco-club) गठन, सुदृढीकरण र परिचालनलाई जोड दिईनेछ। |
| | ५. हरित विद्यालय अवधारणालाई विस्तार गर्न पालिकास्तरिय कार्ययोजना बनाई क्रमिक रुपमा पालिकाका सबै सार्वजनिक तथा निजी विद्यालयमा लागु गरिने छ। |
| | ६. विद्यालयहरुमा बाल क्लबहरुको क्लब मार्फत वायु प्रदुषणका असर तथा न्यूनीकरणका उपाय सम्बन्धी सूचना समुदाय तहसम्म पुर्याई सामाजिक बानी व्यवहारमा परिवर्तन ल्याउन आवश्यक लगानीको व्यवस्था गरिने छ। |
| | ७. गाँउपालिका क्षेत्रमा बढ्दो प्रदुषणको बारे आवश्यक अध्ययन अनुसन्धानको लागि विद्यार्थीलाई अनुदान दिने व्यवस्था गरिनेछ। |
| | ८. वायु प्रदुषण सम्बन्धी पाठ्यक्रममा अन्तर्निहित विषयवस्तुको प्रभावकारी पठनपाठनका लागि प्रयोगात्मक अभ्यासलाई जोड दिइने छ। यसका लागि थप बजेटको व्यवस्था मिलाइनेछ। |
| | ९. वायु प्रदुषण सम्बन्धी सूचना मुलक शैक्षिक सामग्रीको विकास तथा प्रचार प्रसारलाई जोड दिइने छ। |
| | १०. विद्यालय मार्फत वायु प्रदुषण न्यूनीकरण सम्बन्धी भए गरेका क्रियाकलापहरुको अनुगमन गरी वार्षिक रुपमा समिक्षा गरी आगामी योजनाका पृष्ठपोषण गर्ने कार्यको थालनी गरिनेछ। |

## ८. आवधिक प्राथमिकता : शिक्षा विकास

क. प्रतापपुर गाउँपालिकामा सामुदायिक विद्यालयको गुणस्तर संस्थागत विद्यालयको तुलनामा कमजोर रहेको छ । पालिकाले शिक्षा ऐन निर्माण गरेको छ तर सामुदायिक विद्यालयमा बालबालिका आकर्षित गर्ने ठोस नीति, नियम र कार्यविधि निर्माण गर्न बाँकी छ । त्यसैले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित र गुणस्तर सुधार, अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नका लागि आवश्यक शिक्षा नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरी आवश्यक कानूनी प्रबन्ध एवं गर्नका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. शिक्षा नियमावली निर्माण गर्ने । <br> १.१. विद्यालय शिक्षासँग सम्बन्धित निम्न कार्यविधिहरू निर्माण गर्ने <br> • अनिवार्य शिक्षा कार्यान्वयनका लागि आवश्यक कार्यविधि <br> • संवैधानिक अधिकार बमोजिम आधारभूत तहसम्म मातृभाषाको कक्षा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि <br> • हरेक विद्यालयको आफ्नो सेवा क्षेत्र तोक्ने सम्बन्धी कार्यविधि <br> • बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रकृया र मापदण्डसहितको कार्यविधि | १.शिक्षा ऐन तथा नियमावली अद्यावधिक गर्ने । <br> १.१. विद्यालय शिक्षासँग सम्बन्धित कार्यविधि कार्यान्वयनको अवस्थाका आधारमा आवश्यक संशोधन वा परिमार्जन गर्ने । | १. शिक्षाको विकासका लागि निर्माण गरिएको नीति नियमको आवश्यक परिमार्जन गर्ने । |
| २. निम्न पक्ष समेटेर पालिकाको शिक्षा नीति निर्माण गर्ने । <br> • अपाङ्गता भएका र विपन्न बालबालिकाको शिक्षामा पहुँच र त्यस्ता बालबालिकाको संरक्षण सम्बन्धी विषय <br> • प्राविधिक शिक्षाको विकासका लागि निजी सामुदायिक लगानी सम्बन्धी । | २. गाउँपालिकाको शिक्षा नीति कार्यान्वयनको समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | २. शिक्षा नीतिमा आवधिक रूपमा आवश्यक सुधार वा परिमार्जन गर्ने । |
| ३. संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा रूपान्तरण गर्ने नीति निर्माणको गृहकार्य गर्ने । | ३. संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा रूपान्तरण गर्ने नीति निर्माण गरी कार्यान्वयनमा लैजाने । | ३. संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा रूपान्तरण गर्ने नीति कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन गर्ने । |

ख. प्रतापपुर गाउँपालिकामा विद्यालय शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक संरचना निर्माण हुन बाँकी रहेकोले शिक्षामा भएका प्रगतिको समीक्षा, प्रभावकारी अनुगमन, शिक्षाको विकासका लागि आवश्यक योजना निर्माण र कार्यान्वयन जस्ता पक्षलाई प्रभावकारी बनाउन र आवश्यक संरचना निर्माण र क्रियाशीलताका लागि तपसिल अनुसारको प्राथमिकता निर्धारण गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १.पालिकाभित्र गठन भएको पालिका र वडा शिक्षा समितिको क्षमता विकास गर्ने । | १.पालिका र वडा शिक्षा समितिको नियमित क्षमता अभिवृद्धि गर्ने । | १ गठन भएका समितिहरूको स्व परिचालन लागि आवश्यक वातावरण निर्माण गर्ने । |

| | | |
|---|---|---|
| २. वडा शिक्षा समिति मार्फत् विद्यालयको प्रगतिको नियमित समीक्षा गर्ने । | २. वडा शिक्षा समिति मार्फत् विद्यालयको प्रगति समीक्षा गर्ने परिपाटी वार्षिक योजनामा अभिलेख गर्ने । | |
| ३. वडा शिक्षा योजना निर्माण गर्ने । | ३.वडा शिक्षा योजनाको नियमित समीक्षा र अद्यावधिक गर्ने । | |
| ४. विद्यालयको भौतिक,शैक्षिक र व्यवस्थापन तथा शिक्षक/कर्मचारीको जवाफदेहितालाई केन्द्रित गरेर पालिकाको शिक्षा योजना निर्माण गर्ने । | ४.गाउँपालिकाको शिक्षा योजनाको नियमित समीक्षा र अद्यावधिक गर्ने । | ४.शिक्षाको योजनाबद्ध विकासका लागि योजना शाखामा पर्याप्त जनशक्तिको व्यवस्थापन गर्ने प्रभावकारी योजना निर्माण गर्ने । |
| ५. सबै विद्यालयको विद्यालय सुधार योजना निर्माण गरी विद्यालयको अभिलेख तयार गर्ने । | ५. विद्यालय सुधार योजना र विद्यालय अभिलेखको अद्यावधिक गर्ने । | |
| ६. गाउँपालिका तथा वडाहरूमा शिक्षा अनुगमन समिति गठन गर्ने । | ६. प्रत्येक वडामा वडा शिक्षा समितिको माध्यमबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | |

ग. गाउँपालिकाभित्रका बाल विकास केन्द्रमा भर्ना हुने उमेरका बालबालिका सबै बाल विकास केन्द्रमा जान सकेका छैनन् । बालविकास केन्द्रको सिकाइ वातावरण बालमैत्री बनाइ सबै बाल विकास उमेरका बालबालिकाहरूलाई बाल विकासमा भर्ना गरी बाल विकासको पहुँच बनाएर शत प्रतिशतमा पुर्याउन बाल विकासको शैक्षिक एवं भौतिक वातावरण प्रभावकारी बनाउनका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| २०७१/०७२ | २०७२/०७३ - २०७३/०७४ | २०७४/०७५ - २०७५/०७६ |
|---|---|---|
| १. बाल विकास केन्द्र नभएका विद्यालयमा वा समुदायमा आवश्यक भएका स्थानमा बाल विकास केन्द्र स्थापना गर्ने । | १. स्थापना भएका बालविकास केन्द्रको भौतिक व्यवस्थापन गर्ने । | १. बालविकास केन्द्र सञ्चालन भएका भवन वा कक्षा कोठा अपाङ्गमैत्री बनाउने । |
| २. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी बाल विकास केन्द्रमा भर्ना हुने उमेरका सबै बालबालिकाहरूलाई बाल विकासमा ल्याउने । | २. बाल विकास केन्द्रका अभिभावकलाई बालबालिका बाल विकासमा नियमित पठाउन थप प्रोत्साहनका कार्यक्रम निर्माण गर्ने । | २. बाल विकास केन्द्र सबै अभिभावकको आकर्षणको केन्द्रको रुपमा विकास गरी शत प्रतिशत बालबालिका बाल विकासबाट कक्षा १ मा भर्ना हुने वातावरण तयार गर्ने । |
| ३. बाल विकास केन्द्रको बसाइ व्यवस्थापन र सिकाइ वातावरण बालमैत्री र भयरहित बनाउने । | ३. बाल विकास केन्द्रको सिकाइ वातावरण निरन्तर बालमैत्री र भयरहित बनाउन थप प्रोत्साहन गर्ने । | ३. बाल विकासकेन्द्रलाई बालविकास उमेरका बालबालिकाहरूको लागि पूर्ण बालमैत्री वातावरण तयार गर्ने । |
| ४. बाल विकास केन्द्रका सहजकर्ताहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने । | ४. तालिम प्राप्त सहजकर्ताहरूलाई उनीहरूको सीप र क्षमता कक्षाकोठामा लैजाने वातावरण तयार गर्ने । | |
| ५.बाल विकास केन्द्रका सहजकर्ताहरूलाई उचित पारिश्रमिकको व्यवस्था गर्ने । | ५. बाल विकास शिक्षा सहज र सर्वसुलभ बनाउन पालिकाबाट विनियोजन हुने रकममा बाल विकासका लागि विशेष प्राथमिकता | |

उमेश चन्द्र यादव
अध्यक्ष

४. प्रतापपुर गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा खानेपानी, शौचालय, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, प्राथमिक उपचार कक्ष, खेलकुद सामाग्री आदि सामग्रीको उपलब्धताको समस्या तथा विद्यालयहरूमा अपाङ्गतामैत्री विद्यालय भवन र शौचालयको व्यवस्था हुन नसकेको अवस्था छ।

विज्ञान र कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालक र बालिकाको लागि छुट्टै शौचालय, अपाङ्गतामैत्री शौचालय र खानेपानी सुविधा नभएको स्थानहरू। कक्षाकोठाको क्षमता भन्दा कम विद्यार्थी रहेका विद्यालयका लागि नयाँ पूर्वाधार थप गर्ने भन्दा पूर्वाधारको सदुपयोगमा जोड दिने र सामुदायिक विद्यालय थप एकीकृत र प्रतिस्पर्धी बनाइ कक्षाकोठा भर्ने रणनीति लिनुपर्ने मुख्य भने पूर्वाधारको कमी पूर्तिलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ। पूर्वाधारको कार्यक्रम निर्माण र कार्यान्वयन गर्दा आगामी दिनमा विद्यार्थी संख्या, वातावरण तथाको सहयोगी पूर्वाधार विकास जस्ता विषयलाई आधार बनाई विद्यालयको सम्भाव्य मर्जर एवं समायोजन गर्ने। विषयलाई समेत ध्यान दिनुपर्ने हुन्छ। यसरी भौतिक र शैक्षिक पूर्वाधार तथा विद्यालयमा अपाङ्गता भएका एवं विपन्न परिवारका बालबालिकाको पहुँच विस्तार, स्वास्थ्य र सुरक्षा सम्बन्धी कार्यक्रमलाई निम्नानुसार प्राथमिकीकरण गरिएको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. भूकम्पबाट क्षति भई पुनर्निर्माणको क्रममा रहेका सबै विद्यालयको भौतिक पूर्वाधार निर्माणको कार्य पूरा गर्ने र विद्यार्थी संख्या र कक्षाकोठाको उपलब्धता एवं विज्ञान प्रयोगशाला, पुस्तकालय जस्ता थप सेवाको आवश्यकता विश्लेषण गरी पूर्वाधार निर्माण र सुधारको सूची बनाउने र निर्माण प्रारम्भ गर्ने। | १. विद्यालय गाभ्ने प्रक्रियालाई समेत मध्यनजर गरी सामुदायिक विद्यालयका लागि अल्पकालमा तय गरिएको सूची अनुसारको भौतिक पूर्वाधार निर्माणको कार्य पूरा गर्ने। | १. अपाङ्गतामैत्री र बालमैत्री संरचनाको आधारभूत मापदण्ड तयारी र पूर्वाधारको अवस्था विश्लेषण गरी सबै विद्यालयमा भौतिक पूर्वाधारका ती मापदण्ड पूरा गर्ने र आवश्यकता अनुसार पूर्वाधार निर्माण र सुधारको कार्यलाई निरन्तरता दिने। |
| २. मर्ज गर्न सकिने सम्भावना भएका विद्यालयहरूलाई मर्ज गर्ने आवश्यक अध्ययन पूरा गरी मर्ज गर्न थालनी गर्ने। | २. मर्ज गर्न सकिने सबै सामुदायिक विद्यालय मर्ज गर्ने र मर्ज भएर खाली भएका विद्यालय भवनलाई अन्य सामुदायिक प्रयोगमा ल्याउने। | |
| ३. अपाङ्गता भएका बालबालिकाहरूको लागि गाउँपालिकास्तरमा आवासीय विद्यालय निर्माणका लागि आधार तयार गर्ने। | ३. अपाङ्गता भएका बालिकाहरूको लागि आवासीय विद्यालय सञ्चालन गर्ने। | ३. अपाङ्गता भएका भएका बालबालिकाहरूको लागि आवासीय विद्यालय निरन्तरताका लागि कोषको व्यवस्था गर्ने। |
| ४. घेराबार निर्माण नभएका सामुदायिक विद्यालयमा घेराबार निर्माण थालनी सम्पन्न गर्ने। | ४. घेराबार नभएका सबै सामुदायिक विद्यालयमा घेराबार निर्माण सम्पन्न गर्ने। | ४. घेराबार बाहेक सुरक्षा केन्द्रित अन्य पूर्वाधारमार्फत विद्यालयलाई भौतिक र मनोवैज्ञानिक रूपमा सुरक्षित बनाउने। |
| ५. खानेपानी सेवा नपुगेका सामुदायिक विद्यालयमा खानेपानी सेवा विस्तारको थालनी गर्ने साथै सेवा विस्तार नभएका मा.वि.मा खानेपानी सेवा विस्तार सम्पन्न गर्ने। | ५. खानेपानी सेवा नपुगेका सबै सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने। | |
| ६. सबै सामुदायिक विद्यालयमा छात्रा र छात्रको लागि छुट्टाछुट्टै शौचालयको निर्माण थालनी गर्ने। | ६. छात्रा र छात्रहरूका लागि सबै सामुदायिक विद्यालयमा छुट्टाछुट्टै शौचालयको निर्माण सम्पन्न गर्ने। | |
| ७. विज्ञान प्रयोगशाला नभएका सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका लागि वातावरण निर्माण गर्दै सेवा विस्तार हुन बाँकी मा.वि.मा विज्ञान प्रयोगशाला निर्माण सम्पन्न गर्ने। | ७. विज्ञान प्रयोगशाला नभएका सामुदायिक आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालन गर्ने। | ७. सबै सामुदायिक विद्यालयमा कम्तीमा ६ कक्षादेखि माथि विज्ञान प्रयोगशाला निर्माण सम्पन्न गर्ने। |

| | | |
|---|---|---|
| ८. पुस्तकालय नभएका विद्यालयहरूमा पुस्तकालय सञ्चालनका लागि आवश्यक तयारी गर्दै सेवा नपुगेका विद्यालयहरू मध्ये कम्तीमा ३ वटा माध्यमिक विद्यालयमा पुस्तकालय सञ्चालन गर्ने । | ८. पुस्तकालय नभएका सामुदायिक आधारभूत विद्यालयमा पुस्तकालयको निर्माण र सञ्चालन गर्ने । | ८. सबै सामुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालनलाई निरन्तरता दिने । |
| ९. कम्प्युटर प्रयोगशाला नभएका आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण गर्ने । | ९. कम्प्युटर प्रयोगशाला नभएका आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण गर्ने । | ९. कम्प्युटर प्रयोगशाला नभएका सबै आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण गर्ने । |
| १०.सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्थाका लागि पूर्व तयारी गर्ने । | १०. विद्यालय बस सञ्चालनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने । | १०. सबै सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्था गर्ने । |
| ११. सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार बक्स (First Aid Kits) को व्यवस्था गर्ने गरी माध्यमिक तहमा प्राथमिक उपचार कक्ष निर्माणका लागि वातावरण तयार गर्ने । | ११. सबै माध्यमिक विद्यालयको माध्यमिक तहमा एउटा प्राथमिक उपचार कक्षको निर्माण गर्ने । | ११. सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने । |
| १२. माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्सको व्यवस्थाको लागि वातावरण तयार गर्ने । | १२. माध्यमिक तहमा एक विद्यालय एक नर्सको व्यवस्था कार्यान्वयन गर्ने । | |
| ३. विद्यालयको शिक्षण सिकाई अभ्यासमा सुधार, उपलब्धीमा आधारित मूल्याङ्कन र प्रोत्साहनको अभ्यास, आवश्यकतामा आधारित क्षमता विकास, मातृ तथा अंग्रेजी माध्यमबाट शिक्षण सिकाइ जस्ता विधिबाट विद्यालय शिक्षाको गुणस्तर प्रवर्द्धन गर्ने नतिजा हुनका लागि अनुसार निम्न प्राथमिकता निर्धारण गरिएको छ । | | |
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १. स्थानीय सामाग्री प्रयोग गरेर शैक्षिक सामाग्रीको निर्माण र प्रयोग गराउने । | १. शैक्षिक सामाग्री निर्माण र प्रयोगका लागि सबै विद्यालयलाई अनिवार्य गराउने | १. शैक्षिक सामाग्रीको निर्माण र प्रयोगका आधारमा विद्यालयलाई पुरस्कृत गर्ने । |
| २. सबै सामुदायिक विद्यालयमा कम्तीमा ३ कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठन शुरुवात गर्ने | २. सामुदायिक विद्यालयको कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठनपाठनका लागि वातावरण तयार गरी पठनपाठन शुरुवात गर्ने । | २. आधारभूत तह सम्म अंग्रेजी माध्यमबाट पठनपाठन अनिवार्य गर्ने । |
| ३. सबै सामुदायिक विद्यालयलाई निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनका लागि तालिम प्रदान गर्ने । | ३. निरन्तर मूल्याङ्कन प्रणाली सबै सामुदायिक विद्यालयमा अनिवार्य र व्यवहारिक बनाउने । | ३. अभिभावक र सरोकारवालाको विश्वास जित्ने गरी निरन्तर मूल्याङ्कन प्रणालीमा आवश्यक सुधार र पूर्ण कार्यान्वयन गर्ने । |
| ४. पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षकलाई अभिप्रेरित हुने तालिम प्रदान गर्ने । | ४. सबै सामुदायिक विद्यालयमा पाठ्यक्रममा आधारित शिक्षण सिकाइ क्रियाकलाप अनिवार्य गर्ने । | ४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ क्रियाकलापको आधारमा विद्यालयलाई थप प्रोत्साहन गर्ने । |
| ५. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रकृयालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्य सम्पादन सम्झौता गर्ने । | ५. शिक्षकहरूलाई कार्य प्रगतीका आधारमा थप प्रोत्साहन/नसिहतको व्यवस्था गर्ने । | ५. शिक्षकहरूलाई कार्य सम्पादनका आधारमा प्रोत्साहन गर्ने । |

| | | |
|---|---|---|
| ६.सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धी वृद्धिका आधारहरू तयार गर्ने । | ६. विद्यालयहरूलाई औसत सिकाइ उपलब्धीका आधारमा पुरस्कृत गर्ने । | ६. उपलब्धीमा आधारित प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिई सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी हर तहगत र कक्षागत रुपमा कम्तीमा बी प्लस श्रेणीमा पुर्याउने । |

ख. आधारभूत र माध्यमिक शिक्षा बाहेक प्राविधिक शिक्षाको व्यवस्थापन संविधानतः पालिकाको अधिकार र दायित्वको विषय भएकाले प्राविधिक विद्यालय निर्माण र प्राविधिक शिक्षा प्रवाहका लागि निम्न प्राथमिकता तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १.माध्यमिक तहमा प्राविधिक धार सन्चालनका लागि आवश्यक आधार तयार गर्ने । | १.सबै माध्यमिक तहमा प्राविधिक धार सन्चालन गर्ने । | १.सामुदायिक विद्यालयको माध्यमिक तह सबैमा प्राविधिक धार सन्चालन गर्ने । |
| २. आयुर्वेदिक शैक्षिक पाठशाला स्थापनाको लागि आर्थिक, भौतिक र शैक्षिक आधार विश्लेषण गरी कार्ययोजना तयार गर्ने । | २. सम्भाव्यताका आधारमा पालिकाभित्र एकवटा स्तरीय आयुर्वेदिक पाठशाला निर्माण र सन्चालन गर्ने । | २. सन्चालनमा आएको आयुर्वेद पाठशालालाई थप व्यवस्थित र गुणस्तरयुक्त बनाउने । |
| ३.बहु-प्राविधिक (एक भन्दा बढी प्राविधिक क्षेत्र वा विषय अध्यापन हुने) विद्यालय सन्चालनका लागि आधार तयार गर्ने । | ३.गाँउपालिकाभित्र बहुप्राविधिक विद्यालय सन्चालन गर्ने । | |

ग. विद्यालय प्रशासन तथा व्यवस्थापनको अभिभावकप्रति जवाफदेहिताको प्रभावकारिता कमजोर देखिएको छ । विद्यालय प्रशासन र व्यवस्थापनलाई क्षमता विकास गरी अभिभावकप्रति जवाफदेही बनाउन सकेमा सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउन सकिने जसले गर्दा सामुदायिक विद्यालयमा भर्नाको नियमितता, गुणस्तर अभिवृद्धि जस्ता पक्षमा सहयोग पुग्ने भएकोले विद्यालय प्रशासन र व्यवस्थापनको क्षमता विकास गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नका लागि निम्न अनुसारका प्राथमिकता तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको प्रभावकारी व्यवस्थापनको लागि तालिम प्रदान गर्ने । | १. विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन र विद्यालय सुधार योजना निर्माण र अद्यावधिक सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने । | १. गाँउपालिकामा शिक्षाको विकासका लागि बटम अप योजना तर्जुमा प्रक्रियाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने । |
| २. पारदर्शिता र जवाफदेहिता अभिवृद्धि साथै सूचनाको स्वतः प्रकाशन सम्बन्धी विद्यालयका शिक्षक र व्यवस्थापन समितिलाई क्षमता विकास तालिम दिने । | २. पारदर्शिता र जवाफदेहिता प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उत्कृष्ट विद्यालयहरूलाई पुरस्कृत गर्ने । | २. विद्यालय शासनलाई पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गर्ने । |
| ३ शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनका लागि प्राविधिकको क्षमता विकास गर्ने । | ३. सबै सामुदायिक विद्यालयमा आवश्यक उपकरणसहित प्रभावकारी शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना र प्रभावकारी कार्यान्वयन गर्ने । | |
| ४. अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | ४. अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको व्यावहारिक र नतिजामुखी बनाउने । | |

## ख.स्वास्थ्य

### १. परिचय

विश्व स्वास्थ्य सङ्गठनका अनुसार "स्वास्थ्य भनेको रोग तथा दुर्बलताबाट मुक्त हुनु मात्र नभई सम्पूर्ण शारीरिक, मानसिक तथा सामाजिक अवस्था तन्दुरुस्त हुनु पनि हो ।" जनतालाई स्वास्थ्य राख्नका लागि उनीहरुको हेरचाह, रोगको रोकथाम, निराकरण, शारीरिक तथा मानसिक सबलीकरण गराउने कार्यक्रम नै जनस्वास्थ्य हो । यसमा नियमित स्वास्थ्योपचार, औषधी वितरण, पोषण कार्यक्रम, रोगको रोकथाम तथा सम्बन्धित अन्य कार्यक्रमहरू पर्दछन् । निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवाका महत्वपूर्ण पक्षहरू हुन् । गाँउपालिका विकासमा स्वास्थ्य र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धिमार्फत् गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्न गाँउपालिकाको दायित्व हो । आम पालिकावासीमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ संलग्न गरी प्रतापपुर गाँउपालिकाले स्वास्थ्य क्षेत्रमा काम गरिरहेको छ ।

### २. वर्तमान अवस्था

प्रतापपुर गाँउपालिका राजनीतिक रूपमा ९ वडाहरूमा विभाजित छ । पालिका र वडास्तरमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, विभिन्न स्वास्थ्य संस्था अन्तर्गत सन्चालित प्रसुती सेवा केन्द्र तथा विभिन्न निजी स्वास्थ्य संस्थामार्फत् स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । यस अतिरिक्त स्वास्थ्य शिविर लगायत अस्थायी सेवा विस्तारमार्फत् पनि स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । साथै स्वास्थ्य कर्मीहरुले आ-आफ्नो समुदायमा प्राथमिक उपचार, उपचारात्मक, प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन् । गाँउपालिकासँगको सहकार्यमा स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यमा केही संघ संस्थाहरू पनि यहाँ संलग्न छन् । विशेषगरी न्याय हेल्थ संस्थाले प्राथमिक स्वास्थ्य केन्द्रबाट निःशुल्क औषधीसहितको स्वास्थ्य सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । पालिकाको प्राथमिक स्वास्थ्य केन्द्रमार्फत् एम्बुलेन्स सेवा सञ्चालन भइरहेको छ । साथै सम्बन्धित सबैलाई सुत्केरी पोषण भत्ता बापत रु. २ हजार उपलब्ध गराउने गरिएको छ । स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य सेवा निःशुल्क रहेको छ । पूर्ण खोपयुक्त गाँउपालिका सुनिश्चितता कार्यक्रम हरेक वर्ष घोषणा गर्दै आएको छ। घर घरमा गएर नागरिकको स्वास्थ्य जाँचको कार्यक्रम र स्वास्थ्य शिविरमार्फत् घरदैलो र समुदायमा स्वास्थ्य सेवा दिने अभ्यास पालिकाले गर्ने गरेको छ ।

### ३. लक्ष्य

स्वस्थ प्रतापपुर निर्माण गर्ने ।

उमेश चन्द्र यादव
अध्यक्ष

## ४. उद्देश्य

स्वास्थ्य सेवाविस्तार र सुदृढीकरण गरी पालिकावासीलाई निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

- स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी, गुणस्तरीय र जवाफदेहीबनाउँदै राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक वडा तथा बस्तीहरूमा रहेका स्वास्थ्य संस्थाबाट पूर्ण रुपमानिःशुल्क गरिन
- स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको पहुँच बढाउन स्वास्थ्यशिविर, विशेषज्ञ स्वास्थ्यजाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू तय गरी लागु गरिनेछ
- स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, सेवा सञ्चालनवाविस्तार गर्दा सकेसम्म बढी जनघनत्व तथा पायक भएको स्थान छनोट
- स्थानीय अधिकार अनुरुप पालिकाको आफ्नै स्वास्थ्य सम्बन्धी ऐन र ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि, निर्देशिका निर्माण गर्ने ।
- स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड तयार गर्ने ।
- पालिकाको दीर्घकालीन स्वास्थ्य नीति निर्माण गर्ने ।
- पालिकामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकामा स्वास्थ्य सेवा तथा पूर्वाधार विस्तार गर्ने । साथै निर्माण हुने भवनहरु २४ घण्टे प्रसुती सेवाको मापदण्डको आधारमा बनाउने ।
- बिरामीको चाप अनुसार स्वास्थ्य संस्थाहरूको आवश्यकता अनुसार सेवा र पूर्वाधारको विस्तार स्तरोन्नती गर्दै जाने ।
- विपद् र सरुवा रोग महामारीको बेला पालिकामा रहेका निजी क्षेत्रका अस्पताल तथा अन्य सार्वजनिक भवनहरूलाई सम्बन्धित महामारीको अस्थायी उपचार केन्द्र तथा विस्तार रोकथामका लागि उपयोगमा ल्याउन सकिने व्यवस्था गर्ने ।
- प्रसुती सेवाको पहुँच पुग्न नसकेको वडा तथा बस्तीहरूका स्वास्थ्य संस्थाहरुमा प्रसुती केन्द्र स्थापनाका लागि प्रक्रिया शुरु गर्ने ।
- पालिकाका सबै वडाका आफ्नै भवन भएका स्वास्थ्य संस्थाहरूमा स्थापना गरी क्लष्टर स्तरमा प्रसुती केन्द्र स्थापना र सञ्चालन गर्ने ।
- स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रुपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनिकरणमा लक्षित केन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा संचालन शुरु गर्ने ।
- पालिकामा किड्नी डायलाइसिस केन्द्र स्थापना गर्न आवश्यक प्रक्रिया पुरा गरी पूर्वाधार तयार गर्ने ।

उमेश चन्द्र यादव
अध्यक्ष

- पालिकामा रहेका स्वास्थ्य संस्थाहरूमा तत्काल आवश्यक स्वास्थ्य उपकरणहरू र उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्ने ।
- पूर्ण खोपयुक्त पालिका सुनिश्चितत‍ालाई निरन्तरता दिने ।
- धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्ने गरी सचेतना लगायतका लक्षित कार्यक्रम ( विद्यालय स्वास्थ्य सचेतना अभियान-विस्वास) सञ्चालन गर्ने ।
- स्वास्थ्य सचेतनाका चूनौति कम गर्न धामी, झाँक्री, लामालाई लक्षित गरी स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्ने ।
- महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सर बारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रम लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
- पालिकाका स्वास्थ्य संस्थाहरूमा आउने बिरामीहरूको डिजिटल प्रोफाइल राख्न शुरु गर्ने
- पालिकाका विकट वडाहरूमा विपन्न, गर्भवती, सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।
- पालिकाका स्वास्थ्य संस्थाबाट टाढाको दुरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्यविशेष कार्यक्रमको शुरुवात गर्ने ।

## ५. सम्भावना तथा अवसरहरू

- स्थानीय तहको तुलनामा सन्तोषजनक स्वास्थ्य सेवा उपलब्ध रहेता पनि विशिष्टीकृत स्वास्थ्य सेवा र ठूला र गम्भीर प्रकृतिका रोगहरूका उपचारका लागि भने बाहिर जिल्ला नै धाउन पर्ने बाध्यता रहेको हुँदा संघीय र प्रदेश सरकारको सहयोग र समन्वयनमा आधुनिक र विशिष्टीकृत स्वास्थ्य सेवासहित कम्तीमा ३० शैयाको नयाँ अस्पताल निर्माण पमलिकाभरिका नागरिकहरूलाई सेवा दिने अवसर रहेको छ ।
- नागरिकको संवैधानिक हकको सुनिश्चितताका लागि पालिकाले संविधान र कानूनले दिएको अधिकारमार्फत् स्वास्थ्यका नीति र योजना तयार गरी आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र सेवा उपलब्ध गराउने अवसर छ ।
- अति विपन्न, गरिब, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत सबै पालिकावासीसम्म स्वास्थ्य सेवाको पहुंच विस्तार गर्न नेपाल सरकारको बिमा कार्यक्रमलाई पालिकामा जतिसक्दो चाँडो शुरु गर्न संघ तथा प्रदेश सरकारसंग आवश्यक पहल गरी पालिकावासीमा स्वास्थ्य क्षेत्रलाई थप पहुँचयोग्य बनाउने अवसर रहेको छ ।
- नेपाल सरकारले तोकेको स्वास्थ्य चौकीबाट निःशुल्क औषधी वितरण गर्न गाउँपालिका सक्षम रहेकोले हाल न्याय हेल्थसँगको साझेदारीको दीगोपना वा विकल्प खोज्ने र समग्र स्तरोन्नतीका क्षेत्रमा केन्द्रित रहेर साझेदारी र सहयोग जुटाउने र न्याय हेल्थसँगको वर्तमान साझेदारीको

अनुभवलाई प्रयोग गरी साझेदारीको निरन्तरता, अन्य साझेदारीको खोजी र सहकार्य गर्न सकिन्छ।

- अपांग र बालमैत्री संरचना निर्माण लगायत सेवा प्रवाहमा समेत त्यस्ता पक्षलाई प्राथमिकतामा राख्ने अभ्यासलाई संस्थागत रुपमा अघि बढाउने अवसर रहेको छ।
- स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, खोप केन्द्र, गाउँघर क्लिनिक र प्रसुती सेवा केन्द्र आदिबाट प्रवाह गरिने सेवा र तिनको मापदण्ड व्यवस्थित गरी सबै स्वास्थ्य एकाईबाट प्रवाह गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन सकिन्छ।
- घर घरमा गएर जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य जाँचको कार्यक्रम र स्वास्थ्य शिविरमार्फत् घरदैलो र समुदायमा स्वास्थ्य सेवा दिने अभ्यासलाई समयबद्ध गराई विस्तार गर्ने अवसर रहेको छ।
- स्थानीयस्तरमा उपलब्ध औषधीजन्य वनस्पती, जडिबुटी र अन्य औषधीजन्य वस्तुको पहिचान, संकलन, संरक्षण र प्रबर्द्धनको लागि पनि संरचना निर्माण गरी प्रचलित प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई निश्चित मापदण्डको आधारमा सुचिकृत तथा व्यवस्थित गर्दै आयुर्वेद, योग र प्राकृतिक चिकित्सा सेवासहितको आयुर्वेद, योग र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गरी स्वास्थ्य पर्यटनलाई समेत प्रवर्द्धन गर्ने अवसर छ।

## ६. चुनौतिहरु

- उपयुक्त स्थानीय स्वास्थ्य नीति, कानून र पूर्वाधार मार्फत निजी क्षेत्र तथा संघसंस्था संगको सहकार्यमा आधारभूत स्वास्थ्य सेवामा प्रभावकारीता ल्याउने चुनौति पालिकालाई छ।
- जटिल रोगहरूको उपचार पालिकामा नै सम्भव तुल्याउन रणनीतिक साझेदारी खोज्ने तथा आधारभुत सेवा पालिकाबाट दिनसक्ने गरी स्रोत साधनको व्यवस्था नभएको
- प्राविधिक जनशक्तिको पर्याप्तता सुनिश्चित नभएको
- स्वास्थ्य स्वयंसेविका र अन्य स्वयंसेवक परिचालनलाई व्यवस्थित नगरिएको
- नागरिकले चाहेको बखत नियमित र आपतकालीन स्वास्थ्य सेवा उपलब्ध गराउन पालिकाको भूगोल आफैमा चुनौतिपूर्ण रहेको।
- स्वास्थ्य संस्थासम्म यातायातको सुविधा व्यवस्थित नरहेको।

उमेश चन्द्र यादव
अध्यक्ष

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १ आधारभूत स्वास्थ्य सेवाको गुणस्तर प्रवर्द्धन र पहुँच विस्तारका लागि पूर्वाधार सुधार र सेवा विस्तार र विविधिकरण गर्ने । | १. स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी, गुणस्तरीय र जवाफदेही बनाउँदै राष्ट्रिय मापदण्ड क्रमोन्नतिका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक वडा तथा बस्तीहरूमा रहेका स्वास्थ्य संस्थाबाट पूर्ण रुपमा निःशुल्क गरिने छ । |
| | २. स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू तय गरी लागू गरिनेछ । स्वास्थ्य संस्थामा त्यस्ता पक्षको पहुँचमा सरल बनाउन भौतिक पूर्वाधारहरूको र सेवाको अभ्यासमा आवश्यक सुधार गरिने छ र भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइने छ । |
| | ३. स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, सेवा सञ्चालन वा विस्तार गर्दा सकेसम्म बढी जनघनत्व तथा पायक भएको स्थान छनोट गरिनेछ । |
| | ४. पालिकाको ग्रामीण वडाहरू थप प्राथमिकतामा राखी हरेक बस्तीमा स्वास्थ्य सेवा विस्तार गर्न हाल सञ्चालनमा रहेका खोप केन्द्र र गाउँघर क्लिनिकलाई थप व्यवस्थित र पूर्वाधारयुक्त बनाइनेछ । स्वास्थ्य चौकीबाट टाढा रहेका बस्तीहरूमा गैरसरकारी संस्था र निजी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिने छ । |
| | ५. अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर निर्धारण र मापन प्रणाली कार्यान्वयन गरिने छ । स्वास्थ्य सेवाको विस्तारमा बाह्य संघ संस्थासँगको साझेदारीलाई प्राथमिकता दिइने छ । |
| | ६. विद्यमान स्रोत साधनको अधिकतम उपयोग र वर्तमान अभ्यासलाई अझ परिस्कृत गरी स्वास्थ्य संस्थामा जाने अभ्यास बढाउने तथा आधारभूत स्वास्थ्य समस्याका अतिरिक्त जटिल प्रकृतिको र नसर्ने रोग रोकथाम र निदानमा योगदान गर्न सक्ने गरी समुदायस्तरीय प्रेषण प्रणाली सबलीकरण गरिने छ । |
| | ७. प्राकृतिक प्रकोप तथा दुर्घटनाको कारणले उत्पन्न विपद्को समयमा प्राथमिक उपचार र थप उपचार सेवा प्रभावकारी बनाउन स्थानीय टोली सेवा सञ्चालन र सबलीकरण गरिने छ । |
| | ८. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिहरूलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रदान गरिने छ । व्यायाम तथा योगाभ्यास प्रवर्द्धनका लागि विभिन्न पक्षसँग साझेदारी गरिने छ । |

| | |
|---|---|
| | ६. एकद्वार संकट व्यवस्थापन केन्द्रको बीगोपनाका लागि पालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ। मानसिक स्वास्थ्य सेवालाई आधारभूत जनस्वास्थ्य सेवाको रुपमा सञ्चालन र व्यवस्थापन गरिनेछ। |
| २. स्वास्थ्य क्षेत्र सुधारका स्वास्थ्य संस्थाको स्तरोन्नती, सहायक पूर्वाधार विकास तथा निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवालाई एकसाथ अघि बढाउने। | १. पालिकाको प्राथमिक स्वास्थ्य केन्द्रलाई ३० शैयाको अस्पतालमा स्तरोन्नतीका लागि समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ। साथै, अस्पताललाई सबै किसिमको चेकजाँच र उपचारका लागि चाहिने पूर्वाधार, उपकरण, प्रविधि र जनशक्तियुक्त गरिने छ। |
| | २. नेपाल सरकारको मापदण्ड अनुरुप सबै वडाहरूमा स्वास्थ्य संस्था स्थापना गरिने छ। |
| | ३. सामुदायिक स्वास्थ्य संस्थामा उपचार सेवासहित अन्य आधारभूत सेवा सुविधा जस्तै: खानेपानी, सरसफाई, विश्राम वा प्रतिक्षा स्थल, सेवा प्राप्त गर्न लाग्ने समय, बिरामीलाई हुने व्यवहार आदिको न्यूनतम स्तर कायम गरिने छ। |
| | ४. पालिकाका ग्रामीण वडाका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्था पूर्वाधारहरूलाई नेपाल सरकारको स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुसारको थप सुधार तथा स्तरोन्नती गरिने छ। सामुदायिक अस्पतालबाट उपलब्ध हुने कतिपय सेवाहरूलाई स्वास्थ्य चौकीसम्म विस्तार गर्दै लगिने छ। |
| | ५. पालिकाको सबै वडाका स्वास्थ्य संस्थासम्म सडक र यातायातको पहुँच पुर्‍याई आकस्मिक स्वास्थ्य सेवा तुरुन्त उपलब्ध हुने गरी ख वर्गको एम्बुलेन्स सञ्चालन गरिने छ। अवस्था अनुसार सेवा निःशुल्क उपलब्ध गराउनका लागि वैकल्पिक वित्तीय व्यवस्थापन गरिने छ। |
| | ६. पालिकाका सबै सूचिकृत संस्था (प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्यचौकी) को पूर्वाधार र प्राविधिक क्षमता सुधार गरी आपत्कालीन र नियमित प्रसुती सेवालाई थप व्यवस्थित गराइनुका साथै सबै वडामा यो सेवा विस्तार गरिने छ। |
| | ७. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाह गरिने छ। |
| ३. स्वास्थ्य सेवालाई थप पहुँचयोग्य बनाउन सूचना प्रविधिसँग आबद्ध गर्ने। | १. स्वास्थ्य संस्था तथा सेवालाई थप पारदर्शी र व्यवस्थित गर्न डिजिटल सूचनापाटी, डिजिटल टिकट काउन्टर, डिजिटल हाजिरी तथा डिजिटल टोकन प्रणालीको व्यवस्था गरिने छ। |
| | २. सबै स्वास्थ्य चौकी तथा अस्पतालमा बिरामीहरूको डिजिटल प्रोफाइल राखिने छ। पालिकाको स्वास्थ्य शाखामा स्वास्थ्य सूचना संकलन तथा डिजिटल स्वास्थ्य तथ्याङ्क व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ। हाल प्रयोगमा रहेको स्वास्थ्य सूचना प्रणालीलाई पालिकाको आवश्यकता अनुसार सुधार तथा परिमार्जन गरिने छ। |

| | |
|---|---|
| | ३. स्वास्थ्य सम्बन्धी सचेतना तथा सेवा प्रवर्द्धनका लागि सामाजिक सञ्जाल र आधुनिक सूचना प्रविधिको अधिकतम उपयोग गरिने छ । |
| | ४. स्वास्थ्य तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेषण गरी सबै तहमा हुने नीति निर्माण प्रक्रियामा तथ्याङ्कको प्रयोगलाई बढावा गरिने छ । |
| | ५. निश्चित मापदण्ड बनाई पालिका अनलाइनमार्फत् निःशुल्क र सशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिने छ । |
| ४. स्वास्थ्य सेवालाई थप जवाफदेही र संवेदनशील : Sensitive: क्षेत्रको रुपमा विकास गर्न सेवा प्रदायक निकायको जवाफदेहिता प्रवर्द्धन र सेवाग्राहीको सशक्तिकरण गर्ने । | १. पालिकाभित्रका स्वास्थ्य अनुगमन संयन्त्र स्थापना तथा सो को क्रियाशीलता बढाई सबै स्वास्थ्य संस्थाको प्रभावकारी अनुगमनका साथै निजी तथा सामुदायिक क्षेत्रबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा स्वास्थ्य सेवामा संलग्न संघ संस्थाको सेवाको नियमन गरिने छ। पालिका स्वास्थ्य समिति र स्वास्थ्य व्यवस्थापन समितिको भूमिका थप प्रभावकारी बनाइने छ । |
| | २. सबै किसिमका रोगव्याधी तथा महामारी एवं प्राकृतिक विपत्तिबाट हुने मृत्युदर, शिशु तथा बाल मृत्युदर, कुपोषण दर, खोप, प्रोटोकल अनुसार गर्भजाँच, दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती सेवा लिने संख्या आदिमा सुधार गर्न दीगो विकास लक्ष्य तथा नेपाल सरकारले अघि सारेको पन्ध्रौं योजनाको आधार पत्र तथा संघ र प्रदेश सरकारको स्वास्थ्य नीति समेतलाई आधार मानी पालिकाले ती राष्ट्रिय लक्ष्य समयमा नै पूरा गर्ने गरी उपलब्धी समीक्षा र सुधारको पद्धति कार्यान्वयनमा ल्याउने छ । |
| | ३. औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामग्रीको मूल्य, गुणस्तर निर्धारण, खाद्य पदार्थ सुरक्षा आदिका लागि निश्चित मापदण्ड बनाई पालिकाबाट नियमन गरिने छ । |
| | ४. महामारीको पूर्व तयारी प्रतिकार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी द्रुत प्रतिकार्य टोली पुर्नगठन र थप क्रियाशील गराइने छ । |
| | ५. किशोर किशोरी, परिवार नियोजन लगायत यौन तथा प्रजनन सम्बन्धी स्वास्थ्य सेवा र सूचना तथा शिक्षा सबैको पहुँचमा हुने गरी पालिका र र वडास्तरबाट प्रतिकारात्मक, प्रवर्द्धनात्मक र सेवामूलक गतिविधि सञ्चालन गरिने छ । |

| | |
|---|---|
| | ६. स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका बढाउनुका साथै बाह्य सघ संस्थासँग समन्वयात्मक रुपमा सचेतनामूलक गतिविधिहरू सञ्चालन गरिने छ । |
| | ७. अन्तरेग लगायत कुष्ठरोग, पानीजन्य रोग, पशुजन्य र किटजन्य रोग आदिको रोकथामका उपाय प्रवर्द्धन गरी सरुवा रोगको समस्याको दीगो समाधान गरिने छ । |
| | ८. आचारसंहितामार्फत् चिकित्सक/स्वास्थ्यकर्मी र बिरामी बिचको सुमधुर सम्बन्ध कायम गर्दै सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ । |
| ५. स्वास्थ्य सेवा प्रवाहमा गाँउपालिकाको क्षमता विकास गर्ने । | १. पालिकामा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वास्थ्य शाखा तथा पालिका अन्तर्गतका स्वास्थ्य संस्थाको मानव संशाधन विश्लेषण गरी स्वास्थ्य क्षेत्रको संगठन संरचना निर्धारण गरिने छ । |
| | २. गाउँपालिकाको स्वास्थ्य शाखा तथा पालिकाभित्रका सबै स्वास्थ्य संस्थामा आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । त्यसका लागि आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था तथा उपलब्ध जनशक्तिको क्षमता विकासलाई प्राथमिकतामा राखिने छ । |
| | ३. स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीका उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिने छ । स्वास्थ्य क्षेत्रका जनशक्तिको भौतिक तथा पेशागत सुरक्षाका लागि आवश्यक विधि निर्धारण गरी कार्यान्वयन गरिने छ । |
| | ४. स्वास्थ्य क्षेत्रका कर्मचारी र स्वास्थ्यकर्मीको कार्य सम्पादन मूल्यांकन पद्धति तय गरी पुरस्कार र क्षमता विकास कार्यक्रमलाई सो पद्धतिमा आबद्ध गरिने छ । |
| ६. वायु प्रदुषणबाट स्वास्थ्यमा पर्ने असरका बारेमा स्वास्थ्य व्यवसायी तथा संस्थाहरु मार्फत सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने । | १. वायु प्रदुषण र स्वास्थ्यमा पर्ने असरका बारेमा IEC (शैक्षिक सामग्री) । पोस्टर, प्याम्प्लेट, भिडियो, अडियो) उत्पादन, प्रसारण र वितरण गरिनेछ । |
| | २. वायु प्रदुषण तथा जलवायु परिवर्तनका कारण स्वास्थ्यमा पर्ने असर र अवस्थाका बारेका अध्ययन तथा विश्लेषणगरि सूचना अध्यावधिक तथा सम्प्रेषण गरिने छ । |
| | ३. महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत वायु प्रदूषणबाट स्वास्थ्यमा पुऱ्याउने असर बारेमा समुदायस्तर सम्म चेतना अभिवृद्धि गरि सामाजिक बानी व्यवहारमा परिवर्तन ल्याउन आवश्यक व्यवस्थापन गरिने छ । |
| | ४. स्वास्थ्य शिविर, प्रर्दशनी तथा अन्य नवप्रवर्तन क्रियाकलापहरु मार्फत वायु प्रदूषणतथा स्वास प्रस्वास, प्रजनन स्वास्थ्य, बालबालिकाहरुको स्वास्थ्य लगायत अन्य रोगहरु सम्बन्धी असरहरु बारे सचेतिकरण गरिने छ । |
| | ५. स्वास्थ्यजन्य फोहरबाट हुने प्रदूषण व्यवस्थापनका लागि आवश्यक नीति तयार गरि प्रभावकारी व्यवस्थान गरिनेछ |

## ८. आवधिक प्राथमिकता : स्वास्थ्य

क. नेपालको संविधान २०७२ ले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। प्रतापपुर गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख भए बमोजिमको अधिकार कार्यान्वयनका लागि स्वास्थ्य सम्बन्धी ऐन कानुन निर्माण हुन बाँकी रहेको छ। नेपाल सरकारको न्यूनतम मापदण्ड अनुरुप आधारभूत स्वास्थ्य सेवाहरू पालिकाका स्वास्थ्य संस्थाहरूबाट पूर्ण रुपमा निःशुल्क र सबै पालिकावासीहरूको पहुँचमा सुनिश्चित गर्न स्वास्थ्य तथा सरसफाइ ऐन निर्माण र प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आवश्यक नियम, निर्देशिका तथा कार्यविधिहरू निर्माण गर्न आवश्यक छ। संघीय सरकारले निर्माण गरेका जनस्वास्थ्य ऐन २०७५, राष्ट्रिय नीति २०७६, स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा, स्वास्थ्य पूर्वाधार विकास मापदण्ड र शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा सबलाई आधार मानी स्थानीय अवस्थामा आधारित पालिकाको आफ्नै स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड निर्माण गर्नु पनि आवश्यक छ। दिगो विकास लक्ष्य प्राप्तीका सन्दर्भमा नेपाल सरकारले निर्धारण गरेको समग्र स्वास्थ्य लक्ष्य र नेपाल सरकारको पन्ध्रौं योजनाको आधार पत्रको अपेक्षित उपलब्धीमा उल्लेख भएका लक्ष्य हाँसिल गर्न पालिकाको स्वास्थ्य क्षेत्रलाई पनि प्रभावकारी र उपलब्धीमूलक बनाई स्वास्थ्य सेवाका कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्नका लागि निम्नानुसार प्राथमिकता निर्धारण गरिएको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. स्थानीय अधिकार अनुरुप पालिकाको आफ्नै स्वास्थ्य सम्बन्धी ऐन र ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि, निर्देशिका निर्माण गर्ने। | १. स्वास्थ्य ऐन तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने। | १.स्वास्थ्य सम्बन्धी नीति तथा कानूनको पुनरावलोकन, परिमार्जन र संशोधन। |
| २. स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड तयार गर्ने। | २. स्वास्थ्य सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने। | २. स्वास्थ्य सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने। |
| ३.स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका विषयमा सामञ्जस्यता विश्लेषण शुरु गर्ने। | ३. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका विषयमा सामञ्जस्यता विश्लेषण गर्ने। | ३. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका विषयमा सामञ्जस्यता विश्लेषण गर्ने। |
| | ४. "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने। | ४."ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि आवश्यक परिमार्जन गर्ने। |
| | ५.स्वास्थ्य क्षेत्रको उपलब्धीको आवधिक समीक्षा गरी मध्यकालीन लक्ष्य प्राप्तीमा भएका प्रगतिको लेखाजोखा गर्ने। | ५. स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धी प्राप्तीमा भएको प्रगतिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार थप नीतिगत र कानूनी प्रबन्ध गर्ने। |
| ६. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ती गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षाको पद्धति विकास गर्ने। | ६. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन, लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ती गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षा पद्धतिलाई निरन्तरता दिने। | ६. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ती गर्ने सन्दर्भमा भएका प्रगतिको आवधिक समीक्षा पद्धतिलाई निरन्तरता दिने। |

| ख. पालिकाले स्वास्थ्य सेवा सुधार तथा सबै पालिकाबासीमा स्वास्थ्य सेवाको पहुँच पुर्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ । पालिकाको स्वास्थ्य क्षेत्रको दीर्घकालीन लक्ष्य हासिल गर्नका लागि वस्तुत् योजनागत आवधिक कार्यक्रमहरुलाई समेत सहयोग हुने किसिमले गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम बनाउनेमा मात्र सीमित नभई नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति २०७६ र पन्धौं योजना आधार पत्रलाई समेत आधार मानी पालिकाको छुट्टै दीर्घकालीन स्वास्थ्य नीति निर्माण गरी कार्यान्वयन गर्न आवश्यक छ । तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ । | | |
|---|---|---|
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १.पालिकाको दीर्घकालीन स्वास्थ्य नीति निर्माण गर्ने । | १. स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । |
| ग. गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुको पूर्वाधार सुधार गर्दै न्यूनतम राष्ट्रिय मापदण्डमा पुर्याउने तथा पालिकाको आवश्यकता अनुसार नयाँ अस्पताल निर्माण गर्ने स्वास्थ्य सेवामा सुधार तथा गुणस्तर प्रवर्द्धन गर्ने निम्नानुसारको प्राथमिकताका आवधिक कार्यक्रमहरु तय गरिएको छ । | | |
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १. पालिकाका प्रमुख प्रवेश बिन्दु नजिकका स्वास्थ्य संस्थामा सामग्री र स्वास्थ्यकर्मी सहित स्वास्थ्य जाँच गर्ने पूर्वाधार तयार गर्ने । | १. पालिकामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा बिरामीको चाप हेरी आवश्यक देखिएमा स्वास्थ्य सेवा तथा पूर्वाधार विस्तार गर्ने । साथै निर्माण हुने भवनहरु २४ घण्टे प्रसूती सेवाको मापदण्डको आधारमा बनाइने । | १. निर्माण शुरु भएका भौतिक पूर्वाधारको पुरा गरी सेवा विस्तार मार्फत् सबै पालिकाबासीमा संविधान प्रदत्त निःशुल्क आधार भूत स्वास्थ्य सेवा प्रत्याभूत गराइने । |
| २. गाँउपालिकामा रहेको स्वास्थ्य संस्थालाई संघ, प्रदेश र अन्य संस्थाहरूसँग सहयोग र समन्वयमा ३० शैयामा स्तरोन्नती गर्नको लागि आवश्यक प्रक्रिया पूरा गरी काम शुरुवात गर्ने ।<br>२.१. कोरोना संक्रमण हुन सक्ने सम्भावित मानिसहरुलाई राख्न पालिकाले तोकिएका Quarantine Centers व्यवस्थित गर्दै पालिकामा रहेका अन्य सार्वजनिक भवनहरूलाई पनि तयारी अवस्थामा राख्ने । | २. पालिकामा रहेका स्वास्थ्य संस्थालाई आवश्यक स्वास्थ्य जनशक्ति, विशेषज्ञ चिकित्सक, आधुनिक स्वास्थ्य उपकरण र ल्यावसहित ३० शैयाको अस्पतालमा स्तरोन्नती गरिसक्ने । | २. सम्भाव्यताको आधारमा ३० शैयाको गाँउपालिका अस्पताललाई जिल्लास्तरको विशेष अस्पतालमा स्तरोन्नती गर्ने । |
| ३. स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य संस्था स्थापना लागि सम्पूर्ण प्रक्रिया पूरा गर्ने । साथै, हाल प्रक्रियामा रहेका स्वास्थ्य चौकी पक्की भवन निर्माणको लागि सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माण कार्य शुरु गर्ने । | ३. बाँकी भवनरहित सबै स्वास्थ्य संस्था स्थापना गरिसक्ने | ३. बिरामीको चाप अनुसार स्वास्थ्य संस्थाहरूको आवश्यकता अनुसार सेवा र पूर्वाधारको विस्तार स्तरोन्नती गर्दै जाने । |
| ४. निर्माण शुरु गरेको भवनको निर्माण कार्य सम्पन्न गर्ने । | | |
| ५. केन्द्र र प्रदेशको सहयोग र समन्वयमा | ५. केन्द्र र प्रदेशको सहयोग र समन्वयमा | ४. केन्द्र र प्रदेशको सहयोग र समन्वयमा |

| | | |
|---|---|---|
| आफ्नै भवन नभएका (हाल खोप केन्द्रका भवन, सामुदायिक भवन र विद्यालयको भवनमा सञ्चालन भइरहेका शहरी स्वास्थ्य केन्द्र तथा हाल प्रिफ्याब भवनमा सञ्चालनमा रहेको स्वास्थ्य संस्थाहरूको आफ्नै पक्की भवन निर्माणको लागि प्रक्रिया शुरु गर्ने । | आफ्नै भवन नभएका (हाल खोप केन्द्रका भवन, सामुदायिक भवन र विद्यालयको भवनमा संचालन भइरहेका शहरी स्वास्थ्य केन्द्र तथा हाल प्रिफ्याब भवनमा संचालनमा रहेको स्वास्थ्य संस्थाहरूको आफ्नै पक्की भवन निर्माणको लागि प्रक्रिया शुरु गर्ने । | आफ्नै भवन नभएका (हाल खोप केन्द्रका भवन, सामुदायिक भवन र विद्यालयको भवनमा संचालन भइरहेका शहरी स्वास्थ्य केन्द्र तथा हाल प्रिफ्याब भवनमा संचालनमा रहेको स्वास्थ्य संस्थाहरूको आफ्नै पक्की भवन निर्माणको लागि प्रक्रिया शुरु गर्ने । |
| ६. पालिका क्षेत्रभित्र हुने स्वास्थ्य सेवा सम्बन्धी विभिन्न तालिम, गोष्ठी र भविष्यमा आइपर्ने विभिन्न सरुवा रोगका महामारी र विपदको बेला पनि प्रयोगमा आउन सक्ने एउटा छुट्टै हल निर्माण कार्यका लागि प्रक्रिया शुरु गर्ने । | ६. पालिका क्षेत्रभित्र हुने स्वास्थ्य सेवा सम्बन्धी विभिन्न तालिम, गोष्ठी र अन्य क्रियाकलापको लागि एउटा छुट्टै हल निर्माण कार्य पुरा गरिसक्ने । | |

ख. प्रतापपुर गाउँपालिकाको बजारका वडाहरू बाहेकका ग्रामीण वडाका बस्तीहरूमा सडक यातायातको सहज पहुँच पुग्न सकेको छैन । त्यसैले यातायातको कार्यक्रमलाई स्वास्थ्य सेवाको आवश्यकतासँग सामञ्जस्य गराई गाउँपालिकाका ग्रामीण वडाहरूका प्रत्येक बस्तीदेखि स्वास्थ्य संस्थाहरूसम्म एम्बुलेन्स र अन्य यातायातको साधनको पहुँच हुने गरी सडकको विस्तार गर्नुपर्ने आवश्यकता देखिएकोले यसका लागि आवधिक प्राथमिकता निर्धारण गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकाका ग्रामीण वडाहरूको प्रत्येक बस्तीहरूमा कम्तीमा एम्बुलेन्स र अन्य यातायातका साधनहरू बाह्रै महिना सहज रुपमा जान नसक्ने बस्तीहरू नजिकको बिन्दु पहिचान गरी त्यस्ता बस्तीहरूमा सडक विस्तारको लागि पहल शुरु गर्ने । | १. एम्बुलेन्स र अन्य यातायातका साधनहरू जान नसक्ने बस्तीहरूको पहिचानको आधारमा आगामी शुरु हुने नयाँ सडकका परियोजनाहरूसँग समन्वय गर्दै सडक विस्तारको काम शुरु गर्ने । | १. पालिकाको सबै बस्तीदेखि वडाका सबै शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पतालसम्म सडक र यातायातको पहुँचको विस्तार गरिसक्ने । |

ग. पालिकाको सुरक्षित मातृत्व सेवालाई थप सुधार गर्न प्रोटोकल अनुसार पहिलो पटक गर्भवती जाँच सेवा लिनेको संख्या, प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच सेवा लिनेको संख्या, दक्ष प्रसुतीकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मि.) प्रसुती गराउनेको संख्या, ३ पटक सुत्केरी जाँच गर्ने अभ्यासमा सुधार गर्नु जरुरी छ । गाउँपालिकाको केन्द्र आसपासका बासिन्दाहरूको प्रसुती सेवामा सहज पहुँच भए पनि ग्रामीण वडाहरूमा गुणस्तरीय प्रसुती सेवाको अझै पहुँच पुग्न सकेको छैन । मातृ मृत्युदरलाई तथा नव शिशु मृत्युदरलाई घटाउन निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. प्रसुती सेवाको पहुँच पुग्न नसकेको वडा तथा बस्तीहरूका स्वास्थ्य संस्थाहरूमा प्रसुती केन्द्र स्थापनाका लागि प्रक्रिया शुरु गर्ने । | १. पालिकाका सबै वडाका आफ्नै भवन भएका स्वास्थ्य संस्थाहरूमा स्थापना गरी क्लष्टरस्तरमा प्रसुती केन्द्र स्थापना र सञ्चालन गरिसक्ने । | १. विभिन्न वडा र समुदायलाई पायक पर्ने गरी क्लष्टर निर्धारण गरी क्लष्टरस्तरमा प्रसुती सेवा केन्द्र र पालिका स्तरमा आपत्कालीन प्रसुती सेवा इकाई (Emergency Obstetric Care Unit) स्थापना र सम्बन्धित विशेषज्ञको तैनाथीमा सेवा सञ्चालन गर्ने । |

| घ. पालिकामा प्राथमिक स्वास्थ्य केन्द्रलाई तथा अन्य स्वास्थ्य संस्थाहरूमा आधुनिक र विशिष्ट स्वास्थ्य सेवाहरू संचालन गरी अन्य स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य र शहरी स्वास्थ्य केन्द्रहरूलाई थप स्तरोन्नती गर्दै क्रमैसँग पालिकाका बिरामीहरूलाई पालिकाभित्रका स्वास्थ्य संस्थाहरूबाट आधुनिक स्वास्थ्य सेवा दिन निम्न अनुसारको आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ । | | |
|---|---|---|
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १. गाउँपालिका अस्पतालमा सडक दुर्घटना तथा प्राकृतिक प्रकोपका कारण हुने गम्भीर प्रकृतिका चोटपटक तथा आपत्कालीन स्वास्थ्य सेवाका लागि स्थानीय ट्रमा सेवा शुरू गर्न आवश्यक प्रक्रिया पूरा गरि पूर्वाधार तयार गर्ने । | १. पालिकामा स्थानीय ट्रमा सेवा शुरु गर्ने । | १. सम्भाव्यताको आधारमा केन्द्र र प्रदेशको समन्वय र सहयोगमा स्थानीय ट्रमा सेवा केन्द्र स्थापना गर्ने । |
| २. स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रुपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनिकरणमा लक्षितकेन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा संचालन शुरु गर्ने । | २. पालिकामा किड्नी डायलाइसिस केन्द्र स्थापना गर्न आवश्यक प्रकिया पूरा गरी पूर्वाधार तयार गर्ने । | २. पालिका केन्द्रमा रहने स्वास्थ्य संस्थामा किड्नी डायलाइसिस सेवा सञ्चालन गर्ने । |
| | ३.स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रुपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनिकरणमा लक्षितकेन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा संचालनलाई निरन्तरता दिने । | ३. स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रुपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनिकरणमा लक्षितकेन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा आवधिक समीक्षा गर्दै निरन्तरता दिने । |
| ४. पालिकामा रहेका स्वास्थ्य संस्थाहरूमा तत्काल आवश्यक स्वास्थ्य उपकरणहरू र उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्ने । | ४.आवश्यकताको आधारमा थप स्वास्थ्य उपकरणहरू र उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्दै जाने । | ४. विभिन्न निकायसँगको समन्वयमा सबै किसिमका स्वास्थ्य जाँच उपकरण (USG, BCH, CR, X-ray, CT Scan) सेवा व्यवस्थापन गर्ने र पोष्टमार्टम् सेवा पनि शुरु गर्नुका साथै फार्मेसी सेवाको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गर्ने । |

| ङ. प्रतापपुर गाउँपालिकामा गर्भवती महिला, विभिन्न दुर्घटनामा परेका बिरामीहरू रगतको अभावको कारण अकालमा मृत्यु हुने सम्भावना न्यूनीकरणका लागि पालिकामा रहेको रक्त सञ्चार सेवा र रक्त सञ्चार केन्द्रलाई थप प्रभावकारी र व्यवस्थित बनाउन निम्नानुसारको आवधिक कार्यक्रम प्रस्तुत गरिएको छ । | | |
|---|---|---|
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १. रेडक्रसको स्थानीय इकाईको समन्वयमा संचालन भइरहेको रक्त सञ्चार केन्द्र (Blood Bank) लाई थप व्यवस्थित र स्तरोन्नती गर्ने । | १. रेडक्रसको स्थानीय इकाई तथा स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा आवश्यक अनुसार पालिकामा थप नयाँ रक्त सञ्चार केन्द्र (Blood Bank) स्थापना र स्तरोन्नती गर्ने । | १. रेडक्रसको स्थानीय इकाई तथा स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा आवश्यक अनुसार पालिकामा थप नयाँ रक्त सञ्चार केन्द्र (Blood Bank) स्थापना र स्तरोन्नती गर्ने । |

ज. संघीय सरकारले विभिन्न ८ थरी गम्भीर किसिमका रोगहरू क्यान्सर, मुटुरोग, मृगौला, अल्जाइमर्स, पार्किन्सन्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाको लागि नेपालभरि उपचार गर्दा १ लाख देखि ८ लाखसम्म आर्थिक सहायता गर्ने व्यवस्था रहेको छ। गाउँपालिकाको गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन थप आर्थिक सहयोगमा वृद्धि गर्दै संघीय सरकारले दिँदै आएको आर्थिक सहयोगलाई समेत पालिकाका गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म सेवा विस्तार गर्ने गाउँपालिकाको तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्ने गरी निम्न प्राथमिकता निर्धारण गरिएको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. विपन्न नागरिकहरूका लागि आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिने। | १. अति विपन्न वर्गहरूलाई ठूलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा सम्बन्धित बिरामीलाई आर्थिक सहयोगमा वृद्धि गर्ने। | १. उपयुक्त मापदण्ड र प्रक्रियाको आधारमा आर्थिक हैसियत कमजोर भएका नागरिक, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मध्ये क्यान्सर, मुटुरोग, पक्षाघात, दुवै मृगौलाले काम नगर्ने जस्ता गम्भीर प्रकृतिका बिरामीको उपचार पालिकाभित्र वा बाहिरका अस्पतालमा रुपमा निःशुल्क हुने व्यवस्था मिलाउने। |

झ. प्रतापपुर गाउँपालिकाका शिशु र बालबालिकालाई बी.सी.जी. एकपटक, डि.पि.टी. हेप.बी हिब तीन पटक, पोलियो तीन पटक, पि.सी.भी. तीन पटक, दादुरा रुबेला दुई पटक लगाइएको खोपमा दिने गर्ने र विभिन्न किसिमका ११ थरी प्रभावकारी रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १५ महिनाभित्र सबै खोप पूरा लगाइसक्नु पर्ने कुरालाई पालिकाले उच्च प्राथमिकतामा राखेको छ। यसकारण खोप सेवाको गुणस्तरीयताका केही सीमितता रहेका छन्। पूर्ण खोपयुक्त पालिका सुनिश्चिततालाई निरन्तरता र सुधारका लागि निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. स्वास्थ्य संस्था बाहिरका खोप स्थल निर्धारित र व्यवस्थित गर्ने, कोभिड १९ को कारण खोप कार्यक्रमलाई प्रभावित हुन नदिन पालिका स्वास्थ्य शाखा, प्रत्येक वडाका स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र र निर्धारित खोप केन्द्र बिचको समन्वयमा खोप सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउने। | १. पालिकाको सबै वडाहरूमा व्यवस्थित तथा निश्चित ठाउँ (भएका पूर्वाधार वा आवश्यक सामान्य पूर्वाधार विस्तार वा सुधारसहित) मा खोप केन्द्र स्थापना गर्ने। | १. आवश्यकता अनुसार थप खोप केन्द्र स्थापना र संचालन गर्ने। |
| २. पूर्ण खोपयुक्त पालिका सुनिश्चिततालाई निरन्तरता दिने। | २. पूर्ण खोपयुक्त पालिका सुनिश्चिततालाई निरन्तरता दिने। | २. पूर्ण खोपयुक्त पालिका सुनिश्चिततालाई निरन्तरता दिने। |

ञ. पोषित बालबालिकालाई कुनै पनि देशको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा लिने गरिन्छ। पालिकामा रहेका बालबालिकाको पोषणलाई ध्यानमा राखी बालबालिकामा देखिने कुपोषण जस्ता समस्यालाई कम गर्ने निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकाको कुपोषण न्यूनिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउन केन्द्रसँग समन्वय गरी पालिकाका संयन्त्रलाई सक्षम बनाउने। | १. पालिकाको कुपोषण न्यूनिकरण कार्यक्रम हेर्ने संयन्त्रलाई थप सक्षम बनाउँदै तुलनात्मक रूपमा कम पहुँचयुक्त वडाको बस्तीमा थप प्रभावकारी बनाउने। | १. पालिकामा सबै किसिमका कुपोषणहरूको पूर्ण रूपमा अन्त्य गर्ने। |

द. गाउँपालिकाका ग्रामीण क्षेत्रहरूका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलनात्मक रूपमा कम रहेको छ। यसै गरि धामी झाँक्रीको प्रभाव रहेको छ। पालिकामा देखिएका प्रमुख सर्ने, नसर्ने रोगहरू तथा दीर्घ रोगहरू, यौन तथा प्रजनन शिक्षा, पोषण सम्बन्धी तथा अन्य स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू अझै सञ्चालन गर्नुपर्ने छ। जनचेतनाका कार्यक्रमहरू साथै संघ, प्रदेश, पालिका र अन्य संघ संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाहरू बारे जानकारीमूलक कार्यक्रमहरू कम मात्रामा भएको देखिएको छ। पालिकामा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा पालिकाका स्वास्थ्य संस्थासँग साझेदारी र सहकार्यमा यस्ता जनचेतनामूलक कार्यक्रम गर्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएका छ।

| २०८१/०८२ | २०८२/०८३ – २०८३/०८४ | २०८४/०८५ – २०८५/०८६ |
|---|---|---|
| १. सर्ने र नसर्ने रोगको रोकथाम र उपचार, मातृशिशु, स्वास्थ्य, पोषण, पानीजन्य रोग तथा सरसफाई, मनोसामाजिक समस्या, महिलाहरूको पाठेघरको समस्या, स्तन क्यान्सर महामारीको रूपमा फैलिएको कोभिड १९ लगायत सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक गतिविधि सञ्चालन गर्ने। | १. सर्ने र नसर्ने रोगको रोकथाम र उपचार, मातृशिशु, स्वास्थ्य, पोषण, पानीजन्य रोग तथा सरसफाइ, मनोसामाजिक समस्या, महिलाहरूको पाठेघरको समस्या, स्तन क्यान्सर लगायत सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू र स्वास्थ्य शिविरहरूलाई नियमित कार्यक्रमको रूपमा संचालन गर्ने। | १. पालिकामा देखिएको प्रमुख रोगहरू जस्तै: मुटु रोग,दम, क्यान्सर, स्तन क्यान्सर, cervical cancer, मधुमेह, रक्तचाप, श्वासप्रश्वास सम्बन्धी रोगहरू न्यूनिकरण गर्ने कार्यमा प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने। |
| २. पालिकाको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी सम्बन्धमा महिला स्वयंसेविका मार्फत् वा अन्य विधिबाट प्रचार प्रसार गर्ने। | २. पालिकाको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी र अन्य कार्यक्रमहरूलाई प्रचार प्रसार गर्दै थप प्रभावकारी र उपलब्धीमूलक बनाउन महिला स्वयंसेविकाहरूलाई थप सक्रिय पार्नुका साथै यस्ता सेवाको जानकारीका लागि पालिका कार्यालय र सबै स्वास्थ्य संस्थाहरूमा अनिवार्य रूपमा बडापत्र र डिजिटल बोर्ड राख्ने। | २. पालिकाको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी र अन्य कार्यक्रमहरूलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाउन महिला स्वयंसेविका मार्फत वा अन्य विधिबाट प्रचार प्रसार गर्दै सबै पालिकावासीलाई पूर्णरूपमा यस्ता कार्यक्रम बारे सुचित गर्ने। |
| ३. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्ने प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने। | ३. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्ने प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने। | ३. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्ने प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने। |
| ४. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्न गरी सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने। | ४. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्न सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने। | ४. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यासअन्त्य गर्न सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने। |
| ५. स्वास्थ्य सचेतनाको चुनौति कम गर्न धामी, झाँक्री, लामालाई लक्षित गरी स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्ने। | ५. स्वास्थ्य क्षेत्रको चुनौतिका रूपमा रहेको परम्परागत अभ्यास कम गर्न धामी, झाँक्री, लामालाई लक्षित गरी स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तर दिने। | |
| ६. महिलाहरूमा पाठेघरका समस्या र | ६. महिलाहरूमा पाठेघरका समस्या र | ६. महिलाहरूमा पाठेघरका समस्या र स्तन |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| स्तन क्यान्सर बारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रम लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने । | स्तन क्यान्सर बारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रमको प्रगतिको आवधिक समीक्षा गर्दै लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । | क्यान्सरबारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रमको प्रगतिको आवधिक समीक्षा गर्दै लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |

ठ. नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत ५ जना सदस्य भएको परिवारको वार्षिक रु. ३ हजार ५ सय बिमा किस्ता तिर्दा १ वर्षको अवधिभर रु. १ लाखसम्मको स्वास्थ्य सेवा लिन सकिने छ भने ५ जना भन्दा बढी सदस्य भएका परिवारमा थप प्रति सदस्य रु. ७ सय बापत २० हजारसम्मको स्वास्थ्य सेवा लिन सकिने छ । साथै ७० वर्ष माथिका जेष्ठ नागरिक र बिमा किस्ता तिर्न नसक्ने परिवारको लागि भने नेपाल सरकारले नै निःशुल्क गरिदिने व्यवस्था रहेको छ । नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम प्रतापपुर गाउँपालिकामा लागु भइसकेको छैन । अति विपन्न, गरिब, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत सबै पालिकाबासीसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न नेपाल सरकारको बिमा कार्यक्रमलाई पालिकामा अविलम्ब शुरु गर्न संघीय सरकारसँग आवश्यक पहल गर्नुका साथै विशेष स्वास्थ्य बिमाको कार्यक्रमलाई आवश्यकता अनुसार अघि बढाउनु पर्ने भएकाले निम्नानुसारको प्राथमिकता निर्धारण गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १.आवश्यक पूर्वाधारसहित पालिकामा नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम सेवा शुरु गर्न संघसँग आवश्यक पहल गर्ने ।<br>१.१. कोभिड-१९ को परीक्षण, उपचार र यसको रोकथाममा खटिएका स्वास्थ्य कर्मी, सुरक्षाकर्मी लगायतका अन्य कर्मचारीहरूका लागि कोरोना बिमाका लागि पालिकाबाट आवश्यक सहयोग गर्ने । | १. आवश्यक पूर्वाधारसहित पालिकामा नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम सेवा शुरु गर्ने । | १. पालिकामा रहेको सबै अति विपन्न, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा असहाय नागरिकहरूलाई निःशुल्क बिमा सेवाको दायरामा ल्याइसक्ने । |

ड. गाउँपालिकामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र लगायतका केही स्वास्थ्य संस्थाहरूमा पालिकाबासीहरूले स्वास्थ्य सेवा लिन लामो समय पर्ने बिरामीहरू लाम लाग्नु पर्ने टिकट काट्न र सेवा लिन धेरै समय खर्चनु परेको छ । साथै, स्वास्थ्य संस्थाहरूमा सूचना प्रविधिहरूको प्रयोग कम रहेको छ । यसकारण स्वास्थ्य सेवालाई तथा छिटो छरितो र प्रभावकारी बनाउन तथा डिजिटल तथ्याङ्कलाई थप व्यवस्थित गर्ने र सूचना प्रविधिमा आधारित स्वास्थ्य सेवालाई थप व्यवस्थित बनाउन निम्न आवधिक कार्यक्रमहरू तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. हाल पालिकामा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गर्ने । | १. हाल पालिकामा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गरी सक्ने । | |
| २. पालिकामा संचालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क संकलन गर्ने । | २. पालिकामा संचालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क अद्यावधिक भएको सुनिश्चित गर्ने । | २. पालिकामा संचालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्कहरू नियमित अद्यावधिक र थप परिमार्जित समयका लागि उपयोगी बनाउने । |
| ३. पालिकाका स्वास्थ्य संस्थाहरूमा आउने बिरामीहरूको डिजिटल प्रोफाइल राख्न शुरु गर्ने । | | |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ४. स्वास्थ्य संस्थाहरूमा बिरामीहरूको उपचार तथा तथ्याङ्कको गोपनियता कायम राख्ने व्यवस्था गर्ने । (विशेषगरी महिलाहरूको गर्भपतन, यौन रोग बारे आदि) | | |

ङ. नेपाल सरकारले हाल ७० भन्दा बढी औषधीहरू स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रूपमा वितरण गर्दै आएको छ । पछिल्लो पटक प्रतापपुर गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधीहरूको उपलब्धता रही आएको सन्दर्भमा यो सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन निम्न प्राथमिकताका कार्यक्रम प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकामा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दात कायम राख्ने । | १. पालिकामा रहेका स्वास्थ्य संस्थाहरूका न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप व्यवस्थित बनाउने । | १. पालिकामा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप व्यवस्थित बनाउने । |

च. गाउँपालिकाको स्वामित्वमा रहेका र प्राथमिक स्वास्थ्य केन्द्रमार्फत सञ्चालित एम्बुलेन्स र निजी क्षेत्रबाट समेत एम्बुलेन्स सञ्चालनमा रहेका छन् । पालिकाअन्तर्गत सञ्चालित एक मात्र एम्बुलेन्स पालिकावासीका लागि पर्याप्त छैन । भविष्यमा पालिकामा आधुनिक र सुविधा सम्पन्न 'ख' वर्गको एम्बुलेन्स सेवा सुचारु गर्दै आकस्मिक तथा द्रुत प्रणाली सुदृढीकरण गर्न निम्न प्राथमिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. प्रदेश सरकारसँगको समन्वयमा पालिकामा "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रशासनिक प्रक्रिया पुरा गर्ने । | १. पालिकाको विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी, ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई कम्तीमा पनि "ख" वर्गको एम्बुलेन्स सञ्चालन गर्ने । | १. "ख" वर्गको एम्बुलेन्सको संख्या र सेवा विस्तार गरी सबै वडा र बस्तीलाई यो सेवाको पहुँचमा ल्याइसक्ने । यसका लागि आवश्यकता अनुसार स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गर्ने । |
| २. गाउँपालिकाका विकट वडाहरूमा विपन्न, गर्भवती, सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने । | २. गाउँपालिकाका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्डको आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै निरन्तरता दिने । | २. गाउँपालिकाका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्डको आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै निरन्तरता दिने । |
| ३. हाल सडक यातायात र एम्बुलेन्सको पहुँच नपुगेका गाउँपालिकाका वडाहरूका टोलस्तरमा आवश्यकता अनुसार स्ट्रेचर उपलब्ध गराउने । | | |

न. पालिकाको स्वास्थ्य क्षेत्रमा एक प्रमुख समस्या मध्ये यहा जनशक्तिको अपर्याप्तता पनि एक हो । प्रतापपुर गाउँपालिकामा दरबन्दी अनुसारको स्वास्थ्य शाखामा आवश्यक कर्मचारी र स्वास्थ्य संस्थाहरुमा दक्ष र पर्याप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, स्वास्थ्य व्यवस्था सञ्चालन गर्ने दक्ष जनशक्तिहरुको कमी रहेको छ । अस्पतालको प्राथमिक स्वास्थ्य केन्द्रको तुलनामा [illegible] नहुनुका कारण पालिकामा रहेका प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मीको उपलब्धता [illegible] पनि पालिकामा विशेषज्ञ चिकित्सक र वडाका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रहरुमा स्वास्थ्यकर्मीहरु पर्याप्त छैनन् । संघ, प्रदेशबाट पालिकामा उपलब्ध हुने कर्मचारी बाहेक पालिकाको आफ्नै स्थानीय [illegible] स्वास्थ्य सेवाका लागि जनशक्तिको व्यवस्थापन गर्ने आवश्यक रहेको छ । यसैगरी पालिकामा कार्यरत कर्मचारीहरु प्रशासन, व्यवस्थापन र प्राविधिक क्षेत्रका नेपाल सरकारबाट नियमित रुपमा सञ्चालन हुने बाहेक स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम पालिकाले [illegible] सञ्चालन गर्न सकिएको छ । पालिकाका स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तियुक्त बनाई स्वास्थ्य सेवालाई थप सुधार र प्रभावकारी बनाउन निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरु प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. संगठन र व्यवस्थापन सर्वेक्षणमार्फत तत्काल, मध्यकाल र दीर्घकालका लागि चाहिने स्वास्थ्य क्षेत्रको जनशक्तिको संख्या र स्तर प्रक्षेपण गर्ने । | १. संगठन र व्यवस्थापन सर्वेक्षण नतिजा अनुसार मध्यकालका लागि निर्धारित नगरको संगठन ढाँचा बमोजिम स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थालाई जनशक्ति व्यवस्थापन गरिसक्ने । | १. पालिकाको सरकारी अस्पताललाई राष्ट्रिय मापदण्डअनुसारको प्राविधिक, पूर्वाधार र जनशक्तियुक्त बनाउने । |
| २. सबै स्वास्थ्य संस्थामा अल्पकालका लागि आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन गरिसक्ने । संघीय सरकारको नीति अनुसार पालिकामा रहेका स्वास्थ्य स्वयंसेविकाहरुलाई आवश्यक स्वास्थ्य सुरक्षाका सामग्रीहरु उपलब्ध गराई कोभिड १९ सम्बन्धी सचेतनामूलक गतिविधि तथा अन्य रोकथामका कार्यक्रमहरुमा खटाउने । | | |
| ३. वडाको स्वास्थ्य चौकीहरुमा कम्तीमा महिनाको एक दिन चिकित्सकको सेवा उपलब्ध हुने व्यवस्था गर्नुका साथै प्राथमिक स्वास्थ्य केन्द्रमा एक जना सरुवा रोग सम्बन्धी विशेषज्ञ चिकित्सकको व्यवस्थाका लागि आवश्यक समन्वय | ३. वडास्तरका स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य केन्द्रमा महिनाको एक पटक डाक्टरबाट स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिने । | ३. आवश्यकता र सम्भाव्यताको आधारमा प्रत्येक वडाका स्वास्थ्य संस्थालाई पूर्वाधार र सेवामा स्तरोन्नती गर्दै कम्तीमा पनि एक जना डाक्टरको आवश्यक प्रबन्ध मिलाउने । |
| ४. गाउँपालिकाको कार्यपालिका अन्तर्गतको सामाजिक विकास समितिमा स्वास्थ्य फोकल पर्सन तोक्ने । | | |
| ५. नेपाल सरकारबाट नियमित रुपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम तय गर्ने । | ५. स्वास्थ्य सूचनामा आधारित अनुगमन, मूल्यांकन, समीक्षा, नीति निर्माण तथा निर्णय प्रक्रिया व्यवस्थित गर्ने गरी स्वास्थ्य शाखाको क्षमता विकास गर्ने । | ५. गाउँपालिका स्वास्थ्य शाखालाई अनुगमन र सुपरिवेक्षण गर्न सक्ने गरी आवश्यक जनशक्ति, उपकरण र सूचना प्रविधियुक्त बनाउने । |
| ६. पालिकाका स्वास्थ्यकर्मी र कर्मचारीहरुको भौतिक तथा व्यवसायिक सुरक्षाका मापदण्ड तयार गर्ने । | ६. पालिकाका स्वास्थ्यकर्मी र कर्मचारीहरुको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तय गरी कार्यान्वयन गर्ने । | ६. पालिकाका स्वास्थ्यकर्मी र कर्मचारी हरुको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड कार्यान्वयनको आवधिक समीक्षा गरी समय अनुकुल परिमार्जन गर्दै जाने । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ७. पालिकाका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीको शुरुवात गर्ने । | ७. पालिकाका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणाली लागू गरी वार्षिक रुपमा कार्यान्वयन गर्ने । | ७. पालिकाका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीलाई निरन्तरता दिने । |
| ८. स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा त्रैमासिक समीक्षा बैठक बस्ने पद्धतिको शुरुवात गर्ने । सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठक सञ्चालन गर्ने । | ८. स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा त्रैमासिक समीक्षा बैठक र सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठकलाई निरन्तरता दिने । | ८. स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा त्रैमासिक समीक्षा बैठक र सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठकलाई निरन्तरता दिने । |

ख. पालिकाको स्वास्थ्य शाखामा प्रशासनिक कार्यका लागि उपकरणको र अनलाइन रहेको पर पनि लगाइएका सेवा अस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रमा प्रशासन कार्य गर्नको निमित्त, बिरामीहरूको डिजिटल प्रोफाइल राख्न तथा अन्य तथ्याङ्कको डिजिटल अभिलेख राख्नको लागि आवश्यक कम्प्युटर लगायतका उपकरणको अपर्याप्तता छ । उपलब्ध भएका सामाग्रीहरूको प्रयोग पनि सीमित मात्रामा मात्र भएको छ । पालिकाका स्वास्थ्य संस्थाहरूमा पर्याप्त र व्यवस्थित तथ्याङ्क डिजिटल अभिलेख नहुँदा पालिकाको वास्तविक स्वास्थ्य सूचकाङ्क निकाल्न सकिने अवस्था छैन । यसकारण पालिकाका तथ्याङ्कको डिजिटल अभिलेखलाई अझ व्यवस्थित स्वास्थ्य सेवाका कार्यक्रम तथा निर्णयलाई तथ्यपरक बनाउन निम्न कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १ पालिका र मातहतका सबै स्वास्थ्य शाखाहरूमा स्वास्थ्य सम्बन्धी तथ्याङ्कको डिजिटल अभिलेख राख्न आवश्यक कम्प्युटर, प्रिन्टर र इन्टरनेटको व्यवस्था गर्ने । स्वास्थ्य कर्मचारीहरूका लागि विद्युतीय हाजिरको व्यवस्था गर्ने । | १. पालिकाको आवश्यकता अनुसार सबै स्वास्थ्य संस्थाबाट पालिकावासीको स्वास्थ्य सम्बन्धी सूचना पालिकामा प्राप्त हुने र नियमित विश्लेषण हुने व्यवस्था मिलाउने । | १. आवश्यक उपकरण र प्रविधिसहित स्थानीय स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली निर्माण र कार्यान्वयन गर्ने । |

ग. गाउँपालिका अन्तर्गतका स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाका व्यवस्थापन समिति, जनप्रतिनिधि, सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी र अन्य सरोकारवालाहरू बिच स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्य तथा उपलब्धीहरूबारे, लक्ष्य प्राप्ति भएका प्रगति समीक्षाका आधारमा कमी कमजोरी पूर्तिको रणनीति तयार बनाउने गरी आवधिक प्राथमिकता तय प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. उपयुक्त कार्यविधि निर्माणगरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन पालिका स्वास्थ्य अनुगमन समिति गठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई संस्थागत र नियमित गर्ने । | १. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन पालिका स्वास्थ्य अनुगमन समिति गठन, पुर्नगठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समिति सहितको समन्वय बैठकलाई नियमित गर्ने । | १. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन पालिका स्वास्थ्य अनुगमन समिति गठन, पुर्नगठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई नियमित गर्ने । |
| २. स्वास्थ्य शाखाले मातहतका स्वास्थ्य संस्थासँगको मासिक बैठक गर्ने र स्वास्थ्य समिति तथा सम्बन्धित स्वास्थ्य संयन्त्र बिचमा नियमित समन्वयात्मक बैठक गर्ने । | २. पालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षा गर्ने । | २. पालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षाको निरन्तरता दिने । |

| | | |
|---|---|---|
| ३. नियमित बैठक तथा अनुशिक्षण मार्फत् पालिकामा रहेका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन समितिलाई थप उत्तरदायी र सक्रिय बनाउने । | | |
| ४. पालिकास्तरमा द्रुत प्रतिकार्य टोली (RRT) क्रियाशिल गराउन आवश्यक तालिम र अनुशिक्षण उपलब्ध गराउने साथै आवश्यक उपकरणहरूको पूर्ण व्यवस्था गर्ने । | | |

७. सुरक्षित खानेपानी, सरसफाईका पर्याप्त पूर्वाधार र तिनको उचित व्यवस्थापनविहीन स्वास्थ्य संस्थालाई स्वच्छ, सफा र सक्षम बनाउन लागि समेत अनुकरणीय बनाउन् सामुदायिक स्वास्थ्य र स्वास्थ्य सेवाको दृष्टिकोणले अपरिहार्य हुन्छ । यसैलाई दृष्टिगत गरी खानेपानी र सरसफाई सम्बन्धी प्राथमिकता निम्नानुसार तयार गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई गाउँपालिका मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतिक्षास्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने । | १. सबै स्वास्थ्य संस्थामा खानेपानी तथा सरसफाईका पूर्वाधार एवं सेवालाई गाउँपालिका मापदण्डमा पुऱ्याउने र विश्रामस्थल वा प्रतिक्षालय आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य गरिसक्ने । | २. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई दीर्घकालीन व्यवस्था गर्ने । |
| २. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई व्यवस्थापन गर्ने । | २. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई दीर्घकालीन व्यवस्था गर्ने । | |

८. प्रतापपुर गाउँपालिकामा रहेका आयुर्वेद औषधालय केन्द्र गाउँपालिकाभर सेवा विस्तारका लागि यसलाई थप व्यवस्थित गर्न आवश्यक छ । स्थानीयस्तरमा उपलब्ध औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको पहिचान, संकलन, संरक्षण र प्रवर्द्धनको लागि पनि योजना निर्माण गर्न आवश्यक छ । साथै, प्रचलित प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई निश्चित मापदण्डको आधारमा मूल्याङ्कन तथा व्यवस्थित गर्दै आयुर्वेद, योग र प्राकृतिक चिकित्सा सेवासहितको आयुर्वेद, योग र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गरी स्वास्थ्य पर्यटनलाई समेत प्रवर्द्धन गर्ने निम्न प्राथमिक कार्यक्रमहरू प्रस्तुत छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. आयुर्वेद औषधालय स्थापनाको लागि आवश्यक प्रक्रिया शुरु गरी पूर्वाधार तयार गर्ने । सञ्चालनका लागि आवश्यक प्रक्रिया शुरु गरी पूर्वाधार तयार गर्ने । | १ गाउँपालिकामा एक आयुर्वेद औषधालय स्थापना गर्ने । व्यायाम केन्द्र सञ्चालन गर्ने । | १. आयुर्वेद सेवालाई आवश्यकता अनुसार पालिकाको सबै वडाहरूमा विस्तार गर्ने । |
| २. प्राकृतिक चिकित्सालाई प्रोत्साहन गर्न पालिकाका प्रत्येक वडाहरूमा योगा तथा सामुदायिक व्यायाम केन्द्र | २. प्राकृतिक चिकित्सालाई प्रोत्साहन गर्न विभिन्न वडा र समुदायलाई पायक पर्ने गरी क्लष्टर निर्धारण गरी क्लष्टरस्तरमा योगा तथा सामुदायिक | २.क्लष्टरस्तरमा योगा तथा सामुदायिक व्यायाम केन्द्रलाई थप व्यवस्थित गर्दै लैजाने । |
| ३. स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने । | ३. सम्भाव्यता अध्ययनको आधारमा स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना गर्न सम्पूर्ण प्रक्रिया पुरा गर्ने । | ३. सम्भाव्यताका आधारमा संघ र प्रदेश सरकारसँगको समन्वयमा स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना र सञ्चालन गर्ने । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ४. गाँउपालिका स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्ने सम्भाव्यता अध्ययन गर्ने । | ४. सम्भाव्यता अध्ययनको आधारमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्संग समन्वय गरी गाँउपालिका स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्ने सम्पूर्ण प्रक्रिया पुरा गर्ने । | ४. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्संग समन्वय गरी गाँउपालिकाको छुट्टै पालिका स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्ने । |
| ५. गाउँपालिका र विभिन्न वडाहरुमा स्वयंसेविका कोष स्थापना गरिएको छ । कोषलाई थप व्यवस्थित र स्वास्थ्य स्वयंसेविका हितमा लगानी गर्ने विभिन्न आवधिक कार्यक्रमहरु प्रस्तुत गरिएका छ । | | |
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १. पालिका र वडास्तरको स्वयंसेविका कोषलाई थप व्यवस्थित बनाउनुका साथै कोभिड १९ महामारी रोकथामको लागि आवश्यक स्रोत जुटाउने र कोरोना संक्रमितहरू तथा यसबाट प्रभावितहरूका परिवारलाई आवश्यक सहयोग गर्ने । | १. पालिका र वडास्तरका स्वयंसेविका कोषलाई कोषलाई थप बलियो बनाइ प्रत्यक्ष आर्थिक लाभ बाहेकको स्वास्थ्य स्वयंसेविका हितमा लगानी गर्ने । | १. पालिका र वडास्तरका स्वयंसेविका कोषलाई थप बलियो र व्यवस्थित बनाउने । |

## ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### १. परिचय

नेपालको सन्दर्भमा लैङ्गिक समानता अन्तर्गत मूलत: महिला तथा लैङ्गिक अल्पसंख्यकको सम्मान, सुरक्षा, अवसर र न्यायको विषय पर्छन् । सामाजिक समावेशीकरण भन्नाले विविध कारणले वहिष्करणमा परेका वर्ग क्षेत्र, लिङ्ग र सम्प्रदायका नागरिकको राज्य संचालन प्रक्रियामा मूल प्रवाहीकरण गर्ने विषय पर्छन् । विभिन्न जातजातिको समिश्रण रहेको प्रतापपुर गाँउपालिका जनसाङ्ख्यिक अवस्थाका आधारमा एक समावेशी गाँउपालिका हो । प्रतापपुरमा बसोबास गर्ने सबै जातजाति लगायत महिला, अपाङ्गता भएका व्यक्ति लगायत सबैको बराबर सम्मान र समान अवसरको सुनिश्चितताका लागि पालिकाले विभिन्न प्रयास गरिरहेको छ । नागरिकका बिच उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुरामा भेदभाव नगरिने कुरा नेपालको संविधानले मौलिक हकका रुपमा समावेश गरेको सन्दर्भमा निर्वाचित स्थानीय सरकार गठनसँगै संविधान प्रदत्त समानताको हक सुनिश्चिततालाई स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा प्रतापपुर दृढ छ । प्रतापपुर गाँउपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम अन्तर सम्बन्धित विषयका रुपमा समावेश गरी कार्यान्वयन गर्दै आएता पनि स्थानीय रुपमा कानूनी र नीतिगत प्रबन्ध गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सेवालाई सम्बोधन गर्ने सवालमा कमी महसुस गरिएको छ ।

### २. वर्तमान अवस्था

२०७८ को जनगणना अनुसार कुल जनसंख्या मध्ये महिला र पुरुषको साक्षरता दर क्रमश: ६३.६ प्रतिशत र ८२.४ प्रतिशत रहेको छ । संवैधानिक प्रावधान कार्यान्वयनसँगै पालिकाको निर्णय प्रक्रियामा महिला, दलित लगायतको प्रतिनिधित्व विस्तार भएको छ । तथापि सबैस्तरमा समान प्रतिनिधित्व, पहुँच र अवसरका लागि थप प्रयत्न गर्नुपर्ने आवश्यकता पालिकाले महसुस गरेको छ ।

### ३. लक्ष्य

स्थानीय शासन र सेवामा सबैको अर्थपूर्ण सहभागिता, समानता र न्याय सुनिश्चित गर्ने ।

### ४. उद्देश्य

लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई नीतिगत रुपमा सम्बोधन, विकास निर्माण र निर्णय प्रकियामा सहभागिता प्रवर्द्धन र स्थानीय संयन्त्रको क्रियाशीलता वृद्धि गरी लैंगिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने ।

- योजना तर्जुमा प्रकृया देखि कार्यान्वयन तथा अनुगमतह सम्म महिला, बालबालिका सिमान्कृत, दलित तथा संकटासन्न समुदायमा अर्थपूण सहभागितामा वृद्धि गर्ने ।
- उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ४० प्रतिशत पुऱ्याउने साथै दलित, जनजाति र पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने ।

- विभिन्न समितिमा महिला, दलित जनजातिको वा लोपोन्मुख जातिको सहभागिता सुनिश्चितताको व्यवहारिक कार्यान्वयनमा जोड दिने ।
- पालिकामा निर्माण भएका र निमांण हुने सार्वजनिक पूर्वाधार अपाङ्गता मैत्री बनाउन थालनी गर्ने ।
- महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- दुर्व्यवहार⁄ बेचबिखनको जोखिममा परेका महिलाहरूको लागिआवास गृह निर्माणका लागि अध्ययन र पूर्व तयारी गर्ने ।
- महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने ।
- महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने ।
- महिला तथा बालबालिका शाखालाई अपाङ्गतामैत्री र बालमैत्री बनाउन थालनी गर्ने ।
- वायु प्रदूषणका असर र प्रभावका बारेमा महिला, बालबालिका तथा समुदाय स्तरमा सूचना प्रवाह गरी सामाजिक व्यवहारमा परिर्वत ल्याई स्वास्थ्य स्तरमा सुधार ल्याउने ।

## ५. सम्भावना तथा अवसरहरु

- लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका आधारहरू तयार हुनु,
- उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता बढिरहनु,
- दलित, जनजाति र पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने कार्यका लागि समुदायस्तरबाट सहयोग प्राप्त हुने अवस्था रहनु
- शिक्षा र स्वास्थ्य क्षेत्रमा महिला (छात्रा लगायत), अपांगता भएका व्यक्ति, दलित, अल्पसंख्यक आदिका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त भइरहेका र हुने सुविधा तथा सहयोग आदि लैंगिक समानता सामाजिक समावेशीकरण प्रवर्द्धनका मुख्य अवसरका रुपमा रहेका छन् ।
- नागरिकको संवैधानिक हकको सुनिश्चितताका लागि पालिकाले संविधान र कानूनले दिएको अधिकारमार्फत् स्वास्थ्यका नीति र योजना तयार गरी आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र सेवा उपलब्ध गराउने अवसर छ ।

## ६. चुनौतिहरु

- लक्षित वर्गको वास्तविक पहिचान नहुनु
- प्रत्येक वडामा बालमैत्री, ज्येष्ठ नागरिक मैत्री, अपाङ्गमैत्री भवन निर्माण नहुनु,
- अधिकारको प्रयोग गर्न खोज्ने तर व्यवसायिकतातर्फ उन्मुख गर्न नसकिएको
- महिलामाथि हुने सबै प्रकारका हिंसा र शोषण अन्त्य गर्नु, सम्पत्तीमाथि महिलाको पहुँच स्थापित गर्नु, पछाडी परेका समुदाय, अपांगता भएका व्यक्ति र ग्रामीण महिलासहित समग्र महिलाको जीवनस्तरमा सुधार ल्याउनु

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीतिगत र कानूनी रुपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवाललाई सम्बोधन गर्ने । | १. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानूनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| | २. नीति तथा कानूनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी पालिकामा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गरिने छ । |
| | ३. बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिनेछ । |
| | ४.संविधानमा व्यवस्था भएअनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ । |
| | ५. महिला सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ । |
| | ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्दै लगिने छ. |
| | ७. योजना तर्जुमा प्रकृया देखि कार्यान्वयन तथा अनुगमन तह सम्म महिला, बालबालिका, जेष्ठ नागरिक, दलित तथा संकटासन्न समुदायमा अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरिने छ । |
| २. पालिकाको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्ने । | १. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महसुस हुने गरी पालिकाको सेवालाई पहुँचयोग्य बनाइने छ । |
| | २. पालिकाको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ । |
| | ३. पालिकामा निर्माण हुने हरेक सार्वजनिक संरचना अपांगतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइनेछ । |
| | ४. दुर्व्यवहार/विस्थापनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ । |
| | ५. आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ । |
| | ६. पालिकामा रहेका संघ संस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँचयोग्यता र सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिनेछ । |

| | |
|---|---|
| ३. सामाजिक समावेशीकरण प्रवर्द्धनको भूमिकामा रहेको पालिका संयन्त्रलाई क्षमतायुक्त बनाउने । | १. पालिकामा रहेको महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ । |
| | २. महिला तथा बालबालिका शाखालाई प्रविधिमैत्री बनाइनेछ । |
| | ३. महिला तथा बालबालिका शाखाका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ । |
| | ४. तालिम, अनुशिक्षण लगायतका विधिमार्फत् महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिको अधिकार, पहुँच तथा पालिकाको भूमिका सम्बन्धमा सबै पालिका अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने छ । |
| | ५. पालिकाभित्र, पालिकामा रहेका संघ संस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता, सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अलग्गै लेखाजोखा प्रणालीलाई संस्थागत गरिने छ । |
| ४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पालिकाबाट प्रवाह गरिने सेवा प्रभावकारिता बढाउने । | १. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइनेछ । |
| | २. सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्याङ्क व्यवस्थापन गरिनेछ । |
| | ३. सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ । |
| | ४. ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने छ । |
| ५.वातावरण तथा वायु प्रदूषण व्यवस्थापनका बारेमा महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूको सवाल तथा प्राथमिकताको सुनुवाई तथा सम्बोधनको सुनिश्चितता गर्ने । | १ वायु प्रदूषणका असर र प्रभावका बारेमा महिला तथा बाल समूह मार्फत महिला, बालबालिका तथा समुदाय स्तरमा सूचना प्रवाह गरि सामाजिक व्यवहारमा परिवर्तन ल्याइने छ । |
| | २. महिला नेतृत्वमा समुदाय स्तरिय वातावरण तथा विपद व्यवस्थापन समिति, नागरिक समाज तथा सञ्जाल गठन गरि वायु प्रदूषण व्यवस्थापनलाई प्रभावकारी बनाइने छ । |
| | ३. वायु प्रदूषण व्यवस्थापनका बारेमा महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूको सवाल तथा प्राथमिकताका बारेमा नागरिक समाज तथा सञ्जाल मार्फत समुदाय स्तरमा छलफल गरि स्थानीयतहको योजना प्रकृयामा समावेश गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

## ८. आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

| क. प्रतापपुर गाउँपालिकाले सेवा प्रवाह र विकास निर्माणमा ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिने तथा योजना तथा विकास निर्माणको प्रक्रियामा सहभागिता प्रवर्द्धनको अभ्यास गरिएको छ । तथापि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति तथा छुट्टै कानून नभएको तथा सबै क्षेत्रका नीति तथा कानूनमा यी पक्ष विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएकोले नीतिगत र कानुनी व्यवस्था निर्माणको आवधिक कार्यसूची यहाँ प्रस्तुत गरिएको छ । | | |
|---|---|---|
| **२०८१/०८२** | **२०८२/०८३ - २०८३/०८४** | **२०८४/०८५ - २०८५/०८६** |
| १ लैङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू निर्माण गर्ने । | १. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अद्यावधिक गर्ने । | १. लैङ्गिक समानता र सामाजिक समावेशीकरणका नीति नियम र कार्यविधिहरूलाई थप व्यवहारिक र समय सापेक्ष बनाउने । |
| २. पालिकाको पूर्वाधार व्यवस्थापन तथा सेवा प्रवाहसँग सम्बन्धित नीति तथा कानूनमा सामाजिक समावेशीकरणको पक्ष विश्लेषण गरी आवश्यक परिमार्जनको शुरुवात गर्ने । | २. पालिकाका सबै नीति तथा कार्यक्रमलाई सामाजिक समावेशीकरणको नीति अनुकूल भएको सुनिश्चितता गर्ने । | २. क्षेत्रगत नीतिहरूमा रहेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षको पुनरावलोकन र आवश्यक परिमार्जन गर्ने । |
| ख. गाउँपालिकाले विभिन्न कार्यक्रम कार्यान्वयनका लागि गठन हुने उपभोक्ता समितिमा महिला लगायत सबै पक्षको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ भने संरचनाहरूलाई अपाङ्गता भएका, बालबालिका र महिलामैत्री बनाउने लगिएको भए पनि सहभागिता तथा संरक्षण र पहुँच वृद्धिका लागि थप कार्य गर्नुपर्ने आवश्यकता महसुस गरी निम्न प्राथमिकता तय गरिएको छ । | | |
| **२०८१/०८२** | **२०८२/०८३ - २०८३/०८४** | **२०८४/०८५ - २०८५/०८६** |
| १ उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ४० प्रतिशत पुर्‍याउने साथै दलित, जनजाति र पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने । | १. विभिन्न समितिमा महिला, दलित जनजातिको वा सीमान्तकृत जातिको सहभागिता सुनिश्चितताको व्यवहारिक कार्यान्वयनमा जोड दिने । | |
| २. पालिकामा निर्माण भएका र निर्माण हुने सार्वजनिक पूर्वाधार अपाङ्गतामैत्री बनाउन थालनी गर्ने । | २. पालिकाभित्र निर्माण भएका सबै पूर्वाधार अपाङ्गतामैत्री बनाउने । | २.गाउँपालिकाबाट सञ्चालन हुने सबै पूर्वाधार र सेवा सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल समेट्ने अभ्यासलाई संस्थागत गरिदने । |
| ३ महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । | ३. महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न गरिने प्रवर्द्धनात्मक कार्यक्रमलाई थप प्रभावकारी बनाउने । | |
| ४.दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माणका लागि अध्ययन र पूर्व तयारी गर्ने । | ४.दुर्व्यवहारमा/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने । | ४ दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृहलाई थप व्यवस्थित र प्रभावकारी बनाउने । |
| ५. पालिकालाई बालमैत्री पालिकाको अवस्थामा पुर्‍याउने गरी सार्वजनिक | ५. पालिकालाई बालमैत्री पालिकाको अवस्थामा पुग्ने गरी सार्वजनिक पूर्वाधार | ५. पालिकालाई बालमैत्री पूर्वाधारयुक्त पालिकाको रुपमा स्थापित गर्न |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| पूर्वाधार सुधारको थालनी गर्ने । | सुधार गरिसक्ने । | |
| ६. गौंडपालिकाबाट प्रवाह हुने सेवामा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनका लागि आधारहरू तयार गर्ने । | ६. गौंडपालिकाबाट प्रवाह हुने सेवामा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनसहित कार्यान्वयन गर्ने । | |

ग. पालिकामा रहेको महिला तथा बालबालिका शाखालाई थप क्षमतायुक्त बनाउन तथा सबै तहगतको क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई नमेट्ने गरी संगठन संरचना र क्षमता विकासका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने । | १. महिला तथा बालबालिका शाखालाई आधुनिक प्रविधियुक्त बनाउने । | १. महिला तथा बालबालिका शाखालाई जनशक्ति, पूर्वाधार र प्रविधियुक्त बनाउने । |
| २. महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने । | २. महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने । | |
| ३. सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन थालनी गर्ने । | ३. सबै प्रकारका सामाजिक सुरक्षा सेवा वितरणलाई सूचना प्रविधिमा आधारित बनाउने । | |
| ४. महिला तथा बालबालिका शाखालाई अपाङ्गतामैत्री र बालमैत्री बनाउन थालनी गर्ने । | ४. महिला तथा बालबालिका शाखालाई पूर्ण अपाङ्गतामैत्री र बालमैत्री बनाउने । | |
| ५. एकल महिला स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने । | ५. एकल महिला स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | |
| ६. एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने । | ६. एकल तथा असहाय महिला सुरक्षा कोषलाई थप प्रभावकारी बनाउने । | |
| ७. महिला: उद्यममा पहिला भन्ने नारालाई साकार पार्ने महिला लक्षित साना तथा लघु उद्यम प्रवर्द्धन कार्यक्रम तय गरी आर्थिक विकासको अंगका रुपमा लागु गर्ने । | | |

## घ. युवा तथा खेलकुद

### १. परिचय

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने कुरालाई नेपालको संविधानले निर्दिष्ट गरेको छ। वर्तमान पन्ध्रौं राष्ट्रिय योजनाले स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी तथा खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने कुरालाई उच्च महत्व दिएको छ।

### २. वर्तमान अवस्था

खेल क्षेत्रमा प्रतापपुर गाँउपालिकाले उल्लेखनिय सफलता हासिल गरेको देखिन्छ । प्रतापपुर गाँउपालिकाभित्र धैरै युवा क्लबहरू क्रियाशील रहेका छन् । गाँउपालिका खेलकुद विकास समिति गठन भई गाँउपालिकास्तरमा खेलकुद राष्ट्रपति रनिङ शिल्ड आयोजना नियमित रुपमा हुने गरेको छ । खेलाडीलाई आर्थिक प्रोत्साहन तथा सम्मानका कार्यक्रम सन्चालन हुने गरेका छन् । विद्यालय स्तरमा खेल प्रशिक्षणको व्यवस्था रहेको छ । युवा लक्षित व्यवसाय सञ्चालनका लागि प्रविधि सहयोग, तालिम तथा आर्थिक प्रोत्साहनका कार्यक्रम रहेका छन् । अन्तरपालिका खेलमा खेलाडीका लागि खर्च व्यवस्थापन हुने गरेको छ। विद्यालय तथा क्लबलाई खेल सामग्री वितरणको अभ्यास नियमित रहेको छ ।

### ३. लक्ष्य

स्थानीयस्तरमा युवाका लागि विश्वासनिय र मर्यादित रोजगारी

### ४. उद्देश्य

- युवा सशक्तिकरण, स्वरोजगारी तथा आत्मनिर्भरताका लागि कार्यक्रमहरू सञ्चालनमा भएता पनि युवा बेरोजगारी तथा युवा पलायनको प्रवृत्ति व्यापक हुने ।
- स्थानीयस्तरमा युवाका लागि महसुस हुने गरी विश्वासनिय र मर्यादित रोजगारीका अवसर बढ्ने ।
- गुणस्तरीय खेल मैदान, प्रयाप्त प्रशिक्षण, खेल सामग्रीको तथा व्यावसायिक खेलका अवसर रहने ।
- युवा क्लब तथा युवा अभियानको दिगोपनाको कमीको अन्त्य हुने ।
- पालिकाका युवाहरुलाई वायु प्रदुषण व्यवस्थापनका अभियानमा परिचालित गरि नवप्रवर्तनका योजना तथा citizen science (नागरिक स्तरिय अनुसन्धान तथा खोज) सहभागी गराई समुदाय स्तरको प्रमाण संकलन तथा अद्यावधी गर्ने

### ५. सम्भावना तथा अवसरहरु

- विभिन्न खेलकुद सञ्चालन गर्न सकिने

- युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिएको ।
- उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता बढिरहनु,

## ६. चुनौतीहरु

- खेलाडीमैत्री संरचना नरहेको
- खेलाई खासै प्राथमीकता दिन नसकेको

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा युवा सहभागिता विस्तार गरी युवामा आत्मविश्वास तथा व्यावसायिक भावनाको अभिवृद्धि गर्ने | १. बेरोजगारहरू युवाको सूची तथा व्यक्तिगत विवरण तयार गरी रोजगारीका अवसर सृजना गर्न सीप विकासका अवसर उपलब्ध गराइ उनीहरूको चाहाना, क्षमता र योग्यता तथा बजारको मागअनुसारको रोजगारी सृजना गरिनेछ । |
| | २. तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उपयुक्त क्षेत्रमा रोजगार हुन चाहने युवालाई आवश्यक तालिम तथा अवसरहरू प्रदान गरिनेछ । |
| | ३. स्थानीय संरचना तथा समितिमा युवालाई यथोचित भूमिका प्रदान गरी विकास कार्य सञ्चालन, नीति निर्माण, योजना तर्जुमा र अनुगमनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| | ४. युवा लक्षित संघीय तथा प्रादेशिक कार्यक्रम एवं संघ/संस्थाका कार्यक्रमसँग एकीकृत गरी युवा सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ५. युवा स्वरोजगारी सिर्जनाका लागि सार्वजनिक, निजी साझेदारी वित्तीय संस्थाहरूमार्फत् सहुलियत ब्याजदरमा लगानीका लागि ऋण प्रवाह कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । |
| २. युवा वर्गका उत्प्रेरण, सकारात्मक सोच, सिर्जनशील क्षमता र नेतृत्व क्षमताको प्रवर्द्धन गर्ने । | १. युवा वर्गमा सदाचार तथा उच्च नैतिक भावनाको विकास गरी विकास प्रकृया तथा सामाजिक रुपान्तरण प्रतिको दायित्वबोध गराइनेछ । |
| | २. युवा समूह, युवा क्लब तथा संजाललाइ सामाजिक तथा आर्थिक रुपान्तरणका क्षेत्रमा परिचालन गरिनेछ । |
| | ३. राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवाहरूका अनुभव स्थानीय युवाहरू माझ आदान प्रदान गरी सत्मार्ग तर्फ अभिप्रेरित गरिनेछ । |
| | ४. युवा क्लब, समूह र संघ/संस्था मार्फत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ५. युवा उद्यमशिलता अभिवृद्धि गर्ने संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता विकास गरिने छ । |
| | ६. लागू पदार्थ दुर्व्यसन विरुद्ध सचेतता बढाउने तथा संभावित क्षेत्रहरूमा निगरानी समूह गठन गरी परिचालन गरिनेछ । |
| ३. खेलकुदको विकास तथा खेल क्षेत्रमा युवा व्यावसायिकताको अभिवृद्धि गर्ने । | १. भेगीय/क्षेत्रगत रुपमा खेलमैदान कम्तीमा तीनवटा र गाउँपालिका स्तरमा एक रंगशाला निर्माण गरिनेछ । |
| | २. खेलाडीहरूमा उच्चस्तरको खेल क्षमता विकास हुने गरी खेलकुद प्रशिक्षण, प्रशिक्षक प्रशिक्षण तथा खेल सामग्रीको नियमित रुपमा |

| | |
|---|---|
| | व्यवस्था गरिनेछ । |
| | ३. खेलकुद सामग्री युवा क्लब तथा विद्यालय मार्फत व्यवस्थापन गरिनेछ । |
| | ४. स्थानीयस्तरमा खेलकुद प्रतियोगिताहरू आयोजना गरी प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा नियमित भाग लिने अवस्था सृजना गरिनेछ । |
| | ५. उच्चस्तरको खेल क्षमता भएका खेलाडीका लागि विशेष आर्थिक सहयोग तथा प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| | ६. प्रदेशस्तर, राष्ट्रियस्तर तथा अन्तर्राष्ट्रियस्तरमा सफलता हासिल गरेका खेलाडीका लागि पुरस्कार, सम्मान तथा आर्थिक प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| ४. पालिकाका युवाहरूलाई वायु प्रदूषण व्यवस्थापनका अभियानमा परिचालित गरि नवप्रवर्तनका योजना तथा citizen science : नागरिक स्तरिय अनुसन्धान तथा खोज) सहभागी गराउन आवश्यक व्यवस्था गर्ने । | १. युवाहरूलाई नवप्रवर्तनका योजना तथा citizen science (नागरिक स्तरिय अनुसन्धान तथा खोज) सहभागी गराउन विभिन्न सरोकार पक्ष तथा संस्थाहरू सँग समन्वय गरि प्रशिक्षण तथा अनुकलन वातावरण तयार गरिने छ । |
| | २. युवाहरूलाई नवप्रवर्तनका योजना तथा citizen science : नागरिक स्तरिय अनुसन्धान तथा खोज) लागि युवा लक्षित प्रोत्साहन कार्यक्रम संचालन गरिने छ । |

## ङ. सम्पदा संरक्षण

### १. परिचय

पुर्खाहरूबाट परम्परागतरुपमा प्राप्त गरी वर्तमान र भावी सन्ततिहरूमा हस्तान्तरण हुने परम्परा एवं मानव सभ्यता र संस्कृति झल्काउने जीवन्त अभिव्यक्ति सम्पदा हो । यस्ता अभिव्यक्तिहरू मूर्त र अमूर्त रुपमा व्यक्त हुन्छन् । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनको अनुसार मूर्त सम्पदा स्मारक, वास्तुकला, मूर्ति, उपकरण, औजार आदि हुन् भने, अमूर्त सम्पदामा मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू समावेश हुन्छन् । सामान्यतया हरेक किसिमको सम्पदालाई प्राचीन, ऐतिहासिक, धार्मिक र सांस्कृतिक भनि वर्गीकरण गर्न सकिन्छ ।

कुनै पनि सम्पदा ऐतिहासिक, सामाजिक, सौन्दर्य, वैज्ञानिक वा आर्थिक परिप्रेक्ष्यबाट महत्वपूर्ण हुन्छ । ऐतिहासिक सम्पदाहरूले विगतको सभ्यता, संघर्ष, मान्यता तथा दर्शन झल्काएको पाइन्छ । सामाजिक सम्पदाहरू, मुख्यतः अमूर्त सम्पदाले सामुदायिक सद्भाव एवं भाइचारा कायम गर्न टेवा पुर्‍याइरहेको हुन्छ । सौन्दर्यताको पाटोबाट पनि सम्पदाले बस्ती, शहर, वा क्षेत्रको भौतिक विशेषता, पहिचान तथा विशिष्टता जनाउँदछ । त्यस्तै वैज्ञानिक दृष्टिकोणले पनि पुरातात्विक र प्राचीन स्मारक, वस्तु, उपकरण, औजार, प्रविधि, विद्या आदिको खोज र अध्ययनले केही सम्पदा र संस्कृति महत्वपूर्ण हुन्छन् । आर्थिक दृष्टि कोणले मुलतः पर्यटक भित्र्याउन र रोजगारी सिर्जना एवं राजस्व अभिवृद्धिको लागि सम्पदा अत्यन्त महत्वपूर्ण छ ।

### २.वर्तमान अवस्था

विश्वव्यापीकरण, आधुनिकीकरण, जनसङ्ख्या वृद्धि, बढ्दो शहरीकरण र अव्यवस्थित विकास निर्माणको कारण सम्पदा तथा सांस्कृतिक विविधताको संरक्षण कार्य स्थानीय सरकार र नागरिकको लागि प्रमुख चुनौतिको रुपमा रही आएको छ । विभिन्न कारणले शहर तथा बजार क्षेत्रको जनसङ्ख्यामा उच्च वृद्धि देखिन्छ भने, ग्रामीण क्षेत्रको जनसङ्ख्यामा गिरावट देखिन्छ । यी सब प्रवृत्तिले गर्दा मूर्त सम्पदाहरूमा क्षति, हानी, नोक्सानी, चोरी, अतिक्रमण, तथा जीर्ण हुने समस्या रहेको छ । त्यस्तै शताब्दीऔं पुराना अमूर्त सम्पदा जस्तैः परम्परा, संस्कृति, भाषा, कला तथा जीवनशैलीहरू अपरिवर्तनीय रुपले हराउँदै गएको छ । तसर्थ वर्तमान सन्दर्भमा विकास र सम्पदा संरक्षण विच सन्तुलन ल्याई दीगो विकास हाँसिल गर्नु प्रमुख चुनौति हो । यसै सन्दर्भमा नेपालको संविधान, अनुसूची ८, ।भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास। र स्थानीय सरकार संचालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम संस्कृति र सम्पदा जोगाउने पहिलो दायित्व स्थानीय सरकारको रहन्छ । ऐतिहासिक, धार्मिक, तथा सांस्कृतिक नगरी भनेर प्रख्यात यस गाँउपालिकालाई सबै किसिमको सम्पदाको विशेष महत्व छ ।

### ३. लक्ष्य

सबै प्रकारका सम्पदाको प्रभावकारी एवं दीगो संरक्षण र व्यवस्थापन गर्ने ।

## ४. उद्देश्य

सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धीउच्च सचेतना, प्रभावकारी ऐन सहितको संरक्षण र व्यवस्थापनमा अग्रसर हुनु

- सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि संयन्त्र गठन तथा परिचलान गर्ने ।
- गाँउपालिकाको सम्पूर्ण सम्पदा सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने ।
- सम्पदा/संस्कृतिको प्रभावकारी व्यवस्थापन र प्रवर्द्धनद्वारा पर्यटन, स्थानीय आर्थिक विकास लगायतका क्षेत्रको थप सबलीकरण गर्ने ।
- सबै किसिमको संस्कृति र सम्पदा क्षेत्रलाई लोप/जीर्ण हुनबाट र निजी तथा सार्वजनिक गतिविधिबाट हानी/नोक्सानी हुनबाट संरक्षण गर्ने ।
- सम्पदा संरक्षण र व्यवस्थापनमा जनचेतना, जनसहभागिता तथा साझेदारी वृद्धि गर्ने ।

## ५. सम्भावना तथा अवसरहरु

- संवैधानिक व्यवस्थामा (भाषा, संस्कृति, ललित कलाको संरक्षण) समेत उल्लेखित भएकोले समस्त सम्पदा संरक्षणको जिम्मेवारी पुरा गर्ने
- ज्ञान तथा कलालाई जगेर्ना गर्न पालिकाले अभिलेखीकरण तथा व्यवस्थित तरिकाले सम्वर्द्धन गर्न सकिने
- कला र साहित्यको सम्वर्द्धनबाट पर्यटनलाई आकर्षक गर्न सकिने,
- लोक साहित्यलाई थप सशक्त बनाउन सकिने
- साहित्यिक क्रियाकलाप तथा रचनाहरुलायबाट प्रतापपुरलाई थप परिचित गराउन सकिने

## ६. चुनौतिहरु

- तथ्याङ्क ( साहित्यिक गतिविधी, संघ संस्था) अभाव
- सूचनाको अभाव रहेको
- बजेटको अभाव रहेको

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि संयन्त्र गठन तथा परिचलान गर्ने । | १. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको सम्पदा संरक्षण र व्यवस्थापन इकाई गठन गरिने छ । |
| | २. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, समन्वय, अनुगमन, नियमन, पहिचान आदिमा समिति र इकाईहरूको भूमिका सुनिश्चित गरिने छ । |
| | ३. गठन भएपश्चात् समिति र इकाईद्वारा सबै खाले भौतिक/सांस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ । |
| | ४. पुरातत्व विभागको प्राचीन स्मारक संरक्षण नियमावली अनुरुप सम्पदाको पहिचान र सूचिकृत गर्न आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरिने छ । |
| २. गाँउपालिकाको सम्पूर्ण सम्पदा सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने । | १. सम्पदा संरक्षण एवं व्यवस्थापनका निम्ति आवश्यक उपकरण/प्रविधि व्यवस्था गरिने छ । |
| | २. लोपोन्मुख भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण र Knowledge Management गरिने छ । |
| | ३. स्थानीय सम्पदा, संस्कृति, कला आदिको अध्ययन र प्रवर्द्धनको लागि अध्ययनवृत्ति (Fellowship) को व्यवस्था गरिने छ । |
| | ४. प्रभावकारी सम्पदा संरक्षण र व्यवस्थापनको लागि सम्पूर्ण सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक सम्पदाको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी गाँउपालिकाको सम्पदा स्रोत नक्सासहितको Heritage Register निर्माण गरिने छ । |
| ३. सम्पदा/संस्कृतिको प्रभावकारी व्यवस्थापन र प्रवर्द्धनद्वारा पर्यटन, स्थानीय आर्थिक विकास लगायतका क्षेत्रको थप सबलीकरण गर्ने । | १. सम्पदा क्षेत्र वा स्थानभित्र परेको भनी स्थापित भएका जग्गा/घर/संरचनालाई गाँउपालिकाद्वारा कानून बमोजिम व्यवस्था गरी अधिग्रहण गरिने छ । |
| | २. गाँउपालिकाको पर्यटकीय र स्थानीय आर्थिक विकासमा टेवा पुर्याउने सक्ने सम्पूर्ण सम्पदा क्षेत्र/स्थान र संस्कृति झल्काउने समुदायको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान पुर्याइनेछ । |
| | ३. अन्य विभाग र क्षेत्र (जस्तै: स्थानीय आर्थिक विकास/राजस्व, यातायात, भू-उपयोग आदि) सँग समन्वय गरी सम्पदा संरक्षण एवं व्यवस्थापन गुरुयोजना निर्माण गरिने छ । |
| | ४. गुरुयोजनालाई भू-उपयोग योजना, वर्गीकरण (Zoning) आदिसँग तालमेल हुने गरी निर्माण गरिने छ । |
| ४. सबै कि सिनको संस्कृति र सम्पदा क्षेत्रलाई लोप/जीर्ण हुनबाट र निजी तथा सार्वजनिक | १. सम्पदा बस्तीको रुपमा सूचिकृत वडा नं.४ को मूल क्षेत्रको संरक्षण र थप सम्पदा बस्तीहरू पहिचान गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| गतिविधियाट हानी/नोक्सानी हुनबाट संरक्षण गर्ने । | २. सम्पदा/संस्कृतिलाई असर गर्ने सबै खाले गतिविधिको रोकथाम, नियन्त्रण, र नियमन गरिने छ । |
| | ३. विकास निर्माण परियोजना संचालन गर्दा सम्पदा क्षेत्रलाई जोगाएर अगाडी बढ्ने नीति अवलम्बन गरिने छ । |
| | ४. सम्पदा संरक्षणका लागि पालिकाभित्र संरक्षण क्षेत्रहरू कायम गरिने छ । |
| | ५. सम्पदा संरक्षणका लागि विभिन्न किसिमको प्रोत्साहन तथा सहयोगको व्यवस्था गरिने छ । |
| ६. सम्पदा संरक्षण र व्यवस्थापनमा जनचेतना, जनसहभागिता तथा साझेदारी वृद्धि गर्ने । | १. सूचना प्रवाहका विभिन्न माध्यमको प्रयोगद्वारा र कार्यक्रम तथा पाठ्यक्रममार्फत् नागरिकलाई र विशेष गरी नयाँ पुस्तालाई सम्पदा र सो को संरक्षणबारे सचेत गराइने छ । |
| | २. पाठ्यक्रम विकास गर्दा गाँउपालिकाको स्थानीय सम्पदा, संस्कृति, कला, र भाषालाई पनि समेटिने छ । |
| | ३. संरक्षणमा नागरिक र विशेषगरी नयाँ पुस्ताको प्रत्यक्ष संलग्नता सुनिश्चित गराइने छ । |
| | ४. गाँउपालिकाको प्रमुख सम्पदा रेखदेख गर्दै आएका परम्परागत गुठी, मन्दिर/थान व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडी बढ्ने नीति अवलम्बन गरिने छ । |
| | ५. सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडी बढ्ने नीति अवलम्बन गरिने छ । |

## ८. आवधिक प्राथमिकता : सम्पदा संरक्षण

क. संवैधानिक व्यवस्थामा भाषा, संस्कृति, ललितकलाको संरक्षण समेत उल्लेखित भएकोले सबल सम्पदा संरक्षणको जिम्मेवारी गाउँपालिकाको रहेको छ। ऐतिहासिक, धार्मिक, तथा सांस्कृतिक नगरी समेत भएकोले पालिकाको मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र व्यवस्थापन कार्यलाई नियमन तथा सहजीकरण गर्न सहभागी समन्वयसहित नियम कानून निर्माण र मार्गनिर्देशनको लागि योजना तर्जुमा गर्ने जस्ता क्रियाकलाप अगाडी बढाइने छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानून अनुरुप सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने। | १. नेपालको संविधान, अनुसूची ८, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास र स्थानीय सरकार संचालन ऐन २०७४, परिच्छेद ३, दफा ११ क बमोजिम नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने। | १. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी प्रभावकारी ऐनसहितको संरक्षण र व्यवस्थापनमा सक्षम गाँउपालिका बने। |
| २. गाँउपालिका र संघ/प्रदेश सरकारको दोहोरो स्वामित्व वा लगानी रहेको सम्पदा संरक्षण/ व्यवस्थापनमा स्पष्टता ल्याउने। | २. आवश्यक ऐन, योजना, मापदण्ड सम्पदा संरक्षण र व्यवस्थापन ऐन, नियमावली, कार्यविधि, सम्पदा संरक्षण र व्यवस्थापन गुरुयोजना र सूचि। | |

ख. सम्पदा संरक्षण एवं व्यवस्थापनको निम्ति तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ। पालिकामा यस्ता तथ्याङ्कहरू विभिन्न समय गाउँपालिका तथा संघसंस्थाबाट संकलित छन्। तर यी तथ्याङ्क पुराना, छरिएको, र अपूर्ण अवस्थामा छ। यस अवस्थाबाट आधुनिकतातर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन हासिल गर्न पालिकाले समय समयमा तथ्याङ्क सम्बन्धी कार्यहरू गर्नेछ। साथै तथ्याङ्कको प्रयोगबाट सम्पदा सूचि निर्माण र सम्पदा वर्गीकरण पनि गरिने छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. जारी रहेका सबै भू- उपयोग सूचि Land Use Inventory संकलन कार्यमा सबै खाले सम्पदाक्षेत्र र स्थानको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने। साथै उपलब्ध सूचि र नयाँ सूचिलाई अद्यावधिक गरेर एकरुपता दिने। | १. जारी रहेका सबै भू- उपयोग सूचि Land Use Inventory संकलन कार्यमा सबै खाले सम्पदाक्षेत्र र स्थानको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने। साथै उपलब्ध सूचि र नयाँ सूचिलाई अद्यावधिक गरेर एकरुपता दिने। | १. मध्यकालका सम्पदा संरक्षण सम्बन्धी मध्यकालीन प्राथमिकताका कार्यक्रमलाई निरन्तरता दिने। |
| २. पालिकामा अवस्थित सम्पूर्ण धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय महत्वका सम्पदा क्षेत्र र स्थलहरूको अध्ययन, सूचिकरण र वर्गीकरणको थालनी गर्ने। | २. संकलित तथ्याङ्क, अध्ययन, सूचिकरण र वर्गीकरणको आधारमा सम्पदा गुरुयोजना र Heritage Register निर्माण कार्य गर्ने। | |

ग. चर्चित अफ्रिकी भनाइ "एक ज्येष्ठ नागरिकको निधन हुनु एउटा पुस्तकालय जलेर नष्ट भएसरह हुन्छ" ले परम्परागत ज्ञान तथा कला संरक्षणको महत्व उजागर गर्दछ। विशेषगरी पालिकाको आदिवासी, जनजाति र लोपोन्मुख समुदायको भाषा, लिपि, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएको सन्दर्भमा यो को संरक्षण जरुरी छ। अमूर्त सम्पदा, जस्तैः मौखिक परम्परा, भाषा, लिपि, साहित्य, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू जोगाउन चुनौतीपूर्ण हुन्छ। तसर्थ यस्तो किसिमको ज्ञान तथा कलालाई जगेर्ना गर्न पालिकाले अभिलेखीकरण तथा व्यवस्थित तरिकाले सम्वर्द्धन, अद्यावधिक गर्नुका साथै त्यसको प्रचार प्रसारका कार्यक्रम राखेको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकामा संस्कृति, जात्रा पर्व लोप हुँदै गएको र जनजाति भाषा, लिपि र विभिन्न कला र संस्कृतिको पहिचान र त्यसपश्चात् सो को संरक्षण गर्न अभिलेखीकरण र Knowledge Management को थालनी गर्ने । | १. भाषा तथा लिपिको अभिलेखीकरण र Knowledge Management लाई निरन्तरता तथा अद्यावधिक । | १. भाषा तथा लिपिको अभिलेखीकरण र Knowledge Management लाई निरन्तरता तथा अद्यावधिक गरी स्थानीय पहिचान निर्माण गर्ने । |

घ. नीति तथा प्रवाह अन्तर्गत सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ । पालिकामा अवस्थित सम्पदा स्थान/क्षेत्रको संरक्षण र व्यवस्थापनमा सुधार तथा प्रवर्द्धन, नयाँ सम्पदा स्थान/क्षेत्रको पहिचान, जारी रहेका योजना/परियोजना सम्पादन लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. समुदायको चाहना अनुसार विभिन्न वडामा रहेका र ओझेलमा परेका महत्वपूर्ण स्थानीय सम्पदा र संस्कृतिको संरक्षण, व्यवस्थापन र प्रवर्द्धन कार्यक्रम तय गरी कार्यान्वयन अघि बढाउने । | | |
| २. गाउँपालिकाले गर्दै आएको सांस्कृतिक सहयोग र सहकार्यलाई निरन्तरता दिने र यस्तो कार्य बढाउँदै जाने । | २. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा पालिकाले गर्ने सहयोग र सहकार्यलाई निरन्तरता दिने । स्थानीय कला र संस्कृति संरक्षणलाई अन्य क्षेत्रको कार्यक्रममा समेत समावेश गर्ने । | २. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा पालिकाले गर्ने सहयोग र सहकार्यको पद्धतिमा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |

ङ. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यसम्पादनको निम्ति गाउँपालिकामा सक्षम जनशक्ति, शाखा, समन्वय तथा आन्तरिक तथा बाह्य सरोकारवालाहरूको आवश्यकता पर्ने हुनाले । यसै विभिन्नस्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि, सहकार्य र समन्वय पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा गरिएको छ । त्यस्तै यस क्षेत्रमा सचेतना र जागरूकताको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुनाले र समता लैङ्गिक र स्थानको सुरक्षामा पनि ध्यान दिनुपर्ने हुनाले यस विषयलाई पनि मध्यनजर गर्दै कार्यक्रम राखिएको छ । विशेषगरी युवा पुस्तामा संस्कृति सम्बन्धी मूल्य मान्यता घट्दै गएको भन्ने बुझिएकोले, युवा पुस्तालाई समेत सचेतना अभिवृद्धिमा कार्यक्रम तय गरिएको हो ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत सम्पदा संरक्षण इकाई स्थापना गर्ने । | १. आवश्यकता अनुसार सम्पदा संरक्षण इकाईलाई सामाजिक विकास शाखा अन्तर्गत विस्तार गर्ने । | १. सम्पदा संरक्षणसंग सम्बन्धित क्षमता विकास कार्यक्रममा आवश्यक परिमार्जन गरी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| २. सम्पदा संरक्षण इकाईको विभिन्न तालिम, सेमिनार, सिकाइ कोर्षको माध्यमद्वारा क्षमता अभिवृद्धि गर्ने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| ३. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि पालिकास्तरीय र वडास्तरीय समिति गठन तथा परिचालन गर्ने । | ३. समिति र समितिहरूको कार्यसम्पादनलाई निरन्तरता दिने । | ३. समिति र समितिहरूको कार्यसम्पादनलाई निरन्तरता दिने । |

उमेश चन्द्र यादव
अध्यक्ष

## अपेक्षित उपलब्धि तथा नतिजा तालिका

प्राविधिक तथा अप्राविधिक क्षेत्रमा उच्च शिक्षा हासिल गर्ने अवसर स्थानीयस्तरमा उपलब्ध भएका हुनेछ । विद्यालय शिक्षाको गुणस्तर राष्ट्रिय औषत भन्दा माथी भएको हुनेछ । स्थानीय स्तरमा विद्यालयस्तरको प्राविधिक शिक्षाका अवसरमा सहज पहुँच भएको हुनेछ । सबै विद्यालयमा शिक्षण सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग भइ शैक्षिक गुणस्तरको क्षेत्रमा उल्लेखनिय सुधार भएका हुनेछ । कक्षा ८ को निरन्तरता दर ९८ प्रतिशत पुगेको हुनेछ । प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका संख्या ९५ प्रतिशत भएको हुनेछ । विशेषज्ञ स्वास्थ्य सेवा स्थानीय स्तरमा सहज रुपमा उपलब्ध भएको हुनेछ भने पूर्ण खोप तथा पूर्ण संस्थागत सुत्केरी क्षेत्रको रुपमा घोषणा कार्यान्वयन भएको हुनेछ । बाल बालिकामा हुने जटिल खालको कुपोषण रहेका बालबालिका संख्या शुन्य भएको हुनेछ ।

अल्ट्रा साउण्ड तथा ल्याब सेवासहितको आधारभूत स्वास्थ्य र अस्पतालसम्मको पहुँच औसत आधा घण्टाभन्दा कम समयमा हासिल गर्न सकिने अवस्था तयार भएको हुनेछ । प्रोटोकल अनुसार ४ पटक गर्भ परीक्षण गराउने गर्भवती संख्या ८५ प्रतिशत भएको हुनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गको निर्णय निर्माण प्रकृयामा समावेशी नीतिअनुसारको सहभागिता सुनिश्चित भएको हुनेछ । क्षमता विकासको तालिम तथा अभिमुखिकरणमा सहभागी लक्षित वर्गका प्रतिनिधिको संख्या ५५० भएको हुनेछ । स्थानीय स्तरमा तालिम लिए पश्चात महिला, दलित तथा अपाङ्गद्वारा सञ्चालित व्यवसाय ५०० भएको हुनेछ । सामाजिक विकास क्षेत्रको नतिजा खाका देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (कुन वर्षको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रभाव : सुसंस्कृत, स्वस्थ र उद्यमशील जनशक्ति निर्माण गर्ने । | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३०० | ३५० | ४०० | ४५० | ५०० | ५५० | ५५० | |
| | स्वास्थ्य संस्थामा पुग्न लाग्ने औसत समय | मिनेट | ३० | ३० | २५ | २० | २० | १५ | १५ | |
| | कक्षा १० को जिपिए औसत | प्रतिशत | २.८ | २.८ | २.८५ | २.९ | ३.० | ३.२ | ३.२ | |
| | लैङ्गिक तथा जात हिंसाका घटना | संख्या | ५० | ४० | ३० | २० | १० | ५ | ५ | |
| असर १ : गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसर तयार गर्नु । | विद्यालय बीचैमा छोड्ने विद्यार्थी | संख्या | १८ | १५ | १२ | ११ | १० | १० | १० | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ८४.५ | ८७ | ९० | ९५ | ९७ | ९८ | ९८ | |
| प्रतिफल १.१ : विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि भएको हुनेछ । | कक्षा १ भर्ना भएका प्रारम्भिक बाल विकास कक्षाको अनुभव भएका बालबालिका | संख्या | ८७ | ९० | ९० | ९५ | ९५ | ९५ | ९५ | |
| | कक्षा ८ को उपलब्धि दर (औसत जिपिए) | प्रतिशत | २.८ | २.९ | ३ | ३.१ | ३.१ | ३.२ | ३.२ | |
| | माध्यमिक शिक्षक विद्यार्थी अनुपात | अंक | १ : ३१ | १.२८ | १.२७ | १.२६ | १:२५ | १:२५ | १:२५ | |
| | सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग गर्ने विद्यालय | संख्या | ५ | १५ | २५ | ३५ | ४५ | ५४ | ५४ | |

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रतिफल १.२ : प्राविधिक तथा व्यवसायिक शिक्षाका आधार तयार भएको हुनेछ । | स्थानीय स्तरमा सञ्चालित प्राविधिक धारका विद्यालय | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | |
| | स्थानीय स्तरमा सञ्चालित प्राविधिक विषय | संख्या | १ | ३ | ५ | ७ | ९ | ११ | ११ | |
| असर २ : स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर र पोषणको अवस्थामा अभिवृद्धि गर्ने | कम तौल भएका ५ वर्षमुनिका बालबालिका | प्रतिशत | १० | ७ | ५ | ३ | २ | १ | १ | |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ | १०० | १०० | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजार) | जना | २२२ | २५० | २०० | १५० | १०० | ५० | ५० | |
| | स्वासप्रस्वासको संक्रमण (ARI) दर ( प्रति हजारमा) | जना | २९९ | २५० | ३०० | २५० | २०० | १०० | १०० | |
| | परिवार नियोजनाका साधानको उपयोग दर | प्रतिशत | २० | २० | ३० | ४० | ५० | ६० | ६० | |
| प्रतिफल २.१ : स्वास्थ्य सेवामा सहज पहुँच विस्तार भएको हुनेछ । | प्रोटोकल अनुसार ४ पटक गर्भ परिक्षण गराउने गर्भवती | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | |
| | ल्याब सेवा उपलब्ध स्थानीय स्वास्थ्य संस्था | संख्या | ० | ४ | ५ | ६ | ७ | ८ | ८ | |
| | स्वास्थ्य चौकीसम्म पुग्न लाग्ने औसत समय | मिनेट | ३० | २७ | २५ | २३ | २१ | १९ | १५ | |

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रतिफल १.२ : पोषणसम्बन्धी अभ्यासमा गुणात्मक सुधार भएको हुनेछ। | जङ्क फुड निषेधित विद्यालय संख्या | संख्या | सम्पूर्ण विद्यालय | सम्पूर्ण विद्यालय | सम्पूर्ण विद्यालय | सम्पूर्ण विद्यालय | सम्पूर्ण विद्यालय | सम्पूर्ण विद्यालय | सम्पूर्ण विद्यालय | |
| | कुपोषणको समस्या भएका बाल बालिका | जना | १० | ० | ० | ० | ० | ० | ० | |
| | असल खानपान सम्बन्धी अभिमुखिकरणमा सहभागी | संख्या | सम्पूर्ण पालिका | सम्पूर्ण पालिका | सम्पूर्ण पालिका | सम्पूर्ण पालिका | सम्पूर्ण पालिका | सम्पूर्ण पालिका | सम्पूर्ण पालिका | |
| असर ४ : लक्षित वर्गको क्षमता विकास तथा आत्मनिर्भरता अभिवृद्धि गर्ने | लक्षित वर्गको कार्यक्रममा विनियोजना हुने बजेट | प्रतिशत | २ | ३.५ | ५ | ६.५ | ८ | १० | १० | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | २२०० | २३०० | २४०० | २५०० | २६०० | २७०० | २७०० | |
| प्रतिफल ४.१ : नीति निर्माण तहमा सीमान्तीकृत वर्गको सहभागिता अभिवृद्धि भएको हुनेछ। | महिलाले नेतृत्व गरेका स्थानीय समिति / संरचना | जना | १३ | १६ | १९ | २२ | २५ | २५ | २५ | |
| | बस्तीस्तरको योजना तर्जुमा छलफलमा सहभागी लक्षित वर्ग | प्रतिशत | ४२ | ४५ | ५० | ५० | ५० | ५० | ५० | |
| | उपभोक्ता समितिमा लक्षित वर्गको सहभागिता | प्रतिशत | २० | ३० | ३३ | ३३ | ३३ | ३३ | ३३ | |
| प्रतिफल ४.२ : लक्षित वर्गको क्षमता विकासका अवसरहरू उपलब्ध भएको हुनेछ। | क्षमता विकासको तालिम तथा अभिमुखिकरणमा सहभागी लक्षित वर्गका प्रतिनिधि | जना | ४०० | ५०० | ६०० | ७०० | ८०० | ११०० | ११०० | |

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| | लक्षित वर्गको क्षमता विकासको लागि आयोजना गरिने तालिम (वार्षिक) | पटक | १ | ५ | १० | १५ | २० | २५ | २५ | |
| | लक्षित वर्गको सीप विकास कार्यक्रममा सहभागि | संख्या | १०० | ३५० | ४०० | ४५० | ५०० | ५५० | ५५० | |
| प्रतिफल ४.३ : आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गको रोजगार प्राप्तिका अवसर प्रवर्द्धन भएको हुनेछ। | सीपमूलक तालिम हासिल गर्ने महिला तथा दलित | संख्या | १०० | १८० | २६० | ३४० | ४२० | ५०० | ५०० | |
| | तालिम लिए पश्चात महिला, दलित तथा अपाङ्गद्वारा सञ्चालित व्यवसाय | संख्या | १० | २० | ४० | ६० | ८० | १०० | १०० | |
| नतिजा ५ : युवा वर्गका सृजनशिलता तथा उद्यमशिलता अवसरमा अभिवृद्धि गर्नु | सक्रिय युवा क्लब तथा युवा संजाल | संख्या | - | ३ | ५ | ७ | ९ | ११ | ११ | |
| | क्लब तथा सञ्जालमा आबद्ध युवा | संख्या | - | ९० | १५० | २१० | २७० | ३३० | ३३० | |
| | उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | १२० | २०० | २५० | ३०० | ३५० | ४०० | ४०० | |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | ३ | ५ | ६ | ७ | ८ | ९ | ९ | |
| | राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | १ | ५ | ७ | ९ | ११ | १२ | १२ | |
| प्रतिफल ५.१ : युवा स्वरोजगारीका अवसर प्रवर्द्धन भएको हुनेछ। | स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | संख्या | ७०० | ८०० | ९०० | १००० | ११०० | १२०० | १२०० | |

| नतिजा सूचकहरू | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| | सहयोग वा अगुवानमा युवाद्वारा सञ्चालित उद्यमी | संख्या | ६० | १०० | १५० | २०० | २५० | ३०० | ३०० | |
| | तालिम हासिल गरे पछि स्वरोजगारीमा लागेका युवा | संख्या | १०० | १५० | २०० | २५० | ३०० | ३५० | ३५० | |
| प्रतिफल ५.२ : खेलकुद क्षेत्रको विकासका अवसर उपलब्ध भएको हुनेछ । | खेल प्रशिक्षणमा सहभागी युवा (वार्षिक) | संख्या | - | २१० | ३५० | ४९० | ६१० | ७६० | ७७० | |
| | प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | १ | ५ | १५ | २५ | ३५ | ५० | ५० | |
| | पालिकास्तरमा आयोजना हुने खेलकुद | संख्या | २ | २ | २ | २ | ३ | ३ | ३ | |
| असर ६: मौलिक सम्पदा, कला र संस्कृति संरक्षणका आधार तयार गर्ने | संरक्षित सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र | संख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | |
| | राष्ट्रियस्तरका कलाकार | संख्या | - | ३ | ३ | ४ | ४ | ४ | ४ | |
| | प्रवर्द्धित धार्मिक सांस्कृतिक क्षेत्र | संख्या | १ | २ | ३ | ४ | ४ | ४ | ४ | |
| प्रतिफल ६.१: स्थानीय संस्कृति तथा सम्पदा संरक्षणका अवसर सृजना भएको हुनेछ । | स्थानीय संस्कृति सम्बन्धी अध्ययन | संख्या | - | १ | १ | १ | १ | १ | १ | |
| | मिनि सांस्कृतिक संग्रहालय | संख्या | - | २ | २ | २ | २ | २ | २ | |
| प्रतिफल ६.२: कला तथा गीत संगीतको प्रवर्द्धन भएको हुनेछ । | स्थानीय कला तथा सीप प्रतियोगिता | संख्या | - | १ | २ | ३ | ४ | ५ | ५ | |
| | कला तथा संस्कृति प्रदर्शनी | संख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | |
| | पुरस्कृत प्रतिभा | जना | - | २ | ४ | ६ | ८ | १० | १० | |

## प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

प्रतापपुर गाँउपालिकाले तर्जुमा गरेको प्रथम आवधिक योजनाको कार्यान्वयन गाँउपालिकाको आन्तरिक स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा गरिनेछ । प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष | योजनाको लक्ष र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| उद्देश्य १ : विद्यालय शिक्षा, उच्च शिक्षा तथा प्राविधिक शिक्षामा सहज पहुँच तथा गुणस्तर कायम गर्नु | | | | | | | | | | |
| शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | ५ | ८००० | ९००० | १०००० | ११००० | १२००० | ५०००० | १०००० | |
| आवासिय विद्यालय सञ्चालन | संख्या | १ | १०००० | - | - | - | - | १०००० | १०००० | |
| जीवनउपयोगी शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | |
| प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १५०० | १६५० | १८०० | १९५० | २१०० | ९००० | १८०० | |
| उच्च शिक्षा सहयोग कार्यक्रम | पटक | ५ | १३०० | १४०० | १५०० | १६०० | १७०० | ७५०० | १५०० | |
| विद्यालय पोषण सुधार कार्यक्रम | विद्यार्थी संख्या | ८००० | १५२०० | १५२०० | १५२०० | १५२०० | १५२०० | ७६००० | ९.५ | |
| सार्वजनिक विद्यालय सबलीकरण (विश्वास अभियान) | विद्यालय संख्या | ३१ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | |
| बालबालिकामा डिजिटल लत नियन्त्रण तथा साइबर सुरक्षा सम्बन्धी जनचेतना कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | |
| शिक्षा शाखा व्यवस्थापन | पटक | ५ | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० | ६०० | |
| उद्देश्य १ को जम्मा | | | | | | | | १७३००० | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| उद्देश्य २ : विशिष्टकृत एवं गुणस्तरीय स्वास्थ्य सेवा र दिगो पोषणमा सहज पहुँच स्थापित गर्नु | | | | | | | | | | |
| स्वास्थ्य संस्था पूर्वाधार कार्यक्रम | पटक | ३ | १५००० | १५००० | १५००० | - | - | ४५००० | १५००० | |
| स्वास्थ्य संस्थामा विद्युतीय सूचना प्रविधि विस्तार | संख्या | ६ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ५०० | |
| २५ शैयाको अस्पताल निर्माण साझेदारी | संख्या | १ | १०००० | १५००० | १५००० | १५००० | - | ५०००० | ५०००० | |
| सुनौला हजार दिन कार्यक्रम | पटक | ५ | १५०० | १७०० | १९०० | २१०० | २३०० | ९५०० | १९०० | |
| स्वास्थ्य सेवा विस्तार कार्यक्रम | पटक | ५ | ३००० | ३२०० | ३४०० | ३६०० | ३८०० | १७००० | ३४०० | |
| क्षयरोग नियन्त्रण कार्यक्रम | पटक | ५ | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० | १२०० | |
| जनस्वास्थ्य तथा पोषण सचेतना कार्यक्रम | पटक | ५ | ५५० | ६२० | ६९० | ७६० | ८३० | ३४५० | ६९० | |
| स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ५ | २४० | २७० | ३०० | ३३० | ३६० | १५०० | ३०० | |
| मातृशिशु तथा गर्भवती स्याहार कार्यक्रम | पटक | ५ | ५५०० | ६००० | ६५०० | ७००० | ७५०० | ३२५०० | ६५०० | |
| स्वास्थ्य बीमा प्रवर्द्धन | पटक | ५ | ३२०० | ३६०० | ४००० | ४४००० | ४८०० | २०००० | ४००० | |
| शालक्षाली कार्यक्रम | पटक | ५ | १६०० | १८०० | २००० | २२०० | २४०० | १०००० | २००० | |
| २४सै घण्टा चिकित्सक सहित फ्रि एम्बुलेन्स सेवा | संख्या | ३ | १०००० | १०००० | १०००० | - | - | ३०००० | १०००० | |
| उद्देश्य २ को जम्मा | | | | | | | | २२७९५० | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | लगानीका तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| उद्देश्य ३: आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गको समता विकास, सामाजिक न्याय तथा आत्मनिर्भरताका अवसर सृजना गर्नु | | | | | | | | | | |
| महिला स्वरोजगार कार्यक्रम | जना | २२०० | ३००० | ४००० | ४५०० | ५००० | ५५०० | २२००० | १० | |
| दलित स्वरोजगारी कार्यक्रम | जना | ५०० | १३०० | १४०० | १५०० | १६०० | १७०० | ७५०० | १५ | |
| आदिवासी जनजाति तथा पिछडिएको वर्ग रोजगार कार्यक्रम | जना | ७०० | १९७१ | २१९५ | २४१९ | २६४३ | १९७२ | ११२०० | १६ | |
| अपाङ्गता स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | जना | १०० | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० | २० | |
| लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | पटक | ५ | ५६० | ६३० | ७०० | ७७० | ८४० | ३५०० | ७०० | |
| सामाजिक विभेद तथा कुप्रथा निरुपण कार्यक्रम | पटक | ५ | ४०० | ४५० | ५०० | ५५० | ६०० | २५०० | ५०० | |
| सेफ हाउस व्यवस्थापन | पटक | ५ | १२०० | १३५० | १५०० | १६५० | १३०० | ७००० | १४०० | |
| ज्येष्ठ नागरिक हित अभिवृद्धि कार्यक्रम | पटक | ५ | ४१० | १०० | ११० | १२० | १४० | ९०० | १८० | |
| बालमैत्री गाउँपालिका कार्यक्रम | पटक | ५ | २५० | २८० | ३१० | ३४० | ३७० | १५५० | ३१० | |
| लक्षित वर्ग सञ्जाल सशक्तिकरण तथा परिचालन | पटक | ५ | २५० | २७० | २९० | ३१० | ३३० | १४५० | २९० | |
| अपाङ्गता सेवा केन्द्र स्थापना | संख्या | १ | ५५० | ६०० | ६५० | ७०० | ७५० | ३२५० | ३२५० | |
| नियमित कार्यक्रम | पटक | ५ | २४० | २७० | ३०० | ३३० | ३६० | १५०० | ३०० | |
| उद्देश्य ३ को जम्मा | | | | | | | | ६४३५० | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| उद्देश्य ४: युवा स्वाभिमान एवं स्वरोजगारी र व्यावसायिक खेलका अवसर प्रवर्द्धन गर्नु | | | | | | | | | | |
| युवा स्वरोजगार कार्यक्रम | जना | ५०० | २४०० | २७०० | ३००० | ३३०० | ३६०० | १५,००० | ३० | |
| खेलकुद पूर्वाधार विकास कार्यक्रम | संख्या | १५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५,००० | १००० | |
| खेलकुद प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ४०० | ४५० | ५०० | ५५० | ६०० | २५०० | ५०० | |
| युवा उत्प्रेरणा कार्यक्रम | जना | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५ | |
| प्रतिभावान युवा प्रोत्साहन | जना | ५० | ३२० | ३६० | ४०० | ४४० | ४८० | २००० | ४० | |
| एक वडा एक खेलमैदान निर्माण | वडा | ३ | १५,००० | १५,००० | १५,००० | - | - | ४५,००० | १५,००० | |
| उद्देश्य ४ को जम्मा | | | | | | | | ८२००० | | |
| उद्देश्य ५: मौलिक भाषा, सभ्यता तथा संस्कृतिको जगेर्ना गर्नु | | | | | | | | | | |
| सांस्कृतिक मिनि संग्रहालय स्थापना | संख्या | १ | - | २००० | २००० | २००० | - | ६००० | ६००० | |
| स्थानीय प्रतिभा पुरस्कार | पटक | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० | |
| मौलिक कला तथा संस्कृति प्रदर्शनी | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |
| स्थानीय मेला जात्रा व्यवस्थापन | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० | |
| गीत तथा संगीत प्रतियोगिता | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | |
| उद्देश्य ५ को जम्मा : | | | | | | | | १२२५० | | |
| सामाजिक विकास क्षेत्रको कुल जम्मा बजेट | | | | | | | | ४८५०५० | | |

# परिच्छेद ६ : पूर्वाधार विकास

## १. पृष्ठभूमि

गाँउपालिका क्षेत्रको समग्र विकास तथा सेवा प्रवाहमा पूर्वाधार क्षेत्रको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। भौतिक पूर्वाधारको विकासले सेवाग्राही जनसंख्याको अन्तर आवद्धता र अन्तर सम्बन्ध विकास तथा विस्तार हुने र सो मार्फत् बजार, सेवा सुविधामा पहुँच र उपभोग जस्ता दैनिक जनजीवन एवम् आर्थिक क्रियाकलाप सञ्चालन गर्न प्रत्यक्ष योगदान पुग्दछ। पूर्वाधार तथा संरचनाको दिगो विकास र विस्तारबाट लाभ लिन पूर्वाधारको गुणस्तरीय निर्माण र दिगो सञ्चालनका साथै यसबाट वातावरणमा पर्ने सकारात्मक प्रभावहरूलाई बढाउँदै नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्ने संरक्षणका उपायहरू अपनाउनु पर्दछ। स्थानीय स्तरमा विकासको प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी सामाजिक, आर्थिक विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास उपलब्धिको प्रवेशद्वारको रुपमा कार्य गर्दछ। अन्तर्राष्ट्रिय प्रतिवद्धताको रुपमा प्रस्तुत दिगो विकास लक्ष्यले दिगो र व्यवस्थित आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने तथा हरियाली र खुल्ला ठाउँहरू उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ। यसै लक्ष्य अनुरुप भू-उपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको विकास द्रुत गतिमा विकास गर्ने, सामाजिक आर्थिक विकासमा सकारात्मक प्रभाव पर्ने र वातावरणमैत्री आयोजना सञ्चालन गर्दै निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयनको आवश्यकता पर्दछ। उपरोक्त सन्दर्भमा आधारित भई विकास प्रतिफललाई विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख हुन तथा अपेक्षित नतिजा हासिल गर्न मूलत: शहरी विकास, सडक, पूल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना तथा सञ्चार प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ। गाँउपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, सम्भावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ।

## क. भू-उपयोग तथा आवास व्यवस्थापन

### १. परिचय

भूमि तथा भूमिस्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक पर्ने कानूनी एवं संस्थागत व्यवस्था यसै नीतिको आधारमा गरिन्छ । यस नीतिले भूमि तथा भूमिस्रोतको उपयोगबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण गर्न सक्ने अवस्था सिर्जना गर्दछ । भू-उपयोग नीति, नियम, योजनाको साथै सो को प्रभावकारी कार्यान्वयन र अभ्यास स्थानीय सरकारको लागि महत्वपूर्ण कदम हुनसक्छ ।

गाँउपालिकाहरुको शहरी/ग्रामीण योजना निर्माण, चाहे औद्योगिक, व्यापारिक वा आवासीय क्षेत्रका लागि होस् यसमा कतै न कतै भू-उपयोग योजनाको आवश्यकता पर्दछ । भू-उपयोग योजनालाई स्थानीय सरकारको नीति निर्माणले ठूलो असर पार्दछ। उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरू निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षाकोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण वा अस्पताल निर्माण जस्ता कार्यहरू सञ्चालन भू-उपयोग योजनामा आधारित बनाउन सकिएमा बढी प्रभावकारी बनाउन सकिन्छ । भू-उपयोग नीति, नियम, योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृति अनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरू विस्तार गर्न सहजता प्रदान गर्दछ ।

नेपालको संविधान २०७२ ले स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी काम कारवाहीमा अधिकारको व्यवस्था गरेको छ । भू-उपयोग ऐन २०७६ ले पनि स्थानीय सरकारलाई विभिन्न भू-उपयोग संरचनासहित, भू-उपयोग क्षेत्र नक्सा तयारी, परिमार्जन, र कार्यान्वयन एवं भू-उपयोग योजना तर्जुमा गर्न निर्देशित गरेको छ । विस्तृत रूपमा हेर्दा भू-उपयोग नीति, नियम, योजना बनाउने कार्य संघीय र प्रदेश सरकारको कार्यसूचिभित्र परेका छन् र थप स्थानीय नीति, नियम, भू-उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको भएको कुरा संघीय सरकार शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू-उपयोग नीतिमा उल्लेख छ ।

### २. वर्तमान अवस्था

प्रतापपुर गाँउपालिकाले विगतमा भू-उपयोग नीति बनाई कार्यान्वयन गरेतापनि शहरी पूर्वाधारलाई निश्चित मापदण्डमा लैजान विभिन्न चुनौति सामना गरिरहनु परेको छ भने पछिल्लो समयमा कृषियोग्य क्षेत्रको संरक्षण र विकासका लागि कृषि पकेट क्षेत्र निर्धारण मार्फत् भू-उपयोग योजनाको सीमित अभ्यास शुरु गरेको छ । तथापि समग्र भू-उपयोग योजना भने निर्माण भएको छैन । भूमिको अवैज्ञानिक प्रयोग तथा तालमेल नमिल्नाले (Land use conflict), अव्यवस्थित र असुरक्षित बसोबास/भू-प्रयोग अझै विद्यमान छ । विभिन्न किसिमका भू-तथ्याङ्क, आर्थिक-सामाजिक-सांस्कृतिक तथ्याङ्क आदि संकलन र प्रयोगमार्फत् पालिकाको स्थानीय परिवेश सुहाउँदो भू-उपयोग योजना निर्माण आवश्यक छ । पालिकामा भवन निर्माण अनुमतिको विधि निर्धारण र कार्यान्वयन भइरहेको भए पनि हालको प्रक्रियालाई थप वैज्ञानिक र आधुनिक असल अभ्यास अनुकुल बनाउन थप कार्य गर्नुपर्ने आवश्यकता छ भने नक्सा स्वीकृति प्रक्रियालाई विद्युतीय Digital माध्यमद्वारा अगाडी बढाउन पर्ने देखिन्छ । सबै अन्तर

सम्बन्धित विभाग र निकाय जस्तै: सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने (Integrated Building Permit System) तिर उन्मुख हुनुपर्ने देखिन्छ । यसका लागि यी सबै क्षेत्रको तथ्याङ्क व्यवस्थापनमा सुधार पनि गर्नुपर्ने आवश्यकता छ। सम्पदा बस्ती तथा विभिन्न किसिमका भवन तथा बस्तीको एकरुपता कायम गर्ने तथा भवनलाई सबै किसिमका विपद् जोखिम न्यूनिकरणका सबै पक्षलाई पर्याप्त महत्व दिई हालको अभ्यासमा सुदृढीकरण गर्नुपर्ने आवश्यकता पनि छ।

## ३. लक्ष्य

नियोजित, उत्थानशील, आकर्षक, सुव्यवस्थित तथा सुरक्षित समुदाय, शहर सहितको प्रतापपुर निर्माण गर्ने ।

## ४. उद्देश्य

दक्ष प्राविधिक जनशक्ति, प्रभावकारी कानून र तथ्याङ्क तथा आधुनिक प्रविधिको प्रयोगद्वारा भू-उपयोग, शहरी विकास तथा भवन निर्माणमा प्रभावकारिता ल्याउने ।

- गाँउपालिकाको सबै अन्तर वडा तहका सीमाहरू भौगोलिक सूचना प्रणाली GIS आधारमा अद्यावधिक/परिमार्जन गर्ने ।
- गाँउपालिकाभित्र पर्ने हरेक जमिन कित्ता (Land Parcel) तथ्याङ्क निरन्तर रुपमा संकलन तथा अद्यावधिक/परिमार्जन गर्ने ।
- गाँउपालिका भित्र रहेका हरेक पूर्वाधार/भवनको तथ्याङ्क संकलन सम्पन्न गरी निरन्तर अद्यावधिक गर्ने ।
- पुराना, अव्यवस्थित, जीर्ण भवन, सडक, तथा अन्य शहरी संरचनालाई सोही ठाउँमा अझ प्रभावकारी, आकर्षक/आधुनिक र वातावरणमैत्री विधिबाट पुनर्स्थापना गर्ने ।
- जोखिम बस्ती, असुरक्षित बस्ती, अव्यवस्थित बस्ती, ऐलानी, सार्वजनिक, सरकारी, र निजी जग्गाका बस्ती, र अन्य गैरकानूनी बस्तीको पहिचान, व्यवस्थापन/नियन्त्रण, एवं स्थानान्तरणको निम्ति आवश्यक अध्ययन, तथ्याङ्क संकलन, नीति कानून निर्माण, कार्यक्रम र समन्वयलाई अगाडी बढाउने ।
- आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरुपता ल्याउन अध्ययन, परामर्श तथा नीतिगत तयारी सम्पन्न गर्ने ।
- कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्वारा क्षमता अभिवृद्धि गर्ने साथै नयाँ दक्षप्राविधिक कर्मचारी नियुक्ति गर्ने ।
- जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न सचेतना अभिवृद्धि कार्य गर्ने ।

## ५. सम्भावना तथा अवसरहरु

- ➢ व्यवस्थित सहरीकरणमा सहजता
- ➢ वातावरणमैत्री हरित तथा आवाद क्षेत्रको उचित व्यवस्थापनमा सहजता
- ➢ पर्ती जग्गाहरुको प्रचुरताले गर्दा नयाँ भौतिक निर्माणको सम्भावना
- ➢ व्यवस्थित बस्ती विकासले जनतालाई दिइने सेवा सुविधामा सहजता

## ६. चुनौतिहरु

- ➢ ल्यान्ड पुलिङको अवधारणा लागू गर्नमा चुनौति
- ➢ नापी नक्सा र हाल जग्गामा विद्यमान समस्याहरु
- ➢ पर्ती जग्गाको संरक्षणमा कठिनाई

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. गाँउपालिकाको सबै अन्तर वडा तहका सीमाहरू भौगोलिक सूचना प्रणाली GIS आधारमा अद्यावधिक/ परिमार्जन गर्ने । | १. निर्वाचन आयोग र नापी कार्यालयसँग समन्वय गरी हरेक वडाको राजनीतिक र भौगोलिक सीमा यकिन गरी गाँउपालिका सीमामा एकरुपता ल्याइनेछ । |
| | २. प्रत्येक वडाभित्र पर्ने हरेक घरधुरी तथा स्थानीय सेवा प्रवाह सोही वडाभित्र पर्ने गरी सीमा तथ्याङ्क कायम गरिने छ । |
| | ३. गाँउपालिकासँग जोडिएका छिमेकी नगरपालिका/ गाउँपालिका बिच समन्वय गरी गाँउपालिकाका सीमा सही रुपमा कायम गरिने छ । |
| २. गाँउपालिकाभित्र पर्ने हरेक जमिन कित्ता (Land Parcel) तथ्याङ्क निरन्तर रुपमा संकलन तथा अद्यावधिक /परिमार्जन गर्ने । | १. नापी कार्यालयसँग समन्वय गरी हरेक जमिन कित्ताको GIS आधारमा सर्वेक्षण तथ्याङ्क अद्यावधिक गरिने छ । |
| | २. नापी तथा मालपोत कार्यालयसँग समन्वय गरी लालपुर्जा तथा नापी नक्साको क्षेत्रफलमा एकरुपता ल्याइने छ । |
| | ३. गाँउपालिकाको ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी तथा अन्य परिवारको तथा यस्तरी प्रयोग भइरहेको जमिनको तथ्याङ्क संकलन गरिने छ । |
| | ४. ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरूको वास्तविकता यकिन गरिने छ । |
| | ५. गाउँपालिकाभित्रका जमिन कित्ताको तथ्याङ्कलाई कानून बमोजिम छनौट गरी सर्वसाधारणले विद्युतीय (डिजिटल) माध्यमबाट हेर्न र प्राप्त गर्न सक्ने प्रबन्ध गरिने छ । |
| ३. गाँउपालिकाभित्र रहेका हरेक पूर्वाधार/भवनको तथ्याङ्क संकलन सम्पन्न गरी निरन्तर अद्यावधिक गर्ने । | १. गाँउपालिकाबाट भवन अनुमति प्राप्त भवनहरूको बस तथ्याङ्क जस्तै: संरचनागत प्राविधिक (Engineering Requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदिलाई अद्यावधिक गरिने छ । भवन अनुमति नभएको संरचनाहरूको हकमा स्वीकृति लिन प्रोत्साहन गरी माथि उल्लेखित पनि तथ्याङ्क संकलन गरिने छ । |
| | २. गाउँपालिकाको भवन अनुमति प्रणालीलाई (Building Permit System) वैज्ञानिक तथा डिजिटल माध्यममा ल्याई सर्वसाधारणले सहज रुपमा आवेदन प्रकिया, आवेदनमाथि भएको प्रगती (Process Tracking) आदिको जानकारी लिन मिल्ने व्यवस्था गरिने छ । |
| | ३. सम्पूर्ण भवन अनुमतिको तथ्याङ्कलाई छनौट गरी सर्वसाधारण/संघसंस्थालाई समेत उपलब्ध हुने खाले डिजिटल प्रविधि तयार गरिने छ । |

| | |
|---|---|
| ४. भू-उपयोग योजना निर्माण गर्दा उत्थानशील, आकर्षक, सुरक्षित तथा तालमेल मिलेको बस्ती तथा समुदायको विकासलाई केन्द्रबिन्दुमा राख्ने । | १. भू-उपयोग ऐन २०७६ अनुरूप गाँउपालिकालाई विभिन्न क्षेत्रमा वर्गीकरण (Zoning) गरिने छ । सोही वर्गीकरण अनुसार उपयोगको सुनिश्चितता गरिने छ । |
| | २. हरेक क्षेत्रको लागि तोकिएको भू-उपयोग बमोजिम गाँउपालिकाले आफ्नो वृहत् उद्देश्य प्राप्तिका लागि त्यस्ता क्षेत्रका लागि आवश्यक परिपूरक नीति नियमको निर्माण तथा प्रयोगको व्यवस्था मिलाइने छ । |
| | ३. भू-उपयोग क्षेत्र तोक्दा सम्बन्धित समुदायको पहिचान जनाउने तथा सडक/यातायात लगायतका पूर्वाधारहरूको पहुँचसहितको हुने गरी निर्धारण गरिनेछ । |
| | ४. खोला नालाहरू तथा वातावरणीय हिसाबले जोखिममा रहेका सम्पूर्ण बस्तीलाई उचित स्थानमा स्थानान्तरण तथा पुनर्स्थापनाको व्यवस्था गरिनेछ । |
| | ५. विभिन्न भू-उपयोग क्षेत्र अन्तर्गत आवासीय क्षेत्र तोक्दा सकेसम्म मिश्रित किसिमको (Mixed use) प्रयोग सृजना हुने गरी योजना बनाइने ताकि यातायातका कारण दैनिक प्रयोजनको लागि चाहिने उपभोग्य वस्तु तथा कारोबारलाई कम दुरीमा सम्पन्न गर्न सक्ने बनाइने छ । |
| | ६. एकल किसिमको भू-उपयोग क्षेत्र, जस्तैः आवासीय, व्यापारिक, औद्योगिक क्षेत्र तोक्न परेको अवस्थामा ती क्षेत्रहरूमा आवश्यकता अनुसार खुद्रा व्यापारिक स्थानहरूको (Retail Centre) पनि प्रबन्ध गरिनेछ । |
| | ७. समुदायले परम्परागत रुपमा प्रयोजनमा ल्याइरहेको मध्यम तथा ठूला आकारका बजार क्षेत्रलाई व्यवस्थापन तथा नयाँ स्थानहरूमा बजार क्षेत्र विस्तार गरिने छ । |
| | ८. आवासीय क्षेत्रहरू तोक्दा र आवासहरूको निर्माण गर्दा/गराउँदा सबै किसिमका आवासहरू (Single family detached dwelling, Townhouse, अपाङ्गमैत्री आवास (Special needs housing), अपार्टमेन्टहरू, किफायती आवास (Affordable housing) आदि लगायत सबै प्रावधान राखेर योजना बनाइने छ । |
| | ९. नयाँ क्षेत्र तोक्दा सर्वसाधारणको सहज पहुँच हुने गरी तोकिने छ, (बसपार्क, बसस्टप, पार्क इत्यादि) । |
| | १०. गाँउपालिकाले विभिन्न भू-उपयोग क्षेत्र छुट्याउने क्रममा चलि आएका प्रयोजन/संरचनालाई यथावत रहन दिने व्यवस्था (Grandfather Clause) सहित भविष्यमा सो प्रयोजन/संरचनालाई सोही प्रयोजनमा ल्याउने सम्बन्ध निर्माण गरिनेछ । |
| | ११. गाँउपालिकाले भू-उपयोग योजना बनाउँदा अन्तर नगर/गाउँपालिका, प्रादेशिक सरकार तथा संघीय सरकारको अन्य योजना तथा आवश्यकतालाई समेत मध्यनजर गर्दै निर्माण गरिनेछ । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | १२. गाँउपालिकाको भू-उपयोग योजनामा आवश्यकता अनुसार संरक्षित क्षेत्रहरू भनी प्राकृतिक स्रोतहरू, खुल्ला क्षेत्र, सिमसार क्षेत्र, साँस्कृतिक सम्पदा क्षेत्र आदि भनी छुट्याइने छ । सो कार्यको लागि गाउँपालिकाले यस्ता सबै क्षेत्रहरूको पूर्ण अध्ययन गरी संरक्षण र प्रयोगका लागि नीति नियम निर्माण तथा कार्यान्वयन गर्नेछ । |
| | १३. पालिकामा छरिएका सबै बस्तीहरूलाई एकीकृत (Urban Consolidation) गरिने छ । |
| ५. पुराना, अव्यवस्थित, जीर्ण भवन, सडक, तथा अन्य शहरी संरचनालाई मौली ढाँचामा अझ प्रभावकारी, आकर्षक/आधुनिक र वातावरणमैत्री विधिबाट पुनर्स्थापना गर्ने । | १. कृषि योग्य, वन क्षेत्र, संरक्षित क्षेत्र बाहेक अरु बसोबास गर्न मिल्ने क्षेत्रमा खाली, बाँझो/प्रयोगविहीन, पुरानो कम्पनी, तथा अन्य पुराना भवन भएका जमिनहरूमा मात्र पुनरविकास गर्ने नीति लिइनेछ । |
| | २. निजी जमिन प्लटिङ गर्दा गाउँपालिकाको सडक, ढल, विद्युत, पानी आदि सेवाको सञ्जालसँग मेल हुने गरी गाँउपालिकामा निवेदन दिएपश्चात, गाँउपालिकाको मुल्याङ्कन र स्वीकृति भएपछि मात्र मालपोत/नापी कार्यालयमा सिफारिस हुने व्यवस्था गरिनेछ । |
| | ३. भवनहरूमा एकरूपता ल्याउन परम्परागत शैली निर्धारण गरी भवनहरूमा समान शैलीको मोहडा (Facade) लाई नीति, प्रोत्साहन र सहुलियतको व्यवस्था गरिने छ । |
| | ४. Land pooling गर्दा राष्ट्रिय तथा स्थानीय मापदण्ड अनुरुप उपयुक्त निश्चित प्रतिशत जग्गा/कित्ता Pooling को योजना तय गरिनेछ । Land Pooling को योजनामा नआएका जग्गा धनीको हकमा Pooling मा आएका जग्गाधनीसरह व्यवस्था गरिने छ । |
| | ५.सडक छेउमा र सडक डिभाइडरमा वृक्षारोपण गरिनेछ र सडक छेउको हरियाली कायम गर्न स्रोत साधन विनियोजन गरिनेछ । |
| | ६ 'एक घर एक रुख' नीतिलागु गरिनेछ । |
| ६. ऐलानी, सार्वजनिक, सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई अन्यत्र पुनर्स्थापना तथा उक्त जमिनहरूको उचित व्यवस्थापन गर्ने । | १. संकलित भूमि सम्बन्धी तथ्याङ्कको आधारमा संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा ऐलानी, सार्वजनिक, र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई उचित स्थान निर्धारण गरी पुनर्स्थापना गरिनेछ । |
| | २. संकलित तथ्याङ्कको आधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा यसरी प्रयोग भई आएका सबै जमिनको उचित व्यवस्थापन तथा पुनरविकास गरिनेछ । |
| ७. गाँउपालिकाको भू-उपयोग योजना बनाउँदा संघीय कानुन एवं संघ र प्रदेश सरकारको भू-उपयोग आधार बनाउने र अन्य असल अभ्यासको अनुकरण गर्ने । | १. गाँउपालिकाको भू-उपयोग योजना संघीय सरकार तथा प्रादेशिक सरकारको अधिनमा रही, राष्ट्रिय भू-उपयोग ऐन २०७६ र स्थानीय सरकार संचालन ऐन २०७४ मा निर्धारित व्यवस्था अनुसार तयार गरिने छ । |
| | २. योजना बनाउँदा तथा संशोधन गर्दा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर (ISO, NS quality standards), दीगो विकास लक्ष्य (SDG),अन्तर्राष्ट्रिय असल अभ्यास आदि समावेश |

| | |
|---|---|
| | गरिने छ । |
| ८. भू-उपयोग योजना बनाउँदा वर्तमान सम्भव र भावी आवश्यकतालाई समेत सम्बोधन गर्ने । | १. भू-उपयोग योजनालाई बृहत् योजनासरह दीर्घकालीन सोचसहितको बनाइने छ । |
| | २. स्थानीय भू-उपयोग योजना आवश्यकता अनुसार संशोधन गरिने छ, जसमा हेरफेर भएका खण्डहरूलाई मात्र परिमार्जन गरेर बाँकीलाई यथावत राखिने छ । |
| | ३. भू-उपयोग योजना संशोधन गर्दा अपनाउने प्रक्रियामा अधिकतम नागरिक सहभागिता सुनिश्चित हुने पद्धति अपनाइने छ । |

## ८. आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन

यो प्रतापपुर गाउँपालिकाले निकटतम सुदूर भविष्यको लागि उत्थानशील, आकर्षक, सुरक्षित तथा व्यवस्थापन मिलेको समुदाय, गाउँ तथा शहर सृजना गर्ने उद्देश्य लिएको हुनाले यो कार्यलाई मूर्त रुप दिन विभिन्न कानूनी व्यवस्था एवं औजारको आवश्यक हुन्छ। वर्तमान सन्दर्भमा यस गाँउपालिकामा भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण सम्बन्धी गतिविधि नियमन गर्ने कानूनी औजारहरू न्यून छन्। यहाँको गाँउपालिका भएकोले, भौगोलिक जटिलतालाई ध्यानमा राखी भवन निर्माण सम्बन्धी कानून तथा मापदण्ड पनि स्थानीयकरण गर्न आवश्यक छ। यस्तै संघीय स्तरमा भू-उपयोग ऐन २०७६ लागू भइसकेको अवस्था छ। यस परिवेशमा पालिकाले प्राथमिकताको आधारमा सान्दर्भिक ऐन कानून निर्माणको लागि संघ तथा प्रदेशसंग समन्वय, मौजुदा ऐन, कानून, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी परिमार्जन संशोधन, तथा आवश्यक ऐन कानून निर्माण गर्ने छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १.स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानून अनुरुप स्थानीय भू-उपयोग ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी संघीय र प्रदेश सरकारसँग समन्वय गर्ने। | १. स्थानीय सरकार संचालन ऐन, परिच्छेद ३ बमोजिम, संघीय तथा प्रदेश कानूनको अधिनमा रही शहरी विकास, बस्ती विकास, र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने। | १. प्रदेशस्तरमा भूमि तथा वातावरण अदालत (Land/ Planning and Environment Court) जस्तो विशेष संस्थागत संरचनाको कानूनी रुपमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण मामिलामा सक्षम गाँउपालिका बनाउने गरी कार्य गर्ने। |
| २. स्थानीय सरकार संचालन ऐन, परिच्छेद ७ बमोजिम नक्सा पास तथा भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यको लागि थप प्रभावकारी नीति, नियम र कार्यान्वयन कार्यविधि (Enforcement Guideline) बनाउने।<br><br>२.१. घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, Engineering Consultancy आदिका Licensing को लागि आवश्यक कार्यविधि तयार गर्ने। | २.आवश्यक ऐनहरू<br>• स्थानीय भू-उपयोग ऐन<br>• भू-उपयोग योजना तर्जुमा सम्बन्धी कार्यविधि<br>• स्थानीय भूमि ऐन<br>• जग्गा प्लटिंग ऐन/कार्यनीति<br>• ल्याण्ड पुलिङ सम्बन्धी ऐन /कार्यनीति<br>• स्थानीय शहरी (तथा ग्रामीण) योजना/व्यवस्थापन ऐन<br>• भवन निर्माण/घर नक्सा सम्बन्धी मापदण्ड र ऐन (परिमार्जित र स्थानीय परिवेशलाई सुहाउँदो)<br>• अव्यवस्थित, असुरक्षित, र गैरकानूनी बस्ती व्यवस्थापन ऐन | |

उमेश चन्द्र यादव
अध्यक्ष

ख. सामान्यता भू-उपयोग तथा शहरी नियोजन र बस्ती विकासको (Land use and urban planning) नीति नियम निर्माण र अभ्यासमा ल्याउँदा यसलाई अन्य क्षेत्रबाट अलग गरेर हेर्ने गरिएको छ । तर यस क्षेत्रको प्रभावकारी अभ्यास र अपेक्षित प्रतिफल हासिल गर्न आगामी दिनहरुमा गाउँपालिकाले यस क्षेत्रसँग अन्य विभिन्न क्षेत्र तथा मन्त्रालयलाई जोडेर वा समेटेर अगाडी बढ्नु पर्नेछ । त्यसैले सामान्य अर्थमा भू-उपयोग भनेको उपलब्ध जमिनको प्रयोग भन्ने बुझिएता पनि भू-उपयोगको अर्थ र प्रयोगको दायरा व्यापक रहेको छ । भू-उपयोगमा योजनाबद्ध विकास तथा शासकीय अभ्यासलाई प्रभाव पार्ने आर्थिक, राजनीतिक, सामाजिक, कानुनी तथा प्रशासनिक विषय तथा सवाल समेत समेटिन्छ । भू-उपयोग सम्बन्धी नीति नियम र अभ्यासमा विभिन्न क्षेत्रको आवश्यकता र भू-उपयोग अभ्यासका बिचमा सामञ्जस्यता कायम गर्ने कुरालाई उक्त प्राथमिकतामा राख्नुपर्ने हुन्छ । प्रभावकारी भू-उपयोग अभ्यास कार्यान्वयनका लागि नगरपालिकाले विभिन्न पक्षसँग सहकार्य र साझेदारी गर्नुपर्ने हुन्छ भने त्यसका लागि स्पष्ट र अन्तरसम्बन्धित कानुनी आधार, आवश्यकता अनुसार परम्परागत अभ्यास र आधुनिक प्रविधिको उपयुक्त प्रयोग तथा राजनीतिक इच्छाशक्ति र प्रतिबद्धता आवश्यक पर्छ । यसलाई दृष्टिगत गरी पालिकाले निम्न प्राथमिकता सहित कार्यारम्भ गरिनेछ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई कम्तीमा आधारभूत क्षेत्रहरुको नीति नियम निर्माणमा सँगै जोडेर लैजाने जस्तै: शिक्षा, स्वास्थ्य, कृषि, वातावरण, सरसफाई, यातायात। | १. अन्य सबै क्षेत्र र उपक्षेत्रको (वातावरण, सामाजिक, भौतिक, र आर्थिक: ऐन, कानून, नीति निर्माणको क्रममा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई मध्यनजर गर्दै अघि बढ्ने । | १. अन्तर सम्बन्धित कानूनी अभ्यासको सुनिश्चितता । |
| २. गाउँपालिकाभित्रको सबै तहमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक, र आर्थिक क्षेत्रसंग जोडेर लैजाने र सो को अन्तरसम्बन्ध बारे स्पष्ट गर्ने । | २. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक र आर्थिक क्षेत्रसँग जोडेर र अन्तरसम्बन्धित रुपमा काम कारवाही अगाडी बढाउने । | २. सबै क्षेत्रको अन्तरसम्बन्ध बोधसहित प्रभावकारी काम कारवाही, अनुगमन, मूल्यांकन आदि गर्ने । |

ग. कुनै पनि क्षेत्रको नीति नियम कानून जत्तिकै महत्व बोकेको नीतिगत दस्तावेज सो क्षेत्रको योजना वा मूल्यांकन हुन्छ । नीति नियम कानूनले सम्बन्धित क्षेत्रको कार्यलाई सहजीकरण र नियमन गर्नुका साथै सो क्षेत्रको कार्य सम्पादनका लागि मार्गनिर्देशन गर्छ । विभिन्न राष्ट्रिय नीति तथा भू-उपयोग ऐन २०७६ बमोजिम तथा पालिकाको आन्तरिक आवश्यकताको आधारमा पनि भूमि तथा भूमिमा हुने सम्पूर्ण गतिविधिलाई व्यवस्थित गरी वैज्ञानिक उपयोगको सुनिश्चितता गर्न भू-उपयोग योजना निर्माण गरिनेछ त्यसका लागि आवश्यक समन्वय तथा अध्ययन पूरा गरी पालिकालाई सुहाउँदो योजना तर्जुमा गर्न निम्नानुसार कार्यक्रमहरु निर्धारण गरिनेछ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय गर्ने । | १. बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि गाउँपालिकाले भूमिको वस्तुस्थिति, जनसङ्ख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययन गर्ने । आवश्यकता अनुसार ग्रामीण र शहरी क्षेत्रको बेग्लाबेग्लै योजना तर्जुमा गरेर कार्यान्वयन गर्ने । | |

घ. भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण क्षेत्रमा तथ्याङ्कको प्रयोग महत्वपूर्ण हुन्छ । विशेषगरी भूमिसँग सम्बन्धित विभिन्न भौगोलिक तथ्याङ्क तथा त्यस्तो तथ्याङ्कहरूलाई अझ स्पष्ट रूपमा चित्रण गर्ने नक्साहरूको प्रयोग बढ्न थाल्यो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरूलाई नियाल्दा यस क्षेत्रमा व्यापक तथ्याङ्क तथा नक्साहरूको प्रयोगद्वारा भूमिको वस्तुस्थिति, खाद्य तथा आवासको आवश्यकता, भूमिको माग, परियोजना कार्यान्वयन र अन्य निर्णय तथा नीति निर्माण प्रक्रियामा आवश्यक गर्ने अध्ययन, मूल्यांकन आदि हुने गर्छ । यस सन्दर्भमा पालिकामा तथ्याङ्क र नक्साको संकलन/निर्माण गर्ने अभ्यास विभिन्न चरणमा गाउँपालिका तथा सघ संस्थाबाट भएको छ, निरन्तर रूपमा व्यवस्थित र एकीकृत भण्डारण, प्रयोग तथा अद्यावधिक कार्य भने हुन सकेको छैन । तथ्याङ्क, नक्सा तथा भू-सूचना प्रणाली र विद्युतीय प्रविधिको प्रयोगद्वारा विभिन्न कार्यलाई सहजीकरण र योजना तर्जुमा गर्नुपर्छ भन्ने सोचसहित पालिकाले निम्न बमोजिम कार्यक्रम तय गरेको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. जारी रहेका सबै भू-उपयोग सूचि (Land Use Inventory) संकलन कार्यलाई निरन्तरता दिने र थप प्रभावकारी बनाउने तथा उपलब्ध सूचि र नयाँ सूचिलाई अद्यावधिक गरेर एकरूपता दिने । विशेषगरी पालिकाबासीको माग अनुरुप कृषि जमिनको (माटोको प्रकार र उब्जनी सम्भाव्यता अनुसार) पनि वर्गीकरण गर्ने । | १. स्थानीय भू-उपयोग नक्सा तयारी, मन्त्रालयबाट तयार गरिएको नक्सा प्राप्ति र परिमार्जन, प्राकृतिक जोखिम क्षेत्रको पहिचान र नक्सांकन लगायत सम्पूर्ण कार्य सम्पन्न गर्ने । | १. उच्च श्रेणीको भू-वर्गीकरण नक्सासहितको कडा र प्रभावकारी भू-उपयोग, शहरी विकास तथा भवन निर्माण अभ्यासलाई संस्थागत गर्ने । |
| २. उपलब्ध सम्पूर्ण सीमाना, कित्ता तथा भवन नक्सा, घर नम्बर नक्सा, सडक सञ्जाल नक्सा, विद्युतीय नक्सांकन, पानी वितरण नक्सांकन लगायत अन्य भूगोल र सेवा सम्बन्धी सबै नक्साहरूको केन्द्रिकृत र व्यवस्थित भण्डारण थालनी गर्ने र थप Digitization गर्दै लैजाने । | | |

ङ. भूमिको अवैज्ञानिक तथा परस्पर विरोधी (Land use Conflict) प्रयोग, अव्यवस्थित र असुरक्षित बसोबास र उस्तै समस्यामूलक भू-प्रयोग गाउँपालिकामा विद्यमान छ । शहरी बजारहरूमा विशेष गरी व्यवसायिक/औद्योगिक र आवासीय क्षेत्रहरू हुनाले भिडभाड तथा ध्वनि प्रदुषण, र ग्रामीण बजारहरूमा बाढी तथा पहिरो जोखिम क्षेत्रमा खेती तथा बस्ती रहेको, वन क्षेत्र आसपासको बस्ती र खेतीमा वन्यजन्तुले दिने गरेको दुःख लगायत समस्या रहँदै आएका छन् । त्यस्तै भवनहरूमा एकरूपता नहुनु (Uniform urban character), भूमि वर्गीकरण (Zoning) अनुसार भूमिको प्रयोग नहुनु, भूमि र निर्माणमा हुने गैरकानुनी गतिविधि, अवैज्ञानिक रूपमा भू-खण्डीकरण (Plotting) हुनु पनि पालिकामा देखा परेका भू-उपयोग तथा शहरी विकास सम्बन्धी मुख्य समस्याहरू हुन् । यसकारण आवासको माग पूर्ति गर्न पालिकाले विभिन्न किसिमको आवास अवस्थापन गर्ने गरी अगाडी बढ्नु छ । यस कारण सञ्चालनमा रहेको राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) बाट प्राप्त हुने नक्सा, प्रतिवेदन, तथ्याङ्कसहित विभिन्न किसिमका भू-तथ्याङ्क, आर्थिक सामाजिक-सांस्कृतिक तथ्याङ्क आदि संकलन गरी र प्रयोगमा ल्याई विभिन्न अवधिमा तल उल्लेख गरिएका कामहरू सम्पन्न गरिने छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी उच्च गुणस्तरको सबै खाले नक्सा (कित्ता नक्सासहित (Parcel level data) तयारीमा जोड दिने र प्रयोगमा ल्याउने । साथै राष्ट्रिय भू-उपयोग परियोजना (National Land Use Project) अन्तर्गत प्रतापपुर गाउँपालिकाको कार्य तत्काल पूरा गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र केन्द्रिय जारी वनाउसँग निरन्तर समन्वय गर्ने । त्यस्तै | १. भू-सूचना प्रणालीसँग सम्बन्धित विभिन्न नक्सा, नीति नियम कानुन, भू-वर्गीकरण, भू-उपयोग योजना आदिको आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable outcome) हासिल गर्न पालिकामा देखा परेका सबै किसिमको नकारात्मक/अनपेक्षित भू-उपयोग अभ्यासको न्यूनिकरण र निरुत्साहन गर्ने ।<br>११. राष्ट्रिय भू-उपयोग परियोजनाको | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable Outcome) पूर्णरुपमा हासिल गर्ने । |

| | | |
|---|---|---|
| यी सबको आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरु (Desirable Outcome) को पहिचान गर्ने र भू-उपयोग योजनामा समावेश गर्ने । | (National Land Use Project) नक्सा र तथ्याङ्क सहित अन्य सबै भू-नक्सा, तथ्याङ्क, योजना, सूचनालाई केन्द्रिकृत गर्दै सेवा प्रवाह, योजना तर्जुमा र नीति, नियम, निर्णय प्रक्रियामा प्रयोग गर्ने । | |
| २. हालको जनसङ्ख्यालाई आधार मानी, भावी जनसङ्ख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले पालिकामा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याटहरुको निर्धारण गर्ने । | २. भविष्यमा आवश्यक पर्ने आवासहरु उपयुक्त, व्यवस्थित तथा सुरक्षित ढङ्गमा निर्धारण गर्ने, साथै पालिकाले आफैं पनि Land Pooling तथा किफायती बसोबास (Affordable housing) परियोजना, निजी क्षेत्रको कोलोनी र High -rise अपार्टमेन्टहरु, एकल आवास गृह (Detached dwelling) आदि विविधता सहितको आवासीय घर तथा फ्ल्याटको माग पूर्ति हुने गरी व्यवस्थापन गर्ने । यसक्रममा निश्चित संख्यामा अपाङ्गमैत्री आवासहरुको पनि व्यवस्था गर्ने । | |

च. विभिन्न वडा तथा पालिकास्तरीय परामर्शका क्रममा पालिकामा लालपुर्जा नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक आकार/सीमानामा प्राय समानता नभएका समस्यालाई मध्यनजर गर्दै, नापी भू- उपयोग योजनाको एक प्रमुख आधार र कर प्रयोजनमा समेत अति महत्वपूर्ण भएकोले हरेक कित्ताका सही र वास्तविक तथ्याङ्क तथा विवरण कायम गर्न पालिकाले विभिन्न अवधिमा निम्न बमोजिम कार्ययोजना तोकेको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. नापी कार्यालयसँग समन्वय गरेर समस्या रहेको सम्पूर्ण कित्ता नक्सालाई सच्याउन थालनी गर्ने । यसका लागि आवश्यकता अनुसार पुनरनापी (Field work) /Desk work दुवै विधि अवलम्बन गर्ने । | १. कित्ता नक्सालाई सच्याउने कार्यलाई समापनतिर लैजाने र निरन्तर अद्यावधिक गर्ने प्रणाली स्थापना गरेर भण्डारण गर्ने । यस प्रणालीलाई सेवा प्रवाहमा पनि प्रयोग गर्ने, जस्तै- नयाँ नक्सा वितरण, जग्गा नामसारी, कित्ताकाट तथा सीमा हेरफेर, कर तथा सम्पत्ति विवरण प्रयोजन आदि । | १. सच्याइएको सम्पूर्ण कित्ता नक्सालाई भू-उपयोग नक्सा, भू- उपयोग योजना, केन्द्रिकृत नक्सा प्रणाली, भवन निर्माण स्वीकृति प्रणाली र अन्य भू-सूचना तथा सेवा प्रणालीसँग एकीकृत गरेर सेवा प्रवाह गर्ने । |

छ. महानगरपालिकामा नक्सा स्वीकृति प्रक्रिया परम्परागत रुपमा हुँदै आएको र प्रक्रियालाई थप आधुनिकीकरण र प्रविधिमूलक बनाउने क्रम जारी रहेको छ । हालसम्म कागजी रुपमा हुने नक्सा पास प्रक्रियालाई विद्युतीय (Digital) माध्यमद्वारा अगाडी बढाउने र सबै अन्तर सम्बन्धित विभाग र निकाय जस्तै सडक, बिजुली पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग क्रमश: तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीलाई एकीकृत गर्ने (Integrated Building Permit System) नीतिसहित पालिका अगाडी बढ्दै छ । जसबाट सेवाग्राहीले सहजता र सुलभतालाई ध्यानमा राख्दै र अन्तरसम्बन्धित निकायहरुको तालमेलको कमीले गर्दा शहरी र प्राकृतिक वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनिकरण गर्ने यो कार्यलाई प्राथमिकतामा राखिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. प्रक्रियामा रहेको इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) संचालनमा ल्याउने । | १. भवन निर्माण स्वीकृति कार्य र प्रणालीलाई थप आधुनिकीकरण र प्रभावकारी बनाउन अन्य सबै अन्तरसम्बन्धित विभाग र निकायसँग समन्वय गर्ने र एकीकृत स्वीकृति प्रणालीको (Integrated building permit system) थालनी गर्ने । | १. सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तै: सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी आदिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीको एकीकृत व्यवस्थापन गर्ने । |

उमेश चन्द्र यादव
अध्यक्ष

| ज. गाउँपालिकाको बसोबास र बस्तीको समग्र सुरक्षाको अवस्था हेर्दा भूकम्पीय जोखिम, विभिन्न भेगमा पहिरो तथा भू-क्षय, बाढी, हिमपात, र अधिक रुपमा खडेरी लगायत प्रकोपजन्यको समस्या विद्यमान छ। कानूनी आधारमा पनि सम्पूर्ण जोखिममा रहेका बस्ती तथा गैरकानूनी र अव्यवस्थित बस्तीको सुरक्षित, व्यवस्थित एवं दिगो व्यवस्थापन गर्नु स्थानीय सरकारको दायित्व हो र वर्तमान परिस्थितिमा समुदायस्तरमा पनि स्थानीय सरकारप्रति बढी नै अपेक्षा रहेको हुँदा आवधिक रुपमा निम्न बमोजिम कार्य विभाजन गरिएको छ। साथै यस क्रममा पालिकाले कमजोर तथा सीमान्तकृत वर्गको विशेष ध्यान राख्ने छ। | | |
|---|---|---|
| **२०८१/०८२** | **२०८२/०८३ - २०८३/०८४** | **२०८४/०८५ - २०८५/०८६** |
| १. स्थानीय सरकार संचालन ऐन, परिच्छेद (७) बमोजिम भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्ने र भू- जोखिम संवेदनशील जग्गामा विलास निर्माण, बसोबास निरुत्साहित गर्ने र स्थानान्तरण गर्ने नीति बनाई कार्यान्वयन गर्ने। | | |
| २. जोखिम बस्ती, असुरक्षित बस्ती, अव्यवस्थित बस्ती, ऐलानी, सार्वजनिक, सरकारी, र निजी जग्गाका बस्ती, र अन्य गैरकानूनी बस्तीको पहिचान, व्यवस्थापन/नियन्त्रण, एवं स्थानान्तरणको निम्ति आवश्यक अध्ययन, तथ्याङ्क संकलन, नीति कानून निर्माण, कार्यक्रम र समन्वयलाई अगाडी बढाउने। | २. महिला तथा बालबालिका, असाहाय भएका, कमजोर आर्थिक अवस्थामा रहेका, दलित, जनजाति, लोपोन्मुख र सीमान्तीकृत नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने। | २. दीगो विकास लक्ष्यको लक्ष्य ११ (SDG Goal 11) र राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजना अनुरुप समावेशी, सुरक्षित, सबल र दीगो शहर र समुदाय (Inclusive, Safe, Resilient, and Sustainable Cities and Communities) हाँसिल गर्ने। |
| झ. विभिन्न वडा तथा पालिकास्तरीय परामर्शको आधारमा वडा तथा टोलमा अव्यवस्थित र भविष्यमा बन्ने भवन तथा व्यक्तिगत घरहरुको शैलीमा (Uniform urban character) एकरुपता ल्याउने नीति तथा यो का कार्यान्वयनमा सकारात्मकता देखिएको छ। | | |
| **२०८१/०८२** | **२०८२/०८३ - २०८३/०८४** | **२०८४/०८५ - २०८५/०८६** |
| १. आवासीय तथा आवश्यक अन्य भवनहरुमा एकरुपता ल्याउन अध्ययन, परामर्श तथा नीतिगत तयारी सम्पन्न गर्ने। | १. भवनहरुमा एकरुपता ल्याउन नीतिगत निर्णय गरी कार्यान्वयनमा ल्याउने। | १. एकरुप तथा समान भवनहरू भएका टोल, वडा, र गाउँपालिकाको रुपमा स्थापित हुने। |
| ञ. भू-उपयोग, शहरी विकास, बस्ती विकास तथा भवन निर्माण प्राविधिक विषय भएकोले कार्यसम्पादनको लागि पनि प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ। हालको अवस्थामा गाउँपालिकामा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा भएता पनि सीमित इन्जिनियर तथा अमिनहरुद्वारा कार्यसम्पादन भइरहेको छ। यस कारणले विभिन्न व्यवस्थाहरुमा पालिकाले हालको शाखालाई पूर्णता दिँदै रूप यस प्राविधिक जनशक्ति नियुक्ति गर्ने, कर्मचारीहरुको विभिन्न विधिद्वारा क्षमता अभिवृद्धि गर्ने र शाखालाई निरन्तर विस्तार गर्दै थप प्रभावकारी बनाउनका लागि तपशिलका योजना निर्माण गरेको छ। | | |
| **२०८१/०८२** | **२०८२/०८३ - २०८३/०८४** | **२०८४/०८५ - २०८५/०८६** |
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) ले स्थानीय निकायको लागि तयार गरेको संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा र त्यसका उपशाखाहरुलाई यथाशीघ्र पूर्णता दिने। | १. विशेषगरी भवन तथा बस्ती/शहरी विकास शाखालाई अझै आधुनिक र प्रभावकारी बनाउन Urban planner, Architect, geologist, GIS technician, Transportation Planner/engineer, वातावरणविद् आदि थप प्राविधिक जनशक्ति सहितको महाशाखा बनाएर काम कारवाहीको थालनी गर्ने। | १. भवन तथा बस्ती/शहरी विकास महाशाखालाई वातावरण, विपद व्यवस्थापन, यातायात/सडक, पार्क/खुला क्षेत्र, सम्पदा संरक्षण र अन्य पूर्वाधार शाखा समेत भएको छुट्टै र विशेष अधिकारसहितको विभागको रुपमा विकसित गरेर लैजाने। |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| | साथै यस क्षेत्रमा लाग्ने सबै किसिमका आधुनिक प्रविधि र उपकरणहरू भित्र्याउँदै र प्रयोगमा ल्याउँदै जाने । | |
| २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न तालिम, सेमिनार, सिकाइ कोर्षको माध्यमद्वारा क्षमता अभिवृद्धि गर्ने साथै नयाँ दक्ष प्राविधिक कर्मचारी नियुक्ति गर्ने । | २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी Professional exchange program, Exposure visit, field visit द्वारा क्षमता अभिवृद्धिलाई निरन्तरता दिने | २. विभिन्न आन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रम र विधिहरूलाई निरन्तरता दिने । |
| ट. भू-उपयोग, योको अभ्यास र सम्बन्धित विषयवस्तुहरू गाँउपालिकाको लागि नूतनात्मक रचना गर्या हो । प्राविधिक विषय भएकोले कर्मीमा गराको नीतिगत तथा व्यवहारिक पाटा जनप्रतिनिधि तथा इच्छुक सबै गाँउ कार्यपालिका कार्यालय अधिकारीहरूले बुझ्नु जरुरी छ भने बाह्य सरोकारवाला संघसंस्था तथा व्यक्तिलाई पनि यस विषयमा थप अभिमुखीकरण तथा सचेतना वृद्धि गराउन जरुरी छ । यस कारण पालिकाले विभिन्न सचेतना अभिवृद्धि कार्यक्रम तय गरेको छ । | | |
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न सचेतना अभिवृद्धि कार्य गर्ने । | १. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी परिवर्तित सन्दर्भ तथा आयामका आधारमा सचेतनामूलक कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिने । |
| २. गाँउपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई भू-उपयोग, शहरी विकास तथा भवन निर्माणसँग प्रत्यक्ष सरोकार राख्ने बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धि र Licensing कार्यलाई पनि अगाडी बढाउने । जस्तै: घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, Engineering consultancy आदि । | २. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन तथा आवश्यक परिमार्जनसहित क्षमता विकासका कार्यक्रमको निरन्तरता दिने । | २. गाँउपालिकाको आन्तरिक संरचना तथा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण क्षेत्रका सरोकारवालाहरूको क्षमता विकास कार्यक्रमको निरन्तरता दिने । |

## ख. पार्क तथा मनोरञ्जन

### १. परिचय

पार्क तथा मनोरञ्जन अर्थात् सार्वजनिक प्रयोजनको लागि बनेका फुर्सदको समयमा उपयोगी, व्यायाम र मनोरञ्जनात्मक गतिविधि तथा मनोविनोदमा सहजीकरण गर्ने स्रोत, साधन र स्थलहरू हुन् । आम नागरिकको दैनिक जीवनको गुणस्तरीयताका लागि यस्ता स्रोतहरू अपरिहार्य हुन्छन् । यस्ता स्रोतहरू सार्वजनिक स्थल, खुला क्षेत्र र सुविधाहरू जस्तै: पार्क, शहरी प्लाजा वा स्क्वेर (City plaza and Square),हरित क्षेत्र, उद्यान, बगैंचा, पैदल मार्ग (Tracks and Trails), तथा निर्मित संरचनाहरू जस्तै: खेलकुद मैदान,मनोरञ्जनात्मक स्थल, ज्ञान/कलात्मक स्थल, सभा, सम्मेलन, मेला, सांगीतिक कार्यक्रम स्थल आदि हुन् । पार्क तथा मनोरञ्जन स्थल तथा सेवा/सुविधाहरूले आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय महत्व बोकेको पाइन्छ । आर्थिक दृष्टिकोणले यस्ता सेवा सुविधा सम्पन्न क्षेत्रको स्थानीय राजस्व र जमिनको मूल्यमा वृद्धि हुन्छ । साथै सो क्षेत्रले थप बसाईसराई एवं व्यापार व्यवसायलाई पनि आकर्षित गर्दछ । सामाजिक हिसाबले पार्क तथा मनोरञ्जन सामुदायिक जीवनस्तर गुणस्तर र पहिचानको मूर्त प्रतिविम्ब हो । प्राय: समुदायको बसोबास योग्यता (Livable Community) मापनको प्रमुख सूचकको रुपमा पनि पार्क तथा मनोरञ्जन सेवा सुविधाको उपलब्धतालाई लिइन्छ । त्यस्तै सामुदायिक मेलमिलाप, अन्तर्क्रिया, विविध सिकाइ र आपत्कालीन आश्रयको लागि पनि यस्ता स्थानहरू महत्वपूर्ण हुन्छन् । नागरिक स्वास्थ्यको कोणबाट शारीरिक रूपमा सक्रिय हुने अवसर प्रदान गर्ने हुनाले, बालबालिका, युवा, ज्येष्ठ नागरिक लगायतको हितमा पार्क तथा मनोरञ्जन सेवाले विशेष टेवा पुऱ्याउँदछ । पार्क, हरित क्षेत्र, उद्यान तथा बगैंचाको वातावरणीय सन्तुलन र सुधारमा पनि ठूलो भूमिका रहन्छ जसले गर्दा मानव स्वास्थ्यमा समेत सकारात्मक प्रभाव देखिन्छ । यी स्थानहरूबाट पानीको गुणस्तर सुधार, भूमिगत पानीको संरक्षण, बाढी/कटान न्यूनिकरण, स्वच्छ हावामा वृद्धि, विभिन्न प्रदुषण नियन्त्रण, वन्यजन्तु र वनस्पति संरक्षण लगायत धेरै प्राकृतिक एवं वातावरणीय लाभ लिन सकिन्छ । सोही स्थानमा पार्क, हरित क्षेत्र र पैदल मार्ग, उद्यान तथा बगैंचा विकास गर्नाले आवासीय सडक वा औद्योगिक क्षेत्र बिच बफरको (Buffer) रुपमा पनि काम गर्दछ । माथिको नक्सामा पालिकाको वडाहरूमा अवस्थित पार्क तथा सार्वजनिक स्थल, मनोरञ्जन स्थल, र खेलकुद मैदानको नक्सांकनलाई देखाउन खोजिएको छ । प्रत्येक वडामा कम्तीमा एउटा पार्क/सार्वजनिक स्थल व्यवस्था गर्ने उत्तम अभ्यास तथा संघीय सरकारको मापदण्ड पालना गर्न यो अवधारणा सहयोगी छ ।

### २. वर्तमान अवस्था

गाउँपालिकामा पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी विभिन्न कार्यहरु गर्नका लागी आधार क्षेत्रहरु र थप पहिचानका क्षेत्रहरु खोजी काम भइरहेको छ । पर्यटक आगमनको उच्च सम्भावना बोकेकोले पनि पालिकामा यो क्षेत्रको उचितव्यवस्थापन र गुणस्तरीय सेवा प्रवाह अति आवश्यक छ । पालिकामा अवस्थित यस्ता सेवा सुविधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन र नयाँ सेवा सुविधा निर्माण तथा विस्तार लगायत कार्यहरूमा पालिकाको विशेष जोड रहने छ ।

## ३. लक्ष्य

पार्क तथा मनोरञ्जन सेवा/सुविधाको उपलब्धता र पहुँच प्रवर्द्धन गरी पालिकाबासीको आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय हित प्रवर्द्धन गर्ने ।

## ४. उद्देश्य

पार्क तथा मनोरञ्जन स्थलको संरक्षण र व्यवस्थापनमार्फत् सम्बन्धित सेवामा पालिकावासी लगायत सबैको नागरिकको पहुँच बढाउने ।

- पार्क तथा मनोरञ्जन स्थल निर्माण एवं व्यवस्थापन र संरक्षणको लागि संयन्त्र गठन तथा परिचालन गर्ने ।
- हालको तथा भविष्यको जनसंख्या पूर्वानुमानलाई आधार मानी पार्क, खेल क्षेत्र शहरी खुल्ला क्षेत्रहरु स्थापना गर्ने ।
- गाँउपालिकामा रहेका पार्क, मनोरञ्जन तथा खेलमैदानको संक्षण र व्यवस्थापन गर्ने ।
- पार्कभित्र रहेका सेवा/सुविधा, उपकरण/संरचनालाई उचित संरक्षण र व्यवस्थापन गर्ने र आवश्यकता अनुसार थप गर्ने ।
- यस कार्य आवश्यकता र अनुकुलता अनुसार सार्वजनिक निजी साझेदार, **Tender** वा व्यवस्थापन समिती मार्फत गर्ने ।
- खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै गाँउपालिकामा अवस्थित खेलमैदानहरुको उचित संरक्षण, स्तरोन्नती र व्यवस्थापन आवश्यकता अनुसार थप गर्ने ।
- पार्क तथा मनोरञ्जन सेवाको पहुंच बढाउन गाँउपालिकाको स्वामित्वमा रहेका सार्वजनिक विद्यालयका खेलमैदानलाई अझ व्यवस्थित र सुविधायुक्त बनाई विद्यालय र विद्यालय समयलाई प्रतिकुल असर नपर्ने गरी सर्वसाधारणलाई खुल्ला गर्ने ।
- मनोरञ्जनका सेवा/सुविधा/संरचना स्थापना गर्दा वरिपरिका आवासीय तथा अन्य क्षेत्रलाई असर नगर्ने गरी स्थापना तथा व्यवस्थापन गर्ने ।
- पर्यटकीय खेलहरुको अध्ययन तथा पूर्वाधार विकासको सुरुवात गर्ने ।
- पर्यटकीय हिसाबले महत्वपूर्ण पार्क, मनोरञ्जन स्थल आदिको प्रचार प्रसार, पूर्वाधार निर्माण सूचना केन्द्रहरु स्थापना गर्ने ।
- पालिकास्तरीय बृहत पार्क र रंगशाला निर्माणको निम्ति सम्भाव्यता अध्ययन निर्माण थालनी गर्ने ।
- वडा सामुदायिक पार्कहरु (विभिन्न मनोरञ्जन सुविधाहरुका साथ)
- वडास्तरी खेलमैदान (विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिन्टन वा बहुउपयोगी)

## ५. सम्भावना तथा अवसरहरु

- नीति, नियम, मापदण्ड, तथा योजना तयार गरी नागरिकको स्वास्थ्य र वातावरण संरक्षण तथा राजस्व अभिवृद्धिको दृष्टिकोणबाट समेत महत्वपूर्ण यस क्षेत्रको उचित व्यवस्थापन गर्ने
- हालको तथा भविष्यको जनसंख्या पूर्वानुमानलाई आधार मानी पार्क, खेल क्षेत्र शहरी खुल्ला क्षेत्रहरु स्थापना गर्ने
- पार्क तथा मनोरञ्जन स्थल निर्माण एवं व्यवस्थापन र संरक्षणको लागि संयन्त्र गठन तथा परिचालन गर्ने

## ६. चुनौतिहरु

- पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न
- गाँउपालिकामा अवस्थित पार्क तथा मनोरञ्जन जस्ता सेवा सुविधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन, र नयाँ सेवा सुविधा निर्माण तथा विस्तार कार्य पालिकाका लागि चुनौति रहेको

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| १. पार्क तथा मनोरञ्जन स्थल निर्माण एवं व्यवस्थापन र संरक्षणको लागि संयन्त्र गठन तथा परिचालन गर्ने । | १. सबै वडा र गाउँपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिकसहितको स्थानीय पार्क तथा मनोरञ्जन समिति गठन गरिने छ। साथै यसै समिति अन्तर्गत आवश्यकता अनुसार पार्क विशेष व्यवस्थापन समिति पनि गठन गरिने छ। |
| | २. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको पार्क तथा मनोरञ्जन संरक्षण व्यवस्थापन इकाई गठन गरिने छ। |
| | ३. पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, समन्वय, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिने छ। |
| | ४. गठन भए पश्चात् समिति र इकाईद्वारा सबै किसिमको पार्क तथा मनोरञ्जन स्थान/क्षेत्र अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ। |
| | ५. पार्क तथा खुल्ला क्षेत्रको संरक्षण तथा व्यवस्थापनका योजनाहरू बनाइने छ र भविष्यमा आवश्यकता अनुसार यस्ता क्षेत्रहरू थप गरिने छ। |
| | ३. पार्क तथा खुलाक्षेत्र प्रयोजनका लागि सार्वजनिक तथा खाली जमिनहरू प्रयोगमा ल्याइने छ। |
| | ५. पार्क तथा खुल्ला जमिनको अभावलाई सुल्झाउन घर, जग्गा, निर्माण व्यवसायी तथा निजी क्षेत्रसंग साझेदारी गरी व्यवस्थापन गरिने छ। |
| | ६. हरेक पार्कको संरक्षण साथै गुणस्तरीय मनोरञ्जन अवसरहरू एवं प्राकृतिक र सांस्कृतिक पक्षको सन्तुलन कायम गरिने छ। |
| | ७. पार्कको लागि चाहिने जमिनको व्यवस्थापन हाल तथा भावी जनसङ्ख्या तथा विद्यमान मापदण्ड अनुसार गरिने छ। |
| | ८. नयाँ बन्ने हाउजिङ कोलोनी तथा आवासीय क्षेत्रहरूमा पनि पार्क तथा खुल्ला क्षेत्र कायम गर्नाका लागि गाउँपालिका / शहरी विकास मापदण्ड अनुसार अनिवार्य गरिने छ। |
| | ९. हालको र भविष्यमा निर्माण हुने पार्क तथा मनोरञ्जन स्थलहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री बनाइने छ। |
| | १०. पार्क, खेलमैदान तथा खुल्ला क्षेत्र अतिक्रमण हुनबाट जोगाइने छ। |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| ३. गाँउपालिकामा रहेका पार्क, मनोरञ्जन तथा खेलमैदानको संरक्षण र व्यवस्थापन गर्ने । | १. पार्कभित्र रहेका सेवा/सुविधा, उपकरण/संरचनालाई उचित संरक्षण र व्यवस्थापन गरिने छ र आवश्यकता अनुसार थप गरिने छ । यस कार्य आवश्यकता र अनुकूलता अनुसार सार्वजनिक निजी साझेदारी, Tender, वा व्यवस्थापन समितिमार्फत् गरिने छ । |
| | २. खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी गाँउपालिकामा अवस्थित खेलमैदानहरूको उचित संरक्षण, स्तरोन्नति र व्यवस्थापन, गरिने छ र आवश्यकता अनुसार थप गरिने छ । |
| | ३. पार्क तथा मनोरञ्जन सेवाको पहुँच बढाउन गाँउपालिकाको स्वामित्वमा रहेका सार्वजनिक विद्यालयका खेलमैदानलाई अझ व्यवस्थित र सुविधायुक्त बनाइ विद्यालय र विद्यालय समयलाई प्रतिकुल असर नपर्ने गरी सर्वसाधारणलाई खुला गरिने छ । |
| | ४. मनोरञ्जनका सेवा/सुविधा/संरचना स्थापना गर्दा वरिपरिका आवासीय तथा अन्य क्षेत्रलाई असर नपर्ने गरी स्थापना तथा व्यवस्थापन गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

## ८.आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन

क. गाउँपालिकाका पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान निर्माण तथा व्यवस्थापन सम्बन्धी ऐन कानुन तथा योजनाहरू नगन्य छन् । विभिन्न कानुनी व्यवस्था र वडा तथा पालिकास्तरीय परामर्शद्वारा गाउँपालिकाले यस प्रकार कानुनी औजारहरूलाई प्रयोगमा ल्याएर यस क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने स्थापित भएको छ । नागरिकको स्वास्थ्य, वातावरणीय तथा राजस्व अभिवृद्धिको दृष्टिकोणबाट समेत महत्वपूर्ण यस क्षेत्रको उचित व्यवस्थापनको लागि पालिकाले विभिन्न नीति, नियम, मापदण्ड तथा योजना बनाएर अगाडी बढ्ने गरी आवधिक प्राथमिकता निर्धारण गरेको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १ स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरुप स्थानीय पार्क तथा मनोरञ्जन ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटिने गरी बनाउने । | १. स्थानीय सरकार संचालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ, को उप दफा ४ क बमोजिम पार्क तथा मनोरञ्जन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।<br>१.१. आवश्यक ऐन, योजना, मापदण्ड: पार्क, मनोरञ्जन स्थल, खेलकुद मैदान संरक्षण र व्यवस्थापन सम्बन्धी आवश्यक नियम, कानुन, कार्यविधि र योजना । | १. पार्क तथा मनोरञ्जन सम्बन्धी प्रभावकारी ऐनसहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापनमा सक्षम गाउँपालिका बन्ने |

ख. अन्य क्षेत्रझैँ पार्क तथा मनोरञ्जन क्षेत्रको व्यवस्थापनको निम्ति पनि तथ्याङ्कको प्रयोग अनिवार्य छ । पालिकामा यस्ता तथ्याङ्कहरू भएता पनि पुराना, छरिएको र अपूर्ण अवस्थामा छन् । यस अवस्थाबाट आधुनिकतातर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन सुनिश्चित गर्न, पालिकाद्वारा तथ्याङ्क सम्बन्धी कार्यहरू पनि विभिन्न चरणमा सम्पन्न गरिने छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. जारी रहेका सबै भू-उपयोग सूचि Land Use Inventory संकलन कार्यमा सबै किसिमका पार्क, मनोरञ्जन क्षेत्र, खेलमैदान आदिको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सूचि र नयाँ सूचिलाई अद्यावधिक गरेर एकरुपता दिने । | १. पार्क, मनोरञ्जन, खुला क्षेत्र, खेलमैदान सम्बन्धी विभिन्न तथ्याङ्क / Land Use Inventory लाई प्रयोगमा ल्याई पार्क, खेलमैदान तथा मनोरञ्जन क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षण कार्य गर्ने । | १. संकलित सबै तथ्याङ्कको नियमित अद्यावधिक साथै तथ्याङ्कको प्रयोगद्वारा सेवा प्रवाह र मागआपूर्ति, अन्तर पहिचान आदिमा निरन्तरता दिने । |
| | २. शहरी र ग्रामीण पार्कका वर्गीकरण साथै यस्ता पार्कहरूको पूर्वाधार आवश्यकता Infrastructure need assessment गर्ने र आर्थिक स्रोतका आधारमा पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने कार्य गर्ने । | |

उमेश चन्द्र यादव
अध्यक्ष

ग. सेवा प्रवाह अन्तर्गत पनि पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी विभिन्न समस्याहरू पहिचान भएका छन् । पर्यटक आगमनको उच्च सम्भावना बोकेकोले पनि पालिकामा यो क्षेत्रको उचित व्यवस्थापन र गुणस्तरीय सेवा प्रवाह अति आवश्यक छ । पालिकामा अवस्थित यस्ता सेवा सुविधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/ परियोजना सञ्चालन, र नयाँ सेवा सुविधा निर्माण तथा विस्तार लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १.पर्यटकीय क्षेत्रहरूको अध्ययन तथा पूर्वाधार विकासको शुरुवात गर्ने ।<br>१.१ पर्यटकीय हिसाबले महत्वपूर्ण पार्क, मनोरञ्जन स्थल आदिको प्रचार प्रसार, पूर्वाधार निर्माण र सूचना केन्द्रहरू स्थापना गर्ने । | १. पहिचानमा आएका सम्पूर्ण पर्यटकीयखेल क्षेत्र र पार्कहरूको निरन्तर प्रचारप्रसार र व्यवस्थापन गर्ने : साथै नयाँ क्षेत्र वा पहिचान भएका र निर्माणहुने यस्ता क्षेत्रको लागि प्रजेट तर्जुमा गर्ने । | |
| २. पालिकामा रहेको सम्पूर्ण पार्क, खेलमैदान, मनोरञ्जन स्थलको गुणस्तर वृद्धि, सारसार, संरचना निर्माण, उपकरण थप आदिको थालनी र सोसम्म पुग्न बाटो व्यवस्थापन गर्ने । प्रस्तावित पार्क र खेलमैदानहरूको निर्माण सम्पन्न गरेर संचालनमा ल्याउने । | २. हरेक वडा मन्तर्गत कम्तीमा एक सेवा/ सुविधाका उपकरण/ संरचनायुक्त वडा सामुदायिक पार्कको व्यवस्थापन गर्ने । वडा नागरिकको सुझाव अनुरुप पालिकास्तरीय कभर्ड हल र वडाहरूको विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिन्टन (वा बहुउपयोगी) खेलमैदान तथा कभर्डहलहरूको व्यवस्था गर्ने । | |
| ३. पालिकास्तरीय बृहत् पार्क र रंगशाला निर्माणको निम्ति सम्भाव्यता अध्ययन थालनी गर्ने । | ३. पालिकास्तरीय बृहत् पार्क र रंगशाला निर्माण थालनी गर्ने | ३. पालिकास्तरीय बृहत् पार्क र रंगशाला संचालनमा ल्याउने । |

घ. यस क्षेत्रको आवधिक प्राथमिकतामा उल्लेखित सम्पूर्ण कार्य सम्पादनको निम्ति गाउँपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्रको आवश्यकता पर्ने हुनाले विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि र सहकार्य पनि महत्वपूर्ण रहन्छ । यस सम्बन्धी कार्यक्रमहरू तपसिल अनुसार तर्जुमा भएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत पार्क तथा मनोरञ्जन इकाई स्थापना गर्ने । | १. पार्क तथा मनोरञ्जन इकाईमा प्राविधिक जनशक्ति र आधुनिक प्रविधि र उपकरणहरू भित्र्याउदै र प्रयोगमा ल्याउँदै जाने । | १. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| २. पार्क तथा मनोरञ्जन व्यवस्थापनको लागि पालिकास्तरीय समिति गठन तथा परिचालन गर्ने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मूल्यांकन र नियमन । |
| ३. पार्क तथा मनोरञ्जन इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्वारा क्षमता अभिवृद्धि गर्ने । | ३. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मूल्यांकन र नियमन । | |
| ४. गाउँपालिकाको आन्तरिक | | |

उमेश चन्द्र यादव

| | | |
|---|---|---|
| क्षमता विकासमा मात्र नभई पार्क तथा मनोरञ्जन क्षेत्रसंग प्रत्यक्ष सरोकार राख्ने नागरिक, स्थानीय युवा क्लब, खेलकुदक्लब, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना, र सहकार्य वृद्धिमा पनि ध्यान दिन। सार्वसुरक्षा संयन्त्र (प्रहरी, वन विभाग आदि) र स्थानीयको सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने र दीर्घकालीन रुपमा निरन्तरता दिने। | | |

उमेश चन्द्र यादव
अध्यक्ष

## ग. सडक, पुल तथा यातायात

### १. परिचय

व्यवस्थित र भरपर्दो यातायाका पूर्वाधार र सेवा आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एवं सांस्कृतिक एकीकरणको माध्यम हो । यातायातको उपयुक्त विकास र विस्तारबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक कियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवाप्रवाहलाई सहज बनाउन सकिन्छ । कृषि तथा गैरकृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ । यस तथ्यलाई दृष्टिगत गरी प्रतापपुर गाँउपालिकाले सडक विस्तार र पूर्वाधार विकासलाई प्रमुख प्राथमिकतामा राखेर काम गरिरहेको छ ।

### २. वर्तमान अवस्था

यस गाँउपालिकाको ९ वटै वडामा पक्की सडकले छोएको छ । प्रतापपुर गाँउपालिका सडक यातायत गुरुयोजना निर्माणधीन अवस्थामा रहेको छ । गाँउपालिका क्षेत्रभित्रको सडक सञ्जालको स्थिति हेर्दा कुल २२.५ किमी ग्रेड ए सडक, ७८ किमी ग्रेड बि सडक, ८४.९ किमी ग्रेड सि सडक र ११.१ कि.मि ग्रेड डि गरी कुल १९६.५ किमी सडक सञ्जाल रहेको छ । गाँउपालिका क्षेत्रभित्रको सडकको चौडाई र मापदण्डको आधारमा रणनीति सडक, जिल्ला सडक र पालिकास्तरीय सडक गरी तीन वर्गमा सडकलाई वर्गीकरण गरिएको छ । उक्त सडकहरूको सडक क्षेत्राधिकार, सेट ब्याकलगायतका मापदण्डहरू गाँउपालिका यातायात गुरुयोजनामा परिभाषित गरिएअनुसार हुनेछ । गाँउपालिकाको विभिन्न वडा तथा रणनीतिक स्थलहरू जोड्ने प्रतापपुर फास्ट ट्र्याक निर्माण भइरहेको छ । यस गाँउपालिका संघीय राजधानी काठमाडौंबाट २३६.० कि.मी. र लुम्बिनी प्रदेशको राजधानी देउखुरीबाट ९७.९ कि.मि तथा पुर्वपश्चिम राजमार्गबाट १३.८ कि.मि. दुरीमा रहेको छ ।

### ३. लक्ष्य

पालिकावासीलाई दीगो भरपर्दो र सुरक्षित यातायात सेवा र पूर्वाधारको पहुँच उपलब्ध गराउने ।

### ४. उद्देश्य

- सबै पालिकावासीको पहुँच बृद्धिमा केन्द्रित रही यातायातका पूर्वाधार र सेवा विस्तार गर्ने ।
- सडक तथा सार्वजनिक मापदण्ड निर्धारण तथा स्थानीय सडक, कृषि सडक र ग्रामीण सडकको वर्गीकरण कार्यान्वयन र सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन तथा सम्बन्धित नियम र निर्देशिका निर्माण गर्ने ।
- पालिकामा रहेका यातायातका सबै पूर्वाधारलाई अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकमैत्री सुनिश्चितता गर्ने गरी पूर्वाधार सुधारका कार्य सम्पन्न गर्ने ।
- यातायातका पूर्वाधार निर्माण र स्तरोन्नती तथा सेवा व्यवस्थापनको कार्ययोजना कार्यान्वनको अवस्था समीक्षा र आवश्यक परिमार्जन गर्ने ।

➢ सबै सडकको नामाकरण र वर्गीकरण सम्पन्न गर्नुका साथै गोरेटो बाटो लगायत सबै बाटोको नामाकारण (Street Naming) पनि गर्ने ।

➢ सडक क्षेत्र मिचेर बसोबास गर्ने, व्यापार व्यवसाय गर्नेलाई वडाबाट सार्वजनिक सूचना जारी गरी हटाउने वा वैकल्पिक व्यवस्थापन गर्ने ।

➢ गाँउपालिका र वडास्तरका सडक कालोपत्रे वाकालोपत्रे बनाइसक्ने र सबै सडकको नियमित मर्मत सम्भार गर्ने ।

➢ गाँउपालिका केन्द्रबाट सबै वडा केन्द्रसम्मको बाटो कालोपत्रे गरीसक्ने । वडा केन्द्रबाट स्वास्थ्य संस्था तथा विद्यालयसम्मको सडकको कालोपत्रे बाहेकका न्यूनतम पूर्वाधार निर्माण सम्पन्न गर्ने ।

➢ ट्र्याक खुलेका सबै पालिकास्तरका सडकको चौडाई पूरा गर्ने, कम्तीमा सबै सडकमा स्थायी नाला व्यवस्थापन गरिसक्ने ।

➢ पहिरो गहिरहने क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी टेवापर्खाल निर्माण तथा अन्य उपायबाट पहिरो नियन्त्रणको पर्यत्न गर्ने ।

➢ न्पालिका र वडास्तरका सबै सडकका लागि आवश्यक पुल, कज वे तथा कल्भर्ट वा पानी निकासका अन्य पूर्वाधारको कार्य सम्पन्न गर्ने ।

➢ यात्रुको सुविधा र सवारी व्यवस्थापनमा सहयोग हुने गरी पालिकास्तरको सडकहरूमा बस बिसौनीको सिमांकन गर्ने ।

➢ बढी यात्रु जमघट हुने तथा पर्यटकको आवागमन बढी हुने क्षेत्रमा शौचालयतथा पर्यटन सूचनासहितको यात्रु प्रतिक्षालय निर्माण गर्ने ।

➢ बजार र सघन बस्ती क्षेत्रमा सामुदायिक रुपमा सञ्चालन र व्यवस्थापन हुने गरी तथा मुख्य बजार क्षेत्रमा पालिकाको व्यवस्थापनमा सडक बत्ती राख्न शुरु गर्ने ।

➢ कालोपत्रे सडकमा सडक फर्निचर (लेन, जेब्राक्रस, चोक, घेरा आदि) का कार्यलाई शुरु गर्ने ।

➢ बजार र अधिक जनघनत्व भएको क्षेत्रलाई लक्षित गरी सडक पेटी निर्माणको कार्य अघि बढाउने ।

## ४. सम्भावना तथा अवसरहरु

➢ महत्वपूर्ण सडक आसपासमा बस्ती विस्तार भइरहेको र भुकम्प पुनर्निर्माणका क्रममा घरहरू सडक नजिक बनाउने अभ्यास समेत बढेकोले पालिकाका सबै घरलाई यातायात सेवाको पहुँचमा ल्याउनका लागि सहज वातावरण सिर्जना भएको वातावरणमैत्री हरित तथा आवाद क्षेत्रको उचित व्यवस्थापनमा सहजता

➢ स्थानीय यातायात पूर्वाधार र सेवा व्यवस्थापन सम्बन्धमा प्राप्त संवैधानिक अधिकार र स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान अनुरुप यातायात क्षेत्रका कार्य अघि बढाउने सहज अवसर पनि पालिकासँग रहेको

➢ नेपालको रणनीतिक सडक यही पालिका हुदै पूर्व देखी पश्चिमसम्म जोडिएको

## ६. चुनौतिहरु

- गाँउपालिका सबै वडा तथा वस्तीहरू सडक सञ्जालमा जोडिएको भएता पनि बजार र आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन नसकेको
- राष्ट्रिय तथा गाँउपालिकाको मापदण्ड लागू हुन नसक्दा धेरैजसो सडकहरू साँघुरो रहेका छन र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन नसकेको
- सडकको अधिकार क्षेत्र सुरक्षित गर्न र सडकको दायाँबायाँ नाली निर्माण, संरक्षण पर्खाल निर्माण र वृक्षारोपण गरी संरक्षण र सुन्दरता कायम गर्न नसकेको
- गाँउपालिकाको विभिन्न स्थानमा सडकहरूको रेखाइन, नक्साइन, नामाकरण र प्राथमिकता निर्धारण हुन नसकेको तथा सडकको स्तरोन्नति भई यातायात सुचारु हुन नसकेको
- गाँउपालिकाको सबै वडा र वस्तीहरू अझै पनि बाह्रै महिना सुचारु हुने सडक सञ्जालमा जोडिन नसकेको
- निर्माणाधीन सडकहरूको स्तरोन्नति गरी पक्की तथा ग्राभेल भइनसकेको र आवश्यक स्थानमा पक्की पुल तथा कल्भर्ट, सडक नाला र सडक सुरक्षा व्यवस्था हुन नसकेको

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| १. सबै पालिकाबासीको पहुँच सुनिश्चित केन्द्रित रही यातायातका पूर्वाधार र सेवा विस्तार गर्ने । | १. पालिकाबासीको आन्तरिक र बाह्य यातायात सेवाको पहुँच विस्तारलाई यातायात क्षेत्रको कार्यक्रम निर्माण र कार्यान्वयनको मुख्य आधार बनाइने छ । |
| | २. सडक योजना तर्जुमा र कार्यान्वयन गर्दा सम्बन्धित समुदायको यातायात तथा अन्य सेवाको आवश्यकता पहिचान गरी सेवा प्राप्तीमा योगदान गर्नमा जोड दिइने छ । |
| | ३. गाँउपालिकाको आर्थिक, सामाजिक र अन्य भौतिक पूर्वाधार विकास र सेवा प्रवाहमा सुधारका लागि महत्वपूर्ण योगदान गर्ने तथा अधिकतम् जनसङ्ख्यालाई यातायातको सुविधा हुने गरी पूर्वाधार र सेवा विस्तार गरिने छ । |
| | ४. सडक तथा यातायातको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको पहुँचमा पर्याप्त ध्यान दिइने छ । |
| | ५. सडकको प्रकृति, भू-बनोट, प्रस्थान बिन्दु र गन्तव्यको दुरी आदिका आधारमा यातायात सेवाको बहुविकल्प पहिचान, छनोट र सञ्चालनका लागि नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गरिने छ । यसमा सार्वजनिक निजी साझेदारीलाई प्राथमिकता दिइने छ । |
| २. यातायातका पूर्वाधारलाई सुरक्षित र भरपर्दो बनाउन उपयुक्त विधि र मापदण्डको पूर्ण कार्यान्वयन गर्ने । | १. यातायातका सेवा र यात्रु सुरक्षामा केन्द्रित रही गाँउभित्रको विद्यमान सडक सञ्जाललाई आर्थिक, सामाजिक र वातावरणीय पक्षहरू ध्यान दिँदै थप व्यवस्थित र सुरक्षित बनाउँदै लगिने छ । |
| | २. सडकको योजना बनाउँदा उपयुक्त डिजाइन गरी सडकको निर्धारित कार्यात्मक वर्गीकरण प्रणाली (Functional Classification System) को आधारमा सडकको वर्तमान वर्गीकरणमा आवश्यक परिमार्जन गरिने छ । यस क्रममा सडक वर्गीकरणको राष्ट्रिय आधार र सडकको मूल प्रयोजन (पर्यटन, कृषि, उद्योग आदि) समेत दृष्टिगत गरिने छ । |
| | ३. हरेक सडकको सेवास्तर (साना सवारी, मालवाहक सवारी, बस, विद्युतीय सवारी आदिको भार तथा यातायातका साधन र यात्रुको सुरक्षा) समेतको न्यूनतम सेवाको स्तर निर्धारण गरी सो अनुसार पूर्वाधार तयार गरिने छ । |
| | ४. सडकको डिजाइन तथा निर्माण गर्दा संघीय सरकारको सडक विभागद्वारा तोकिएको न्यूनतम मापदण्ड कायम गरिने छ । |
| | ५. प्राविधिक निगरानी बिना खुलेका सडकहरूलाई समेत न्यूनतम इन्जिनियरिङ मापदण्डमा पुर्याई पालिकाका सबै सडकलाई सबै मौसमका लागि उपयुक्त बनाइने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| ३. यातायात सेवालाई सुरक्षित र भरपर्दो बनाउन न्यूनतम सुरक्षा मापदण्ड र विधिहरू लागु गर्ने । | १. सडक दुर्घटनाको सम्भाव्यता र सडक सुरक्षालाई ध्यान दिई स्थानीय सडकहरूको सडक सुरक्षा परीक्षण "ROAD SAFETY AUDIT/Inspection" गरिने छ । यसका ठम्याईका आधारमा दुर्घटना न्यूनिकरणका संरचनागत कार्य गरिने छ । |
| | २. पैदल यात्रुलाई प्रोत्साहन तथा सुरक्षाको लागि बस्ती नजिकका हरेक सडकमा फुटपाथको सुविधा दिइने छ । सडक तथा अन्य सुविधाको निर्माणको समयमा पैदल यात्रुलाई सहज तथा सुरक्षा हुने गरी निर्माणको व्यवस्था गरिने छ । |
| | ३. पालिकामा यातायातका साधनको गति नियन्त्रणका लागि गतिको अधिकतम् सीमा तोकिनेछ । |
| | ४. रातको समयमा पनि सडकलाई सुरक्षित र सहज बनाउनका लागि सडक निर्माण र मुख्य बजार तथा बस्ती क्षेत्रमा सडक बत्ती सिसी क्यामेरा जडानलाई संगसँगै अघि बढाइने छ । |
| | ५. सवारी चालक र सर्वसाधारणका लागि सडक सुरक्षा दुर्घटना न्यूनिकरणका लागि अनुशिक्षण तथा चेतनामूलक गतिविधि सञ्चालन गरिने छ । |
| | ६. सुरक्षित सडकका लागि आवश्यक पर्ने पूर्वाधारहरू (सवारी संकेत, चिन्ह तथा जेब्राक्रस, सुरक्षा बार, ऐना, मार्किङ आदि) आदिको व्यवस्था गरिने छ भने घुम्ती तथा चोक सुधारका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ । |
| ४. यातायातका पूर्वाधार निर्माणमा प्रभावकारिता ल्याउन यो क्षेत्रलाई विकासका अन्य आयाम र क्षेत्रसँग तादाम्यता मिलाउने । | १. यातायातका परियोजना तथा कार्यक्रम निर्माण गर्दा पालिकाको भू-उपयोग योजना अनुरुप गरिने छ । विशेषगरी आवासीय क्षेत्रका लागि सार्वजनिक यातायातको सेवा उपलब्ध गराइने छ भने सम्पदा क्षेत्र, पर्यटकीय गन्तव्यहरू तथा व्यवसायिक र औद्योगिक क्षेत्रका लागि सकेसम्म विशिष्ट प्रकृतिको सेवा विस्तारमा जोड दिइने छ । |
| | २. बढी मात्रामा सवारी चाप हुने क्षेत्रहरूमा पार्किङको समस्या समाधानका लागि उपयुक्त स्थानहरूलाई पार्किङ क्षेत्र बनाइने छ । पार्किङको सुविधा उपलब्ध गराउने गरी निर्माण हुने भवन तथा अन्य संस्थानका लागि पालिकाबाट उपयुक्त उत्प्रेरणा प्याकेज उपलब्ध गराइने छ । साथै पालिकास्तरको सडक र यातायातको कार्यक्रममा समेटिने छ । |
| | ३. वार्षिक बजेट तथा पुँजी सुधार कार्यक्रम (Capital Improvement Program) मार्फत् सार्वजनिक यातायात तथा पूर्वाधारमा गरिने लगानीलाई लागत प्रभावकारी बनाइने छ । |
| | ४. परियोजनाको लागत घटाउन तथा प्रतिकूल प्रभावहरू घटाउन सडकका लागि कट्टा, जग्गा प्राप्ती वा अधिग्रहण लगायतका कार्य सम्पन्न गरेर मात्र निर्माणको कार्यमा रकम विनियोजन गर्ने नीति लिइने छ । नयाँ सडक निर्माणका कार्यक्रमका लागि आउने प्रस्तावमा पालिकाको मापदण्ड बमोजिम जग्गा उपलब्ध गराउन जग्गाधनी मञ्जुर भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिने छ । |

उमेश चन्द्र यादव

| | |
|---|---|
| | ५. पूँजी सुधार कार्यक्रममा रहेका र लागत इस्टिमेट तयार भई सम्भाव्य देखिएका कार्यक्रमलाई मात्र पालिकास्तरको कार्यक्रममा समेटी निश्चित खण्डका लागि पर्याप्त हुने गरी बजेट विनियोजन गरिने छ। पर्याप्त स्रोत नभई सडकको निश्चित खण्ड पूरा गर्न नसकिने परिस्थितिमा चोक सुधार, टेवा पर्खाल निर्माण जस्ता दीगो पूर्वाधारका कार्यका लागि पुग्ने गरी रकम विनियोजन गरिने छ। सडक निर्माणमा लागि निर्माण व्यवसायी छनोट गर्दा बढी भन्दा बढी प्रतिस्पर्धात्मक बनाइने छ। |
| | ६. पालिकाको आन्तरिक राजस्व बढाउने, पर्यटनलाई योगदान गर्ने तथा आर्थिक गतिविधि प्रवर्द्धन गर्ने सडक निर्माणलाई यो क्षेत्रको महत्वपूर्ण प्राथमिकताका रुपमा समेटिने छ। |
| | ७. पर्यटकीय तथा आर्थिक विकासमा योगदान गर्ने लगायत सबै किसिमका सडक निर्माणका क्रममा कुनै बिन्दुमा जग्गा प्राप्तीमा हुनसक्ने समस्याको पूर्व विश्लेषण गरी सोही अनुसार जग्गा प्राप्ती गरिने छ। जग्गा प्राप्तीका लागि आवश्यकता अनुसार मुआब्जा दिनुका साथै समस्या समाधानका लागि प्रशासनिक प्रक्रिया समेत अवलम्बन गरिने छ। |
| ४. यातायातका कार्यक्रम कार्यान्वयन गर्दा समुदायमा पर्ने नकारात्मक भौतिक र वातावरणीय प्रभाव न्यूनीकरणका उपाय अवलम्बनगर्ने । | १. यातायातका पूर्वाधारका कार्यक्रम तय गर्दा हाल संरक्षित वा भविष्यमा संरक्षण गर्नुपर्ने सम्भाव्य पानीका स्रोतहरू, वनजंगल, जडिबुटी जस्ता प्राकृतिक स्रोत, सांस्कृतिक तथा धार्मिक सम्पदा क्षेत्र, पर्यावरण आदिका लागि महत्वपूर्ण स्रोत तथा क्षेत्रमा क्षति नहुने गरी डिजाइन गरिने छ। निर्माणको क्रममा भएका क्षति सुधारका कार्यक्रमलाई पनि सँगसँगै पूरा गरिने छ। |
| | २. समुदाय तथा बस्ती र बासिन्दाहरूलाई न्यून नकारात्मक प्रभाव हुने गरी यातायातका पूर्वाधार र सेवाका कार्यक्रम डिजाइन गरिने छ। |
| | ३. यातायातका लागि प्रयोजनमा आउने गाडी तथा उपकरणबाट हुने प्रदुषण नियन्त्रणका लागि राष्ट्रिय मानक पूरा गर्नुपर्ने व्यवस्था गरिने छ। गाडी सिर्जित ध्वनी प्रदुषण कम गर्ने उपाय अपनाइनुका साथै ट्राफिक प्रहरीसँग समन्वय गरी ध्वनी प्रदुषण निरुत्साहित गर्ने कानूनी प्रबन्ध गरिने छ। |
| | ४. समग्र गाँउपालिकाको ट्राफिक व्यवस्थापनमा प्रभाव पार्न सक्ने व्यवसायिक वा सेवा प्रदायकका भवन तथा अन्य पूर्वाधार निर्माण गर्दा ट्राफिक प्रभाव मूल्यांकन Traffic Impact Assessment (TIA) गर्नुपर्ने प्रावधान बनाइने छ। |
| | ५. सडकमा भएका फोहोर, धुलोले समुदाय तथा सडक प्रयोग गर्ने सर्वसाधारणमा पर्ने असरलाई न्यूनतमस्तरमा राख्ने गरी संरचना निर्माण वा अवस्था कायम गरिने छ। |
| | ६. सडकबाट बग्ने भलको वैज्ञानिक व्यवस्थापन गरिने छ। पालिका भित्रका हरेक वडाहरूमा स्थायी नाला व्यवस्थापनको सुनिश्चितता गरिने छ। |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | ७. सडकको ट्राफिकलाई बाधा पुऱ्याउने प्राकृतिक अवरोध तथा जीवजन्तुहरूको समन्वयात्मक व्यवस्थापन गरिने छ। |
| | ८. प्रतापपुर गाउँपालिकाको सुन्दरता बढाउने तथा पर्यटनमा समेत योगदान गर्ने गरी मूल सडक र पर्यटन सडकमा वृक्षारोपण लगायत सडक सुन्दरताका कार्यलाई सडकको आधारभूत कार्यको रुपमा समेटिने छ। अन्यत्र पनि सडक सुन्दरताका कार्यक्रम कार्यान्वयन गरिने छ। |
| ६. स्थानीय सार्वजनिक यातायात सेवाको पहुँचलाई सरल र सहज बनाउन विभिन्न पक्षसँगको समन्वय र साझेदारी गर्ने। | १. गाउँपालिकाले सबै बजार, जनसङ्ख्या तथा यातायात सेवाको मागको अध्ययन गरी न्यूनतम हरेक वडासम्म पुग्ने गरी गाउँपालिका बस सेवा सञ्चालनमा ल्याउने छ। गाउँपालिका यातायात सेवा विस्तारलाई पनि प्राथमिकतामा राखिने छ। |
| | २. बाहिरबाट गाउँपालिकामा आउने तथा गाउँपालिकाबाट बाहिर जाने यातायातका साधनलाई स्थानीय यातायात सेवा प्रदान गर्न स्थानीय अनुमतिको व्यवस्था गरिने छ। |
| | ३. सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र महिलाको पहुँच, सुरक्षा र सम्मानका लागि सहजीकरण र नियमनको कार्य गरिने छ। |
| ७. पार्किङ तथा बस बिसौनी व्यवस्थापनलाई यातायातका पूर्वाधारको अभिन्न अंगका रुपमा अघि बढाउने। | १. गाउँपालिकामा एक व्यवस्थित बसपार्क निर्माण गरी सञ्चालनमा ल्याइने छ। |
| | २. सबै सार्वजनिक सेवा प्रदायकका कार्यलय, बजार क्षेत्र, व्यापारिक कम्प्लेक्स आदिका लागि पार्किङ स्थल निर्धारण र व्यवस्थापन गरी सडक किनारमा गरिने सवारी पार्किङमा रोक लगाइने छ। |
| | ३. सार्वजनिक यातायात सञ्चालन हुने सडकको निश्चित बिन्दुमा व्यवस्थित बस स्टप /बिसौनी निर्माण गरिने छ। बसपार्क तथा यात्रुको बढी जमघट हुने बस बिसौनी लक्षित गरी सार्वजनिक शौचालय निर्माण र सञ्चालन गरिने छ। |
| ८. यातायात सेवा सुधारमा योगदान गर्नसक्ने गरी पालिकाको आन्तरिक क्षमता विकास गर्ने। | १. पालिकाभित्र यातायातको पूर्वाधार तथा यातायात सेवाको व्यवस्थापन, समन्वय र निगरानीका लागि निश्चित जनशक्ति तथा उपकरणसहितको एकाइ तत्काल गठन गरिने छ। एकाईलाई क्रमशः यातायात शाखाको रुपमा विकास गरिने छ। |
| | २. यातायात क्षेत्रको भू-सूचना सङ्कलन, विश्लेषण र अद्यावधिक गर्न सक्ने गरी पालिकाको जनशक्तिको क्षमता विकास गरिने छ। सडक र यातायात क्षेत्रमा आउने नवप्रवर्तनलाई संस्थागत गर्न समय समयमा क्षमता विकासका आन्तरिक र बाह्य कार्यक्रममा यातायात शाखाका जनशक्तिलाई अवसर उपलब्ध गराइने छ। |
| ९. पालिकाक्षेत्रमा बढ्दो यातायात र सो को कारणवायु प्रदुषणमा असरमा कमी ल्याई पालिकाभित्रको सार्वजनिक यातायात व्यवस्थापनमा इलेक्ट्रोनिक भेइकल ( विधुत्तिय सवारी साधनलाई) | १. सार्वजनिक यातायात व्यवस्थापनमा इलेक्ट्रोनिक भेइकल ( विधुत्तिय सवारी साधनलाई) प्रवर्धन आवश्यक सम्भाव्यता तथा प्राविधिक अध्ययन गरिने छ। |
| | २. विद्युतीय सार्वजनीक पालिका बस सेवा तथा अन्य सवारी साधन |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| प्रवर्धन गर्ने | संचालनमा प्रवर्द्धन तथा प्रोत्साहन गरिने छ । |
| | ३. भिधुतीय सार्वजनीक गाँढपालिका बस सेवा तथा अन्य सवारी साधन संचालनमा यातायात व्यवसायीलाई प्रोत्साहन तथा व्यवस्थापनका लागि विभिन्न सरोकार पक्षसँग समन्वय गरि आवश्यक वातावरण तयार गरिने छ । |
| | ४. कम्तीमा दुई चार्जिङ स्टेसन स्थापनागरिने छ । |
| | ५. यातायात साधनबाट हुने उत्सर्जन न्यूनीकरण तथा नियन्त्रणका लागि ट्राफिक प्रहरी, यातायात व्यवसायी तथा अन्य स्थानीयतहसँग समन्वय गरि मापदण्ड निर्धारण तथा नियमन गरिने छ । |
| | ६. नियमित सवारी चेक जाँच तथा नियन्त्रणको व्यवस्था गरिने छ र नेपाल सरकारले तोकेको सवारी उत्सर्जन मापदण्ड भन्दा बढी उत्सर्जन गर्ने सवारी साधनलाई कारवाही गरिने छ । |
| | ७. प्रदुषण मापदण्ड कायम राख्ने यातायात व्यवसायीहरुलाई प्रोत्साहन गरिने छ । |
| | ८. प्रतापपुर गाँउपालिकाको विद्यमान यातायात गुरुयोजना अद्यावधी गरि यातायात व्यवस्थापनलाई वातावरण मैत्री गरिने छ । |
| | ९. सडक तथा सार्वजनिक निर्माणका कार्यबाट हुने वायु प्रदुषण न्यूनीकरण गर्न आवश्यक व्यवास्थापन तथा हरियाली प्रवर्द्धन गरिने छ । |

## ८. आवधिक प्राथमिकता : सडक, पुल तथा यातायात

क. संविधानले स्थानीय सडकको पूर्वाधार व्यवस्थापन सम्बन्धी कानून बनाउने तथा सबै किसिमका सडकको निर्माण, विकास र सेवा सञ्चालनको प्राथमिकता अहिलेको गाउँपालिका यातायात गुरुयोजना निर्माण गर्ने कार्य पालिकाको प्राथमिकताका नीतिगत कार्य हुन । संघीय तथा प्रदेशको अधिकार अन्तर्गत रहेका गाउँपालिका क्षेत्रभित्रका सडकको व्यवस्थापनमा संविधानतः पालिकाको भूमिका नहुने भए पनि व्यवहारिक रुपमा ती सडकका सन्दर्भमा समेत पालिकाबाट कतिपय काम गर्नुपर्ने भएकोले त्यस्ता सडकको उपयोग तथा व्यवस्थापनमा पालिकाको भूमिका स्पष्ट गर्नुपर्ने आवश्यकता छ । संविधानमा तोकेको पालिकाको सडक सम्बन्धी एकल अधिकार तथा सवारी अनुमति सम्बन्धी साझा अधिकार मध्ये स्थानीय सडक, कृषि सडक तथा ग्रामीण सडकमा सञ्चालन हुने यातायात सेवा र स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय सरकारको यातायात क्षेत्र व्यवस्थापनको भूमिकामा स्पष्टता ल्याई स्थानीय यातायात सेवा व्यवस्थापन, पूर्वाधार र सेवामा सबैको सुनिश्चितता तथा सडक र सवारी सुरक्षा सम्बन्धी आवश्यक कानून निर्माण पालिकाको तात्कालिक प्राथमिकता हो भने संघीय र प्रदेश सरकारको क्षेत्राधिकार भित्र रहेका पालिका क्षेत्रको सडकमा सञ्चालन हुने यातायात सेवासम्बन्धी अधिकार र दायित्वमा समेत स्पष्टता ल्याउनु पनि जरुरी छ । स्थानीय यातायात नीतिलाई सबैका लागि दिगो, भरपर्दो र सुरक्षित यातायात सेवाको पहुँच सुनिश्चित गर्ने पालिकाको लक्ष्य प्राप्तिमा केन्द्रित गर्न थप रणनीति निर्माण र स्थानीय यातायात कानूनको समयबद्ध समीक्षा र परिमार्जन मध्यकालीन र दीर्घकालीन प्राथमिकता हो । यी प्राथमिकता अनुसार यातायात र पूर्वाधार क्षेत्रको नीति तथा कानून तथा यातायात गुरुयोजना निर्माण मुख्य अल्पकालीन प्राथमिकता हो भने यातायातको पूर्वाधार र सेवा सम्बन्धी नीति तथा गुरुयोजनाको समयबद्ध समीक्षा र परिमार्जन तथा परिवर्तित सन्दर्भमा नयाँ नीति तथा कानून बनाउनु मध्यकालीन तथा दीर्घकालीन प्राथमिकता हो ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. संविधान अनुसार पालिकाको एकल अधिकारभित्र नरहेका सडकको व्यवस्थापन तथा उपयोग सम्बन्धी पालिकाको भूमिकामा स्पष्टता ल्याउने ।<br><br>१.१. संघ र प्रदेश सरकारसँगको समन्वयमा राजमार्गमा सञ्चालन हुने यातायात सेवा व्यवस्थापनमा पालिकाको भूमिका सम्बन्धमा नीतिगत स्पष्टता ल्याउने । | १. पालिकाको एकल क्षेत्राधिकारमा नरहेका राजमार्ग तथा अन्य सडक व्यवस्थापनमा पालिकाको निर्धारित भूमिकाका आधारमा सडक सुरक्षा, तथा अतिक्रमण नियन्त्रण लगायतमा सम्बन्धित निकायसँगको समन्वय र साझेदारीमा स्थानीय कार्यविधि बनाउने । | |
| २. सडक तथा सार्वजनिक मापदण्ड निर्धारण तथा स्थानीय सडक, कृषि सडक र ग्रामीण सडकको वर्गीकरण कार्यान्वयन र सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन तथा सम्बन्धित नियम र निर्देशिका निर्माण गर्ने ।<br><br>२.१. स्थानीय सवारी साधनको अनुमति, भाडादर, सेवा, लक्षित वर्ग (अपाङ्गता भएका र जेष्ठ नागरिक लगायत) को पहुँच तथा सुरक्षा र रुट निर्धारण सम्बन्धी कानून बनाउने । | २. सडक तथा यातायात सेवा व्यवस्थापन सम्बन्धी कानून कार्यान्वयनको समीक्षा तथा समयानुकूल परिमार्जन र संशोधन गर्ने । | २. सडक र यातायातको क्षेत्रमा आउने नविनतालाई आत्मसात गर्दै सडक तथा सार्वजनिक यातायात आवश्यक नीति तथा कानून, निर्माण परिमार्जन गर्ने । |
| ३. गाउँपालिकाको यातायात गुरुयोजना बनाउने र सडक निर्माणमा स्रोतको अधिकतम उपयोगका लागि सडक निर्माण, मर्मत र स्तरोन्नतीका लागि बजेट विनियोजनको आधार बनाउने । | ३. पालिकाको यातायात गुरुयोजना कार्यान्वयनको समीक्षा तथा समयानुकूल अद्यावधिक गर्ने । | ३. यातायात गुरुयोजना कार्यान्वयनबाट सबैका लागि सुरक्षित र पहुँचयोग्य यातायातका पूर्वाधार र सेवा उपलब्धता सुनिश्चित गर्ने सम्बन्धमा भएका प्रगति आवधिक रुपमा समीक्षा तथा कार्ययोजनामा समयानुकूल परिमार्जन गर्ने र कमी पूर्तिका थप रणनीति बनाउँदै जाने । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ४. सडक तथा अन्य यातायातका पूर्वाधार। बसपार्क, बस बिसौनी, जेब्रा क्रस आदि: अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकको सुरक्षित पहुँच सुनिश्चित गर्ने सम्बन्धी कार्यविधि बनाउने। | ४. यातायातको पूर्वाधारमा अपाङ्गता भएका, बालबालिका र जेष्ठ नागरिकको पहुँच सुनिश्चिततामा भएको प्रगति समीक्षा गरी कमी विश्लेषणका आधारमा कमी पूर्तिको रणनीति बनाउने। | ४. पालिकामा रहेका यातायातका सबै पूर्वाधारलाई अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकमैत्री सुनिश्चितता गर्ने गरी पूर्वाधार सुधारका कार्य सम्पन्न गर्ने। |
| | ५. आवधिक योजनाको आधारमा यातायातका पूर्वाधार निर्माण र सेवा व्यवस्थापनको विस्तृत नीति तथा कार्ययोजना बनाउने। | ५. यातायातका पूर्वाधार निर्माण र स्तरोन्नती तथा सेवा व्यवस्थापनको कार्ययोजना कार्यान्वयनको अवस्था समीक्षा र आवश्यक परिमार्जन गर्ने। |

ख. विकासको प्राथमिकीकरण गर्न र यातायातको पूर्वाधार विकासलाई सूचना विश्लेषणमा आधारित बनाउन सक्ने गरी तथ्याङ्क व्यवस्थापन गर्न भने सकिएको छैन। नाथै कतिपय सडक तथा गल्लीहरुको नामाकरण पनि गर्नुपर्ने आवश्यकता रहेको छ। त्यसैले सडक तथा यातायात सेवा सम्बन्धी सूचना सङ्कलन, व्यवस्थापन र अद्यावधिक गर्ने कार्यलाई पालिकाको तत्काल तथा निरन्तर प्राथमिकताको कार्यका रुपमा अगाडी बढाइने छ भने सो क्रममा बाटो तथा गल्लीहरुको नामाकरणको कार्य पनि सम्पन्न गरिने छ। जस अनुसार ती कामको आवधिक प्राथमिकता तल प्रस्तुत छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकामा रहेका सबै सडक तथा ती सडकमा सञ्चालन हुने यातायातका साधन सम्बन्धी सूचना संकलन गरी यातायात क्षेत्रको डिजिटल इन्भेन्टरी तयार गर्ने। | १. यातायातको डिजिटल इन्भेन्टरी अद्यावधिक गरी यसलाई यातायात क्षेत्रको निर्णयमा सहयोग गर्ने प्रणाली (Decision Support System) | १. यातायातका पूर्वाधार र सेवा सम्बन्धी सूचना समय समयमा अद्यावधिक गर्ने |
| २. सबै सडकको नामाकरण र वर्गीकरण सम्पन्न गर्नुका साथै गोरेटो बाटा लगायत सबै बाटोको नामाकरण (Street Naming) पनि गर्ने। | | |

ग. आन्तरिक सडक सञ्जालको पूर्वाधार विकासका लागि ठूला पुल निर्माणको आवश्यकता सीमित रुपमा भए पनि बजनौ सख्यामा कल्भर्ट तथा खोलाखोल्सीको पानी तथा वर्षा भेलको भरपर्दो निकासको व्यवस्था नगरेसम्म सबै याममा सडक सञ्चालन गर्ने तथा सडक पूर्वाधारको दीगोपन सुनिश्चित हुने अवस्था छैन। यस्ता सम्पर्कका लागि केही पुल निर्माण हुनु आवश्यक छ। यसै खोलाखोल्सीको उपयुक्त निकासका पुल, कल्भर्ट वा पूर्वाधार तथा त्यसैले वर्षायाममा पानीको निकास अवरुद्ध भई यातायात सेवामा समस्या आउनुका साथै सडकका पूर्वाधारमा समेत क्षति हुने गरेको छ। त्यसैले गर्नुपर्ने पुल तथा कल्भर्ट तथा वैकल्पिक पूर्वाधारहरुको सूचि बनाई तल उल्लिखित प्राथमिकताका आधारमा तिनको निर्माण र पूर्वाधार विकास गरिने छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिका र वडा स्तरका सडकका लागि आवश्यक पर्ने पुल, कल्भर्ट, कज वे तथा खोला खोल्सी वा नालाको पानी निकासको पूर्वाधारको आवश्यकताको सूचि बनाई प्राथमिकीकरण गरी पालिकास्तरको सडकका लागि त्यस्ता पूर्वाधारको कार्य शुरु गर्ने। | १. पालिका र वडास्तरका प्रमुख बाटोका लागि आवश्यक पुल, कज वे तथा कल्भर्टहरुको व्यवस्थापन गरिसक्ने। | १. पालिका र वडास्तरका सबै सडकका लागि आवश्यक पुल, कज वे तथा कल्भर्ट वा पानी निकासका अन्य पूर्वाधारको कार्य सम्पन्न गर्ने। |

उमेश चन्द्र यादव
अध्यक्ष

घ. गाउँपालिकाको सीमित स्रोत र सिमित क्षेत्रका कारण ठूला सडक पूर्वाधार निर्माण वा स्तरोन्नतीका लागि संघ, प्रदेश, संघ तथा प्रदेश अन्तर्गतका निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा छिमेकी स्थानीय तह तथा मातहत निकायसँग समन्वय, सहकार्य सहकार्य र साझेदारी गर्नुपर्ने आवश्यकता छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. स्थानीय यातायातको रुट निर्धारण गरी तोकिएको रुटमा निजी सार्वजनिक साझेदारीमा गाँउपालिका बस सेवा सञ्चालन गर्ने । गाँउपालिका बस सञ्चालन गर्न घाटा पूर्तिमा सहयोगका लागि सम्भाव्य परिपूर्ति कोष (VGF) व्यवस्थापनको सम्भाव्यता विश्लेषण गरी निजी लगानीकर्तालाई आकर्षित गर्ने । | १. पालिकामा आन्तरिक रुपमा सार्वजनिक यातायात सेवालाई समयबद्ध रुपमा सञ्चालनको सुनिश्चितता गर्ने ।<br>१.१. हाल निर्माण भएका वा निर्माणाधीन पुल पूरा भएसँगै अन्तरपालिका यातायात सञ्चाल र सेवा सञ्चालन तथा विस्तार गर्ने । | १. गाँउपालिका बसलाई अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक आदिका लागि उपयुक्त सिट तथा सेवा सहित स्तरोन्नती गर्ने ।<br>१.१. विकास योजना, औद्योगिक र पर्यटन रणनीति आदिमा केन्द्रित रहेर तयार हुने पूर्वाधारका आधारमा वैकल्पिक यातायात (रोपवे) सेवा सञ्चालन गर्ने । |
| २. यात्रुको सुविधा र सवारी व्यवस्थापनमा सहयोग हुने गरी पालिकास्तरको सडकहरूमा बस बिसौनीको सिमाङ्कन गर्ने । | २. सार्वजनिक यातायात सञ्चालन हुने पालिका र वडास्तरका सबै सडकमा बस बिसौनीको न्यूनतम पूर्वाधार तयार गर्ने । | २. बढी मानु जमघट हुने तथा पर्यटकको आवागमन बढी हुने क्षेत्रमा शौचालय तथा पर्यटन सूचनासहितको यात्रु प्रतिक्षालय निर्माण गर्ने । |
| ३. पालिका, वडा तथा विभिन्न सेवा प्रदायक निकायको कार्यालय आसपासमा पार्किङ स्थलहरू निर्धारणका लागि सम्भाव्य क्षेत्र पहिचान र निर्धारण गर्ने । | ३. गाँउपालिकाको शहरी इलाकामा निजी क्षेत्रबाट सशुल्क पार्किङ तथा अन्डर ग्राउण्ड पार्किङ सञ्चालनका लागि पालिकाका तर्फबाट समन्वयकारी भूमिका निर्वाह गरी सडक क्षेत्रमा पार्क गर्ने अभ्यास रोक्ने । | |
| ४. स्थानीय रुटमा हाल सञ्चालनमा रहेका बसको सेवा तथा भाडादर सम्बन्धमा गाँउपालिकाले यातायात व्यवसायी र स्थानीयको समन्वकारी कायम गरी स्थानीय भाडादर निर्धारण गर्ने । | ४. स्थानीय यातायातको सेवा तथा भाडादरको समयबद्ध मुल्याकन तथा पुनरावलोकन गर्ने । | ४. यातायात सेवा तथा भाडा प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउने । |
| ५. पालिका दररेटको अंगका रुपमा सामान ढुवानीको अधिकतम भाडादर (दररेट) निर्धारण गर्ने । | | |

ङ. प्रतापपुर गाउँपालिकाले यातायात लगायत सबै क्षेत्रका सूचना नागरिकलाई उपलब्ध गराउने र स्थानीय आयोजना कार्यान्वयन र अनुगमनमा नागरिक सहभागिता प्रवर्द्धनको विभिन्न अभ्यास गर्दै आएको छ । यो प्रक्रियालाई अझ व्यवस्थित बनाउन निम्न प्राथमिकता तय गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. सडक निर्माणको सबै प्रक्रियामा नागरिकको सक्रिय सहभागिता तथा निगरानीलाई अनिवार्य र प्रभावकारी बनाउने गरी गाँउपालिका र वडास्तरमा नागरिकस्तरको संयन्त्र निर्माण गर्ने । | १. नागरिकस्तरको अनुगमन र निगरानीको अभ्यासलाई संस्थागत गराइसक्ने । | |

उमेश चन्द्र यादव
अध्यक्ष

ज. प्रतापपुर गाउँपालिकाले पर्यटकीय क्षेत्रको विकास तथा पूर्वाधारमार्फत् पर्यटकीय पालिकाको रुपमा पुग्ने दूरदृष्टि बनाएको सन्दर्भमा पालिकाको ऐतिहासिक र सांस्कृतिक विशेषता समेत झल्काउने गरी सडक सुन्दरताको कार्य अघि बढाउने छ । सडक क्षेत्र निर्धारणसम्मको सडक दायाँबायाँ वृक्षारोपण, सडक साजसज्जा, सरसफाई तथा आवश्यकता सडक सुन्दरताका मापदण्ड एवं पर्यटन सडकका अलग मापदण्ड कार्यान्वयनलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. कालोपत्रे सडक तथा पर्यटकीय क्षेत्र जोड्ने सडकमा सडक सुन्दरताको कार्य अघि बढाउने । सडकमा होटेल, व्यवसाय वा अन्य स्थानबाट फोहोर पानी निकासमा पूर्ण रुपमा बन्देज लगाउने । | १. सडक सुन्दरताका लागि वृक्षारोपण लगायतका कार्य गर्ने । पर्यटन मार्गहरुलाई प्रतापपुरको पर्यटकीय झलक दिने गरी सडक सुन्दरताका कार्य गर्ने । | १. विशेष अभियानमार्फत् सबै बजार र सघन बस्ती क्षेत्रका सडकको सफाई र सुन्दरतालाई प्रतापपुरको गाउँपालिका मापदण्डमा पुऱ्याउने । |

झ. पालिकाका यातायात सेवाको माग र आपूर्ति बिचमा ठूलो अन्तर एकातिर छ भने अर्कातिर यातायात सेवा सञ्चालनका लागि उपलब्ध सडकको स्तर पर्याप्त छैन । यसैले सडक सुरक्षा र यातायात सेवा प्रवाहलाई पालिकाले समान प्राथमिकतामा राख्नुपर्ने हुन्छ । पूर्वाधार विस्तार विकाससँगै स्थानीय र बाह्य यातायातका साधनको उपयोगमा हुने विस्तारले यो जोखिम अझै बढाउन सक्छ । यसलाई दृष्टिगत गरी सडक सुरक्षाका निम्नानुसारका प्राथमिकता तय गरी आवधिक योजनाको रुपमा प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. बजार र सघन बस्ती क्षेत्रमा सामुदायिक रुपमा सञ्चालन र व्यवस्थापन हुने गरी तथा मुख्य बजार क्षेत्रमा पालिकाको व्यवस्थापनमा सडक बत्ती राख्न शुरु गर्ने । | १. बजार र सघन बस्ती क्षेत्रमा सामुदायिक रुपमा सञ्चालन र व्यवस्थापन हुने गरी तथा मुख्य बजार क्षेत्रमा पालिकाको व्यवस्थापनमा सडक बत्ती राख्ने कार्यलाई निरन्तरता दिइ पूरा गर्ने । | |
| २. स्थानीय सडक तथा बजार क्षेत्रमा सवारी संकेतको व्यवस्थापन गर्ने । | २. स्थानीय बस सेवा सञ्चालन भएका सबै सडकमा सवारी संकेत तथा चिन्ह राख्ने । | २. सबै सघन बस्ती र बजार क्षेत्रमा रेलिङसहितको अपाङ्गमैत्री सडकपेटी निर्माणको कार्य सम्पन्न गर्ने । |
| | ३. कालोपत्रे सडकहरुको जेब्राक्रस लगायत सडकको लेन निर्धारण तथा चोक व्यवस्थापनको कार्य गर्ने । | ३. कालोपत्रे सडकमा सडक फर्निचर (लेन, जेब्राक्रस, चोक, घेरा आदि) का कार्यलाई निरन्तरता दिने । |
| | ४. बजार र अधिक जनघनत्व भएको क्षेत्रलाई लक्षित गरी सडक पेटी निर्माणको कार्य अघि बढाउने । | ४. सडक पेटी निर्माणको कार्यलाई निरन्तरता दिइ बस्ती क्षेत्र, बजार क्षेत्र आदिका सडक किनारमा त्यस्ता पूर्वाधार व्यवस्थापनको सुनिश्चितता गर्ने । साथै गाउँपालिकाको एक प्रमुख चोकमा ट्राफिक लाइट जडान गरी सञ्चालनमा ल्याउने । |
| | | ५. सडक र सवारी सुरक्षा सम्बन्धी गतिविधिलाई आवश्यक परिमार्जन सहित निरन्तरता दिने । |
| | | ६. रोड सेफ्टी अडिटलाई निरन्तरता दिई त्यसबाट प्राप्त निष्कर्षका आधारमा आवश्यक ठाउँमा दुर्घटना न्यूनिकरणका पूर्वाधार व्यवस्था गर्ने । |

ख. गाउँपालिकाको प्राविधिक शाखामा २ जना इन्जिनियर र ३ जना सब इन्जिनियरसहितको प्राविधिक कर्मचारीको उपलब्धता रहे पनि समग्र पूर्वाधारको प्राविधिक पक्ष हेर्ने एउटा शाखा हुनु र सडक तथा यातायात क्षेत्र हेर्ने छुट्टै इकाई र पर्याप्त जनशक्ति नहुनु यो क्षेत्रका प्राविधिक सेवाका सीमितता हुन् । गाउँपालिका क्षेत्रमा रहेका प्राविधिक शिक्षालय यहाँको अवसर हो । गाउँपालिका क्षेत्र सञ्चालन गर्ने, सडक सुरक्षा तथा यातायात सेवा लगायतमा पालिकाको भूमिका बढाउने सडक र यातायात क्षेत्रको नियमित अध्ययन, तथ्याङ्क संकलन र व्यवस्थापन एवं विकास र सेवाको सुपरिवेक्षणसहितको कार्यलाई प्रभावकारी बनाउन अल्पकालमा यातायात इकाई निर्माणसहितको संगठन ढाँचा तथा कार्यसम्पादन मापन, क्षमता विकास तथा प्रोत्साहन प्रणाली निर्धारण र कार्यान्वयनसहितको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकाको प्राविधिक शाखा अन्तर्गत अधिकृतस्तरको कर्मचारीसहितको छुट्टै यातायात इकाई निर्माण गर्ने । | १. पालिकाको यातायात इकाईमा न्यूनतम जनशक्ति व्यवस्थापन गर्ने । इकाईलाई न्यूनतम उपकरण र प्रविधियुक्त बनाउने । गुणस्तर परीक्षणका लागि नमुना जाँच गर्ने उपकरण पालिकास्तरमा व्यवस्था गर्ने । | १. प्राविधिक र प्रशासनिक कर्मचारी सहितको यातायात शाखा स्थापना गरी सो अन्तर्गत यातायात सेवा र पूर्वाधारका कार्य हेर्ने बेग्लाबेग्लै दुई इकाई निर्माण गर्ने ।<br><br>१.१. विस्तृत परियोजना प्रस्ताव तयार गर्नसक्ने अवस्थामा पुऱ्याउने । |
| २. यातायात इकाईबाट सडक तथा यातायातका पूर्वाधारको डिजिटल इन्भेन्टरी तयारी र स्वतः अद्यावधिक हुने प्रणाली विकास गर्ने । | २. यातायातका पूर्वाधार र सेवा सम्बन्धी सूचना नियमित अद्यावधिक भएको सुनिश्चितता गर्ने । | २. यातायात पूर्वाधार इकाईलाई मध्यमस्तरका आयोजनाको सम्भाव्यता अध्ययन तथा |
| ३. यातायात इकाईको मुख्य प्राविधिक भूमिका हुने गरी यातायातका पूर्वाधार र सेवाको गुणस्तर निर्धारण, अनुगमन, मूल्यांकन पद्धतिमा परिमार्जन गर्ने । | ३. यातायात पूर्वाधार निर्माणको गुणस्तरीयता र समयबद्धतालाई प्राविधिक शाखा र यातायात इकाईको कार्यसम्पादन सूचकका रुपमा कार्यान्वयन गरी कार्य सम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरी कार्यान्वयन गर्ने । | ३. सडक निर्माण कार्यको सुपरिवेक्षण तथा अनुगमनमा खट्ने अस्थायी वा करार समेतका प्राविधिकको दुर्घटना बिमा लगायत भौतिक र सामाजिक सुरक्षाको प्रत्याभूति हुने कार्यक्रम बनाई कार्यान्वयन गर्ने । |
| ४. सडक सञ्चालन र मर्मत सम्भारका लागि गाउँपालिका र वडास्तरमा संयन्त्र विकास गर्ने । | ४. प्राविधिक इकाईको क्षमता विकासका कार्यक्रमलाई नियमित कार्यक्रमका रुपमा कार्यान्वयन गर्ने । | ४. शत प्रतिशत यातायातका पूर्वाधार निर्माण र मर्मतमा प्राविधिकको प्रत्यक्ष निगरानी सुनिश्चित हुने गरी परिचालन योजना निर्माण र कार्यान्वयन गर्ने । |
| ५. सडक निर्माणको सबै प्रक्रियामा नागरिकको सक्रिय सहभागिता तथा निगरानीलाई अनिवार्य र प्रभावकारी बनाउने गरी गाउँपालिका र वडास्तरमा नागरिकस्तरको संयन्त्र निर्माण गर्ने र अनुगमनको लागि अनुशिक्षण दिने । | ५. नागरीकस्तरको अनुगमन र निगरानीको अभ्यासलाई संस्थागत गराइसक्ने । | |
| ६. गाउँपालिकास्तरीय आयोजना अनुगमन समितिका लागि सडक र यातायात क्षेत्रको पूर्वाधारको अनुगमन सम्बन्धी विधि तथा फर्महरू तयार गरी अनुशिक्षण दिने । | | |

# घ. सार्वजनिक निर्माण

## १.परिचय

प्रतापपुर गाँउपालिका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक, प्राकृतिक र पर्यटकीय दृष्टिकोणले प्रसिद्ध एवम् रमणीय गाँउपालिका हो । गाँउपालिकाको सार्थजनिक निर्माणका सेवा अन्तर्गत पालिकाले प्रवाह गर्ने सबै किसिमका सेवा प्रवाहका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण, स्तरोन्नती वा मर्मत सम्भार, व्यवस्थापनर सञ्चालनका कार्य पर्दछन् । सार्वजनिक सेवाको प्रभाकारिता र गुणस्तरीयतालाई ध्यानमा राख्दै प्रतापपुर गाँउपालिकाले सार्वजनिक निर्माण कार्यहरुलाई प्राथकिताका साथ काम गरिरहेको छ । सार्वजनिक यातायातको नीति तयार गर्दा अहिले तथा भविष्यमा आवश्यक पर्ने खानेपानी र सरसफाईका भौतिक संरचना, सिंचाइका पूर्वाधार, सार्वजनिक तथा सामुदायिक भवन जस्ता संविधानमा पालिकाले प्रवाह गर्ने सेवा अन्तर्गत समेटिएका विषय तथा संवैधानिक तथा स्थानीय अवस्था अनुसार पालिकाबाट नागरिकले अपेक्षा गरेका विद्युत र सञ्चारको सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माणसम्बन्धी विषय सार्वजनिक निर्माण अन्तर्गत समेटिएको छ । उल्लिखित क्षेत्र बाहेक आर्थिक र सामाजिक विकासमा योगदान गर्ने भौतिक पूर्वाधारको समग्र विषय पनि यो नीतिमा समावेश छ । यातायात बाहेकका सार्वजनिक सेवाका पूर्वाधार विकासको विधि व्यवस्थित र योजनाबद्ध बनाउन आगामी दिनमा अवलम्बन गर्ने विधिहरू यहाँ प्रस्तुत गरिएको छ । खानेपानी, सरसफाई, सिंचाइ, सार्वजनिक/सामुदायिक भवन, विद्युत र सञ्चारका पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनका कार्यको प्रभावकारिता बढाउन यो तय गरिएको हो ।

## २. वर्तमान अवस्था

प्रतापपुर गाँउपालिकामा पछिल्लो समयमा पूर्वाधार निर्माणको अभ्यास व्यवस्थित गर्दै लगिएको भएता पनि धेरैजसो पूर्वाधारहरू समुदायको अग्रसरतामा र उपयुक्त योजना बिना बनेका हुनाले विगतमा निर्माण भएका त्यस्ता पूर्वाधारहरूको स्थान, समेट्ने क्षेत्र, सो को वातावरणीय पक्ष तथा प्राविधिक पक्षमा कमी कमजोरी रहेका छन । गाँउपालिका केन्द्रबाट टाढा र भौगोलिक रुपमा केही जटिल पालिका, बाहिरका टोल तथा बस्तीहरूलाई निश्चित मापदण्डको सेवाको पहुँचमा लैजान प्रशस्त चुनौतिहरू सामना गर्दै अघि बढ्नुपर्ने अवस्थामा यो पालिका रहेको छ । समतल भू-उपयोगको अभ्यासमा विकास भएको यस पालिका तत्काल विशिष्ठ सेवाका पूर्वाधार तोकिएको स्थानमा सार्न सक्ने अवस्था नरहेकोमा सो को अधिकतम व्यवस्थापन तथा नयाँ निर्माणका सन्दर्भमा सकेसम्म वैज्ञानिक भू-उपयोगको अवस्था हुने गरी निर्माण गर्ने नीति पालिकाले लिनुपर्ने अवस्था छ ।

## ३. लक्ष्य

पालिकाबासीलाई सुव्यवस्थित, दीगो र पहुँचयोग्य सार्वजनिक भौतिक पूर्वाधारको उपलब्ध गराउने ।

उमेश चन्द्र यादव
अध्यक्ष

## ४. उद्देश्य

सार्वजनिक पूर्वाधारमा आधारित सेवामा पालिकावासीको पहुँच सुनिश्चित गर्ने समावेशी विकासको पद्धति अवलम्बन गर्ने ।

- सार्वजनिक निर्माणको कार्य मितव्ययी, कार्यकुशल र समयबद्ध बनाउन पूर्वाधार विकासलाई निश्चित मापदण्डमा वैज्ञानिक पद्धतिमा आधारित बनाउने ।
- पूर्वाधारको माग र पालिकाको क्षमताका बिचमा सन्तुलन कायम गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने ।
- सार्वजनिक सेवाका पूर्वाधार निर्माण भू-उपयोग योजना अनुकुल बनाउने ।
- सार्वजनिक निर्माणको प्रक्रिया व्यवस्थित गर्न पालिकाको सार्वजनिक सेवाप्रवाहको क्षमता अभिवृद्धि गर्ने ।
- पालिकावासी सबैमा खानेपानी सुविधा पुऱ्याउने ।
- सिचाँईको सुविधा हरेक किसानलाई उपलब्ध गराउने ।

## ५. सम्भावना तथा अवसरहरु

- संवैधानिक व्यवस्था तथा संघीय कानूनले प्रबन्ध गरे अनुसार स्थानीय अवस्था अनुसारको कानून र नीति नियम बनाएर सार्वजनिक निर्माणका कार्यलाई व्यवस्थित गर्ने
- संघ, प्रदेश तथा अन्य बाह्य निकायको सहयोगमा जिल्लाका अन्य क्षेत्र समेतको हितमा गरिने लगानीको लाभ पनि पालिकाले लिनसक्ने अवस्था छ भने विशेष पूर्वाधारका लागि विशेष अनुदान प्राप्त गर्ने
- व्यवस्थित सहरीकरणमा सहजता
- वातावरणमैत्री हरित तथा आवाद क्षेत्रको उचित व्यवस्थापनमा सहजता
- खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको सहजीकरण तथा सहयोगमा पालिकास्तरीय स्वच्छ हावा प्रर्वद्धन संजाल गठन गरि संजालले नियमित रुपमा अभियानहरु सञ्चालन गर्दै
- कृषि योग्य जमिनमा पर्याप्त सिंचाइ सुविधा हुँदा कृषि उत्पादन बढाउन सकिने
- डिप बोरिङ्ग प्रविधि बाट सिंचाइ सुविधा दिन सकिने
- नेपाल विद्युत प्राधीकरणसंग समन्वयगरी व्यवस्थित विद्युत जडान तथा विस्तारीकरण गर्न सकिने
- सौर्य उर्जाको प्रयोगमा बृद्धि
- सम्पूर्ण गाँउपालिकाका सुविधाहरू डिजिटल रुपमा परिवर्तन गर्न सकिने
- डिजिटल बोर्ड मार्फत सूचना प्रवाह
- डाटाहरु को अनलाइन र सुरक्षित रुपमा डिजिटल सर्भरमा भण्डारण

## ६. चुनौतिहरु

- भौगोलिक अवस्था र कठिनाइ
- बजेट कमी
- पानीको स्रोतको कमी
- कृषि योग्य जमिनको कमी
- विद्युतपोलहरुको सडक विस्तारीकरण गर्दा सार्न समस्या
- सडक बत्तीको सञ्चालन खर्च तथा महसुलको व्यवस्थापनमा कठिनाई
- डिजिटल प्रणालीको अवैध तथा असुरक्षित प्रयोग
- पूर्वाधार र उत्पादन तथा आर्थिक विकासका बिचको तादम्यता मिलाउने, असीमित चाहनालाई सीमित स्रोतबाट सम्बोधन गर्दै दीगो पूर्वाधार तयार गर्ने र सकारात्मक भू-उपयोगमा आधारित पूर्वाधार विकास र व्यवस्थापन गर्ने चुनौति रहेको छ

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. सार्वजनिक पूर्वाधारमा आधारित सेवामा पालिकावासीको पहुँच सुनिश्चित गर्न समावेशी विकासको पद्धति अवलम्बन गर्ने । | १. सार्वजनिक संरचना निर्माण गर्दा अधिकतम पालिकावासीले लाभ पाउने कार्यक्रम मुख्य प्राथमिकता दिइने छ । |
| | २. सार्वजनिक सेवाका पूर्वाधार निर्माण गर्दा सकेसम्म धेरै जनसङ्ख्या पायक पर्ने स्थानमा बनाइने छ । |
| | ३. सबै किसिमका पूर्वाधार निर्माण गर्दा अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिक लगायत विशेष रेखदेख पाउनुपर्ने अवस्थामा रहेका नागरिकको पहुँच सुनिश्चितता गर्ने कुरा समग्र निर्माण कार्यको अभिन्न मापदण्ड बनाइनेछ । |
| | ४. पूर्वाधार निर्माणसँगै त्यसबाट प्रवाह हुने सेवा क्षेत्रका सबै पालिकावासीले समानस्तरको सेवा पाउने गरी डिजाइन र कार्यान्वयन गरिने छ । |
| २. सार्वजनिक निर्माणको कार्य मितव्ययी, कार्यकुशल र समयबद्ध बनाउन पूर्वाधार विकासलाई निश्चित मापदण्डमा वैज्ञानिक पद्धतिमा आधारित बनाउने । | १. बृहत् योजनाले तय गरेका प्राथमिकताका आधारमा पालिकाको आन्तरिक स्रोत, सम्भाव्य बाह्य स्रोत तथा साझेदारी समेतको सम्भावना विश्लेषण गरी पूर्वाधारका प्रमुख प्राथमिकताका परियोजना समेटेको बहुवर्षीय पुँजी सुधार कार्यक्रम निर्माण गरिने छ । पालिकावासीको बृहत्तर आर्थिक सामाजिक हित गर्ने पूर्वाधारमा लगानी गर्नुपर्दा पुँजी सुधार कार्यक्रममा समेटेर मात्र गरिने छ । |
| | २. सार्वजनिक सेवाका पूर्वाधार निर्माण गर्दा सम्बन्धित समुदायको न्यूनतम आवश्यकता पूरा हुने तथा गुणस्तरका गाउँपालिका मापदण्ड पुग्ने गरी मात्र गरिनेछ । सेवा प्रवाहको क्षमता र उपयोगिताको बिचमा सन्तुलन आउने कुरामाई ध्यान दिइने छ । सेवा अपुग हुने वा आवश्यकता भन्दा अत्याधिक क्षमताका पूर्वाधार निर्माण गरिने छैन । |
| | ३. निर्माण गरी सञ्चालनमा आइसकेका सार्वजनिक सेवाका पूर्वाधार अपुग विश्लेषणका आधारमा न्यूनतम मापदण्डमा पुऱ्याइने छ । |
| | ४. सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा दोहोरोपना निरुत्साहित र नियन्त्रित गरिने छ । सोही प्रकृतिको कार्य पुनः गर्नु पर्दा अपुग पूरा गर्नमा केन्द्रित हुने गरी मात्र कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ५. गाउँपालिका आफैं वा अन्य निकायबाट हुने पूर्वाधार विकासका कार्यक्रमको नकारात्मक प्रभाव नियन्त्रण, वैशोधन तथा गुणस्तरीयता कायम गर्नमा पालिकाबाट समन्वयकारी भूमिका निर्वाह गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | ६. ठूला आयोजनाको गुणस्तरीयता र दीगोपना निश्चित मापदण्ड बनाइने छ । त्यस्ता आयोजना सम्पन्न भई अन्तिम भुक्तानी गर्नु अघि निर्धारित गुणस्तर मापदण्डका आधारमा तेस्रो पक्ष मूल्यांकन (Third Party Evaluation) गरिने छ । |
| | ७. समयबद्ध र गुणस्तरीय निर्माणका लागि अनुगमन र मूल्यांकन पद्धति थप प्रभावकारी बनाइने छ । समयमा काम पुरा गर्नका लागि सम्झौताका शर्तहरुको पूर्ण कार्यान्वयन गरिने छ । निर्माण व्यवसायी, उपभोक्ता समिति र अमानतबाट हुने कामको समयबद्धता, गुणस्तरीयता र जवाफदेहिताका स्पष्ट मापदण्ड बनाई कार्यान्वयन गरिने छ । सबै स्तरबाट हुने निर्माणका कार्यको सामुदायिक निगरानी र जनसहभागिताको वर्तमान अभ्यासमा थप सुधार गर्न आवश्यक विधि निर्धारण र कार्यान्वयन गरिने छ । |
| ३. पूर्वाधारको माग र पालिकाको क्षमताका बिचमा सन्तुलन कायम गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने । | १. सार्वजनिक सेवाका नयाँ पूर्वाधार निर्माणमा ती संरचनाको आकार वा क्षमता निर्धारण गर्दा विद्यमान जनसङ्ख्या र भविष्यको प्रक्षेपण समेतलाई आधार बनाइने छ । |
| | २. पालिकास्तरीय पूर्वाधार निर्माणको निर्णय गर्नु अघि त्यस्ता सार्वजनिक निर्माणका सुविधाहरुको पर्याप्तताको मूल्याङ्कन गरिने छ । पर्याप्तता नहुने देखिएमा परिमार्जन गरेर मात्र पुँजी सुधार कार्यक्रममा समावेश गरिने छ । |
| | ३. भविष्यमा सार्वजनिक सेवाको मागमा हुने वृद्धि मध्यनजगर गर्दै सार्वजनिक निर्माणका लागि भविष्यमा आवश्यक पर्ने जमिनको सुनिश्चितता अग्रिम रुपमा गरिने छ । महत्वपूर्ण सार्वजनिक सेवा पूर्वाधार विकासका लागि आवश्यक जग्गा लगायत सार्वजनिक साधनको उपलब्धता सुनिश्चित गर्न आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वयमा अधिग्रहण वा निःशुल्क प्राप्ती गरिनेछ । |
| | ४. हाल सञ्चालनमा रहेका वा विगतमा सञ्चालनमा रहेका सार्वजनिक सेवाका पूर्वाधार कुनै कारण बन्द भएमा त्यस्ता पूर्वाधारले ओगटेको क्षेत्र वा अन्य संरचना सार्वजनिक सेवाका अन्य पूर्वाधार निर्माण र सञ्चालनका लागि मात्र उपयोग गरिने छ । |
| | ५. कुनै महत्वपूर्ण पूर्वाधार निर्माणमा संघ, प्रदेश वा बाह्य निकायको पूर्ण सहयोग रहेको अवस्थामा त्यस्ता कार्यक्रममा पालिकाको स्रोत लगाइने छैन । स्रोत छुट्याई सकिएको कार्यक्रममा बाह्य स्रोत प्राप्त हुने अवस्था रहेमा उपयुक्त प्रक्रियाबाट पालिकाको स्रोत वैकल्पिक निर्माणको कार्यमा लगाइने छ । |
| ४. सार्वजनिक सेवाका पूर्वाधार निर्माण भू-उपयोग योजना अनुकूल बनाउने । | १. सार्वजनिक सेवाका पूर्वाधारहरूको स्थान तय गर्दा भू-उपयोगको योजना अनुसार हुने गरी गरिने छ । |
| | २. लागत प्रभावकारी तथा एउटै पूर्वाधारबाट एकभन्दा बढी समुदाय लाभ हुने पूर्वाधार निर्माणमा जोड दिइने छ तर यसबाट सम्बन्धित समुदायको भू-उपयोगमा नकारात्मक प्रभाव हुन नदिन पर्याप्त सावधानीका उपाय अपनाइने छ । |

| | |
|---|---|
| | ३. सार्वजनिक पूर्वाधारको डिजाइन गर्दा पालिका वा सम्बन्धित समुदायको विशिष्ठ पहिचान, स्थानीय विशेषतामा तथा सामुदायिक विशिष्ठतामा ध्यान दिइने छ। |
| | ४. सार्वजनिक सेवाका सबै पूर्वाधार निर्माण गर्दा पालिकाले तोकेको संहिता तथा मापदण्डको पूर्ण पालना गरिने छ। क्षेत्र विशेषका लागि कुनै संरचनाको स्थान, आकार, उचाई, ओगट्ने अधिकतम वा न्यूनतम क्षेत्र आदि कानूनमा तोकिएको भए ती सबै व्यवस्थाको पूर्ण पालना गरिने छ। |

## ८. आवधिक प्राथमिकता : सार्वजनिक निर्माण

क. प्रतापपुर गाउँपालिकाले स्थानीय भवन निर्माण मापदण्ड कार्यान्वयन गरिरहेको छ । २०७२ सालको भूकम्पपछि सबै किसिमका भवन निर्माणमा भूकम्पीय सुरक्षाको मापदण्ड पालनलाई अनिवार्य गरिएको छ । संरचनागत मजबुतीका मापदण्ड (भवन संहिता) सबै किसिमका भवनमा समान रुपमा लागू हुने भएता पनि विभिन्न किसिमका भवनको कोठाको आकार, अपाङ्गता भएका व्यक्ति तथा बालबालिका लगायतको पहुँच तथा भूकम्प बाहेकको जोखिम न्यूनीकरणका मापदण्ड समेत समेटी विपद्को समयका लागि बनाइने सामुहिक बसोबासको सुरक्षित भवन, विभिन्न सेवा प्रदायकका भवन तथा पुस्तकालयका लागि भवन निर्माणको मापदण्ड बनाउनु पर्ने आवश्यकता महसुस गरी त्यसको प्राथमिकता तय प्रस्तुत छ ।

| २०८१/८२ | २०८२/८३ - २०८३/८४ | २०८४/८५ - २०८५/८६ |
|---|---|---|
| १. गाउँपालिकाभित्रका कार्यालय तथा सामुदायिक भवनका पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने । | १. सामुदायिक भवन तथा पुस्तकालयको मापदण्ड कार्यान्वयनको समीक्षा गर्ने र कमी देखिएमा कमी पूर्तिका प्रावधान बनाउने । | १. सामुदायिक र सार्वजनिक भवनलाई समग्र भवन निर्माण मापदण्डको अंग बनाउने । |

ख. गाउँपालिकाले उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने सार्वजनिक निर्माणका कार्यलाई सहभागितामूलक बनाउने अभ्यास गरिरहेको छ तर उपभोक्ता समितिमार्फत् वा अन्य तवरले निर्माण हुने पूर्वाधारका कार्यलाई जवाफदेहि र सहभागितामूलक बनाउन स्थानीय कानून तर्जुमाको कार्य भने पुरा हुन बाँकी छ । त्यसैगरी स्थानीयस्तरका पूर्वाधार विकासका कार्यक्रमको वातावरणीय प्रभाव मूल्याङ्कनको विधि निर्धारणको कार्य पनि प्राथमिकतामा छ ।

| २०८१/८२ | २०८२/८३ - २०८३/८४ | २०८४/८५ - २०८५/८६ |
|---|---|---|
| १. सबै किसिमका कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता र समावेशीकरण सुनिश्चित गर्ने गरी कानून निर्माण वा मौजुदा कानूनमा आवश्यक सुधार गर्ने । | १. खानेपानी, सिंचाइ तथा सरसफाईका निश्चित रकम भन्दा माथिका आयोजना कार्यान्वयन गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धी निर्देशिका बनाउने । | १. स्थानीय विकास योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यासलाई सहभागितामूलक र जवाफदेही बनाउन तय गरिएका कानूनी प्रावधान कार्यान्वयनको लेखाजोखा गर्ने । |
| २. खानेपानी, सिंचाइ तथा सरसफाईका निश्चित रकम भन्दा माथिका आयोजना कार्यान्वयन गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धी निर्देशिका बनाउने । | २. वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका वा कार्यविधि कार्यान्वयनका लागि आवश्यक फाराम, चेकलिष्ट आदि तयार गरी कार्यान्वयन शुरु गर्ने । | २. वातावरणीय प्रभाव मूल्याङ्कन, सम्भाव्यता अध्ययन जस्ता विधिहरू आवश्यक परिमार्जनसहित कार्यान्वयनलाई निरन्तरता दिने । |

## ङ. खानेपानी, सिचाँइ, सञ्चार र विद्युत तथा वैकल्पिक उर्जा

### १. परिचय

नेपालको संविधानले आधारभूतस्तरको खानेपानी र सरसफाई सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ। खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो। खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानीबाट रोग लाग्ने जोखिम हुन्छ। खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ। खानेपानीको लागि प्रयोग गरिएको स्रोतको आधारमा गाँउपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ। सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्यूनिकरण गर्न सकिन्छ। पालिकावासीमा आधारभूतस्तरको खानेपानी सेवाको गुणस्तरीय अभिवृद्धि गरी सुरक्षित पानीको उपलब्ध गराउन गाँउपालिकाले विशेष प्राथमिकताका साथ काम गरिरहेको छ।

सिंचाई कृषिको एउटा मुख्य अंग हो। पानी परेता पनि सुख्खा ईलाकाहरूमा अन्नबालीका लागि सिंचाइ आवश्यक पर्छ। कृषियोग्य भूमिमा हरेक समय सिंचाई सुविधा पुर्‍याई कृषिको उत्पादन बढाउन सिंचाइको दीगो व्यवस्थापनको आवश्यकता पर्दछ। विभिन्न निकायको सहयोगमा निर्माण भएका मध्यमस्तरका आयोजना सञ्चालन गरी अन्नबाली उत्पादन, तरकारी उत्पादन, नगदेबाली उत्पादन साथै समग्र कृषि उत्पादनमा वृद्धि गर्न पालिकाले सिंचाइ सम्बन्धी काम गरिरहेको छ।

ऊर्जाको प्रमुख स्रोतहरू मध्य विद्युत एक महत्वपूर्ण तत्व हो। प्राकृतिक रुपमा रहेका विभिन्न शक्तिहरूलाई एकीकृत गरी यान्त्रिक विधिबाट विद्युत निर्माण गरिन्छ। विद्युतका विभिन्न स्रोत हुन्छन्। पालिकाको विकास र समृद्धिका लागि विद्युत आपूर्ति महत्वपूर्ण हुन्छ। नविकरणीय ऊर्जा बाहेक विद्युत सम्बन्धी सेवा प्रवाहमा संविधानत: पालिकाको मुख्य भूमिका नहुने भए पनि पालिकाको समग्र विकासका लागि विद्युत सम्बन्धी सेवामा पालिकाले समन्वयकारी र सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

सञ्चार विचार र जानकारी (वा सूचना) को अदानप्रदान गरिने प्रक्रिया हो जस अन्तर्गत टेलिफोन/मोबाइल, रेडियो तथा एफ.एम., हुलाक सेवा, पत्रपत्रिका, इन्टरनेट आदि पर्दछ। आर्थिक विकासको सम्वाहक एवम् उत्प्रेरकको रुपमा सञ्चारलाई लिन सकिन्छ। सञ्चार सेवाको पहुँच बढाउँदै पालिका सूचना प्रविधिमैत्री बनाउन पूर्वाधार र उपकरण स्थापना र सञ्चालनमा सहजीकरण गर्न तथा सञ्चार क्षेत्र थप पहुँचयोग्य र जनमैत्री बनाउने कुराहरूलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ।

## २. वर्तमान अवस्था

प्रतापपुर गाँउपालिकाको प्रत्यक वडामा कम्तीमा एक सामुदायिक भवन निर्माणको अवधारणा अन्तर्गत करिब ५ वटा भवन निर्माण भएको छ। गाँउपालिकाको प्रशासकीय भवनका साथै वडा नं. १ र ५ को भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ। 'एक घर एक खानेपानी' लक्ष्यअन्तर्गत करिब ५००० घर-परिवारमा धारो जडान भएको छ। वडा नं. १ देखि ९ सम्ममा करिब १० वटा 'डिप बोरिङ' योजना सञ्चालनमा रहेका छन्। कुल ९ वटा वडामा करिब ८ वटा 'ओभरहेड ट्याङ्की' निर्माण भएको छ।

यस पालिकाका क्षेत्रमा रहेका साना र मध्यमस्तरका पानीका स्रोतबाट सिँचाइ भइरहेको र हुनसक्ने सम्भावना रहेको छ। पर्याप्त सिंचाइ नभएका करण पालिकाका कतिपय खेतीयोग्य जमिनहरू वर्षाको समय बाहेक अन्य समयमा सुख्खा हुने गरेको छ। गाँउपालिकामा भू-उपयोग योजना तथा कृषि पकेट क्षेत्र निर्धारण गर्न बाँकी रहेको सन्दर्भमा सम्बन्धित क्षेत्रमा सिँचाइ सुविधा अपुग विश्लेषण हुन बाँकी रहेको छ। धेरै जस्तो खेतीयोग्य जमिनमा मौसमी सिँचाइको भर पर्नुपर्ने अवस्था छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार प्रतापपुर गाँउपालिकामा झण्डै सबैजसोले विद्युत सेवाको पहुँच पाएको देखिन्छ भने ९५.९ प्रतिशत घरधुरीमा आफ्नै विद्युत मिटर जडान भएको अवस्था छ। झण्डै शत प्रतिशत परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेको देखिन्छ। छिटफुट रुपमा सौर्य ऊर्जाको प्रयोग पनि हुने गरेको छ। बत्ती बाल्नका लागि विद्युत प्रयोग बढी गरिने भएता पनि खाना पकाउने ऊर्जाको स्रोतका रुपमा ४०.३ प्रतिशत भन्दा बढी परिवारले पेट्रोलिय पदार्थको प्रयोग गर्ने गरेको देखिन्छ भने ५८.५ प्रतिशत परिवारले भने काठ दाउरा प्रयोग गर्ने गरेका छन्। कतिपय स्थानमा घर छेँउमा, सडकको सेटब्याकभित्र लगायत अव्यवस्थित रुपमा रहेका विद्युत पोल हटाउन बाँकी रहेको छ भने उपयुक्त उचाई र मापदण्डका पोलको पर्याप्त व्यवस्थापन हुन पनि बाँकी रहेको छ। कतिपय स्थानमा विद्युतीय जोखिम विपद्को कारक समेत हुनसक्ने अवस्था महसुस गरिएको छ।

प्रतापपुर गाँउपालिकामा ७०.३ प्रतिशत भन्दा बढी परिवारले कुनै न कुनै किसिमको मोबाइल तथा टेलिफोन सेवा उपयोग गरिरहेको अवस्था छ। वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन्। २६ प्रतिशत घरधुरीले मोबाइल डाटा बाहेकको इन्टरनेट सेवा प्रयोग गरिरहेका छन्। यहाँ उपलब्ध भएको टेलिफोन सेवामा नेटवर्क नआउने समस्या भने विभिन्न क्षेत्रमा रहेको छ। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग बढ्दै गएको छ। प्रतापपुर गाँउपालिकामा कान्तिपुर एफ.एम., रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ। गाँउपालिकामा नेपाल टेलिकम र एनसेलको **3G Network** सेवा उपलब्ध छ। गाँउपालिकामा **Ncell, NTC** आदि कम्पनीहरूले इन्टरनेट सेवा पुर्‍याउँदै आइरहेका छन् भने केही केवल नेटवर्क तथा डिस होमजस्ता माध्यमबाट पालिकावासीले मनोरञ्जनात्मक टि.भी. कार्यक्रमहरू प्रसारण गरिरहेका छन्।

## ३. लक्ष्य

- सबै पालिकावासीलाई पर्याप्त, पहुँचयोग्य र सुरक्षित खानेपानीको उपलब्ध गराउने ।
- भरपर्दो सिंचाइका पूर्वाधार र सेवामार्फत् कृषि उत्पादनशीलता अभिवृद्धि गर्ने ।
- सबै पालिकावासीमा भरपर्दो विद्युत सेवाको पहुँच उपलब्ध गराउने ।
- पालिकालाई सूचना प्रविधियुक्त पालिका बनाउने ।

## ४. उद्देश्य

सार्वजनिक पूर्वाधारमा आधारित सेवामा पालिकावासीको पहुँच सुनिश्चित गर्न समावेशी विकासको पद्धति अवलम्बन गर्ने ।

- पालिकावासी सबैमा खानेपानी सुविधा पुऱ्याउने ।
- सिचाँईको सुविधा हरेक किसानलाई उपलब्ध गराउने ।
- सूचना प्रविधिलाई सबै पालिकावासीका लागि पहुँचयोग्य र सर्वसुलभ बनाउने ।

## ५. सम्भावना तथा अवसरहरु

- खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको सहजीकरण तथा सहयोगमा पालिकास्तरीय स्वच्छ हावा प्रर्वद्धन संजाल गठन गरि संजालले नियमित रुपमा अभियानहरु सञ्चालन गर्दै
- कृषि योग्य जमिनमा पर्याप्त सिंचाइ सुविधा हुँदा कृषि उत्पादन बढाउन सकिने
- डिप बोरिङ्ग प्रविधि बाट सिचाई सुविधा दिन सकिने
- नेपाल विद्युत प्राधीकरणसँग समन्वयगरी व्यवस्थित विद्युत जडान तथाविस्तारीकरण गर्न सकिने
- सौर्य उर्जाको प्रयोगमा वृद्धि
- सम्पूर्ण गाँउपालिकाका सुविधाहरू डिजिटल रूपमा परिवर्तन गर्न सकिने
- डिजिटल बोर्ड मार्फत सूचना प्रवाह
- डाटाहरु को अनलाइन र सुरक्षित रुपमा डिजिटल सर्भरमा भण्डारण

## ६. चुनौतिहरु

- भौगोलिक अवस्था र कठिनाइ
- पानीको स्रोतको कमी
- बजेट कमी
- विद्युतपोलहरुको सडक विस्तारीकरण गर्दा सार्न समस्या
- सडक बत्तीको सञ्चालन खर्च तथा महसुलको व्यवस्थापनमा कठिनाइ
- डाटा चोरीको खतरा
- डिजिटल प्रणालीको अवैध तथा असुरक्षितप्रयोग

➢ पूर्वाधार र उत्पादन तथा आर्थिक विकासका बिचको तादम्यता मिलाउने, असीमित चाहनालाई सीमित स्रोतबाट सम्बोधन गर्दै दीगो पूर्वाधार तयार गर्ने र सकारात्मक भू-उपयोगमा आधारित पूर्वाधार विकास र व्यवस्थापन गर्ने चुनौति रहेको छ

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. सबै पालिकावासीमा सुरक्षित पानीको पहुँच पुर्‍याउन उपयुक्त विधि र मापदण्डको पालना र सामुदायिक सहभागितामा आधारित पूर्वाधार निर्माण तथा एकीकृत वितरण गर्ने । | १. साना तथा मझौला खानेपानीका स्रोत तथा योजना एकीकृत गरी प्रतापपुर गाँउपालिका भरका लागि समान पानी वितरण प्रणाली तय गरिने छ। यसका लागि आवश्यकता अनुसार सम्बन्धित उपभोक्ता, निजी क्षेत्र तथा सामुदायिक संघसंस्थाहरूसँग सहकार्य गरिने छ। |
| | २. खानेपानीका स्रोत पहिचान, सूचिकरण र संरक्षण गरिने छ। निजी जग्गामा रहेका लगायत खानेपानीका सबै स्रोत माथि सार्वजनिक स्वामित्वको सुनिश्चितता गरिने छ। स्रोतको एकीकरण वा ठूला पानीका स्रोतमा आधारित संरचनामार्फत् हरेक आवासीय, व्यवसायिक र संस्थागत घर तथा भवनसम्म खानेपानीको पहुँच पुर्‍याइने छ। |
| | ३. जनसङ्ख्याको चाप र अधिकतम पहुँच मिलाउने गरी आवश्यकता अनुसार क्लष्टर, वडा, बस्ती वा समुदायस्तरमा उपयुक्त स्थानहरूमा पानी संकलन तथा वितरण केन्द्र निर्माण गर्ने तथा वर्तमान वितरण प्रणाली सुधारको विषय पनि समान प्राथमिकतामा राखिने छ। |
| | ४. एकीकृत पानी वितरण प्रणालीमा आबद्ध गर्न जटिल हुने र अधिक लागत लाग्ने तर बस्ती सार्न नसकिने साना वा छरिएका बस्तीका लागि भने पालिका मापदण्ड प्रतिकूल नहुने गरी साना खानेपानी आयोजनाको व्यवस्थापन गरिने छ। |
| | ५. खानेपानीका पूर्वाधारको प्राविधिक मापदण्डकै रूपमा ती पूर्वाधारले ओगट्ने क्षेत्र र बच्ने क्षेत्र समेत जोडी न्यूनतम जग्गाको क्षेत्रफल निर्धारण गरिने छ। |
| | ६. पानीको स्रोतबाट भण्डारण तथा वितरणमा चाहिने पूर्वाधार निर्माणका लागि चाहिने जमिन व्यवस्था गर्दा अन्य भू-उपयोग मा असर नगर्ने सार्वजनिक जग्गा, सामुदायिक योगदानका जग्गा वा खरिद गर्नुपर्ने जग्गा निर्माण प्रक्रिया शुरु हुनु अघि नै प्राप्ती वा अधिग्रहण गरिसकिने छ। |
| | ७. नयाँ बस्ती विकास गर्नु अघि नै भू-उपयोग योजनाद्वारा निर्धारित क्षेत्रहरूमा पानीको बन्दोबस्त गर्ने विकल्प तयार गरी सम्बन्धित पूर्वाधारको लागि चाहिने जमिनको पूर्व व्यवस्था गरिने छ। |
| | ८. पानीको संकलन तथा वितरणका लाइन बनाउँदा वातावरण संरक्षण वन, तथा पानीका भौगर्भिक वा सिमसार क्षेत्रहरूमा प्रतिकूल असर नगर्ने गरी व्यवस्थापन गरिने छ। |
| | ९. संघीय सरकारको शहरी विकास मन्त्रालयद्वारा स्थापित संहिता तथा मापदण्ड प्रतापपुर पालिका मापदण्डमा अनुकूलन गरी न्यूनतम ८० लिटर प्रतिव्यक्ति प्रतिदिनको दरमा पानीको आपूर्ति हुने गरी स्रोत र संरचनाको व्यवस्थापन गरिनेछ। |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | १० सम्भाव्य आगलागी नियन्त्रणका लागि आवश्यक पर्ने पानी व्यवस्थापनका लागि सार्वजनिक खानेपानी संकलन ट्याँकीमा न्यूनतम पानीको मात्रा रहिरहने व्यवस्था गरिने छ । व्यापारिक कम्प्लेक्स तथा उद्योग परिसरमा २४सै घण्टा न्यूनतम पानी संकलन गर्नुपर्ने व्यवस्था गरिने छ । |
| | ११. हरेक पालिकास्तरीय खानेपानी आयोजनाका लागि पुँजी सुधार कार्यक्रम अनुसार निर्माण सम्पन्न नभएसम्मका लागि वार्षिक रूपमा स्रोत उपलब्ध हुने व्यवस्था गरिनेछ । |
| २. निर्धारित कृषि क्षेत्र सिञ्चित गर्न सिँचाइ प्रणालीको उचित मर्मत-सम्भार र व्यवस्थापन सुदृढीकरण तथा नयाँ आयोजनाको विकासलाई प्राथमिकताका साथ अघि बढाउने । | १. भू- उपयोग योजना मार्फत प्रतापपुर गाउँपालिकाको कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादनको प्रकृति अनुसार सिँचाइका लाभदायक विकल्प छनोट गरी त्यस्ता क्षेत्रमा सबै समयमा सिँचाइ सुविधा उपलब्ध हुने व्यवस्था गरिने छ । |
| | २. उद्देश्यमूलक सिँचाइ पोखरी वा वर्षेपानी संकलन ट्याङ्क निर्माणका लागि समुदायलाई लाभ लागत विश्लेषणका आधारमा सहयोग गरिने छ । |
| ३. विद्युत सेवा विस्तार, विद्युतीय जोखिम न्यूनीकरण र विद्युत सेवा व्यवस्थापनका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने । | १. विद्युतीय पोल तथा तार वा अन्य उपकरण व्यवस्थापन गर्दा सडक, ढल, दूरसञ्चार, इन्टरनेट सेवा क्षेत्रका निकायको समन्वय सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ । |
| | २. दीर्घकालमा विद्युतीका तारहरू बिछ्याउँदा सडकको बीचबाट तथा सार्वजनिक सेवाका लाइनहरूमा अवरोध हुन नदिन शहरी क्षेत्रमा जमिन मुनीबाट लाइन विस्तार गर्न विद्युत प्राधिकरणसँग समन्वय सहकार्य गरिने छ । |
| | ३. भू-उपयोग योजनाले निर्धारण गरेको क्षेत्रमा ठूला कलकारखाना, व्यापारिक कम्प्लेक्स तथा सेवा स्थापना पूर्व पर्याप्त विद्युत आपूर्ति यकिन गर्न सम्बन्धित पक्षको तर्फबाट पालिकाले पहल कदमी लिनेछ । |
| ४. आम पालिकावासी सञ्चार सेवाको पहुँचमा पुऱ्याउने गरी सेवा विस्तार र गुणस्तर प्रवर्द्धनका लागि सम्बन्धित सेवा प्रदायकसँग समन्वय र सहजीकरण गर्ने । | १. सञ्चारका उपकरण स्थापना तथा सञ्चालन गर्दा गाउँपालिकाको ऐतिहासिक तथा सांस्कृतिक महत्वका सम्पदामा हानी हुन तथा भू-उपयोगका उद्देश्यमा नकारात्मक प्रभाव पर्न नदिने व्यवस्था गरिने छ । आहिले तथा भविष्यमा यातायात तथा अन्य सार्वजनिक सुविधाको विस्तारमा असर नपर्ने कुरामा विशेष ध्यान पुऱ्याउने गरी कानूनी व्यवस्था गरिने छ । |
| | २ स्थानीय एफ.एम. रेडियोलाई किसानको समय समेत विचार गरी प्रतापपुर पालिका केन्द्रित पर्यटन, स्थानीय उत्पादनको प्रवर्द्धन र सेवा क्षेत्रको गुणस्तर र पहुँच प्रवर्द्धनका कार्यक्रम उत्पादन र प्रवर्द्धनका लागि प्रोत्साहित गरिने छ । |

## ८. आवधिक प्राथमिकता : खानेपानी, सिचाँइ र विद्युत तथा वैकल्पिक उर्जा

क. प्रतापपुर गाउँपालिका वार्षिक नीति तथा कार्यक्रम तथा विभिन्न निर्णयमार्फत् यो अधिकार अनुसारको जिम्मेवारी पुरा गर्न प्रयत्नशील छ। तथापि खानेपानीको कमी पूर्तिको दीर्घकालीन तथा सम्बन्धित स्थानीय कानून बनाउन भने बाँकी रहेको छ। दिगो विकास लक्ष्य अनुरुप सबै पालिकाबासीलाई सुरक्षित पानीको उपलब्धता सुनिश्चित गर्ने तथा आवधिक योजना तर्जुमाका तहत निर्धारित लक्ष्यको समय सीमा अर्थात् आर्थिक वर्ष २०८४/८५ को अन्त्यसम्ममा विकास लक्ष्य हाँसिल गर्न पालिकाका खानेपानी सम्बन्धी क्रियाकलापलाई थप उपलब्धीमूलक बनाउनु पर्ने भएकोले खानेपानी तथा सरसफाईको कानून तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्ने र कार्यान्वयनको अवस्थाको समयबद्ध लेखाजोखा गरी खानेपानी तथा सरसफाईको पालिकाको लक्ष्य प्राप्तीमा भएका आधारमा कमी देखिएमा कमी पूर्तिको रणनीति समेत बनाउने गरी यो क्षेत्रको तथा कानून सम्बन्धी आवधिक प्राथमिकता तल प्रस्तुत छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकाले खानेपानी आपूर्तिका लागि ग्रामीण क्षेत्र र शहरी क्षेत्रको न्यूनतम मापदण्ड निर्धारणका साथै खानेपानी तथा सरसफाइ सेवा प्रवाह र उपयोगको नियम, मापदण्ड निर्माण र शुल्क निर्धारण गर्ने। सान्दर्भिक मापदण्डहरुलाई खानेपानीका पूर्वाधार निर्माण र वितरण सम्बन्धी प्राविधिक कार्यसंग आवद्ध गर्ने कार्यविधि बनाउने। | १. खानेपानीको पालिका मापदण्ड कार्यान्वयनको प्रगति समीक्षा गर्ने। | १. खानेपानी, तथा सरसफाई नीति कार्यान्वयनको आवधिक समीक्षा तथा परिमार्जन गर्ने। |
| २. पन्धौं योजनाको आधारपत्र र दीगो विकास लक्ष्य तथा पालिकाको स्थानीय अवस्था अनुरुप खानेपानी तथा सरसफाइ सम्बन्धी पूर्वाधार निर्माण र सेवा प्रवाहको क्षेत्रगत विस्तृत नीति निर्माण गर्ने। | २. खानेपानी तथा सरसफाईका पूर्वाधार निर्माणको नीति कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने। | २. सबैका लागि सफा पानी र सरसफाईको पहुँचमा पुग्ने दीगो विकासका लक्ष्य प्राप्तीका सन्दर्भमा प्राप्त उपलब्धीको आवधिक समीक्षा तथा कमी पूर्तिको रणनीति निर्माण गर्ने। |
| ३. पानीको स्रोतको उपयुक्त प्रयोग सुनिश्चित गर्ने गरी पानीका स्रोतको स्वामित्व तथा उपयोग तथा व्यवस्थापन सम्बन्धी स्थानीय ऐन निर्माण गर्ने | ३. खानेपानीको स्रोतको उपयोग तथा व्यवस्थापन लगायत खानेपानी तथा सरसफाईका मौजुदा कानूनलाई समयानुकूल परिमार्जन गर्ने। | ३. खानेपानी र सरसफाइको मौजुदा कानून कार्यान्वनको समीक्षा तथा आवश्यक परिमार्जन। |

ख. प्रतापपुर गाउँपालिकाको साविक पालिका क्षेत्रमा खानेपानी तथा सरसफाइ आयोजनामार्फत् खानेपानी सेवा वितरण गाउँहरुको छ भने विस्तारको क्रम पनि जारी छ। पालिकाका बढाहरुमा खानेपानीका बहुस्रोत (खोला, मुहान, वर्षापानी आदि) रहेकोले पालिकाको पानीको आवश्यकता स्थानीय स्रोतले धान्न सक्ने पालिकाको अनुमान छ। तथापि वास्तविक पानीको उपलब्धता र आवश्यकता सम्बन्धी अध्ययन भने भइनसकेको छ।

यसै सन्दर्भमा खानेपानीका संरचनाको अवस्था, पानीको स्रोत तथा शुद्धता आदिको यथार्थ अवस्था अद्यावधिक गर्ने र कमी पूर्तिमा केन्द्रित रही सबैका लागि सुरक्षित र पर्याप्त खानेपानी घरधुरीस्तरमा नै उपलब्ध गराउने गरी खानेपानी क्षेत्रको सूचना व्यवस्थापन, संरचना निर्माण र सेवा प्रवाहका कार्यको प्राथमिकीकरण गरिएको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. हाल भइरहेको खानेपानी तथ्याङ्क सङ्कलन प्रक्रिया सम्पन्न गरी पालिका भित्रका खानेपानीका सबै मुहान र तिनको अवस्था तथा सञ्चालनमा रहेका वा निर्माणाधीन खानेपनी आयोजनाको विवरणसहित जिपिएसमा आधारित तथ्याङ्क तयार पार्ने। | १. खानेपानी सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने कामलाई निरन्तरता दिई त्यसलाई पालिका सूचना व्यवस्थापन प्रणालीको अंग बनाउने। | १. निरन्तर |

| | | |
|---|---|---|
| २. जोखिममा रहेका मुहान पहिचान गरी संरक्षणका कार्यक्रम मुहानगत रूपमा कार्यान्वयनको शुरुवात गर्ने । | २. पहिचान भएका मुहान संरक्षणका न्यूनतम कार्य (वृक्षारोपण र घेराबार लगायत संरचनागत कार्य) पुरा गर्ने । | ३. बहुस्रोत एकीकरण र पानी सङ्कलन ट्याङ्की लगायतका संरचना तयार गरी सबै धारामा कम्तीमा १२ घण्टा पानी प्राप्त हुने अवस्थामा पुर्‍याउने । |
| ३. खानेपानी तथा सरसफाइ आयोजनाले नसमेट्ने वडा तथा टोलमा रहेका स-साना आयोजनालाई एकीकृत वितरण प्रणालीमा आबद्ध गर्ने प्रक्रिया शुरु गर्ने । | ३. छरिएका सबै खानेपानी आयोजनालाई कम्तीमा वडास्तरको एकीकृत वितरण प्रणालीमा आबद्ध गरी पानी वितरणमा एकरूपता ल्याउने र पालिकाभर न्यूनतम खानेपानी पानी आपूर्तिसहित कम्तीमा ७० प्रतिशत परिवारमा एक घर एक धारा जडान गरिसक्ने । | ३. पानीको उपयोगका आधारमा सञ्चालन र मर्मत सम्भारका लागि योगदान । महशुल प्रणालीलाई व्यवस्थित गर्ने । |
| ४. २०७२ को भूकम्पबाट क्षति भएका खानेपानीका पूर्वाधारको पुनर्निर्माणको कार्य सम्पन्न गर्ने । | | |
| | ५. भौगोलिक कठिनताका कारणले एकीकृत वितरण प्रणालीको पहुँचमा आउन नसक्ने परिवारको खानेपानी सुविधाको स्तर परीक्षण गरी वैकल्पिक व्यवस्थापनका कार्य गर्ने । | |

ग. प्रतापपुर गाउँपालिकाले मेरो शहर सफा शहरको नारासहितको सहभागितामूलक फोहोर व्यवस्थापन पद्धतिलाई प्रवर्धन गर्ने सिद्धान्त पालिकाको नीति तथा कार्यक्रममा समेटेको छ । आधारभूत स्वास्थ्य तथा सरसफाइको अधिकार संविधान स्थानीय सरकारलाई रहेअनुसार पालिकाले आधारभूत सरसफाइ तथा फोहोरमैला व्यवस्थापन ऐन २०७४ जारी गरेको छ । प्राथमिकताको आधारमा आवश्यक पूर्वाधार तयार गरी ठोस फोहोर व्यवस्थापन सेवासहितको सरसफाइ केन्द्र निर्माण र सञ्चालनको प्रक्रिया पनि पालिकाले अघि बढाएको छ । भवन निर्माण अनुमति प्रक्रियाको अभिन्न रूपमा शौचालय निर्माणको विषय समेटेको छ । यसलाई भूकम्प पुनर्निर्माणको प्रक्रियामा ग्रामीण भेगमा पनि लागु गरिएको छ । समग्र सरसफाइ क्षेत्र समेटेको स्थानीय नीति भने बनाउन बाँकी छ ।

| २०७१/०७२ | २०७२/०७३ - २०७३/०७४ | २०७४/०७५ - २०७५/०७६ |
|---|---|---|
| १. आधारभूत सरसफाइ तथा फोहोर व्यवस्थापन ऐन कार्यान्वयनका लागि नियमावली लगायत अन्य कानूनी औजार विकास गर्ने । | | १. सार्वजनिक सरसफाइ सम्बन्धी नीति तथा कानून कार्यान्वयनको आवधिक समीक्षा तथा परिमार्जन । |
| २. ठोस फोहोर व्यवस्थापन र सरसफाइ केन्द्र सञ्चालनका लागि सार्वजनिक निजी साझेदारीको प्रारूप तयार पार्ने । | २. सरसफाइ क्षेत्रमा निजी साझेदारीको अभ्यासलाई समयानुकूल बनाइ निजी क्षेत्रलाई थप जिम्मेवार बनाउँदै सेवान्न विद्यमान कानूनमा आवश्यक सुधार गर्ने । | |
| | ३. पूर्ण सरसफाइयुक्त पालिका बनाउने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षाको पद्धति विकास गर्ने । | ३. पालिकालाई पूर्ण सरसफाइयुक्त पालिकाको अवस्थामा पुर्‍याउन विश्लेषणका आधारमा आवश्यकता अनुसार अल्पकालीन रणनीति निर्माण र कार्यान्वयन |

उमेश चन्द्र यादव
अध्यक्ष

| घ. पालिकाले जिरो वेस्ट (शून्य फोहोर) को अवधारणा अनुसार फोहोर सङ्कलन र व्यवस्थापनका लागि सरसफाई केन्द्र निर्माण र सञ्चालनका लागि स्थान निर्धारण गरी निजी क्षेत्रसँग साझेदारीको प्रक्रिया अघि बढाएको छ। तर हालसम्म ठोस फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार र व्यवस्थित सेवा शुरु भएको छैन। घरमा ढल व्यवस्थापन वा दिसाजन्य फोहोर व्यवस्थापनको पूर्वाधार र सेवा व्यवस्थापन हुन बाँकी रहेको छ। यस सन्दर्भमा ठोस फोहोर व्यवस्थापन र दिसाजन्य फोहोर व्यवस्थापन सम्बन्धी प्राथमिकता तल प्रस्तुत छ। | | |
|---|---|---|
| **२०८१/०८२** | **२०८२/०८३ - २०८३/०८४** | **२०८४/०८५ - २०८५/०८६** |
| १. ठोस फोहोर सङ्कलन र व्यवस्थापनका लागि व्यवस्थित सरसफाई केन्द्र सञ्चालनमा ल्याउने र आवश्यक सबै संरचना निर्माणको कार्य सम्पन्न गर्ने। | १. ठोस फोहोर सङ्कलन र व्यवस्थापनका लागि व्यवस्थित सरसफाई केन्द्र सञ्चालनमा ल्याउने र आवश्यक सबै संरचना निर्माणको कार्य सम्पन्न गर्ने। | १. ठोस फोहोर व्यवस्थापनलाई पालिकाको राजस्वको आधारका रुपमा विकास गर्दै पालिकालाई प्लाष्टिकजन्य फोहोर रहित पालिका बनाउने। |
| २. सार्वजनिक ढल निर्माणको कार्य पूरा गरी सञ्चालनमा ल्याउने। शौचालयको फोहोर प्रशोधन तथा व्यवस्थापन प्रणाली निर्माण र सञ्चालन गर्ने। | २. ढल प्रणालीलाई सघन बस्ती तथा राजमार्ग क्षेत्रभर विस्तारको कार्य अघि बढाउने। | २. पालिकाको राष्ट्रिय राजमार्ग क्षेत्रभर ढल प्रणालीको सेवा पूर्णसञ्चालनमा ल्याउने। |
| ३. कच्ची शौचालयलाई फ्लस सहितको शौचालयले विस्थापित गर्ने प्रवर्द्धनात्मक र सहयोगात्मक कार्यक्रम सञ्चालन गर्ने। | ३. कच्ची र सेप्टिक ट्याङ्कीको मापदण्ड नपुगेका सबै घरको शौचालयलाई उपयुक्त मापदण्डमा पुऱ्याउने। | ३. सार्वजनिक ढलको सेवा नपुगेका सबै बस्ती क्षेत्रलाई सार्वजनिक सेप्टिक ट्याङ्क (र) वा दिसाजन्य लेदो व्यवस्थापन सेवाको पहुँच दिलाउने। |
| ४. सामुदायिक संस्थाबाट व्यवस्थापन हुने सुनिश्चितताका आधारमा बजार तथा बढी जमघट हुने स्थान, बस बिसौनी तथा पार्क तथा पर्यटकीयस्थल मध्येमा शुल्क बढा सार्वजनिक शौचालयको व्यवस्था गर्ने। | ४. बढी जमघट हुने सार्वजनिक स्थल (पार्क, मनोरञ्जन स्थल, खुला क्षेत्र, सेवा केन्द्र आदि) आसपास थप सुलभ सार्वजनिक शौचालय निर्माण गर्ने। | ४. सञ्चालन र व्यवस्थापनको सुनिश्चितता सहित थप सुलभ सार्वजनिक शौचालय निर्माण गर्ने। |

| ङ. कृषिलाई आर्थिक विकासको प्रमुख क्षेत्रका रुपमा लिई समृद्धि हासिल गर्ने लक्ष्य बनाएको यस गाउँपालिकामा स्थानीय कृषकले निर्माण गरेका यस्ता परम्परागत नहर तथा समीक्षा तथा साना ठूला स्केलमा सिंचाइ कुलो निर्माण, सञ्चालन र व्यवस्थापनमा पालिकाको भूमिका क्रमशः बढिरहेको छ। पालिकाले समग्र पालिकाको भू-उपयोग योजना निर्माणसँगै सिंचाइ सुविधा व्यवस्थापनलाई थप वैज्ञानिक बनाउनुपर्ने अवस्था छ। एकल अधिकारका रुपमा स्थानीय तहले पाएको संवैधानिक अधिकार कार्यान्वयन गर्न सबै किसिमका सिंचाइका पूर्वाधार निर्माण र सेवा व्यवस्थापन गर्न सिंचाइ नीति बनाउनु पर्ने भएकोले कृषि नीतिको अंगको रुपमा सिंचाइ नीति निर्माण तथा समयबद्ध रुपमा कार्यान्वयनको समीक्षा तथा परिमार्जन र संशोधनको कार्य आवधिक तालिका सहित प्रस्तुत छ। | | |
|---|---|---|
| **२०८१/०८२** | **२०८२/०८३ - २०८३/०८४** | **२०८४/०८५ - २०८५/०८६** |
| १. कृषि नीतिको अभिन्न अंगका रुपमा पालिकाको सिंचाइ नीति बनाउने। | १. सिंचाइलाई भू-उपयोग नीति तथा कृषि पकेट क्षेत्र लक्षित बनाउने गरी नीति र कार्ययोजनामा आवश्यक परिमार्जन। | १. सिंचाइ सम्बन्धी नीति कार्यान्वयनको आवधिक समीक्षा तथा आवश्यक परिमार्जन। |
| २. सिंचाइका पूर्वाधार संचालन तथा व्यवस्थापना सम्बन्धी कृषक समूहलाई जिम्मेवार बनाउने गरी सिंचाइ सेवा निर्देशिका बनाउने। | २. सिंचाइ सेवा निर्देशिका तथा अन्य कानुनी औजार विकास गरी गाउँपालिकाभित्रका सबै सिंचाइ आयोजनाको व्यवस्थापनलाई उपभोक्ता मार्फत हुने व्यवस्था गर्ने। | २. सिंचाइ निर्देशिका र सम्बन्धित कानुनी प्रावधान कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन। |
| ३. सिंचाइ प्रयोजनमा उपयोग हुने पानीको स्रोत सम्बन्धी विषयलाई मुहान तथा पानीका स्रोत व्यवस्थापन सम्बन्धी स्थानीय कानूनको अंग बनाउने। | | |

ख. यस पालिकामा सोलाहक तथा नदी रहनु तथा सिंचाइ सुविधा उपलब्ध भएमा तरकारी, अन्नबाली र फलफूल उत्पादनको सम्भाव्यता भएका फाँटहरू रहेका छन् । विभिन्न पानीका स्रोतबाट सिंचाइका मझौला र साना आयोजना सञ्चालनमा रहेका छन् । कृषि कार्यमा प्राथमिकताको कमी, अन्य पूर्वाधार निर्माणका क्रमका सिंचाइका पूर्वाधारमा भएको क्षति जस्ता कारणले सिंचाइ कतिपय पूर्वाधार प्रयोगविहीन वा सञ्चालनमा नरहेको अवस्था छ । त्यसैले उत्पादन सम्भाव्यताका आधारमा बढी उत्पादन हुने र कृषि कार्यमा उपयोगमा ल्याउने क्षेत्र लक्षित गरी एक भन्दा बढी उत्पादनको सम्भावना समेतका आधारमा निम्नानुसार सिंचाइ क्षेत्रलाई प्राथमिकीकरण गरिने छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. आलु तथा तरकारी खेती, अन्य नगदे बाली र धान, गहुँ जस्ता प्रमुख कृषि बाली उत्पादन वृद्धि हुने क्षेत्र लक्षित बहुउद्देश्यीय पालिका गौरवका सिंचाइ आयोजनाको प्रस्ताव तयार गरी प्रदेश सरकारमा पेश गर्ने | १. बहुउद्देश्यीय सिंचाइ आयोजनाका लागि स्रोत प्राप्तीका लागि समन्वय गर्ने । साथै लगानीका वैकल्पिक स्रोत समेत खोजी गरी स्रोत प्राप्तीको सुनिश्चितता गरी पालिका गौरवका कम्तीमा ५० प्रतिशत आयोजना सम्पन्न गर्ने । | १. कृषि उत्पादनका लागि वर्गीकृत सबै जमिनमा बाह्रै महिना भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराइसक्ने गरी पालिका गौरवका सिंचाइ आयोजना सम्पन्न गर्ने । |
| २. हाल सञ्चालनमा रहेका पक्की तथा परम्परागत कुलाको अवस्था सम्बन्धी विवरण तयार गरी मध्यमस्तरका कुलो सुधार तथा स्तरोन्नतीको प्राथमिकता निर्धारण गरी कार्यान्वयन शुरु गर्ने । | २. उत्पादनमा महत्वपूर्ण योगदान गर्ने आयोजनाको स्तरोन्नती कार्य पूरा गर्ने । | २. एक भन्दा बढी वडा समेट्ने सिंचाइ आयोजनाको पूर्वाधारको विशेष सुधारमा केन्द्रित कार्यक्रमलाई पालिकाको कार्यक्रममा समावेश गर्ने र समयबद्ध कार्यान्वयन गर्ने । |
| ३. उत्पादनको प्रकृति तथा सम्भावनाका आधारमा वर्षाको पानी संकलन, थोपा सिंचाइ, पोखरी निर्माण वा सुधार जस्ता योजनाको सूचि तयार पार्ने । | ३. साना तथा मझौला सिंचाइका आयोजना निर्माणको कार्यक्रम वडास्तरबाट प्राथमिकताका आधारमा समुदायबाट लागत र श्रम सहभागिता तथा संरक्षण र व्यवस्थापनको सुनिश्चितता भएका आयोजना सम्पन्न गर्ने । | ३. सबै किसिमका सिंचाइ आयोजनाको वडास्तरबाट निगरानी हुने गरी सम्बन्धित उपभोक्ता समिति वा कृषि समूहबाट सञ्चालन व्यवस्थापन हुने व्यवस्था मिलाउने । |

ङ. संविधानले दूरसञ्चार सम्बन्धी अधिकार संविधान अनुसार स्थानीय तहलाई नभए पनि रेडियो सञ्चालन सम्बन्धी अधिकार तथा स्थानीय सेवा व्यवस्थापन सम्बन्धी अधिकार तथा र संविधानले एकल अधिकारका रूपमा दिएको एफ. एम. रेडियो सञ्चालन सम्बन्धी अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनले यो क्षेत्रको भूमिका सम्बन्धमा गरेको स्पष्टताका आधारमा सञ्चार सम्बन्धी नीतिगत तथा कानूनी प्रबन्ध गरिएको छैन । यस पृष्ठभूमिमा सूचना तथा सञ्चार सम्बन्धी निम्न नीतिगत कार्यतालिका बनाएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. रेडियो लगायत स्थानीय सञ्चार माध्यम सञ्चालन, इन्टरनेट सेवा व्यवस्थापन लगायत सूचना तथा सञ्चार सम्बन्धी स्थानीय कानून तर्जुमा गर्ने । | १. सञ्चार सम्बन्धी स्थानीय कानून कार्यान्वयनका आवश्यक औजार विकास गर्ने । | १. सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कानून कार्यान्वयनको आवधिक समीक्षा तथा परिमार्जन । |
| | २. पालिकालाई सूचना प्रविधिमैत्री पालिका निर्माणका लागि विभिन्न पक्षका भूमिकामा स्पष्टता ल्याउने । | |

ज. प्रतापपुर गाउँपालिकामा रेडियो, दैनिक लगायत विभिन्न पत्रपत्रिका एवं अनलाइन सञ्चार माध्यमबाट सूचना तथा सञ्चार सेवा उपलब्ध भईरहेको छ। इन्टरनेट सेवा विस्तारको क्रममा रहेको छ भने टेलिफोन सेवाको पहुँच राम्रो रहेको छ। तथापि टेलिफोन नेटवर्क राम्रो नहुने समस्या, ल्याण्डलाइन फोन विस्तारको सीमितता तथा सूचना प्रविधिमा आधारित सेवा प्रवाह नहुने गरी इन्टरनेट सेवाको विस्तार नभएको जस्ता समस्या यो क्षेत्रमा रहेका छन्। मोबाइल फोनको प्रयोग परिवारमा एक भन्दा बढीले गरिरहेको भए पनि २०७८ को तथ्याङ्क अनुसार करिब १.९ प्रतिशत संख्याले मोबाइल फोन प्रयोग नगरेको देखिन्छ। यसलाई दृष्टिगत गरी पालिकालाई सूचना प्रविधिमैत्री बनाउन, दूरसञ्चार सेवालाई पालिका मापदण्ड अनुकूल बनाउन सूचना र सञ्चारको सेवालाई थप पहुँचयोग्य बनाउन संघीय सरकारको अधिकार अन्तर्गत रहेको दूरसञ्चार सेवाको क्षेत्राधिकारमा असर नपर्ने गरी यो क्षेत्रको प्राथमिकता निम्नानुसार तय गरिएका छ

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १ इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा कम्तीमा सबै सार्वजनिक सेवा प्रदायक निकाय र माध्यमिक विद्यालय र सामुदायिक भवनसम्म इन्टरनेट सेवा पुर्‍याउने। | १. सबै विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक सेवा प्रदायकका भवन, पर्यटकीय स्थल तथा पार्क एवं शहरी सेवा केन्द्रमा इन्टरनेट विस्तार सुनिश्चित गर्ने। | २. निजी क्षेत्रसँगको समन्वयमा पालिकाबाट उपलब्ध हुने सिफारिस, नक्सा स्वीकृतिको आवेदन सेवा तथा राजस्व भुक्तानी समुदाय वा घरबाटै हुनसक्ने गरी इन्टरनेट सेवा विस्तार गर्ने। |

झ. वैकल्पिक ऊर्जा सम्बन्धी अधिकार र एक मेगावाटसम्मको साना जलविद्युत सम्बन्धी अधिकार संविधानतः स्थानीय सरकारसँग रहेको छ। विद्युत सेवा सम्बन्धी अधिकार संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा रहेकोले गाउँपालिकाको अधिकार क्षेत्रमा निर्क्योल हुन बाँकी छ। त्यसैले एक मेगावाटसम्मको जलविद्युत आयोजना सम्बन्धी अधिकारको उपयोगलाई कानुनी रुपमा व्यवस्थित गर्ने, तथा तार, पोल वा विद्युत वितरणमा देखिएका समस्या समाधानका लागि गाउँपालिकाले सम्बोधन गर्नुपर्ने जलविद्युत सम्बन्धी सेवाका सन्दर्भमा आफ्नो भूमिकामा स्पष्टता ल्याउनु आवश्यक रहेको महसुस गरी यी कार्यलाई अल्पकालीन कार्यका रुपमा समेटिएका छ। अन्य प्राविधिक विषयलाई आवधिक प्राथमिकतामा राखिएको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. मुख्य आवश्यकताका स्थानमा विद्युत प्राधिकरणसँगको समन्वयमा बिजुलीको तार, पोल, ट्रान्सफर्मर परिवर्तन गर्ने। | | |
| २. विद्युत सेवा सेवा प्रवाह र चुहावट नियन्त्रण लगायतमा पालिकाको भूमिका स्पष्ट बनाउने। | | |
| ३. एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्न चाहने फर्म वा कम्पनीलाई अनुमति दिने प्रक्रिया निर्धारण गर्ने। | ३. स्थानीय कानुनमार्फत् स्थानीय नदि प्रणालीबाट साना जलविद्युत उत्पादन र वितरणको सम्भाव्यता तथा अनुमति प्रकृया व्यवस्थित र संस्थागत गर्ने। | ३. विद्युत सम्बन्धी नीति तथा कानून कार्यान्वयनको आवधिक समीक्षा तथा परिमार्जन। |

## अपेक्षित उपलब्धि तथा नतिजा तालिका

योजना अवधिमा गाँउपालिका १०० प्रतिशत घरपरिवार भूकम्प प्रतिरोधि तथा मापदण्ड अनुसार बनेका आवासमा बसोबास गरेका हुनेछन् । वडाका प्रमुख वस्तीहरूमा एक पोखरी, एक मनोरञ्जन पार्क तथा उद्यान र एक खुल्ला स्थानको व्यवस्थापन हुनेछ । गाँउपालिकाको सबै वडा केन्द्रहरु बाह्रै महिना यातायात सुचारु हुने सडक सञ्जालमा जोडिएका हुनेछन् । कालोपत्रे वा पक्की सडक सञ्जालमा पहुँच भएका जनसंख्या ८० प्रतिशत पुगेको हुनेछ । गाँउपालिकामा बसोबास गर्ने हरेक घरपरिवार १५ मिनेट समयमा गाँउपालिका केन्द्र र १५ मिनेट समयमा वडा केन्द्रमा पुग्न सक्नेछन् । हरेक स्वास्थ्य संस्थामा स्तरोन्नत यातायात सुविधा पुगेको हुनेछ । गाँउपालिकामा बसोबास गर्ने ८५ प्रतिशत घरपरिवारसँग यातायातको आफ्नै कुनै साधन उपलब्ध रहेको हुनेछ ।

योजना अवधिमा गाँउपालिकाको ६५ प्रतिशत घरपरिवारले विद्युत, सुधारिएको चुल्हो, बायोग्यास लगायत सुधारिएको र स्वच्छ उर्जामा पहुँच पुगेको हुनेछ । यसैगरी टिभि, कम्प्युटर, इन्टरनेट र इमेल लगायत सुचना प्रविधिमा ७० प्रतिशत जनसंख्याको पहुँच पुगको हुनेछ । पूर्वाधार विकास क्षेत्रको नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रभाव : बसोबास, भौतिक सुविधा, बजार तथा अन्तर आबद्धता सहज, व्यवस्थित र उत्थानशील भएको हुन | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार बनेका घरमा बसोबास गर्ने परिवार | प्रतिशत | १९ | ३० | ५० | ७० | ९० | १०० | १०० | |
| | गाउँपालिका केन्द्रमा पुग्न लाग्ने औसत समय | मिनेट | २० | १८ | १६ | १५ | १३ | १० | १० | |
| | गाउँपालिका केन्द्र पुग्न आधा घन्टाभन्दा बढी समय लाग्ने घरपरिवारको हिस्सा | प्रतिशत | ३० | २५ | २० | २० | १५ | १५ | १५ | |
| | आफ्नै यातायातको साधन भएका घरपरिवार | प्रतिशत | ४४ | ५० | ५३ | ५७ | ६० | ६५ | ६५ | |
| | नवीकरणीय ऊर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २.४ | १० | २० | ३० | ४० | ५० | ५० | |
| | इन्टरनेट लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | २६ | ३५ | ४५ | ५५ | ६५ | ७५ | ७५ | |
| असर १ : व्यवस्थित र उत्थानशील आवास, बजार, औद्योगिक तथा पर्यटकीय पूर्वाधारको विकास भएको हुन | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | १९ | ३० | ५० | ७० | ९० | १०० | १०० | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ८० | ९० | १०० | १०० | १०० | १०० | १०० | |
| | चट्याङरहित घर निर्माण | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | |
| | भूकम्प प्रतिरोधी भवन निर्माणमा दक्ष व्यक्ति | जना | २०० | २५० | ३०० | ४०० | ४५० | ५०० | ५०० | |

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| असर २ :<br>सुदृढ यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार भएको हुन | नियमित यातायात सञ्चालन हुने रुट | संख्या | २ | ४ | ५ | ६ | ७ | ९ | ९ | |
| | दैनिक रुपमा दोहोरो यातायात सञ्चालन हुने वडा | संख्या | ३ | ४ | ५ | ६ | ७ | ९ | ९ | |
| | पक्की (कालोपत्रे र आरसिसि) सडक | कि.मि. | ३७.४ | ४० | ४३ | ४६ | ४९ | ५२ | ५२ | |
| | ग्राभेल सडक | कि.मि. | ४८.७ | ५१ | ५४ | ५७ | ६० | ६३ | ६३ | |
| | पक्की पुल | संख्या | १२ | १३ | | १४ | | १५ | १५ | |
| | नियमित मर्मत संभार हुने सडकको लम्बाइ | कि.मि. | ६ | ९ | १२ | १५ | १८ | २१ | २१ | |
| | वायोइन्जिनियरिङ प्रविधि प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाइ | कि.मि. | - | ३० | ४० | ५० | ६० | ७५ | ७५ | |
| असर ३ :<br>विद्युत र स्वच्छ ऊर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि भएको हुन | सडक बत्ती जडान भएका स्थान | संख्या | ५ | ९ | १३ | १७ | २१ | २५ | २५ | |
| | वैकल्पिक ऊर्जा प्रयोग गर्ने परिवार | संख्या | २.४ | १० | २० | ३० | ४० | ५० | ५० | |
| | मासिक विद्युत् खपत दर प्रति परिवार | युनिट | १७ | २० | २२ | २४ | २६ | २८ | २८ | |
| असर ४:<br>विद्युतीय सुशासन,सूचना तथा सेवाको उपलब्धता र उपभोगमा वृद्धि भएको हुन | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ४८.४ | ५० | ६० | ७० | ८० | ९० | ९० | |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | २५ | ३० | ४० | ५० | ६० | ७० | ७० | |
| | मोबाइल सेवा प्रयोग गर्ने | प्रतिशत | ६२.१ | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ | |
| प्रतिफल ११<br>योजनाबद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित र व्यवस्थित बस्ती तथा आवास विकास भएको हुन | योजनाबद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित र व्यवस्थित बस्ती | संख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| | पोखरी, पार्क/उद्यान र खुल्ला स्थान उपलब्ध बस्ती | संख्या | ९ | ११ | १२ | १५ | १७ | १८ | १८ | |

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व.०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रतिफल १.२ : आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजारको विकास भएको हुने | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | - | २ | ४ | ५ | ७ | ८ | ८ | |
| | पक्की सडकमा पुग्न लाग्ने औसत समय | मिनेट | १० | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| प्रतिफल २.१ : यातायातको पहुँचमा वृद्धि भएको हुने | १२ सै महिना यातायात सुचारु सडक लम्बाई | कि.मि | १८४.९ | १८८ | १९१ | १९३ | १९६ | २०० | २०० | |
| | १२ सै महिना यातायात सुचारु सडक सञ्जालमा जोडिएका वडा | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | वडा केन्द्र पुग्न लाग्ने औसत समय | मिनेट | ३० | २५ | २० | १७ | १५ | १० | १० | |
| असर ३ : सूचना प्रविधिको पहुँचमा वृद्धि भएको हुने | कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | २६ | ३० | ४० | ५० | ६० | ७० | ७० | |

उमेश चन्द्र यादव
अध्यक्ष

## प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

गाँउपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा नेपाल सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार सञ्चालन गरिने पूर्वाधार विकास क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको स्थानगत तथा आयोजना/कार्यक्रमगत विवरण तालिकामा दिइएको छ । आवधिक योजनाले तय गरेको पूर्वाधार विकास क्षेत्रको नतिजा हासिल गर्न गाँउपालिकाको आफ्नै स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकता आधारमा योजना अवधिमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रम देहायअनुसार रहेका छन् :

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| **उद्देश्य १ : व्यवस्थित र उत्थानशील आवास, बजार, औद्योगिक तथा पर्यटकीय पूर्वाधारको विकास गर्नु** | | | | | | | | | | |
| बसपार्क, चार्जिङ स्टेशन पार्किङ स्थल निर्माण र सञ्चालन | संख्या | २ | - | २५००० | - | २५००० | - | ५०००० | २५००० | |
| फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र (Landfill) निर्माण र सञ्चालन | स्थान | १ | ३००० | २००० | - | - | - | ५००० | १०००० | |
| आधारभूत पूर्वाधार सहित बजार विकास र व्यवस्थापन | संख्या | ९ | ११५०० | १२५०० | १३५०० | १४५०० | १५५०० | ६७५०० | ७५०० | |
| भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर सम्बन्धी क्षमता विकास तालिम र सचेतना कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | |
| असुरक्षित बस्तीहरूको संरक्षणको लागि रिटेनिङ वाल, ग्याबिन वाल तथा बाँध निर्माण | मिटर | ५०० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०० | |
| ग्रीन पार्क, उद्यान र पिकनिक स्थल निर्माण | स्थान | ३ | १०००० | १०००० | १०००० | - | - | ३०००० | १०००० | |
| सामुदायिक भवन निर्माण र स्तरोन्नति | संख्या | ९ | ९००० | १०००० | ११००० | १२००० | १३००० | ५५००० | ६००० | |
| ज्येष्ठ नागरिक सेवा केन्द्र स्तरोन्नति र नयाँ निर्माण | स्थान | ३ | १०००० | १०००० | १०००० | - | - | ३०००० | १०००० | |
| **उद्देश्य १ को जम्मा** | | | | | | | | २९१५०० | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| **उद्देश्य २ : सडक, यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु** | | | | | | | | | | |
| पक्की सडक निर्माण | कि.मि | १५ | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | ३००० | |
| सरचना समेत सडक ग्राभेल | कि.मि. | १५ | ६००० | ६००० | ६००० | ६००० | ६००० | १५००० | २२००० | |
| सडक ढल निर्माण | कि.मि. | २५ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | ३००० | |
| सडक सुरक्षा संकेत र प्रतिक्षालय निर्माण | संख्या | १० | २०००० | - | - | - | - | २०००० | २००० | |
| एक वडा एक कि.मी. पक्की सडक निर्माण | कि.मी. | ९ | ७५००० | ७५००० | ७५००० | - | - | २२५००० | | |
| **उद्देश्य २ को जम्मा** | | | | | | | | ३२०००० | | |
| **उद्देश्य ३ : खानेपानी तथा सिचाँइको उपलब्धता र उपयोगमा वृद्धि गर्नु** | | | | | | | | | | |
| गहन खेती सुधार कार्यक्रम | हेक्टर | १० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ४५० | |
| खानेपानी तथा सिंचाई कार्ययोजना | संख्या | १ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | १५०००० | |
| भूमिगत पानी पुनर्भरण पोखरी पुनर्निर्माण | संख्या | ४५ | २०००० | २०००० | २०००० | १०००० | २०००० | ९०००० | २००० | |
| सिंचाई योजना पुनर्निर्माण | कि.मि. | २५ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | ४००० | |
| सिचाई कुलो निर्माण | कि.मि. | २० | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | ७५०० | |
| वैकल्पिक सिंचाई प्रवद्धन | संख्या | १० | १२००० | १२००० | १२००० | १२००० | १२००० | ६०००० | ६००० | |
| **उद्देश्य ३ को जम्मा** | | | | | | | | ५५४५०० | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| **उद्देश्य ४ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु** | | | | | | | | | | |
| सडक बत्ती जडान र विस्तार | संख्या | ५०० | १०५०० | १०५०० | १०५०० | १०५०० | १०५०० | ५२५०० | १०५ | |
| विद्युत लाइन, पोल र क्षमता स्तरोन्नति कार्यक्रम | कि मि | २० | ४००० | ५००० | ६००० | ७००० | ८००० | ३०००० | १५०० | |
| **उद्देश्य ४ को जम्मा** | | | | | | | | ८२५०० | | |
| **उद्देश्य ५ : सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु** | | | | | | | | | | |
| विषयगत सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| प्रतापपुर विकास प्रकाशन र प्रसारण | त्रैमासिक | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | |
| सिसिटिभि, डिजिटल डिस्प्ले बोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस बोर्ड स्थापना | स्थान | ६० | १००० | १००० | १५०० | १५०० | १००० | ६००० | | |
| स्थानीय मिडिया परिचालन कार्यक्रम | पटक | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | |
| जनप्रतिनिधि सेवाग्राही अन्तर सम्वाद कार्यक्रम | पटक | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | |
| **उद्देश्य ५ को जम्मा** | | | | | | | | १६५०० | | |
| **पूर्वाधार विकास क्षेत्रको कुल जम्मा बजेट** | | | | | | | | १०४०००० | | |

उमेश चन्द्र यादव
अध्यक्ष

# परिच्छेद ७ : वन, वातावरण र विपद् व्यवस्थापन

## १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची-८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको र प्राकृतिक वातावरणमा विश्वव्यापीरूपमा विनाश हुँदै गएका कारण यो गाँउपालिका समेत प्रभावित हुन थालेको सन्दर्भमा प्रभावकारी वन, वातावरण व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्नु समयको माग भएको छ । संविधानले प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्वर्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ । संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ । यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भू-भागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ । उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् । उपर्युक्त संवैधानिक तथा नीतिगत कार्यसूचीलाई मध्यनजगर गर्दै यस योजनामा रणनीति, कार्यनीति तथा कार्यक्रमहरू समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास एवम् प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा संचालन गर्ने गरी तर्जुमा र प्रस्तावित गरिएका छन् । संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्यजस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ ।

# क. वन तथा वातावरण

## १. परिचय


स्वच्छ पर्यावरण, जैविक विविधता, समुन्नत जलाधार पालिकाको समृद्धिका आधारहरू हुन् । प्रतापपुर गाँउपालिका प्राकृतिक एवं कृषि पर्यटकीय दृष्टिकोणले एकदमै परिचित र महत्वपूर्ण गाँउपालिका हो । प्रतापपुर गाँउपालिका जलस्रोत, वन सम्पदा एवं जैविक विविधताले पनि सु-सम्पन्न रहेको पालिका हो । तसर्थ प्राकृतिक स्रोत, जलाधार तथा जडिबुटीहरूको उचित उपयोग गरी पालिकामा उद्योगहरू स्थापना गरी पालिका समृद्ध बन्न सकिने प्रचुर सम्भावना रहेको छ ।

## २. वर्तमान अवस्था

प्रतापपुर गाँउपालिकाको वन क्षेत्रमा विभिन्न वनस्पतिका प्रजातिहरू एवं जंगली जनावरहरू एवं विभिन्न प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन् । प्रतापपुर गाँउपालिका जलश्रोतमा पनि धनि मान्न सकिन्छ । गाँउपालिका भएर विभिन्न खोलाहरू जस्तै चोरनीया खोला, नेपाली गण्डक नहर, गण्डक पालिका इत्यादि नदी तथा खोलाहरू बग्ने गरेको छ । साथै नविकरणीय ऊर्जाको रुपमा सौर्य ऊर्जाको पनि प्रबल सम्भावना रहेको छ । पालिकामा प्राकृतिक सम्पदाहरू प्रशस्त भएता पनि यसको उचित संरक्षण एवं उपलब्ध प्राकृतिक स्रोतको सदुपयोग र व्यवस्थापन गर्न सकिरहेको छैन । सामुदायिक वन उपभोक्ता समूहको निगरानीमा रहेकाले वनको उचित संरक्षण भएता पनि वन पैदावरहरूको चोरीको समस्या पालिकामा रहेको छ । पालिकामा पानीका मुहानहरू सुक्दै गएको छ । बालुवा, गिट्टी जस्ता नदीजन्य पदार्थहरू अमान्य ढंगले उत्खनन भइरहेको छ । निर्माण कार्यहरू वातावरण संरक्षणमैत्री छैन जसले गर्दा वनजंगल एवं पानीका मुहानहरूमा ह्रास आइरहेको छ । संवैधानिक अधिकारको आधारमा जैविक विविधता र वातावरण संरक्षण कार्यलाई निर्देशित र व्यवस्थित गर्न पालिकाभित्र नीतिगत र कानूनी प्रबन्ध गर्न बाँकी रहेको छ । उद्योगजन्य प्रदुषण पनि बढ्दो रहेको र वातावरणमैत्री उद्योग सञ्चालनमा निजी क्षेत्रले पर्याप्त प्राथमिकतामा दिएको छैन ।

बढ्दो जनसङ्ख्या, अव्यवस्थित शहरीकरण, परिवर्तित शहरी जीवनयापन, प्रविधि विकाससँगै उपकरणहरू प्रयोग, पूर्वाधार विकास र वातावरण बिचको असन्तुलन, एकीकृत र योजनाबद्ध विकासको अभाव, मापदण्ड एवं नीति निर्देशनको कमी एवं वातावरण सम्बन्धी जनचेतनाको कमीले प्रतापपुर गाँउपालिकामा पनि दिनानुदिन वातावरणीय प्रदुषण एवं प्राकृतिक सम्पदाहरूको विनाश बढ्दै गइरहेको छ । गाँउपालिकामा रहेका धेरै घर परिवारहरूमा ढल निकासको व्यवस्था भएको देखिँदैन । सार्वजनिक शौचालयहरू पर्याप्त नभएको अवस्था रहेको छ । साथै वायु प्रदुषण एवं ध्वनी प्रदुषण पनि पालिकामा बढ्दो रहेको छ ।

उमेश चन्द्र यादव
अध्यक्ष




## ३. लक्ष्य

प्राकृतिक स्रोतहरूको दीगो व्यवस्थापन गरी प्राकृतिक सम्पदाहरूमा आधारित हरित उद्योग एवं पर्यटन व्यवसायको विकासमार्फत् स्थानीय विकास र समृद्धि हासिल गर्ने ।

## ४. उद्देश्य

विविध प्राकृतिक स्रोतहरूको संरक्षण, सम्वर्द्धन र आदर्श उपयोग गर्दै पालिकालाई स्वच्छ र हरित वातावरणयुक्त बनाउने ।

- वन सम्पदाको उत्पादकत्व र उत्पादन बढाई प्रकृतिमा आधारित पर्यटन व्यवसायको विकास गर्ने ।
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रुपमा संरक्षण र व्यवस्थापन गर्ने ।
- वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रुपमाविकास र बहुउपयोग प्रवर्द्धन गर्ने ।
- जल सम्पदाहरूलाई स्वच्छ र प्रदुषण रहित अवस्थामा राख्न स्थानीयजल स्रोत व्यवस्थापनको विधि र मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने ।
- ध्वनी, माटो र वायु प्रदुषण तहको स्थानीय मापदण्ड तयार गरी सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रणका कार्यलाई व्यवस्थित रुपमा अघि बढाउने ।

➢ ढल निकास समस्या समाधानका लागि पालिकामा एक विस्तृत वर्षा पानी निकास प्रणाली स्थापना गर्ने ।

➢ सबै पालिकावासीलाई आधारभुत स्तरको सरसफाई सेवामा पहुँच तथा मानवमलमुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छता कायम गर्ने ।

➢ फोहोर मैला व्यवस्थापनलाई सहभागिता तथा नवीन प्रविधिमा आधारित बनाउने

➢ वातावरण संरक्षणका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिकवा सौन्दर्यपरक, पानीको मुहान, दुर्लभ वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, वनस्पति, ऐतिहासिक एवं साँस्कृतिक महत्वका स्थलहरूलाई राजपत्रमा सूचना प्रकाशित गरी वातावरण संरक्षण क्षेत्र कायम गर्ने ।

➢ नदीजन्य वस्तुहरू जस्तैः ढुंगा, बालुवा, गिट्टीको आँकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसार पसार र बिक्री वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउने ।

➢ जडिबुटीहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्वन्धी स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने ।

➢ पानीका मुहान एवं पोखरीहरूको संरक्षणका लागि पालिकावासीहरुमा सचेतनाका कार्यक्रमहरू गर्ने ।

➢ फोहोर मैलाको सही ढंगले व्यवस्थापन गर्न सर्वप्रथम फोहोरहरूको परिमाण, प्रकार र व्यवस्थापनबारे विस्तृत जानकारीको लागि फोहोर मैला व्यवस्थापन सम्वन्धी आधारभूत अध्ययन (Baseline study) गर्ने ।

➢ फोहोर व्यवस्थान पद्धति तथा अन्य सान्दर्भिक सूचनालाई ठोस फोहोर व्यवस्थापनका पूर्वाधार तथा व्यवहार परिवर्तनका कार्यक्रम तय गर्नमा उपयोग गर्ने अभ्यास गर्ने ।

➢ फोहोरहरू स्रोतमै कुहिने र नकुहिने फोहोरमा छुट्टाछुट्टै वर्गीकरण गर्ने ।

➢ घरदैलो (Door-to-door) फोहोर संकलनका लागि पर्याप्त सवारी साधनहरूको व्यवस्था गरी उक्त सुविधा पालिकाका प्रत्येक घर एवं फोहोर निष्काशन हुने स्थानहरूमा पुऱ्याउने ।

➢ पर्यटकीय दृष्टिकोणले एकदमै महत्वपूर्ण भएका कारण पालिकाका मुख्यमुख्य स्थान, बसपार्क, पैदल मार्गहरूमा डस्टविनहरू व्यवस्था गर्ने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई अनुशरण गर्दै ल्याण्डफिल साइटको स्थानीय मापदण्ड बनाई पालिकाको सरसफाई केन्द्र निर्माण प्रक्रियामा लागु गर्ने ।

➢ तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गर्ने ।

➢ वातावरणमैत्री झोला प्रयोगलाई प्राथमिकता दिनको निमित्त पालिकाका महिलाहरूको सक्रिय भूमिकामा वातावरणमैत्री झोला उत्पादन सम्वन्धी आवश्यक परामर्श एवं तालिमहरूको व्यवस्था गर्ने ।

उमेश चन्द्र यादव
अध्यक्ष

## ५. सम्भावना तथा अवसरहरु

- सहयोगी संघ संस्थाहरुको सहयोग वन तथा जैविक विविधता संरक्षणको लागि रहेको
- गाँउपालिका क्षेत्रभित्र रहेको सरकारी जग्गालाई हरियाली प्रर्वद्धनमा उपयोग गर्न सकिने
- पालिकावासीमा जनचेतनाको स्तरका कारण वातावरण संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थलहरूको संरक्षण हुनुका साथै आगामी दिनमा वातावरण प्रदुषण प्राकृतिक सम्पदाहरूको विनाश जस्ता समस्याहरू उत्पन्न हुन नदिन समुदाय आफैं अग्रसर हुने तथा पालिका समुदाय साझेदारी अघि बढाउने अवसर रहेको
- पालिकामा भएका खोला र नदीहरूको सम्भाव्य अध्ययन गरेर वातावरणीय प्रभाव मुल्यांकन गरी विभिन्न साना तथा ठूला जलविद्युत आयोजना, सिंचाइ कुलो निर्माण एवं सो सम्बन्धी सुन्दरता वृद्धि गर्न सकिने
- निजी क्षेत्र र अन्य स्थानीय सरोकारवालाहरूसंग समन्वय र सहकार्यमा प्राकृतिक स्रोत र वातावरण संरक्षणमा कार्यहरू अगाडी बढाई उपलब्धी हाँसिल गर्न सकिने

## ६. चुनौतिहरु

- अव्यवस्थित प्लानिङ्ग तथा वनक्षेत्र अतिक्रमण रोक्नु
- जडिबुटी खेतीका प्रवर्द्धन र उचित व्यवस्थापन गर्नु
- समुदायिक वन उपभोक्ता समितिलाई सक्रिय बनाउनु
- गाँउपालिका क्षेत्र भित्र संचालनमा रहेका इटा उद्योगहरुको व्यवस्थान
- पुरानो तथा प्रदुष गर्ने सवारी साधनको व्यवस्थापन गर्ने
- जैविक विविधतालाई संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्नु चुनौतिपूर्ण रहेको
- जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एंव जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषणमुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्नु चुनौतिपूर्ण रहेको
- फोहोर मैलाको लागि ल्याड फिल्ड साइट तथा प्रशोधन केन्द्र नहुनु

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. वन सम्पदाको उत्पादकत्व र उत्पादन बढाई प्रकृतिमा आधारित पर्यटन व्यवसायको विकास गर्ने । | १. सामुदायिक वन, सरकारद्वारा संरक्षित वन एवं निजी वनहरूको उत्पादन वृद्धि हुने गरी वनहरूको व्यवस्थापन योजनाहरू निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| | २. पालिकामा रहेका वनहरूलाई प्रकृतिमा आधारित पर्यटकीय गन्तव्य बनाउँदै पर्यटकहरूको संख्या उल्लेख्य वृद्धि गरिनेछ । |
| | ३. व्यवसायीकरण हुन सक्ने जडिबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको सम्भाव्य अध्ययन गरी पकेट क्षेत्र निर्धारण गरी खेती प्रविधिको विकास र विस्तार एवं जडिबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ । |
| | ४. गैरकाष्ठ वनपैदावार एवं जडिबुटीमा आधारित मझौला वा ठूलो उद्योगको स्थापना गरी पालिकामा गैरकाष्ठ वन पैदावारको स्वदेशी उत्पादन र आपूर्ति बढाई आयातलाई प्रतिस्थापना गरिनेछ । |
| | ५. वन क्षेत्रमा सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई विशेष प्राथमिकतामा राखी संस्थागत गरी वनबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने । |
| २. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रुपमा संरक्षण र व्यवस्थापन गर्ने । | १. वन, चरनक्षेत्र, सिमसार र जैविक विविधता संरक्षणलाई समेत सम्बोधन हुने गरी दीगो व्यवस्थापन योजना निर्माण र रैथाने तथा संकटासन्न अवस्थामा रहेका प्रजातिको संरक्षण कार्ययोजना बनाई कार्यान्वयन गरिने छ । |
| | २. वन्यजन्तु र तिनको वासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकतामा राखिने छ । |
| | ३. वन नर्सरीहरू स्थापना गरिने छ । |
| | ४. मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम, उचित क्षतिपूर्तिको व्यवस्था र आवश्यक भौतिक संरचना निर्माण गरिने छ । |
| | ५. वनमा संलग्न समूह लगायत अन्य पालिकावासीको समेत वनजंगल एवं जैविक विविधता संरक्षण सम्बन्धी चेतनास्तर बढाउँदै आवश्यक तालिम, शिक्षा, सेमिनारहरूको आयोजना गरिने छ । |
| | ६. जैविक विविधता संरक्षण र पर्यटन प्रवर्द्धनका लागि जैविक विविधता पार्क निर्माण गरी कार्यान्वयन गरिनेछ । |

उमेश बहादुर यादव
अध्यक्ष

| | |
|---|---|
| ३. वैकल्पिक/ नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रुपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्ने । | १. लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको उपयोग, विकास एवं विस्तार गरिनुका साथै उत्पादित ऊर्जाको उपयोग बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ । |
| | २. सौर्य ऊर्जाको सम्भाव्य अध्ययन गरी स्थलगत तथ्याङ्क संकलन गरी सौर्य ऊर्जा प्रणालीको विकास गरिने छ । |
| | ३. वैकल्पिक ऊर्जाको व्यवस्था गरी ग्रामीण महिला एवं बालबालिकाहरूको स्वास्थ्यमा सुधार गर्ने । |
| ४. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने । | १. नदी प्रणालीको विभिन्न तहको समन्वयमा एकीकृत जलाधार व्यवस्थापन नीति तथा तथा योजना तयार गरी कार्यान्वयन गरिने छ । |
| | २. नदीजन्य पदार्थहरू जस्तै: ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रक्रियालाई अनिवार्य रुपमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको परिणाममा उपयोग गर्नका लागि प्रतिवेदन प्रमाणीकरण प्रक्रियालाई पारदर्शी बनाउने साथै नियमित अनुगमन गरिनेछ । |
| | ३. जलचरहरूको संरक्षणको लागि आवश्यक नीति निर्माण र कार्यान्वयन गरिनेछ । |
| ५. जल सम्पदाहरूलाई स्वच्छ र प्रदुषण रहित अवस्थामा राख्न स्थानीय जलस्रोत व्यवस्थापनको विधि र मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने । | १. पानी गुणस्तर र फोहोर पानी विसर्जनका लागि आवश्यक मानदण्ड, निर्देशिका र नियामक संयन्त्रहरू निर्माण गरी लागु गरिनेछ । |
| | २. पालिकामा रहेका उद्योग एवं अन्य व्यवसायबाट निष्काशन हुने फोहोर पानीहरू जलस्रोतमा मिसाउने कार्यलाई निर्मुल बनाउन आवश्यक दण्ड सजायसंहिताको निर्देशनहरू तयार गरिनेछ । |
| | ३. पालिकामा रहेका नदी, खोला, जलाधार, पोखरी, मुलहरूको भौगर्भिक सूचना प्रणाली GIS को माध्यमद्वारा नक्साङ्कन गरिनेछ । |
| | ४. जलाधार संरक्षण र सम्बर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरण Water recharge का विशेष कार्यक्रम सञ्चालन गरिने छ । |
| | ५. जलस्रोत विकास र व्यवस्थापन सन्दर्भमा, व्यवस्थित ढंगले, एकीकृत जलस्रोत व्यवस्थापन Integrated water resource management को आधारमा विकास गरिने छ । |
| | ६. जलस्रोत विकास र व्यवस्थापनमा आर्थिक क्षमता र सामुदायिक हितलाई प्राथमिकता दिइनेछ । |
| | ७. जलस्रोतको संरक्षणका लागि स्रोत व्यक्तिको परिचालनको अवधारणा लागु गरिने छ । |

| | |
|---|---|
| | ८. जलसम्पदाहरूको संरक्षणमा समुदायको सहभागितालाई बढावा दिइने तथा संस्थागत क्षमता र समन्वय वृद्धि गरिनेछ । साथै जलस्रोतको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक जनचेतनाका कार्यक्रमहरू, तालिम, गोष्ठी, सेमिनारहरू समय समयमा गरिने छ । |
| ६. ध्वनी, माटो र वायु प्रदुषण तहको स्थानीय मापदण्ड तयार गरी सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रणका कार्यलाई व्यवस्थित रुपमा अघि बढाउने । | १ जमिन, ध्वनी, वायु प्रदुषण रोकथाम सम्बन्धी अन्तर्राष्ट्रिय एवं राष्ट्रिय मापदण्ड अनुकुल कार्यविधि एवं निर्देशिकाहरू तयार गरी कार्यान्वयन साथै प्रदुषण पीडितलाई प्रदुषकबाट क्षतिपूर्तिको व्यवस्था गराउने नीतिको निर्माण गरिने र सो को प्रयोगको नियमित अनुगमन गरिनेछ । |
| | २ बजार, औद्योगिक क्षेत्र र जोखिममा रहेका क्षेत्रहरूको वायु गुणस्तरको एकीकृत नक्साङ्कन, वायु प्रदुषण क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जनका गतिविधिमा नियन्त्रण गरिने छ । |
| | ३. औद्योगिक क्षेत्रहरूमा प्रदुषण नियन्त्रण प्रणाली स्थापना गरिने छ । |
| | ४. उद्योग एवं अन्य व्यवसायहरूबाट निष्काशन हुने प्रदुषणयुक्त धुंवा धुलो पानीलाई व्यवस्थित गर्ने वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ । |
| | ५. उद्योगहरू स्थापनाका लागि औद्योगिक क्षेत्रबाट कुनै पनि वातावरणीय प्रदुषण नगरिने प्रतिबद्धताका साथ प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरिने छ । |
| | ६. कृषि फार्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गरिने विषादी एवं उक्त स्थानहरूबाट निष्कासन हुने रसायन, ग्यांसहरूको नियमन गर्दै जैविक विषादी प्रयोगलाई प्रोत्साहन गरिने छ । |
| | ७. ध्वनी प्रदुषण गराउने अत्यधिक पुराना सवारी साधनहरू चलाउन प्रतिबन्धका साथै यसरी चलाएमा ऐन बमोजिम दण्ड जरिवाना समेतको व्यवस्था गरिनेछ । |
| ७. ढल निकास समस्या समाधानका लागि पालिकामा एक विस्तृत वर्षा पानी निकास प्रणाली स्थापना गर्ने । | १. उचित ढल निकासको व्यवस्था नभएका र सेप्टिक ट्याङ्क एवं फोहोर पानी निष्काशनको समस्या भएका स्थानहरूको पहिचान गरी ढल पूर्वाधारसहितको शहरी विकास गुरुयोजना तयार गरिने छ । |
| | २. पालिकाको सघन बस्ती र शहरी क्षेत्रलाई ढल निकास प्रणालीमा आबद्ध गरी क्रमशः विस्तार गरिने छ र बस्तीबाट अप्रशोधित ढल खुल्ला निष्काशन गर्ने कार्य हुन दिइने छैन । |
| | ३. ढल प्रणालीको नियमित मर्मत तथा सञ्चालन खर्च स्थानीय तह एवं साझेदारी समूहको लागत सहभागितामा व्यवस्थापन गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

## ८. आवधिक प्राथमिकता : वन तथा वातावरण

क. नेपालको संविधानमा स्थानीय तहको अधिकार अन्तर्गत स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अधिकार समेटेकोले स्थानीय तहको वातावरण संरक्षण सम्बन्धमा नेतृत्व गाउँपालिकाले लिनुपर्ने हुन्छ । त्यसैले जैविक विविधता र वातावरण संरक्षण कार्यलाई निर्देशित र व्यवस्थित गर्ने आवश्यक नीतिगत र कानुनी प्रबन्ध गर्ने तहको प्राथमिकताका कामहरू हुन् । वातावरण संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थलहरूको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्न कानुनको निर्माण एवं समीक्षा र समयानुसार परिमार्जन गर्नु आवश्यक रहेकोले यी कार्यलाई निम्नानुसार प्राथमिकतामा राखिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन एवं नियमावली निर्माण गर्ने । | १. वातावरण संरक्षण ऐन एवं नियमावलीको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्ने वातावरण व्यवस्थापनको समग्र पक्ष समेट्ने गरी कानून, मापदण्ड तर्जुमा तथा संशोधन गरी कार्यान्वयनका लागि समन्वय गर्ने । |
| २. वातावरण संरक्षणका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक वा सौन्दर्यपरक, पानीको मुहान, दुर्लभ वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, वनस्पति, ऐतिहासिक एवं सांस्कृतिक महत्वका स्थलहरूलाई राजपत्रमा सूचना प्रकाशित गरी वातावरण संरक्षण क्षेत्र कायम गर्ने । | २. राजपत्रमा सूचित पालिकाका वातावरणीय दृष्टिकोणले महत्व भएका स्थलहरूको संरक्षण गर्ने । | २. वातावरण संरक्षण क्षेत्रहरूको संरक्षण कार्यलाई निरन्तरता दिने । |
| ३. वातावरण विकास संरक्षण कोष (सञ्चालन) कार्यविधि निर्माण गर्ने । | ३. वातावरण व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाई स्वच्छ र स्वस्थ वातावरण सृजना गर्दै प्राकृतिक स्रोतहरूको प्रभावकारी प्रयोगको माध्यमले दीगो लक्ष्य हासिल गर्न आवश्यक सहकार्यका साथै कोषको विवेकशील प्रयोग गर्ने । | ३. विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी पालिकाको वातावरण संरक्षण कोषको मूलधनको आकार वृद्धि गर्ने । |

ख. गाउँपालिकामा पानीका मुहानहरू प्रशस्त रहेका छन् । अव्यवस्थित बाटो निर्माण एवं संरक्षणको अभावमा यी पानीका मुलहरू मासिदै एवं सुक्दै गएका अवस्था रहेको छ । साथै २०७२ सालको विनासकारी भूकम्पले गर्दा पनि पालिकामा भएका पानीका मुहानहरूमा सरेको वा कतै हराएको अवस्था रहेको छ । यसका साथै पालिकामा रहेका पोखरीहरू पनि हाल संरक्षणको अभावमा लोप हुने अवस्थामा रहेका छन् । तसर्थ पानीका मूल एवं पोखरीहरूको संरक्षण गर्नका निमित्त निम्न प्राथमिकताहरू तय प्रस्तुत गरिएको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पानीका मुहानहरू संरक्षण एवं सम्बर्द्धन गर्नका निमित्त पालिकामा गठन गरिएका टोल सुधार समितिहरूको प्रमुख जिम्मेवारी रहने गरी कार्यविधि निर्माण गर्ने । | १. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समीक्षा गर्ने । | १. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समीक्षा गर्दै आवश्यक संशोधन गर्ने । |
| २. गाउँपालिकामा रहेका सडकका स्थलहरूले अमिन सुरक्षा बनाउने अवस्थालाई मध्यनजर गरी पालिकामा चौडा पात भएका बोट बिरुवा वृक्षारोपण | २. मेरो टहर सफा शहरको भावना विकास गरी पालिका क्षेत्रलाई सफा, स्वच्छ र हरामरा शहरको रुपमा विकास गर्न वृक्षारोपण कार्यलाई निरन्तरता दिने र रोपण गरिएका | २. वृक्षारोपण कार्यलाई निरन्तरता दिने र रोपण गरिएका बोट बिरुवाहरूको संरक्षण गर्ने । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| गर्ने । | बोट बिरुवाहरूको संरक्षण गर्ने । | |
| ३. पानीका मुहान एवं पोखरीहरूको संरक्षणका लागि पालिकाबासीहरूमा सचेतनामूलक कार्यक्रमहरू गर्ने । | ३. पोखरीहरूको संरक्षणमा पालिकाबासीहरूलाई बढी प्राथमिकता दिई संरक्षण कार्यमा अघि बढाउने । | ३. पोखरी लगायत पानीका मुहानहरूको सरसफाई एवं संरक्षण कार्यलाई निरन्तरता दिने । |

ग. गाउँपालिकामा मुख्य बजार क्षेत्रमा घरहरूको स्तरोन्नतीसँगै फोहोर संकलन साधनहरूको व्यवस्था गरी फोहोर संकलन प्रक्रियालाई घरघरमा समेत पुर्‍याई पालिकाको आम्दानीमा वृद्धि गर्न सकिने अवस्थामा पालिकालाई पुर्‍याउन फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यविधि एवं प्रभावकारी कार्यान्वयनको आवश्यकता छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. गाउँपालिकामा फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यविधि बनाउने र फोहोर मैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अभ्यासलाई अपनाई फोहोर मैला व्यवस्थापनमा संघ संस्थाहरूलाई पनि आबद्ध गर्ने सम्बन्धमा स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने । | १. फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका नीति एवं कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गर्ने । | १. फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका नवीनतम खोजहरूलाई अँगाल्दै फोहोर मैला व्यवस्थापनमा भएका नीतिहरू परिमार्जन एवं संशोधन गर्ने । |
| २. फोहोर मैलाको सही ढंगले व्यवस्थापन गर्न सर्वप्रथम फोहोरहरूको परिमाण, प्रकार र व्यवस्थापन बारे विस्तृत जानकारीको लागि फोहोर मैला व्यवस्थापन सम्बन्धी आधारभूत अध्ययन (Baseline study) गर्ने । | २. फोहोर व्यवस्थापन पद्धति तथा अन्य सान्दर्भिक सूचनालाई ठोस फोहोर व्यवस्थापनका पूर्वाधार तथा व्यवहार परिवर्तनका कार्यक्रम तय गर्नमा उपयोग गर्ने अभ्यास गर्ने । | २. जनसङ्ख्या वृद्धिदरसँगै फोहोरहरूको आधारभूत अध्ययन पुनः सञ्चालन गर्ने । |
| ३. फोहोर मैला व्यवस्थापन कार्यविधि निर्माण गर्ने र शून्य फोहोरको अवधारणालाई आत्मसात गरी फोहोरहरू स्रोतमै वर्गीकरण गरेपश्चात् मात्र उचित व्यवस्थापन गर्ने प्रक्रियाको विकास गर्ने । | ३. फोहोरहरू स्रोतमै कुहिने र नकुहिने फोहोरमा छुट्टाछुट्टै वर्गीकरण गर्ने कार्यलाई निरन्तरता दिने । | ३. कुहिने र नकुहिने फोहोरहरूमा वर्गीकरण गरिएका फोहोरहरू मात्र घरदैलो फोहोर संकलनकर्ताले लैजाने भएकोले वर्गीकरण प्रक्रियालाई निरन्तरता दिने । |
| ४. पर्यटकीय दृष्टिकोणले एकदमै महत्वपूर्ण भएका कारण पालिकाका मुख्य मुख्य स्थान, बसपार्क, पैदल मार्गहरूमा डस्टबिनहरू व्यवस्था गर्ने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई अनुसरण गर्दै ल्याण्डफिल साइटको स्थानीय मापदण्ड बनाई पालिकाको सरसफाई केन्द्र निर्माण प्रक्रियामा लागु गर्ने । | ४. ल्याण्डफिल साइट सञ्चालन एवं व्यवस्थापन सम्बन्धी निर्देशिका निर्माण गरी फोहोर मैला व्यवस्थापनका लागि बिलिङ र राजस्व संकलन प्रणालीहरूको व्यवस्था एवं सुधार गर्ने । | ४. छनौट गरिएका ल्याण्डफिल साइटको अवधि ध्यान राखी, भविष्यको लागि वैकल्पिक साइटहरू रोजेर अधिकरणमा ल्याउने । |

उमेश चन्द्र यादव
अध्यक्ष

| घ. पालिकामा रहेका खोला तथा नदीहरूमा प्रदूषणको समस्या बढ्दैगएको छ । होटलबाट निस्कने फोहोर लगायत अस्पतालजन्य फोहोरहरू नदी खोलामा मिसाउने गरेको अवस्था छ । साथै कुखुरा पालन एवं बंगुर पालन गर्ने व्यवसायीहरूले पनि फोहोरहरू नदी खोलामा मिसाउनाले पनि नदी प्रदूषण बढेको छ । तसर्थ जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं त्यस्को उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदूषण मुक्त राख्ने सम्बन्धमा ऐन, नियमावली एवं निर्देशिका निर्माण गर्नु अत्यावश्यक छ । | | |
|---|---|---|
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १. नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि निर्माण गर्ने । | १. जलस्रोत संरक्षणमा भएका ऐन तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. जल संरक्षणमा आवश्यक कानून, नीति, नियम, निर्देशिकाहरू पुनरावलोकन, परिमार्जन र संशोधन गर्दै जाने । |
| २. होटल व्यवसायी, पशुपालन व्यवसायी, उद्योग व्यवसायी, मसला व्यवसायी एवं फोहोर निस्कासन गर्ने अन्यहरूलाई फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने कुराको जानकारी हुने गरी कडा कारवाहीसहितको निर्देशनात्मक सूचनाहरू जारी गर्ने । | २. पालिकामा फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका निर्देशनको पालना भए नभएको जानकारीका निमित्त नियमित अनुगमन एवं मूल्याङ्कन गर्ने । | २. फोहोर मैला व्यवस्थापन सम्बन्धी हुने अनुगमन प्रक्रियालाई निरन्तरता दिने । |

| ङ. गाउँपालिकामा प्लास्टिक समस्या विकराल रूपमा रहेको छ । स्थानीय लगायत औद्योगिक व्यवसायीहरूले प्लास्टिकहरू जथाभावी जलाउनाले वातावरण एवं स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ । स्थानीयले प्लास्टिक व्यवस्थापनका लागि उचित समाधानको व्यवस्था नभएकाले प्लास्टिकहरू यत्रतत्र फाल्ने र बाल्ने गरिएको लामो कुराको सोडाले रूपमा पनि प्लास्टिक बाल्ने प्रवृत्ति रहेको छ । यसै नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ ले दिएको अधिकार प्रयोग गरी औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगहरूलाई खुल्ला रूपमा फोहोर जलाउन प्रतिबन्ध लगाएको भएता पनि पालिकामा औद्योगिक फोहोरहरू जलाउने गरेका छन् । तसर्थ प्लास्टिकको वैकल्पिक व्यवस्थापन र निषेधात्मक कार्यक्रम ल्याउन गाउँपालिकामा प्लास्टिक व्यवस्थापन सम्बन्धी कार्य योजनाहरूको आवश्यकता छ । | | |
|---|---|---|
| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| १.तोकिएको मापदण्ड बाहेकका प्लास्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लास्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गर्ने । | १. पुनःप्रयोग, पुनःचक्रण, कम प्रयोग (3R' concept) लाई अवलम्बन गर्दै अधिकतम सदुपयोग गरी पालिकामा अत्यन्तै थोरै फोहोरहरू मात्र विसर्जन गर्ने प्रणाली तयार गर्ने । | १. पुनःचक्रण गर्न सकिने फोहोरहरूलाई व्यवस्थापन गर्न सो सम्बन्धित उद्योगहरू पहिचान गरी स्थापना गर्ने । |
| २. वातावरणमैत्री झोला प्रयोगलाई प्राथमिकता दिनको निमित्त पालिकाका महिलाहरूको सक्रिय भूमिकामा वातावरणमैत्री झोला उत्पादन सम्बन्धी आवश्यक परामर्श एवं तालिमहरूको व्यवस्था गर्ने । | २. वातावरणमैत्री झोला निर्माण एवं प्रयोगलाई निरन्तरता दिने । | २. प्लास्टिकको मात्रा घटाउँदै प्लास्टिक व्यवस्थापनका नवीनतम उपायहरूलाई अवलम्बन गर्दै जाने । |
| ३. औद्योगिक फोहोरहरू जलाउन प्रतिबन्ध लगाएको बारे उद्योग व्यवसायीहरूलाई समेत जानकारीमा ल्याई सो को दीगो व्यवस्थापनका लागि अनुगमनसहित समुदायमा यसबारे जनचेतना जगाउने । | ३. प्लास्टिक उत्पादन, प्रयोग एवं विसर्जन प्रक्रियाहरूको नियमित अनुगमन एवं समुदायस्तरमा जनचेतना जगाउने क्रियाकलापहरूको निरन्तरता दिने । | ३. प्लास्टिक सम्बन्धी सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ४. फोहोरबाट मोहर भन्ने अवधारणालाई पालिकाको समुदायमा विकास गराउन फोहोरहरूलाई कच्चा पदार्थको रुपमा उपयोग गरी स्थापना गर्न सकिने उद्योगहरू बारेमा जानकारी एवं प्रशिक्षण एवं यस्ता उद्योगहरू सञ्चालन गर्ने व्यक्ति वा समुदायलाई पालिकाले प्रोत्साहन गर्ने कार्यक्रमहरू गर्ने । | ४. फोहोरहरूलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी उद्योगहरू स्थापना गर्ने । | ४.फोहोरहरूलाई सबै सदुपयोग गरी पर्यावरणीय उद्योगहरू सञ्चालन गर्ने र भएका उद्योगहरूको नियमित अनुगमन गर्ने । |

ङ. पालिकामा निष्काशन हुने फोहोरहरूमा बढी प्रतिशत फोहोर जैविक फोहोर रहेको छ । तर पालिकामा जैविक फोहोरहरूको उचित व्यवस्थापनका कार्यविधिहरू नभएका कारण स्थानीयले उक्त फोहोरहरू नदी खोल्सा एवं अन्य स्थानमा फाल्ने, गाड्ने र जलाउने गरेका छन् । जसले वायु प्रदुषणलगायत वातावरणीय असर पुर्‍याइरहेको छ । तसर्थ जैविक फोहोरहरूलाई पालिकाको स्रोतको रुपमा प्रयोग गर्ने लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. जैविक फोहोरहरू समाधान गर्ने उद्देश्यका साथ घर घरमा कम्पोष्ट मल बनाउन प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने । | १. जैविक फोहोरहरूको व्यवस्थापनका लागि समुदाय स्तरमा सामुदायिक कम्पोष्ट मल प्लाण्टहरू राख्ने । | १. जैविक फोहोरहरूको व्यवस्थापनका लागि पालिकामा ठूलो स्केलको कम्पोष्ट प्लाण्ट राख्ने । |

छ. गाउँपालिकामा सञ्चालित विभिन्न उद्योगहरू तथा सवारी साधनहरूबाट ध्वनी प्रदुषण बढिरहेको छ जसले गर्दा मानव कानले सुन्न सक्ने ध्वनी भन्दा अत्यधिक ध्वनीले गर्दा मानव स्वास्थ्यमा हुने नकारात्मक असरहरू हुने सम्भावना अधिक रहन्छ । तसर्थ सवारी साधन लगायत चर्को आवाजमा ध्वनी निकाल्ने उद्योग कलकारखानाहरूबाट हुने ध्वनी प्रदुषण नियन्त्रण गर्न स्पष्ट नीति लगायत नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप ध्वनी प्रदुषण स्तर प्रत्येक वर्ष जाँच गर्ने र मानव कानले सुन्न सक्ने ध्वनीको मात्रा भन्दा बढी ध्वनी प्रदुषण भएमा दण्ड सजायको समेत व्यवस्था गर्न आवश्यक छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. सवारी साधन लगायत चर्को आवाजमा ध्वनी निकाल्ने उद्योग कलकारखानाहरूबाट उत्पन्न हुने ध्वनी प्रदुषणलाई निराकरण गर्न र उद्योग व्यवसायी एवं सवारी चालकमा सो सम्बन्धी जानकारी प्रदान गर्न स्पष्ट नीति निर्देशन निर्माण गर्ने । | १. ध्वनी प्रदुषणमा बनेको नीतिको समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । | १. ध्वनी प्रदुषणमा बनेको नीतिको समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । |
| २. पालिकाको ध्वनी मापनका लागि ध्वनी मापनयन्त्रको व्यवस्थापनका साथै समय समयमा अत्यधिक ध्वनी निष्काशन हुने स्थानहरू जस्तै: मानव बस्ती, ट्राफिक, कलकारखाना इत्यादिमा मापन गर्ने र राष्ट्रिय मापदण्ड अनुरुप भए नभएको जाँच गर्ने । | २. ध्वनी मापनयन्त्र सञ्चालन गर्न सक्ने जनशक्तिसहित यस्ता ध्वनी प्रदुषण गर्ने एकाईहरूको नियमित अनुगमन गर्ने । | २. ध्वनी प्रदुषण नियन्त्रण गर्न बनेका नवीनतम् उपकरण एवं प्रविधिहरू अँगाल्दै ध्वनी प्रदुषण नियन्त्रित पालिका निर्माण गर्ने । |

ज. सार्वजनिक यातायात, कच्ची सडक, इँटाकारखाना एवं क्रसर जस्ता मेसिनको प्रयोगले धुलो बढेको छ । त्यसर्थ वायु प्रदुषण नियन्त्रणका लागि पालिकामा निर्देशिकासँगै अनुगमनको आवश्यकता रहेको छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. विषादीजन्य पदार्थ न्यूनिकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिका निर्माण गर्ने । | १. विषादीजन्य पदार्थ न्यूनिकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिकाको आवधिक समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । | १. विषादीजन्य पदार्थ न्यूनिकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिकाको आवधिक समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । |
| २. पालिकामा यातायात व्यवसायी संघसँग समन्वय गरी उच्च वायु प्रदुषण गर्ने पुराना सवारी साधनहरू हटाउने साथै वातावरणीय प्रदुषणलाई मध्यनजर गरी ग्रामीण कच्ची सडकहरूको स्तरोन्नती गर्ने र पालिकामा सञ्चालित गाडीहरूको नियमित अनुगमन गरी वातावरणमैत्री सडकहरू निर्माण प्रक्रियालाई प्राथमिकता दिने । कृषिफार्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गर्ने विषादीको नियमन र नियन्त्रण गर्ने । | २. शहरी क्षेत्र, औद्योगिक प्रतिष्ठान र जोखिममा रहेका क्षेत्रमा वायु गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन, वायु गुणस्तरको एकीकृत नक्साङ्कन, वायु प्रदुषण क्षमता गणना र पूर्वानुमान गरी उत्सर्जन गतिविधिमा नियन्त्रण गर्ने । | २. विषादीजन्य पदार्थ सम्बन्धी बनेका निर्देशिकाहरूको परिमार्जन एवं संशोधन गर्ने । वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । |

ड. पालिकामा बढ्दो वातावरणीय प्रदुषण निराकरणका साथै वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्नका साथै जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन र सरसफाइ तथा स्वास्थ्यजन्य फोहोर मैलाको व्यवस्थापन गर्नका निमित्त पालिकामा वातावरण तथा प्राकृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी ज्ञान एवं दक्षता हासिल गरेका वातावरण शाखा एवं कर्मचारी व्यवस्थापन भएको छैन । यसका साथै पालिकावासीमा वातावरण सम्बन्धी जनचेतनाको पनि कमि देखिन्छ । त्यसर्थ मानव संसाधनको पर्याप्त क्षमता विकासका कार्यक्रमहरू आवश्यक छ ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा वातावरण विषय समावेश गर्ने र वार्षिक कार्ययोजनामा कम्तीमा महिनाको एकपटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलापहरू समावेश गर्ने । | १. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा वातावरण विषय समावेश गर्ने र वार्षिक कार्ययोजनामा कम्तीमा महिनाको एकपटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलापहरू समावेश गर्ने । | १. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा वातावरण विषय समावेश गर्ने र वार्षिक कार्ययोजनामा कम्तीमा महिनाको एकपटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलापहरू समावेश गर्ने । |
| २. वातावरण सम्बन्धी विविध गतिविधि सञ्चालनका लागि प्रमुख समन्वयकारी भूमिका निर्वाहका लागि पालिकामा वातावरण सम्बन्धी दक्षता हासिल गरेका निपूर्ण कर्मचारीहरूको व्यवस्था गर्ने । | २. वातावरण सम्बन्धी विविध गतिविधि सञ्चालनका लागि प्रमुख समन्वयकारी भूमिका निर्वाहका लागि पालिकामा वातावरण सम्बन्धी दक्षता हासिल गरेका निपूर्ण कर्मचारीहरूको व्यवस्था गर्ने । | २. वातावरण सम्बन्धी विविध गतिविधि सञ्चालनका लागि प्रमुख समन्वयकारी भूमिका निर्वाहका लागि पालिकामा वातावरण सम्बन्धी दक्षता हासिल गरेका निपूर्ण कर्मचारीहरूको व्यवस्था गर्ने । |

उमेश चन्द्र यादव
अध्यक्ष

## ख. विपद् तथा आपत्कालीन व्यवस्थापन

### १. परिचय

भरपर्दो र विश्वसनीय विपद् पूर्व तयारी र प्रतिकार्यको प्रणालीको उपलब्धता तथा नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउन आम नागरिकमा पालिकाप्रतिको विश्वसनीयता हाँसिल गर्ने र विपद् तथा असुरक्षाको कारणले जीवन, निजी तथा सार्वजनिक सम्पत्तिको क्षति कम गर्न अपरिहार्य हुन्छ । बाढीको जोखिममा रहेको यस प्रतापपुर गाँउपालिकामा विपद् प्रभावितको तत्काल उद्दार र राहतमा केन्द्रित गतिविधि सञ्चालन गर्ने गरेको भए पनि विपद् पूर्व तयारीका कार्यक्रमलाई अपेक्षित प्राथमिकतामा राख्न सकिएको छैन । विश्वव्यापी समस्यामा रहेको जलवायु परिवर्तन अनुकुलनमा समेत पालिकाले थप ध्यान दिनुपर्ने अवस्था छ ।

### २. वर्तमान अवस्था

यस प्रतापपुर गाँउपालिकामा बर्षेनी भू-क्षय, बाढी, सडक दुर्घटना, चट्याङ, असिना पानीबाट आतंक सिर्जना हुने गरेको छ । हरेक साल बाढीबाट प्रभावित यस पालिकामा आगलागी, महामारीको जोखिम पनि समस्या बनिरहेको छ। पालिकामा सडक दुर्घटना पनि बढ्दै गइरहेको छ।

### ३. लक्ष्य

- गुणस्तरयुक्त हरियो वन, सन्तुलित वातावरण र विपद् उत्थानशील समुदाय

### ४. उद्देश्य

- वनको गुणस्तर तथा हरियाली र जैविक विविधताको प्रवर्द्धन गर्नु
- दीगो, उत्पादनशील जलाधार निर्माण र क्षतिग्रस्त कमजोर भिरालो जमिनको स्थिरीकरण गर्नु
- स्वच्छ, संरक्षित वातावरण र जलवायु परिवर्तन अनुकूलित समाजको सिर्जना गर्नु
- सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति नोक्सानी न्यूनीकरण गर्नु तथा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्नु;

### ५. सम्भावना तथा अवसरहरु

- संवैधानिक अधिकार, स्थानीय सरकार सञ्चालन ऐन र विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन ऐनले दिएको अधिकार र जिम्मेवारीका आधारमा पालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्यका पालिकाको विपद् व्यवस्थापन ऐन बनेको सन्दर्भमा सो को आधारमा नियमावली, कार्यविधि, रणनीति र कार्यक्रम तय गरी स्थानीय तहको विपद् तथा आपत्कालीन व्यवस्थापनको संस्थागत नेतृत्व गाँउपालिकाले लिनसक्ने
- गाँउ कार्यपालिका अन्तर्गत गठित विषयगत समितिको क्षमता र क्रियाशीलता बढाएर विपद् व्यवस्थापनमा राजनीतिक नेतृत्वको भूमिका बढाउने
- प्रकोप, विपद् व्यवस्थापन, स्वास्थ्य र सरसफाई जस्ता क्षेत्रमा रहेको जनचेतनालाई पुँजीकरण गरी व्यवस्थित विपद् व्यवस्थापन र प्रतिकार्यको सामुदायिक संरचना निर्माण र क्रियाशील गराउनमा उपयोग गर्न सकिने

➢ समुदाय र निजी क्षेत्रसँग समन्वय गरी पालिकाको विपद् व्यवस्थापन कोष वृद्धि तथा सुसूचित उपयोग गराउन पनि सकिने

## ६. चुनौतिहरु

➢ स्थानीय ऐन अनुसार कानून, कार्यविधि र संरचना तयार गरी विपद् जोखिम न्यूनिकरण र आपत्कालीन व्यवस्थापनको कार्यलाई नियमित पालिका दायित्वका रुपमा आन्तरिकीकरण गर्न आवश्यक स्रोत तथा जनशक्ति व्यवस्थापन गर्ने, परिवर्तित स्थानीय तहको संरचना अनुरुप वडागत रुपमा विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयनमा लाने

➢ पालिकामा रहने गाँउपालिकास्तरको द्रुत प्रतिकार्य टोलीलाई उपयुक्त संस्थागत स्वरुप प्रदान गर्ने र स्वास्थ्यजन्य महामारी नियन्त्रण र प्रतिकार्यका लागि सक्षम बनाउने, गाँउपालिकाको आवश्यकता र वर्तमान तथा सम्भावित साझेदारको दायराको बीचमा सामञ्जस्यता ल्याउने, पालिकास्तरको विपद् प्रतिकार्य कोषमा आमसहभागिता बढाई भौगोलिक रुपमा फैलिएको र साना ठूला प्रकोप र विपद् जोखिममा रहेको यस गाँउपालिकामा विपद् प्रतिकार्यलाई व्यवस्थित गराउने

उमेश चन्द्र यादव
अध्यक्ष

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. विपद् तथा आपत्कालीन व्यवस्थापनका लागि पर्याप्त भौतिक, नीतिगत तथा मानव संसाधनको उपलब्धता सुनिश्चित गर्ने । | १. विपद् पूर्व तयारीका संरचनागत र गैरसंरचनागत कार्यलाई समान प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ । |
| | २. पालिकाको विपद् तथा आपत्कालीन व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकूलन कार्ययोजना बनाउनुका साथै सो योजना निर्देश गरे अनुरुप सबै प्रकारका प्रकोप नियन्त्रण तथा तत्काल प्रतिकार्यका लागि चाहिने खुला स्थान निर्धारण र न्यूनतम जनशक्ति तथा पूर्वाधार एवं उपकरणको भरपर्दो व्यवस्थापन गरिने छ । |
| | ३. पालिकाको विपद् प्रतिकार्य अन्तर्गत राहत, पुनर्स्थापना तथा पुनर्लाभका मापदण्ड निर्माण गरी लागु गरिने छ । |
| | ४. पालिकामा प्रकोप, विपद् तथा जलवायु परिवर्तनका समस्या सम्बन्धी सूचना संकलन, विश्लेषण, पूर्व तयारी र प्रतिकार्यका गतिविधि नियमित रुपमा सञ्चालन गर्ने दक्ष जनशक्तिसहितको विपद् व्यवस्थापन इकाई गठन गरिने छ । |
| | ५. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले निर्दिष्ट गरेका कार्यक्रम कार्यान्वयनका लागि न्यूनतम बजेट विनियोजन सुनिश्चित गरिने छ । |
| | ६. समयबद्ध रुपमा विपद् व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा तथा परिमार्जन गरी सान्दर्भिक कार्यक्रमलाई वृहत् योजनाको अंग बनाउँदै लगिने छ । |
| | ७. पूर्वाधार, उपकरण तथा निर्धारणका आवश्यकता अनुसार संघ, प्रदेश तथा बाह्य सहायता निकायसँग समन्वय गरिने छ । |
| | ८. भवन निर्माण मापदण्ड बाढी, भुकम्प, आगलागी, चट्याङ लगायतका विपद् जोखिम न्यूनिकरणका विषय समेत समेटेर परिमार्जन गरिने छ । साथै, कार्यान्वयनका लागि प्राविधिक जनशक्तिको क्षमता विकास गरिने छ । |
| २. विपद् पूर्व तयारी तथा अल्पीकरणका कार्यलाई संस्थागत र व्यवस्थित गर्ने । | १ आगलागी तथा अन्य प्रकोपका दृष्टिकोणले उच्च र न्यून जोखिम क्षेत्र पहिचान गर्नुका साथै प्रत्येक प्रकारको विपद्का लागि सुरक्षित स्थानहरूको व्यवस्था गरिनेछ । |
| | २ पालिका र आवश्यकता अनुसार क्लष्टरस्तरमा आपत्कालीन अवस्थामा नागरिकहरूको सुरक्षाका लागि उपयुक्त सुरक्षा प्रबन्धसहितको आश्रय स्थल, खाद्यान्न भण्डार स्थल तथा गैरखाद्य सामग्री एवं उपकरणको पूर्व व्यवस्था गरिने छ । |

उमेश चन्द्र यादव

| | |
|---|---|
| | ३. गाँउपालिकाले विपद पूर्व र विपद्को समयमा समुदायलाई सुरक्षित गराउने गरी उपयुक्त सञ्चार योजना निर्माण गरिनेछ। |
| | ४. विपद् प्रभावित परिवार तथा नागरिकलाई आपत्कालीन सेवाबाट वञ्चित हुन नदिन आश्रय स्थलका लागि सुरक्षित मार्ग र यातायात व्यवस्थापनका लागि आपत्कालीन सेवमा संलग्न हुने आन्तरिक र बाह्य जनशक्ति र स्वयंसेवकसहितको आपत्कालीन व्यवस्थापन संयन्त्र तयार गरिनेछ। |
| | ५. विपद प्रतिकार्यको क्षमताको सुनिश्चित गर्न तथा समुदायमा विपद् पूर्व तयारीको सन्देश प्रवाहका लागि पालिकास्तरमा वार्षिक रुपमा कृत्रिम घटना अभ्यास सञ्चालन गरिने छ। यस्तो अभ्यास वडा तथा समुदायस्तरमा समेत समय समयमा सञ्चालन गरिने छ। |
| | ६. विपद् तथा आपत्कालीन व्यवस्थापन योजना निर्माण गर्दा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती आदिको सुरक्षाका उपायहरू समावेश गरिनेछ। |
| | ७. विपद् प्रभावितको व्यक्तिगत सुरक्षा बाहेक पूर्व तयारी योजनामा व्यक्तिगत सम्पत्ति तथा खाद्यान्न सुरक्षा एवं घरपालुवा पशुपंक्षी स्थानान्तरण तथा व्यवस्थापनका विषय पनि समावेश गरिने छ। |
| | ८. वर्षाको पानी तथा नालाको पानीका कारण हुनसक्ने विपद् जोखिम न्यूनिकरणका लागि आकाशे पानी व्यवस्थापन प्रणाली स्थापना गरी सञ्चालन गरिने छ। |
| | ९. सामान्य समयमा सार्वजनिक हितका कार्यमा उपयोग हुनसक्ने गरी गाँउपालिका केन्द्र तथा नजिकका वडाको क्लष्टर बनाई क्लष्टरस्तरमा विपद्को समयका लागि सुरक्षित सामूहिक बसोबास भवन निर्माण गरिने छ। |
| ३. विपद्को प्रकृति अनुसार विशिष्टीकृत पूर्वाधारको उपलब्धता सुनिश्चित गर्ने। | १. जोखिम बस्ती पहिचान गरी दीर्घकालीन बस्ती व्यवस्थापन, आवश्यकता अनुसार स्थानान्तरण तथा जोखिम न्यूनिकरण र अल्पीकरणका कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ। |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | २. वर्षाको पानी सडक तथा बस्ती क्षेत्रबाट भू-क्षय खोला मिसाउने प्रणालीमा मिसिने गरी आकाशे पानी व्यवस्थापनका गतिविधि सञ्चालन गरिने छ। आवश्यकता अनुसार बायो इन्जिनियरिङ तथा संरचनागत विपद् जोखिम अल्पीकरणका कार्य समेत अघि बढाइने छ। |
| | ३. खुला स्थानहरूको संरक्षण सार्थै, सुरक्षित आश्रयस्थल निर्धारण वडास्तरमा गरिनुका साथै सुरक्षित भवन निर्माणको मेखी मापदण्ड लनाइ सुरक्षित भवन निर्माणमा पालिकाको स्रोत तथा बाह्य स्रोतको अधिकतम उपयोग गरी सघन बस्ती क्षेत्रमा सुरक्षित सामुदायिक भवन निर्माण गरिने छ। |
| | ४. उपलब्ध वारुणयन्त्रको पहुँच विस्तारण गरी सकेसम्म १५ मिनेटभित्र आगलागी नियन्त्रण स्थलमा पुगिसक्ने गरी वारुणयन्त्र व्यवस्थापन तथा २४ घण्टा सञ्चालन हुने अवस्थामा पुग्ने गरी पूर्वाधार तथा आन्तरिक व्यवस्थापनको कार्य गरिने छ। |
| | ५. वारुणयन्त्रमा नै आगलागीजन्य स्वास्थ्य सम्बन्धी समस्या कम गर्न प्राथमिक उपचार गर्न सक्ने जनशक्ति तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिनुका साथै आगलागी नियन्त्रणको प्राविधिक तालिमयुक्त जनशक्ति परिचालित हुने व्यवस्था मिलाइने छ। |
| | ६. स्वास्थ्यजन्य महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि गाउँपालिकास्तरमा द्रुत प्रतिकार्य टोली बनाइनुका साथै अस्पतालमा महामारी नियन्त्रण इकाइ गठनमा सहयोगी र समन्वयकारी भूमिका निर्वाह गरिने छ। |
| | ७. सडक दुर्घटना तथा अन्य कारणले घाइते भएकाहरूको जीवन रक्षा गर्न आपत्कालीन ट्रमा सेवा व्यवस्थित गर्न स्थानीय स्वास्थ्य संस्थासँग संस्थागत समन्वय गरिने छ। |
| ४. विपद् प्रभावितको सम्मान, सुरक्षा तथा तत्काल राहत र पुनर्लाभ सुनिश्चित गर्ने गर्न आवश्यक संस्थागत प्रबन्ध गर्ने। | १. कुनै पनि प्रकारको प्रकोप सिर्जित विपद् प्रतिकार्य गर्दा प्रभावितहरूको सेवा तथा सुरक्षा पालिका मापदण्डको पूर्ण कार्यान्वयन गरिने छ। |
| | २. विपद्को समयमा अपाङ्गता भएका, ज्येष्ठ नागरिक, बालबालिका र गर्भवती र बिरामीहरूको सेवाको लागि विशेष प्रबन्ध गरिने छ। |
| | ३. विपद्को समयमा उपलब्ध गराइने सेवा तथा राहत प्याकेज वितरणमा स्फेयर मापदण्ड (Sphere Standards) लाई आधार बनाइ एकद्वार नीति (One Door Policy) को पूर्ण पालना गरिने छ। |
| | ४. पालिकाको विपद् प्रतिकार्य कोषलाई समृद्ध बनाई मध्यमस्तरको विपद् प्रतिकार्य तथा पुनर्लाभका गतिविधिका लागि पालिकालाई आत्मनिर्भर बनाइने छ। |
| | ५. विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूसहितको पालिकास्तरीय र वडास्तरीय गोदाम घरको व्यवस्था र यसको पहुँच सुनिश्चितता गरी यसको सञ्चालन कार्यविधि समेत |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | बनाइनेछ । |
| | ६. विपद् पूर्वतयारी एवं प्रतिकार्यका लागि गाउँपालिकाका युवा जनशक्तिको क्षमता वृद्धि र संलग्नतालाई बढी प्राथमिकता दिइनेछ । |
| ५. पालिका विकासका सबै पक्षमा विपद् तथा जलवायु परिवर्तन अनुकूलनलाई मूल प्रवाहीकरण गर्ने । | १. विपद् तथा जलवायु परिवर्तन अनुकूलित बजेट तर्जुमा विधि निर्धारण गरी कार्यान्वयन गरिने छ । |
| | २. सबै भौतिक पूर्वाधारका कार्यमा विपद् जोखिम न्यूनिकरण तथा अल्पीकरण संरचनागत कार्य समावेश गरिने छ । |
| | ३. निश्चित रकम भन्दा माथिका पूर्वाधार निर्माणका कार्यको योजना बनाउँदा विपद् व्यवस्थापन तथा जलवायु अनुकूलनको कार्ययोजना समावेश गर्ने व्यवस्था गरिने छ । |
| | ४. उद्योग तथा कलकारखाना स्थापना गर्दा हरितगृह ग्यास ( Greenhouse gas) उत्सर्जन निरुत्साहित गरिनुका साथै न्यूनिकरणका कार्यक्रम समेत एकीकृत रुपमा अघि बढाउनु पर्ने व्यवस्था गरिने छ । |
| | ५. पालिका सरसफाइ, खानेपानी व्यवस्थापन, स्वास्थ्य सेवा आदि सञ्चालनका पूर्वाधार तयार गर्दा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान गर्ने गरी गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

## ८. आवधिक प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन

क. संविधानमा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छ। त्यसैगरी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ। गाउँपालिकामा पालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ रहेको छ तर विपद् व्यवस्थापन सम्बन्धी ऐन अन्तर्गत निर्माण हुनुपर्ने कार्यविधि निर्माण नभएको अवस्था रहेको छ। यसका साथै पालिकाको वडाहरु को सामुदायिक विपद् व्यवस्थापन योजना बनेको बाहेक हालसम्म संघीय ऐनले गरेको व्यवस्था, विपद् प्रतिकार्य कार्यढाँचा, कार्यसंचालनको मार्गदर्शन तथा निर्णय अनुसारको विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तयार नभएको अवस्था रहेको छ। तसर्थ ऐनको प्रावधान अनुसार पालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, कार्यविधि, रणनीति र कार्यक्रम तय गरी स्थानीय तहको विपद् तथा आपत्कालीन व्यवस्थापनको संस्थागत नेतृत्व गाउँपालिकाले लिने गरी विपद् तथा जलवायु उत्थानशील पालिका निर्माण गर्ने निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
|---|---|---|
| १. पालिकामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन अन्तर्गत नियमावली, कार्यविधि तथा निर्देशिका बनाउने। | १. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी कानूनको पुनरावलोकन र संशोधन गर्ने। | १. परिवर्तित सन्दर्भमा विपद् तथा आपत्कालीन व्यवस्थापन र अनुकूलन सम्बन्धी स्थानीय कानूनमा आवश्यक परिमार्जन तथा नयाँ कार्यविधि तथा निर्देशिका निर्माण गर्ने। |
| २. जलवायु अनुकूलन सम्बन्धी निर्देशिका निर्माण गर्ने। | २. पूर्वाधार निर्माण सम्बन्धी स्थानीय कानूनमा विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलताको विषय समेटी आवश्यक परिमार्जन गर्ने। | २. आर्थिक विकास, सामाजिक विकास र पूर्वाधार विकास अन्तर्गतका कार्यक्रममा संलग्न गरिएका विपद् व्यवस्थापन तथा जलवायु अनुकूलनका मापदण्ड कार्यान्वयनको आवधिक समीक्षा गर्ने। |
| ३. विद्यमान विपद् व्यवस्थापन ऐनमा जलवायु अनुकूलन तथा आपत्कालीन व्यवस्थापन (अग्नि सुरक्षा, आगलागी नियन्त्रण, सडक सुरक्षा, वन्यजन्तु आतंक, स्वास्थ्यजन्य महामारी नियन्त्रण) का विषय समेटी संशोधन गर्ने। | | |
| ४. गाँउपालिकाले जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकूलनका उपायहरू आफ्नो योजनाहरूमा समायोजन गर्ने। | ४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकूलनका उपायहरूलाई पालिकाको योजनाहरूमा समायोजन गर्ने। | ४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकूलनका उपायहरू आफ्नो योजनाहरूमा समायोजन गर्ने। |
| ५. जलवायु परिवर्तन अनुकूलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिका तयार गर्ने। | ५. जलवायु परिवर्तन अनुकूलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिकामा आवश्यक परिमार्जन गर्ने। | ५. स्थानीय बजेटलाई जलवायु परिवर्तन अनुकूलनमा केन्द्रित बजेट वर्गीकरणको पद्धति विकास गर्ने। |
| ६. पालिकास्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा वडास्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने। | ६. स्थानीय, सामुदायिक एवं विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको वार्षिक रुपमा समीक्षा तथा परिमार्जन गर्ने एवं नयाँ योजनाहरू निर्माण गर्ने। | ६. स्थानीय, सामुदायिक तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणलाई निरन्तरता दिने। |

## अपेक्षित उपलब्धि तथा नतिजा तालिका

गाँउपालिकामा हाल ६ हेक्टर बनको क्षेत्रफल ५ वर्षमा ८ हेक्टर बनेको हुनेछ। पालिकामा एउटा ल्याड फिल्ड साइट स्थापना भएको हुनेछ। यस अवधी भित्र पलास्टिक रहित पालिका हुनेछ। चर्पी प्रयोग गर्ने परिवार १०० प्रतिशत हुनेछन्।

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व.०७९/८० सम्मको अवस्था) | लक्ष (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्टयाईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रभाव : १ सन्तुलित, समृद्ध पर्यावरणयुक्त सुरक्षित, अनुकूलित र उत्थानशील गाउँपालिका निर्माण भएको हुने | कुल भूमिमा वन/हरियाली क्षेत्र | हेक्टर | ७ | ७.५ | ८ | ८.५ | ९ | १० | १० | |
| | स्वीकृत वनजन्य उत्पादनबाट वन उपभोक्ता समितिहरूको आम्दानी | रु. हजार | - | २०० | २५० | ३०० | ३५० | ४०० | ४०० | |
| | वनमा आधारित उद्यम व्यवसायमा आश्रित घरपरिवार | संख्या | ५० | ५५ | ६५ | ८० | १०० | १२० | १३० | |
| | पुनर्स्थापित वनको क्षेत्रफल | हेक्टर | - | १ | २ | ३ | ४ | ५ | ५ | |
| | वातावरणीय सरसफाइ र स्वच्छता र सुन्दरता भएका वडा | संख्या | - | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | विगत पाँच वर्षमा विपद्‌बाट भएको मानवीय क्षतिमा आएको गिरावट (घाइते समेत) | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | ५० | |
| असर १ : हरियाली, वन क्षेत्रको सम्पत्ती एवम् दीगो उपयोगमा वृद्धि र जैविक विविधताको प्रवर्द्धन भएको हुने | वृक्षारोपणबाट वृद्धि भएको हरित क्षेत्र | हेक्टर | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| | काष्ठ/गैरकाष्ठ वन पैदावार/ जडीबुटी बिक्री | रु.हजार | ० | ५०० | ७५० | १००० | १२०० | १५०० | १५०० | |
| | उत्पादित गैरकाष्ठ वन पैदावारको बिक्री परिमाण | क्यु.फिट (हजार) | - | १० | २० | ३० | ४० | ५० | ५० | |
| | वनबाट गाँउपालिकामा प्राप्त रोयल्टी कुल | रु. हजार | - | १०० | ३०० | ५०० | ८०० | १२०० | १२०० | |
| | पुनर्स्थापित भूमिको क्षेत्रफल | हेक्टर | - | १ | २ | ३ | ४ | ५ | ५ | |
| प्रतिफल १.१ : वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुन | उत्पादित काठ | घन फुट | - | ३० | ४० | ५० | ६० | ६५ | ६५ | |
| | दर्ता निजी वन क्षेत्र | रोपनी | - | १० | २० | ३० | ४० | ५० | ५० | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | के जी | - | २००० | २५०० | ३००० | ३५०० | ४००० | ४००० | |

उमेश चन्द्र यादव
अध्यक्ष

| नतिजा सूचकहरू | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| | वनमा आधारित उद्योग व्यवसाय | संख्या | - | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | |
| | व्यावसायिक जडिबुटी खेतीमा संलग्न घरपरिवार | संख्या | - | | २० | | ३० | ४० | ५० | |
| प्रतिफल १.२ : जलाधार, हरियाली तथा जैविक विविधताको संरक्षण, प्रवर्द्धन भएको हुने | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | - | ३.५ | ४ | ६ | ८ | १० | १० | |
| | नवनिर्मित उद्यान तथा हरित क्षेत्र/ शहरी वनयुक्त बजार | संख्या | - | ६ | ८ | १० | १४ | १८ | १८ | |
| | जैविक विविधतायुक्त/संरक्षित क्षेत्र | संख्या | - | ० | ० | १ | १ | १ | १ | |
| असर २ : प्रदूषण नियन्त्रण एवम् वातावरणीय स्वच्छतामा वृद्धि भएको हुने | घरआँगन, बाटो, सार्वजनिक स्थलहरू सधैं सफा राख्ने वडा | संख्या | - | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध भएका स्वास्थ्य संस्था | प्रतिशत | ७८ | १० | ३० | ५० | ७० | १०० | १०० | |
| | ठोस फोहोरमैला रहित नदी/खोलाको हिस्सा | प्रतिशत | ४० | ५० | ८० | १०० | १०० | १०० | १०० | |
| | स्वच्छ, सफा विद्यालय | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | ७० | |
| प्रतिफल २.१ : दीगो एवम् पूर्ण सरसफाइको अवस्था हासिल भएको हुने | दैनिक रूपमा फोहोरमैला सकलन, वर्गीकरण र व्यवस्थापनको प्रणाली भएका बजार | संख्या | - | १ | ३ | ५ | ८ | १० | १० | |
| | व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने जनसंख्या | प्रतिशत | ५० | ५५ | ६५ | ७५ | ८५ | ९५ | ९५ | |
| | प्लाष्टिक, लगायतका कृत्रिम फोहोरमैलाको कम्तिमा साप्ताहिक रूपमा सकलन र व्यवस्थापन गर्ने परिपाटी भएका वडा | संख्या | - | ० | १ | ४ | ७ | १० | १०० | |

| नतिजा सूचकांक | सूचक | | आधाररेखा (आ.व.०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| | सफा चर्पीको प्रयोग गर्ने परिवार (चर्पी सफा गर्ने ब्रस, कुचो, जिवाणुकिटाणु नाशक पदार्थ आदि उपलब्ध भएको) | प्रतिशत | ६१ | ७० | ८० | ९० | ९५ | १०० | १०० | |
| प्रतिफल २.२ : स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन भएका हुन | नवीकरणीय उर्जाका प्रविधिहरू (सुधारिएको चुलो, सौर्य चुल्हो, गोबर ग्याँस) प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५.४ | १० | २० | ३० | ४० | ५० | ५० | |
| | जलवायुजन्य प्रकोपहरूबाट हुने विपद्/जोखिमको बीमा भएका कृषक परिवारको हिस्सा | प्रतिशत | - | ५५ | ६० | ६५ | ७० | ७५ | १०० | |
| | जलवायु विषमता सहन सक्ने स्मार्ट खेती वा जलवायुमैत्री कृषि प्रणाली अवलम्बन गर्ने घरधुरी | संख्या | २००० | २००० | २५०० | ३५०० | ४५०० | ५००० | ५००० | |
| | बाढी र पहिरोको जोखिममा बसोबास गरेका घरपरिवार | प्रतिशत | - | २० | १५ | १० | ५ | ५ | ५ | |
| | पहिरो, नदी वा खोलाले काटेको, बगाएको खेतीयोग्य जमिन (गत वर्षको) | रोपनी | - | १०० | ८० | ५० | ३० | १० | १० | |
| | भवन आचार संहिताको पालना गरी निर्माण गरिएका विद्यालय | प्रतिशत | ७० | ७५ | ८० | ९० | ९५ | १०० | १०० | |
| प्रतिफल २.३ : विकास पूर्वाधार विपद् प्रतिरोधी तथा सामाजिक एवम् सांस्कृतिक जीवन उत्थानशील भएको हुने । | नालायुक्त कच्ची सडकको हिस्सा | प्रतिशत | १० | ३० | ५० | ७० | ९० | १०० | १०० | |
| | भूकम्प प्रतिरोधी आवासीय भवन | प्रतिशत | १९ | ३० | ५० | ७० | ९० | १०० | १०० | |
| | स्थानीय विपद् व्यवस्थापनमा सक्रिय खोज उद्धार स्वयम्सेवक | संख्या | - | ३० | ४० | ५० | ६० | ७० | ७० | |
| | विपद् पूर्वतयारी गर्ने घरपरिवार | प्रतिशत | - | २० | ४० | ५० | ६० | ७० | ७० | |

| नतिजा सूचकहरू | सूचक | | आधाररेखा (आ.व.०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| | आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | १ | ३ | ४ | ३ | ४ | ३ | १८ | |
| | प्राथमिक उपचारमा दक्ष र सक्रिय जनशक्ति | संख्या | ७० | १०० | १२० | १४० | १६० | १८० | १८० | |
| | विपद् व्यवस्थापन स्थानीय कोष रकम (वार्षिक) | लाख | ३० | ३३ | ३६.५ | ४० | ४४ | ४८ | ४८ | |
| | पहिरो र बाढीप्रति संकटाभिमुख रहेकाहरू मध्ये पूर्वसूचना प्राप्त गर्ने घरपरिवार | प्रतिशत | - | ५० | ६० | ७० | ८० | ९० | | |
| | विगत तीन वर्षमा विपद्बाट भएको कुल क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पती) | रकम रु.हजार | - | १३००० | १२००० | १०००० | ७००० | ५००० | | |
| | विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | जना | - | ३५ | ३० | २५ | २० | १० | | |
| प्रतिफल ३.२ : पुनर्स्थापना र पुर्ननिर्माण तथा पुनर्लाभको अवस्था हासिल भएको हुने | विपद् प्रभावित कुल व्यवसायमध्ये प्रोत्साहन सहयोग प्राप्त गर्ने उद्यम व्यवसाय | संख्या | - | २० | ४० | ६० | ८० | १०० | | |
| | विपद् प्रभावित भई विपद्पूर्वको अवस्थामा फर्किएका उद्योग व्यवसाय | प्रतिशत | ४ | ७० | ८० | ९० | १०० | १०० | | |
| | भवन निर्माण आचार-संहिताबिना निर्माण गरिएका भवनमध्ये सवलीकरण गरिएका सार्वजनिक भवन (गापा तथा वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू, विद्यालयहरू | प्रतिशत | १५ | २० | ४० | ६० | ८० | १०० | | |
| | उद्यम व्यवसाय पुनः सुरु गर्ने उद्यम व्यवसायीमध्ये महिला, दलित, अति विपन्न तथा अपाङ्गता भएकाहरू | प्रतिशत | - | १२ | १४ | १६ | १९ | १९ | | |
| | आयआर्जन, खाद्य सुरक्षा, स्वास्थ्य सम्बन्धी कार्यक्रमबाट लाभान्वित घरपरिवार | प्रतिशत | - | १५ | २० | २५ | ३० | ३० | | |

## प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

आवधिक योजनाले लिएको लक्ष्य, उद्देश्य हासिल गर्नका लागि निम्नअनुसारका प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरू प्रस्ताव गरिएको छ :

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| उद्देश्य १ : वनको गुणस्तर, सन्निकटता एवम् हरियालीमा वृद्धि र जैविक विविधताको संरक्षण प्रवर्द्धन गर्नु | | | | | | | | | | |
| सहकार्यमा आधारित हरियो वन कार्यक्रम | सा.व. संख्या | ३ | १००० | १५०० | २५०० | २५०० | - | ७५०० | २५०० | |
| कृषि वन तथा जडीबुटी लगायत अन्य गैरकाष्ठ वनपैदावार उत्पादन र आपआर्जन कार्यक्रम | घरपरिवार | २५० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ६० | |
| निष्क्रिय वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवम् सुशासन अभिवृद्धि कार्यक्रम | समिति संख्या | ४५ | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | ५० | |
| शहरी हरियाली प्रवर्द्धन कार्यक्रम | कि.मी. | २ | - | - | १००० | १००० | - | २००० | १००० | |
| वन, जैविक विविधता स्थिति अध्ययन तथा अभिलेखीकरण | पटक | १ | १००० | - | - | - | - | १००० | १००० | |
| दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थानको पहिचान तथा संरक्षणमा सहकार्य | पटक | १ | - | - | - | ५०० | - | ५०० | ५०० | |
| उद्देश्य १ को जम्मा | | | | | | | | २८२५० | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| **उद्देश्य २ : जलाधार क्षेत्रको संरक्षण तथा भूमिको उत्थान, उत्पादकत्वमा वृद्धि गर्नु** | | | | | | | | | | |
| जलाधार अध्ययन, संरक्षण, प्रवर्द्धन कार्यक्रम | वटा | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०००० | |
| खोला, खोल्सा नियन्त्रण कार्यक्रम | कि.मी | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | |
| खोला, खोल्साबाट कृषि भूमि संरक्षणमा सहयोग | रोपनी | १५० | २२५०० | २२५०० | २२५०० | २२५०० | २२५०० | ११२५०० | ७५० | |
| बाढी संवेदनशील क्षेत्रमा रहेका बस्ती संरक्षण | वटा | ५ | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | ९००० | |
| **उद्देश्य २ को जम्मा** | | | | | | | | २३२५०० | | |
| **उद्देश्य ३: फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छता अभिवृद्धि गर्नु** | | | | | | | | | | |
| समुदायमा आधारित सरसफाइ तथा स्वच्छता अभिवृद्धि कार्यक्रम | वडा | ९ | ३६० | ३६० | ३६० | ३६० | ३६० | १८०० | २०० | |
| सार्वजनिक शौचालय निर्माण, व्यवस्थापन | संख्या | ३० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | १००० | |
| शुन्य पोलिथीन गाँउपालिका घोषण तथा कार्यान्वयन | पटक | ५ | २५०० | १५०० | १५०० | १५०० | १५०० | ८५०० | १७०० | |
| बजार क्षेत्रमा उद्यान निर्माण | संख्या | ९ | ४००० | ४००० | २००० | ४००० | ४००० | १८००० | २००० | |
| **उद्देश्य ३ को जम्मा** | | | | | | | | ५८३०० | | |

उमेश चन्द्र यादव
अध्यक्ष

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| **उद्देश्य ४ : विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनता वृद्धि गर्नु** | | | | | | | | | | |
| महानगरस्तरीय आकस्मिक प्रतिकार्य कार्यदल गठन तथा अभिमुखीकरण | कार्यदल संख्या | ३६ | - | ५४० | - | - | - | ५४० | १५ | |
| कृत्रिम अभ्यास | कार्यदल संख्या | ३६ | - | ५४० | - | - | - | ५४० | १५ | |
| वडास्तरीय आपत्कालीन उद्दार सामग्री व्यवस्थापन | वडा | ९ | - | - | ९०० | - | - | ९०० | १०० | |
| आपत्कालीन आश्रयस्थलहरु निर्माण/स्तरोन्नती | स्थान | ९ | १५०० | ३००० | ४५०० | ६००० | ३००० | १८००० | २००० | |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष | रु. लाख | १० | ३० | ४५ | ६० | ७५ | ९० | ३०० | ३० | |
| विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयारी तथा वार्षिक अद्यावधिकरण | पटक | ५ | ७० | ७० | ७० | ७० | ७० | ३५० | ७० | |
| आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना | पटक | १ | - | ५०० | - | - | - | ५०० | ५०० | |
| समुदायस्तरीय विपद् व्यवस्थापन कार्यक्रम | वडा | ९ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ५०० | |
| **उद्देश्य ४ को जम्मा** | | | | | | | | २५६३० | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन विकास कुल जम्मा** | | | | | | | | ३४४९८० | | |

# परिच्छेद ८ : संस्थागत विकास र सुशासन

## १. पृष्ठभूमि

यो खण्डमा यस गाँउपालिकाको आन्तरिक संगठन संरचना तथा संयन्त्रको वर्तमान अवस्थामा आवश्यक परिमार्जन र क्षमता विकास गरी पालिकाको सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन गरिने कार्यक्रम तथा सुशासन प्रवर्द्धनका तथा कार्यक्रम प्रस्तुत गरिएको छ । संस्थागत क्षमता विकासका नीति तथा कार्यक्रम सम्बन्धित विषयगत क्षेत्रमा समेटिएकोले यो क्षेत्रमा सम्बन्धित क्षेत्रमा नसमेटिएका बृहत्तर पक्षलाई मात्र बुँदागत रुपमा समेटिएको छ ।

# क. संस्थागत विकास

## १. परिचय

संविधानले निर्धारण गरे अनुसारको गाँउपालिका सभा पालिकाको संगठन संरचनाको सबैभन्दा माथिल्लो अंग हो जसले पालिकाको व्यवस्थापिकाको जिम्मेवारी निर्वाह गर्दछ। गाँउ कार्यपालिका पालिका सभा प्रति उत्तरदायी कार्यकारी अंग हो । गांउ कार्यपालिका अध्यक्षको अध्यक्षतामा रहन्छ भने उपाध्यक्षले न्यायिक समितिको संयोजकका साथै अध्यक्षको अनुपस्थितिमा गांउ कार्यपालिकाको अध्यक्षको भूमिका निर्वाह गर्छन् । प्रमुख प्रशासकीय अधिकृतले गाँउ कार्यपालिकाको सदस्य सचिवको अतिरिक्त पालिकाको प्रशासनिक नेतृत्व गर्छन् । संविधान र संघीय कानूनले निर्धारण गरेका उल्लिखित संरचना तथा जिम्मेवारी अनुरुप पालिकामा विभिन्न प्रयोजनका लागि विभिन्न समिति तथा संयन्त्र निर्माण र सञ्चालन गरिरहेको छ। संस्थागत क्षमता विकासले विषयगत भूमिकामा रहने नेतृत्व तथा कार्यान्वयनको भूमिकामा रहने स्थानीय कर्मचारी संयन्त्र एवं सान्दर्भिक अन्य संयन्त्र तथा इकाईको क्षमता विकासका विषय पर्दछन् । बृहत् योजना तर्जुमाका क्रममा पहिचान गरिएका आन्तरिक क्षमतामा रहेको कमी पूरा गर्ने योजना कार्यान्वयनका लागि आवश्यक क्षमता तयारीका कार्यक्रमलाई पालिकाले अघि बढाउने छ। पालिकाको संस्थागत क्षमता विकासका सवाल ४ वटा विषगत क्षेत्र तथा ती क्षेत्र अन्तर्गतका उपक्षेत्रको नीति तथा प्राथमिकतामा नै समेटिएको छ । त्यसैले आवधिक प्राथमिकतालाई यस खण्डमा समेटिएको छैन । तथापि यो क्षेत्रमा गरिने प्रमुख प्राथमिकताका विषयलाई बुँदागत रुपमा निम्नानुसार तय गरिएको छ।

- शासकीय जिम्मेवारीमा रहने पदाधिकारीहरुका लागि आवश्यकता अनुसार प्रदेश, संघ तथा अन्य निकायसँग समन्वय र स्थानीय स्रोत समेतको प्रयोग गरी गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी बृहत् गाँउपालिका योजनाले प्रस्ताव गरेको क्षेत्रगत शाखा तथा इकाईहरूको स्वरुपमा आवश्यक परिवर्तन गर्ने र सेवा शर्त तथा जिम्मेवारीहरूलाई थप परिभाषित तथा परिष्कृत गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षणमा रहने गरी गाँउपालिकामा पालिकास्तरीय योजना शाखा बनाउने । यसरी उक्त शाखाले बृहत् योजना कार्यान्वनको आवधिक समीक्षा, योजनामा आवश्यक परिमार्जनको सहजीकरण, वार्षिक तथा कार्यक्रम तयारीमा सहजीकरण तथा पुँजी सुधार योजना निर्माण र कार्यान्वयन, शहरी योजनाका कार्यमा समन्वय जस्ता समग्र पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।
- दीर्घकालमा सबै किसिमका भौतिक पूर्वाधार र सम्बन्धित सेवा व्यवस्थापनको जिम्मेवारीसहितको शहरी विकास महाशाखाको अंग हुने गरी प्राविधिक शाखालाई व्यवस्थित गरी प्राविधिक जनशक्तिको कार्य विशिष्टीकरण गरी कार्यान्वयनमा लैजाने ।
- राजस्व तथा पूर्वाधार, कृषि, पर्यटन तथा उद्योग व्यवसाय लगायत आर्थिक विकासका समग्र पक्षको कार्य जिम्मेवारी बहन गर्न सक्ने जनशक्तिको विकास र परिचालन गर्ने ।
- शिक्षा र स्वास्थ्य, सरसफाई जस्ता समाजिक विकासका संयन्त्रलाई सशक्त र क्षमतावान बनाउने । प्राकृतिक स्रोत तथा वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन, सम्पदा संरक्षण, पार्क तथा मनोरञ्जन आदिलाई थप प्राथमिकता दिन सम्बन्धित क्षेत्रको संगठन विकासका कार्यक्रम कार्यान्वयन गर्ने । जसमा आन्तरिक कर्मचारीको क्षमता तथा गाँउपालिका र वडास्तरका समिति वा संयन्त्र स्थापना र तिनको प्रभावकारिता विस्तारका कार्य गर्ने ।

- सबै क्षेत्रका समिति, आयोग आदि गठन र क्षमता विकासका कार्यक्रम सम्बन्धित क्षेत्रको प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने ।
- दीर्घकालमा गाँउपालिका योजना आयोग गठन गरी पालिका विकास योजना निर्माणको माथिल्लो निकायको रुपमा क्रियाशील गराउने ।
- समग्र पालिकाको समुचित विकासको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरी उनीहरुको विशिष्टिकृत क्षमतालाई उजागर गर्ने ।

## ख. सुशासन

### १. परिचय

सुशासन सार्वजनिक स्रोतको जनहितमा अधिकतम् उपयोग गर्दै सम्बन्धित समुदायलाई दीगो प्रतिफल दिन गरिने संस्थागत व्यवस्था र शासकीय अभ्यास नै सुशासन हो । कानूनी शासनन, शासकीय अभ्यासमा संलग्न पक्षको उच्च नैतिक आचरण, पारदर्शिता, जवाफदेहिता, सहभागिता, मितव्ययिता, कार्यकुशलता र जवाफदेहिता सुशासनका अवयव हुन् ।

### २. स्थानीय अवस्था

नेपाल सरकारको न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्यांकनमा प्रतापपुर गाँउपालिकाले विगतमा उत्कृष्ठता प्रस्तुत गर्दै आएको हो । नयाँ संविधान बमोजिमको संरचना निर्माण भइसकेपछि पनि पारदर्शिता र सुशासनको विषयलाई पालिकाले उच्च प्राथमिकतामा राख्दै विभिन्न कानूनी व्यवस्था निर्माणका साथै सुशासनसहितको स्थानीय शासन प्रवर्द्धनका अभ्यास गरिरहेको छ । पारदर्शी, जवाफदेही, उत्तरदायी र सहभागितामूलक, गुणात्मक प्रतिस्पर्धामा आधारित समतामूलक र सदाचारयुक्त एवं शासन प्रणालीलाई संस्थागत गर्ने प्रण प्रतापपुर गाँउपालिकाले लिएको छ ।

विकास निर्माणको हरेक प्रक्रियामा नागरिकको सुसूचित सहभागिता तथा सामाजिक जवाफदेहिता प्रवर्द्धनका विभिन्न औजार उपयोग गर्दै आएको छ । सार्वजनिक सरोकारका सबै सूचनामा नागरिकको सरल र सहज पहुँच सुनिश्चित गर्न पालिकाले संस्थागत प्रबन्ध गरेको छ । तथापि सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मसाथ गरी गाँउपालिका र नागरिकका बिचको विश्वास प्रवर्द्धन गर्न तथा आमनागरिकलाई जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउनका लागि थप प्रयास गर्नुपर्ने आवश्यकता पालिकाले महसुस गरेको छ ।

### ३. लक्ष्य

गाँउपालिकावासीलाई सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति दिलाउने ।

### ४. उद्देश्य

स्थानीय शासन र सेवा प्रवाहलाई थप गुणस्तरीय, पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउने ।

उमेश चन्द्र यादव
अध्यक्ष

## ५. अवसर

- संघीयता ढाँचा अनुसार गाँउपालिकाबाट सन्निकटता र समपूरणको सिद्धान्त अनुसार सेवा प्रवाह हुने अवस्था सृजना हुने
- गाँउपालिकामा नयाँ प्रविधि, ज्ञान, सीप र क्षमता भएका जनशक्तिको प्रवेश हुँदै जानु
- राजनिति र प्रशासनिक सुमधुर सह सम्बन्धको माध्यबाट विकास र सेवाप्रवाह प्रभावकारी हुँदै जानु ।

## ६. चुनौतिहरु

- गाँउपालिकाबासीहरुको बढ्दो अपेक्षा सम्बोधन गर्नेगरी सेवा प्रवाहमा सुधार गर्नु
- गाँउपालिकामा कार्यरतत सबै कर्मचारीहरुको क्षमताको पूर्ण उपयोग हुने गरी संस्थागत क्षमतामा अभिबृद्धि गर्नु
- संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी प्रशासकीय समन्वय कायम गर्ने गरी संरचनागत एवम् नीतिगत व्यवस्था गर्नु ।

## ७. रणनीतिहरू र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाँउपालिकाको शासकीय अभ्यासलाई अभ पारदर्शी बनाउन सूचना व्यवस्थापन र सूचनाको हक कार्यान्वयनमा थप प्रभावकारिता ल्याउने । | १ सूचनाको हक सम्बन्धी संघीय ऐनको पूर्ण कार्यान्वयन गरिने छ । |
| | २. पालिकाका विकास तथा सेवा सम्बन्धी सूचनालाई अद्यावधिक गरी नागरिकले बुझ्न सक्ने भाषा र स्वरुपमा समय समयमा सार्वजनिक गरिने छ । |
| | ३. विकास निर्माणका कार्यक्रम सम्बन्धी सूचना सम्बन्धित समुदायले सहज रुपमा प्राप्त गर्न सक्ने गरी कानूनी र प्रक्रियागत प्रबन्ध गरिने छ । |
| | ४.पालिकाको आन्तरिक संयन्त्रको क्षमता विकास र कार्यस्थलको स्वरुपमा आवश्यक परिवर्तन खुलाकार्य स्थलको अवधारणा प्रवर्द्धन गरिने छ । |
| | ५. पालिकाका निर्णय तथा आर्थिक गतिविधिका सूचनामा आम नागरिकको पहुँच बढाउन सूचना व्यवस्थापन र प्रवाहका बढी भन्दा बढी माध्यमको उपयोग गरिने छ । |
| २. स्थानीय विकासलाई सहभागिता मूलक बनाउन विकास प्रक्रियाका सबै चरणमा सहभागिता अभिवृद्धि गर्ने । | १. पालिकाबाट कार्यान्वय हुने सबै किसिमका पूर्वाधार निर्माणका कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गर्ने विधि तय गरी कार्यान्वयन गरिने छ । |
| | २. उपभोक्ता समितिमा पदाधिकारी तहमा महिला सहभागिता अनिवार्य हुने गरी कम्तीमा ३३ प्रतिशत महिला सहभागिता र सम्बन्धित समुदायको जनसांख्यिक सम्मिश्रणका आधारमा दलित, आदिवासी जनजाति तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चितता गरिने छ । |
| | ३. विकासका कार्यक्रम र बजेट तर्जुमा गर्दा लैंगिक उत्तरदायी र गरिबी निवारण केन्द्रित पद्धति कार्यान्वयन गरिने छ । |
| | ४. विकास कार्यक्रमको  उपलब्धी मूल्यांकन तथा परिमार्जन सम्बन्धी निर्णयमा सम्बन्धित समुदायको प्रतिनिधित्वका लागि आवश्यक प्रबन्ध गरिने छ । |
| ३. जवाफदेहिता प्रवर्द्धनका लागि सामाजिक जवाफ देहिताका औजारहरू तथा सूचना प्रविधिको अभ्यास र उपयोग । | १ गाँउपालिका तथा अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा तथा सुविधामा नागरिकको धारणा र सन्तुष्टी आँकलन गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, खुला अन्तरक्रियात्मक बैठकहरू, नागरिक प्रतिवेदन प्रणाली जस्ता सामाजिक जवाफदेहिताका उपयुक्त औजारहरूको समयबद्ध रुपमा उपयोग गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

| | |
|---|---|
| | २. सेवा र विकासका प्रक्रिया प्रति नागरिक तहमा रहन सक्ने असन्तुष्टी सम्बोधनका लागि पालिकास्तरमा गुनासो संकलन र सुनुवाईको संयन्त्र तयार गरी क्रियाशील गराइने छ । |
| | ३. विकास निर्माणको निर्णय लिनु अघि स्थानीय परम्परा, संस्कृति तथा सम्पदा एवं निश्चित समुदायको हितमा पर्नसक्ने नकारात्मक प्रभावको लेखाजोखा प्रक्रियामा सम्बन्धित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ । |
| | ४. गाउँपालिकाको कार्यप्रतिको नागरिक धारणा अभिव्यक्त हुने वातावरण बनाउन डिजिटल विधिहरू निर्धारण र प्रचार प्रसार गरिने छ । |
| ४. सदाचारितामा केन्द्रित शासकीय पद्धति अवलम्बन गर्ने । | १. गाँउपालिका र गाँउपालिका अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र सुविधा प्राप्तीको प्रक्रिया थप सरल बनाइने छ । |
| | २. राजस्व भुक्तानी, सिफारिस, नक्सा स्वीकृति प्रक्रिया आदिलाई विद्युतीय प्रणालीमा आबद्ध गरिने छ । |
| | ३ गाउँपालिकाको संयन्त्र तथा पालिकाभित्रका सबै सार्वजनिक निकायको सेवा प्रवाहमा हुनसक्ने आर्थिक अनियमितताको सूचना संकलन, विश्लेषणका लागि पालिकास्तरीय संयन्त्र निर्माण गरिने छ । |
| | ४. आन्तरिक र बाह्य रुपमा आर्थिक अनियमितता सम्बन्धी सूचना उपलब्ध गराउने सूचनादाताको संरक्षण गरिने छ । |
| | ५. आर्थिक अनियमितता सम्बन्धी अनुसन्धान, अभियोजन र तहकिकातका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने छ । |

उमेश चन्द्र यादव
अध्यक्ष

## ८. आवधिक प्राथमिकता सुशासन प्रवर्द्धन

क. नेपालको संविधानको धारा ५१ मा उल्लिखित सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने संघीय नेपालको मार्गदर्शकको रुपमा लिँदै गाउँपालिकाको शासकीय अभ्यासलाई थप पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउन संस्थागत सुशासन सम्बन्धी आवधिक प्राथमिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ।

| २०८१/०८२ | २०८२/०८३ - २०८३/०८४ | २०८४/०८५ - २०८५/०८६ |
| --- | --- | --- |
| १. गाँउपालिकामा रहेका ऐतिहासिक दस्तावेज तथा सबै किसिमका सूचना तथा तथ्याङ्क व्यवस्थित र सकेसम्म डिजिटलाइज गर्नका साथै अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्न सूचना अधिकारी तथा सम्बन्धित सूचना व्यवस्थापन शाखाका कामको विषयमा समन्वयात्मक रुपमा कार्य गर्ने र पालिकास्तरीय सूचना तथा अभिलेख केन्द्र स्थापना र सञ्चालन गर्ने । | १. अभिलेख व्यवस्थापन, सूचनाको स्वतः सार्वजनिकीकरण तथा सूचनाको मागको सम्बोधनको अभ्यासलाई व्यवस्थित गराई पालिकाबासीलाई सूचनाको हकको पूर्ण प्रत्याभूति दिलाउने । | १. अन्तरशाखा समन्वयमा सबै क्षेत्रको सूचनाको उचित व्यवस्थापन मार्फत् सूचनाको हक सम्बन्धी संघीय कानूनले तोकेको समय भन्दा छिटो पालिकाबासीले सूचना सेवा पाउने अवस्थामा पुऱ्याउने । |
| २. व्यक्तिको संविधान प्रदत्त गोपनियताको हकमा असर नपर्ने गरी पालिकाका विकास, सेवा तथा आर्थिक सूचनालाई डिजिटलाइज गरी अनलाइन पद्धतिबाट सार्वजनिक पहुँचमा उपलब्ध गराउने प्रक्रिया प्रारम्भ गर्ने ।<br>२.१. गाउँपालिकाको मुख्य प्रवेशद्वार बाहिर डिजिटल सूचना पाटी राख्ने र सोमार्फत् नागरिक बडापत्रका विषय लगायत आर्थिक तथा अन्य सूचना सार्वजनिक गर्ने पद्धति विकास गर्ने । | | २. सूचना सार्वजनिकीकरणको विधिलाई अनलाइन बनाई निर्धारित मितिमा नागरिक सम्वाद सञ्चालन हुने व्यवस्था गर्ने । |
| ३. बजेट तथा योजना एवं उपलब्धी विश्लेषणका आधारमा आर्थिक सूचना सहितको चौमासिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने र सो का आधारमा चौमासिक नागरिक सम्वाद गर्ने । | ३. आर्थिक सूचना पालिकाका सरोकारवाला बिच सार्वजनिक गर्ने पद्धतिलाई समयबद्ध बनाउने । खुला तथ्याङ्क (कम्प्यूटरकृत ओपन डाटा) तयारी गरी स्वतः खुलासाको अभ्यासलाई थप प्रभावकारी बनाउने । | |
| ४. कर भुक्तानी तथा नक्सा पास प्रकृयालाई अनलाइन बनाउन पूर्व तयारीका कार्य सम्पन्न गर्ने । | ४. विधुतीय माध्यमबाट नक्सा स्वीकृति तथा राजस्व भुक्तानी प्रणालीको पूर्णसेवालाई विधुतीय विधिबाट कार्यान्वयनका लागि पूर्व तयारी गर्ने । | ४. गाँउपालिका र वडाका सिफारिस लगायतका सेवालाई अनलाइन बनाउने । |
| ५. उपभोक्ताबाट कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयनको विद्यमान अभ्यासलाई संस्थागत र थप प्रभावकारी बनाउन र स्थानीय योजना तर्जुमा, कार्यान्वयन र अनुगमन पद्धतिलाई थप सहभागितामूलक बनाउन स्थानीय विकास कार्यक्रम सञ्चालन र व्यवस्थापन ऐन तथा अन्य सान्दर्भिक स्थानीय कानून बनाउने । | ५. विकास योजना योजना तर्जुमा तथा कार्यान्वन र नागरिक निगरानीको विधिलाई सहभागितामूलक बनाउन तय गरिएका स्थानीय कानून कार्यान्वयनको समीक्षा गरी थप रणनीति निर्माण गर्ने । | ५. गुरुत् योजना तथा पुँजी सुधार कार्यक्रम निर्माण वा परिमार्जनलाई सहभागितामूलक बनाउन स्थापित विधि तथा मापदण्डमा आवश्यक परिवर्तन गर्ने । |

उमेश प्रसाद यादव
अध्यक्ष

| | | |
|---|---|---|
| ६. नागरिकको गुनासो संकलन तथा समयबद्ध सुनुवाई र फछ्र्यौटको विधि निर्माण गरी कार्यान्वयन गर्ने । | ६. गुनासो संकलन र फछ्र्यौटको अभ्यासलाई अनलाइन बनाउने । | ७. जनप्रतिनिधि तथा सूचनाको हक, शुसासन तथा सुशासन प्रवर्द्धनका लागि पालिकाले तय गरेका विधि तथा मापदण्ड सम्बन्धी अनुशिक्षण दिने । |
| ७. जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक तथा सामाजिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने । | ७ जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने अभ्यासलाई वार्षिक रुपमा निरन्तरता दिने । | |
| ८. वडा र पालिकास्तरीय सार्वजनिक सुनुवाईमा सुसूचित सहभागिता प्रवर्द्धन गर्न छलफल अगाडि सम्बन्धित विषयको प्रमुख सूचना प्रवाहको व्यवस्था गर्ने । | | |
| | ९. सामाजिक जवाफदेहिता र सुशासन प्रवर्द्धनलाई सम्बन्धित शाखा र कर्मचारीको कार्यसम्पादन मापनका सूचकका रुपमा संस्थागत गर्ने । | ९. पारदर्शिता र सुशासनमा योगदान गर्ने एकजना कर्मचारी र एकजना नागरिक समाजका सदस्यलाई वार्षिक रुपमा पुरस्कृत गर्ने अभ्यास शुरु गर्ने । |
| | १०. बजेट तर्जुमा तथा कार्यान्वयनको अभ्यासलाई बृहत् योजना, मध्यकालीन खर्च संरचना र पूंजी सुधार कार्यक्रममा आधारित बनाउने अभ्यास संस्थागत गरिसक्ने । | |
| | | ११. गाउपालिका कार्यालयमा रहेका कार्यस्थलको वर्तमान स्वरुपमा आवश्यक परिवर्तन गरी खुला (पारदर्शी) कार्यकक्षको अवधारणा पूर्ण कार्यान्वयनमा ल्याइसक्ने । |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

संविधानको एकल तथा साभा अधिकार सूचीका विषयमा गाँउपालिकासभा वा कार्यपालिकाबाट स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूको प्रवोधीकरण कार्यान्वयनको अवस्थाको अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार परिमार्जन भएको हुनेछ । अधिकार क्षेत्रका अन्य विषयमा नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा, प्रकाशन र नागरिक शिक्षा तथा सचेतना कार्यक्रम मार्फत गाँउपालिकाबासीहरू जानकार भएका हुनेछन् । स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड परिपालना अभिवृद्धि भएको हुनेछ । गाँउपालिकाको विकास नीति, कार्यक्रम, कार्यसम्पादन र उपलब्धि बारे नागरिक बहस लगायत सामाजिक जवाफदेहिताको औजारहरूको प्रयोग मार्फत नागरिकको पृष्ठपोषण प्राप्त हुनेछ र सोको आधारमा नीति, कानून तथा कार्यविधि परिमाजर्नन भएका हुनेछन् । निर्वाचित पदाधिकारीको लागि सदाचार नीति तर्जुमा गरी सुशासन समिति मार्फत निगरानी अभिवृद्धि भएको हुनेछ ।

गाँउपालिकाको संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र सो अनुसार कर्मचारीको पदपूर्ती, संगठन सुदृढीकरण र क्षमता विकास भएको हुनेछ । योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, योजना व्यवस्थापन, विषय क्षेत्रगत नीति, कानून र सेवा प्रवाह सम्बन्धमा निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजका करिब प्रतिनिधिहरूको क्षमता विकास भएको हुनेछ । गाँउ कार्यपालिका कार्यालय, वडा कार्यालय र सेवा केन्द्रहरू पर्याप्त र सुरक्षित भवन, औजार उपकरण, आवश्यक अन्य भौतिक बस्तुहरू र सूचना प्रविधि युक्त भएका हुनेछन् । गाँउपालिकामा टोल विकास संस्थाहरू परिचालित भएका हुनेछन् र विकास निर्माण र सेवा प्रवाहमा समुदाय परिचालन, नागरिक सहभागिता र निगरानीमा अभिवृद्धि भएको हुनेछ । समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैरसरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा बृद्धि भएको हुनेछ ।

गाँउपालिकामा आयोजना बैंक स्थापना भई आयोजना कार्यान्वयन उपलब्धिमूलक, लागत प्रभावकारी, गुणस्तरीय र निर्धारित समयभित्र सम्पन्न हुनेछन् । दीर्घकालिन तथा आवधिक योजनाको आधारमा कृषि, पर्यटन, उद्यम तथा पूर्वाधार विकास लगायत गाँउपालिकाको समष्टिगत विकासका अग्रणी विषय क्षेत्रहरूको रणनीतिक तथा गुरुयोजना तर्जुमा भई सो अनुसार बार्षिक कार्यक्रम तथा कार्यक्रम तर्जुमा भई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अनुसार योजनाको प्रगति तथा उपलब्धिको मापन प्रणालीको संस्थागत विकास भएको हुनेछ । स्थानीय सुशासन तथा संस्थागत विषयत क्षेत्रको नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| नतिजा सूचकहरू | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रभाव : सेवा प्रवाह सहज, प्रभावकारी र जवाफदेही भएको हुने । | गाँउपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० | १०० | |
| | आन्तरिक आयको औसत वृद्धिदर | प्रतिशत | - | १० | १० | १० | १० | १० | १० | |
| | योजना तर्जुमा क्यालेण्डर पालना | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| असर १ : विकास नीति एवम् कार्य सन्चालन प्रणाली सरल, स्पष्ट र पारदर्शी भएका हुने । | कार्यान्वयन रहेका नीति, ऐन नियम, कार्यविधि र मापदण्ड | संख्या | ४८ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| | नीति, कानून र कार्यविधिको परिपालनाको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | कुल गुनासो मध्ये सुनुवाइ भएको गुनासोको अनुपात | प्रतिशत | औपचारिक गुनासो नपरेको | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | अभ्यासमा रहेका सामाजिक जवाफदेहिताका औजारका प्रकार | प्रकार | २ | २ | २ | २ | २ | २ | २ | |
| असर २ : नपाको संगठन तथा व्यवस्थापन क्षमता, कार्य दक्षतामा अभिवृद्धि भएको हुने | सुधार विषयगत सेवा/सुविधाको प्रकार : स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, पूर्वाधार, महिला र बालबालिका, वातावरण, विपद्, सरसफाइ आदी। | संख्या | कानून अनुसारका सबै | कानून अनुसारका सबै | कानून अनुसारका सबै | कानून अनुसारका सबै | कानून अनुसारका सबै | कानून अनुसारका सबै | कानून अनुसारका सबै | |
| | कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाको आफ्नो भवन | संख्या | - | ९ | ९ | ९ | ९ | ९ | ९ | |

| नतिजा शृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित पदाधिकारी, कर्मचारी र नागरिक समाज (वार्षिक) | संख्या | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | गा.पा. अन्तरगत कार्यरत प्राविधिक मानव संसाधन | संख्या | १९ | २२ | २५ | २८ | ३१ | ३४ | ३४ | |
| | दरबन्दी अनुसारको नपुग जनशक्ति | संख्या | - | ० | ० | ० | ० | ० | ० | |
| असर ३ : आन्तरिक र बाह्य स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ भएको हुने । | राजस्व शाखामा कार्यरत कर्मचारी | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| | कुल राजस्वमा आन्तरिक आयको अनुपात | प्रतिशत | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | |
| | कुल बजेटमध्ये खर्च रकम वार्षिक सरदर | प्रतिशत | ८० | ८२ | ८५ | ९० | ९० | ९५ | ९५ | |
| | लक्षित वर्गको लगानीको अंश | प्रतिशत | - | २ | ४ | ५ | ६ | ७ | ७ | |
| असर ४ : योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, सगारोजी तथा नतिजामूलक भएको हुने । | सूचना व्यवस्थापन प्रणाली | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| | आयोजना बैंकमा सूचीकृत आयोजना | संख्या | - | १ | १ | १ | १ | १ | १ | |
| | समयमै सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ८० | ८४ | ८६ | ९० | ९४ | ९५ | ९५ | |

| नतिजा श्रृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, वार्षिक र नतिजा नुगमन) | पटक सरदर | २ | २ | २ | २ | २ | २ | २ | |
| | समुदाय, सहकारी, निजी क्षेत्र, गैसस, सहयोगी र नागरिक समाज संस्थाको लगानी अंश | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | १० | १० | |
| प्रतिफल १.१ : नीति, ऐन, नियम परिपालनामा वृद्धि भएको हुने । | कार्यान्वयन रहेका स्थानीय नीति, ऐन तथा नियम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | संशोधन भएका नीति, ऐन तथा नमय | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| प्रतिफल १.२ : सरल, सहज र स्पष्ट कार्य प्रणालीको व्यवस्था भएको हुने । | कार्यान्वयन रहेका कार्यविधि, निर्देशिका र मापदण्ड | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | सञ्चालित मोबाइल एप्लीकेशन/ सफ्टवेयर | संख्या | - | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| प्रतिफल १.३ : नीति, कानून, प्रणाली र निर्णयहरूको बारेमा आम नागरिक सुसुचित भएको हुने । | प्रकाशन र प्रसारण गरिएका नीति, कानून, कार्यविधि र मापदण्डहरू | संख्या | - | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| प्रतिफल २.१ : संगठन संरचना, दरबन्दी र कार्यविवरण स्वीकृत भएको हुने । | सुधार शाखा/उपशाखा/एकाई | संख्या | २६ | २७ | २८ | २९ | ३० | ३० | ३०० | |
| | स्वीकृत दरवन्दी संख्या | संख्या | - | ८० | ८२ | ८५ | ९० | ९५ | ९५ | |

उमेश चन्द्र यादव
अध्यक्ष

| नतिजा सूचकहरू | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| | कार्यविवरण उपलब्ध शाखा/ उपशाखा/ एकाइ | संख्या | - | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | कार्य विवरण उपलब्ध पद | प्रतिशत | - | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | विद्युतिय हाजिरी भएका कार्यालय, शाखा तथा इकाइ | प्रतिशत | - | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| प्रतिफल ३.१ : नपाको राजस्व प्रणाली थप व्यवस्थित भएको हुने । | कार्यान्वयनमा रहेका राजस्व सम्बन्धी नीति र राजस्व सुधार कार्यक्रम | संख्या | - | २ | २ | २ | २ | २ | २ | |
| | लेखा तथा राजस्व सम्बन्धी सफ्टवेयर | संख्या | - | २ | २ | २ | २ | २ | २ | |
| | राजस्व सुधारको लागि भएको लगानी वार्षिक रकम (सरदर) | रु हजारमा | - | १५०० | २००० | २५०० | ३००० | ३५०० | ३५०० | |
| प्रतिफल ४.१ : समावेशी र सहभागितात्मक रुपमा वार्षिक बजेट तथा कार्यक्रम योजना तर्जुमा भएको हुने | योजना तर्जुमा क्यालेण्डर | भए/नभएको | भएको | भएको | हुने | हुने | हुने | हुने | हुने | |
| | स्थानीय योजना तर्जुमा प्रक्रियामा सहभागि गैसस, सहयोगीसस्था नपालार | प्रतिशत | - | २५ | ५० | ७५ | १०० | १०० | १०० | |
| | वस्तीस्तर योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिताको अवस्था | अनुपात | पर्याप्त | थप सुधार | थप सुधार | थप सुधार | थप सुधार | थप सुधार | थप सुधार | |

| नतिजा श्रृङ्खला | सूचक | | आधाररेखा (आ.व. ०७९/८० सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | |
| प्रतिफल ४.२ : वार्षिक कार्ययोजना अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन भएको हुने | वार्षिक कार्ययोजना तर्जुमा | भए/नभएको | भएको | भएको | हुने | हुने | हुने | हुने | हुने | |
| | वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना | भए/नभएको | भएको | भएको | हुने | हुने | हुने | हुने | हुने | |
| | कार्ययोजना अनुसार समयमा सम्पन्न आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | - | ५० | ६० | ८० | ८० | ९० | ९० | |
| प्रतिफल ४.३ : वार्षिक योजना तथा बजेट नतिजामूलक रूपमा तर्जुमा भएको हुने । | वार्षिक बजेट तथा कार्यक्रममा आवधिक योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | - | २० | ४० | ५० | ७० | ९० | ९० | |
| | वार्षिक बजेट तथा कार्यक्रममा विषय क्षेत्रगत रणनीतिक/ गुरुयोजनामा समावेश आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | - | ३० | ४० | ५० | ७० | ९० | ९० | |
| | वार्षिक बजेट र कार्यक्रममा आयोजना बैंकको सूची तथा मध्यमकालीन खर्च संरचनामा समावेश आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | - | १० | २० | ३० | ४० | ५० | ५० | |

उमेश चन्द्र यादव
अध्यक्ष

## प्रमुख कार्यक्रम तथा आयोजना

सुशासन र संस्थागत विकास र क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाँउपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकताको आधारमा देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ :

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्रोतगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| **उद्देश्य १ : स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु** | | | | | | | | | | |
| नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रशोधीकरण तथा प्रकाशन | विषय | ८० | ४००० | ६००० | ६००० | ४००० | ४००० | २४००० | ३०० | |
| सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम ( सामाजिक जवाफदेहिता प्रवर्द्धन एकीकृत सयन्त्र विकास र अनुशरण ) | पटक | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २०० | |
| नागरिक सन्तुष्टी सर्वेक्षण तथा बहस कार्यक्रम | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० | |
| विधुतीय शासन प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० | |
| विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | १५ | ६०० | ६०० | ६०० | ४०० | ६०० | ३००० | २०० | |
| नीति, योजना, सेवा प्रवाह र कार्यक्रम सम्बन्धी अध्ययन र सर्वेक्षण कार्यक्रम | पटक | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | |
| **उद्देश्य १ को जम्मा** | | | | | | | | ४२२५० | | |
| **उद्देश्य २: स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु** | | | | | | | | | | |
| कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | संख्या | १० | ७५०० | ७५०० | ७५०० | ७५०० | ७५०० | ३७५०० | ३७५० | |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यक्रम | पटक | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० | |
| जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | विषय | २० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | २७५ | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| अन्तर स्थानीय तह परामर्श तथा अनुभव आदान- प्रदान कार्यक्रम | पटक | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५०० | |
| कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |
| संगठन विकास र सुदृढीकरण कार्यक्रम | पटक | ५ | ७५० | - | - | ७५० | - | १५०० | ३०० | |
| सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम।कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरू समेत। | एकाई | २० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १२५० | |
| न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |
| टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | संख्या | ८० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५ | |
| लक्षित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | ५० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४० | |
| गैसस समन्वय तथा सामाजिक परिचालन कार्यक्रम | पटक | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | |
| **उद्देश्य २ को जम्मा** | | | | | | | | ८८५०० | | |
| **उद्देश्य ३: आन्तरिक र बाह्य स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु** | | | | | | | | | | |
| राजस्व संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपण ।राजस्व सुधार कार्ययोजना परिमार्जन। | पटक | २ | - | - | १००० | - | १००० | २००० | १००० | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र संचालन कार्यक्रम | पटक | ५ | १००० | ४०० | ४०० | ४०० | ४०० | २६०० | ५२० | |
| राजस्व परामर्श समिति तथा शाखा क्षमता विकास कार्यक्रम | पटक | ५ | १००० | ३०० | ३०० | ३०० | ३०० | २२०० | ४४० | |
| वडा स्तरमा करदाता शिक्षा कार्यक्रम | वार्षिक पटक | ८० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५ | |
| करदाता प्रोत्साहन कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | |
| राजस्व परिचालन अनुगमन कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | |
| आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | |
| अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसम्वाद कार्यक्रम | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० | |
| **उद्देश्य ३ को जम्मा** | | | | | | | | **१४,३००** | | |
| **उद्देश्य ४: योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमा आधारित, समावेशी र नतिजामूलक बनाउन** | | | | | | | | | | |
| स्थानीय आयोजना बैंक तयारी | पटक | ५ | ४००० | ५०० | ५०० | ५०० | ५०० | ६००० | १२०० | |
| योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र सिकाइ प्रणाली सञ्चालन | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० | |
| विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भू-उपयोग, जलवायु अनुकूलन तथा विपद व्यवस्थापन) | विषय | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजार) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | | |
| मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मध्यावधी समीक्षा र अद्यावधिक | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | |
| रु. २५ लाख भन्दा बढी लागतका आयोजनाहरुको तेस्रो पक्षबाट प्राविधिक परीक्षण तथा मूल्याङ्कन (वार्षिक) | वटा | १५ | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | | |
| उपभोक्ता समिति क्षमता विकास कार्यक्रम ( चौमासिक रुपमा) | पटक | २० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | |
| वस्तुस्थिति विवरण तयारी र अद्यावधिक | पटक | २ | - | - | १५०० | - | १५०० | ३००० | | |
| नतिजामा आधारित वार्षिक योजना तर्जुमा | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| उद्देश्य ४ को जम्मा | | | | | | | | ३१००० | | |
| संस्थागत विकास कुल जम्मा | | | | | | | | १८४०५० | | |

# परिच्छेद ९ : कार्यान्वयन एवम् अनुगमन

## १.आवश्यक स्रोत

यो आवधिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत अनुमानको आधार तथा सम्बन्धित प्राविधिकहरूसँग गरिएको छलफलका आधारमा तय गरिएको प्राविधिक संभाव्यता तथा प्रति एकाइ लागत रहेको छ ।

आवधिक विकास योजनाको नतिजा प्राप्त गर्नका लागि प्रस्तावित आयोजना तथा कार्यक्रम लगायत अति आवश्यक नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ । जसअनुसार आवधिक विकास योजना अवधिका लागि कुल ३ अर्ब ८ करोड ३५ लाख ८० हजार आवश्यक पर्ने अनुमान गरिएको छ । योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | विषयगत क्षेत्र | रकम (रु.हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक विकास क्षेत्र | १०२९८०० | ३०.४४ |
| २. | सामाजिक विकास क्षेत्र | ५५९५५० | १६.५४ |
| ३. | पूर्वाधार विकास क्षेत्र | १२६५००० | ३७.३९ |
| ४. | वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | ३४४६८० | १०.१९ |
| ५. | संस्थागत विकास तथा सुशासन क्षेत्र | १८४०५० | ५.४४ |
| कुल जम्मा | | ३३८३०८० | १०० |

## २. आवधिक योजना कार्यान्वयन

आवधिक योजनाको कार्यान्वयन वार्षिक बजेट तथा कार्यक्रम मार्फत् गरिनेछ । यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य रणनीति तथा प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवम् कार्यक्रमलाई आधार लिईनेछ । आवधिक विकास योजनामा आधारित भई चार वर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार गरिनेछ । मध्यकालीन खर्च संरचना बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा बार्षिक बजेट तयार गरी योजनाको कार्यान्वयन गरिनेछ ।

यसै गरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा मध्यकालिन खर्च संरचना र आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिईने छ । योजनाको स्वीकृती पछि कार्यपालिकाबाट सबै विषयगत समिति एवम् शाखा, सबै वडा कार्यालय तथा सम्बन्धित सरोकारवालालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत योजनाको कार्यान्वयनको लागि लिखित रुपमा जानकारी प्रदान गरिनेछ । आवधिक योजनाको आधारमा आयोजना बैंक, मध्यकालिन खर्च योजना र सो बमोजिम बार्षिक योजना तर्जुमा गरी आवधिक योजना कार्यान्वयन गरिनेछ ।

स्थानीय सरकारले तर्जुमा गर्नु पर्ने आवधिक, विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना र बार्षिक बजेट तथा कार्यक्रम (योजना) बीचको अन्तरसम्बन्ध देहायअनुसार रहनेछ ।

## ३. अनुगमन, मूल्याङ्कन

अनुगमन तथा मूल्याङ्कनको संस्थागत विकास गर्नका लागि गाँउ कार्यपालिकाको कार्यालय, विषयगत समिति, शाखा, सम्बन्धित परियोजना र जिससमा सो सम्बन्धि संयन्त्रको विकास गरिएको छ । स्रोत साधन, दक्ष जनशक्ति, प्राविधिक दक्षताको कमीका कारण विकास गतिविधिहरूमा गरिने अनुगमन कार्यलाई नतिजा खाका तथा निर्धारित लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरूसंग जोडी अपेक्षित नतिजा हासिल भए नभएको यकिन गर्न सकिएको छैन । तथापि आयोजनाको प्रगतिको अवस्था, समयमै तोकिएको शर्तमा आयोजना सम्पन्न गर्न गराउन गर्नु पर्ने कार्यलाई सचेत गराउने तथा सम्पन्न भए नभएको अवस्थाको अनुगमन गर्ने परिपाटी यस यस गाँउपालिकामा रहेको छ ।

### ३.१ अनुगमन तथा मूल्यांकनको जिम्मेवारी

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाँउ कार्यपालिकाको हुनेछ भने यस कार्यमा अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी देहायअनुसार हुनेछ ।

- गाँउ कार्यपालिका
- जिल्ला समन्वय समिति
- अनुगमन तथा सुपरीवेक्षण समिति र विषयगत समिति

- विषयगत शाखा, उपशाखा, एकाइ, परियोजना, संघ/संस्था
- नागरिक समाज संस्था तथा तेस्रो पक्ष

## ३.२ अनुगमन तथा मूल्यांकन विधि तथा प्रक्रिया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहाय अनुसार रहनेछ ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार वार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया देहाय अनुसार प्रस्ताव गरिएको छ । यस बमोजिम नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी आवधिक योजना समेत वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गाँउ कार्यपालिकाले गर्नेछ ।

# सन्दर्भ सामग्रीहरू


- प्रथम पञ्चवर्षीय योजनादेखि पन्धौं योजना (२०७६/०७७–२०८०/२०८१)
- लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (२०७६/०७७–२०८०/२०८१)
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपालको संविधान २०७२
- राष्ट्रिय योजना आयोग, नेपाल
- नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना सन् २०१६-२०२५
- नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौं
- नेपाल राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं
- राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौं
- नापी बिभाग, मिनभवन, काठमाडौं
- प्रतापपुर गाँउपालिकाको प्रथम आवधिक विकास योजना (२०७८/०७९–२०८२/२०८३)
- प्रतापपुर गाँउपालिकाको वार्षिक शिक्षा विकास योजना (२०७९/०८०–२०८३/२०८४)
- विषयगात शाखाहरु प्रतापपुर गाँउपालिका
- सर्वेक्षण
- https://pratappurmun.gov.np/

# अनुसूची

## अनुसूची - १ : गाँउपालिकाको स्वर्णीमका योजनाहरु

**योजना १**

| आयोजना / योजनाको नाम | कृषि विद्युतीकरण योजना |
|---|---|
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | गाँउपालिकाका ९ वटै वडामा कृषि विद्युतीकरणको माध्यमबाट खेतीयोग्य जमिनमा वर्ष भरि सिंचाइको व्यवस्था गरी उत्पादन वृद्धि गर्ने । |
| योजनास्थल | प्रतापपुर गाँउपालिका |
| लाभान्वित जनसंख्या | सम्पूर्ण कृषक |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | १० करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | कृषि उत्पादनमा वृद्धि, कृषि उपजहरुको विविधिकरण |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | सुदृढ र सबल अर्थतन्त्रमा टेवा पुग्ने |
| योजना सम्पन्न गर्न लाग्ने समय | ५ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | डिप बोरिंग, स्यालो टुबवेल, तारपोल जडान गरी भूमिगत पानीको प्रयोगबाट |
| उपलब्ध श्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघीय सरकारसंग माग, सहुलियत ऋण |

## योजना २

| आयोजना / योजनाको नाम | कृषि यान्त्रिकरण कार्यक्रम |
| --- | --- |
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | कृषिमा आधुनिक प्रविधिको प्रयोग तथा यान्त्रीकरणको माध्यमबाट लागत मूल्य घटाई नाफा बढाउने |
| योजनास्थल | प्रतापपुर गाँउपालिका |
| लाभान्वित जनसंख्या | सम्पूर्ण कृषक |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | ३५ करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | कृषि काममा छिटो छरितो, सहज र उत्पादन लागत कम हुने |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | प्रविधिक जनशक्तिको विकास |
| योजना सम्पन्न गर्न लाग्ने समय | ५ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | कृषकहरुबाट औजार, यन्त्र, पशोधन गर्ने मेसिन आदिको खरीद |
| उपलब्ध श्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघीय सरकारसंग माग, सहुलियत ऋण |

योजना ३

| आयोजना / योजनाको नाम | खानेपानी योजना |
| --- | --- |
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | प्रतापपुर गाँउपालिकाका सम्पूर्ण नागरीकलाई स्वच्छ खोपानी उपलब्ध हुनेछ । |
| योजनास्थल | प्रतापपुर गाँउपालिका |
| लाभान्वित जनसंख्या | सम्पूर्ण पालिकावासी |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | १० करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | सफा आर्सनिक रहित खानेपानी वितरण |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | सरसफाईमा सुधार |
| योजना सम्पन गर्न लाग्ने समय | ५ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रक्रिया |
| उपलब्ध श्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघीय सरकारसँग माग, सहुलियत ऋण |

योजना ४

| आयोजना / योजनाको नाम | चक्रपथ निर्माण योजना |
| --- | --- |
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | प्रतापपुर गाँउपालिकाका ९ वटै वडा जोड्ने चक्रपथ निर्माण |
| योजनास्थल | प्रतापपुर गाँउपालिका |
| लाभान्वित जनसंख्या | सम्पूर्ण पालिकावासी |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | ४५ करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | मुख्यबस्ती तथा बाहिरी सडकसँगको पहुँच बढ्ने, यातायातमा सहज हुने |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | सुदृढ र सबल अर्थतन्त्रमा टेवा पुग्ने |
| योजना सम्पन्न गर्न लाग्ने समय | ३ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रक्रिया |
| उपलब्ध स्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघीय सरकारसँग माग, सहुलियत ऋण |

योजना ५

| आयोजना / योजनाको नाम | मानव निर्मित कृतिम ताल |
|---|---|
| संक्षिपत परिचय र अपेक्षित प्रतिफल | चोरनीग धोलामा रहेको नदी उकास क्षेत्रको २९२ बिघा जग्गाको उपयोग गरी मानव निर्मित कृतिम ताल निर्माण |
| योजनास्थल | वडा नं. ८ |
| लाभान्वित जनसंख्या | सबै पालिकाबासी |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | २५ करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | आन्तरिक र बाह्य पर्यटनको वृद्धि भई स्थानीयहरुको आम्दानी बढ्नेछ र युवाहरुले रोजगारी प्राप्त गर्नेछन् |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | पर्यटन प्रवर्द्धनमा विशेष विस्तार, राष्ट्रिय अन्तरराष्ट्रिय जगतमा पहिचान, सुदृढ र सबल अर्थतन्त्रमा टेवा पुग्न |
| योजना सम्पन गर्न लाग्ने समय | ३ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रकिया |
| उपलब्ध श्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघ र सरकारसँग माग, सहुलियत ऋण |

उमेश चन्द्र यादव
अध्यक्ष

योजना ६

| आयोजना / योजनाको नाम | **एक वडा एक कि.मी. पक्की सडक निर्माण** |
|---|---|
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | प्रतापपुर गाँउपालिकाका ९ वटै वडामा प्रत्यक वर्ष एक कि.मी. पक्की सडक निर्माण |
| योजनास्थल | सवै वडा |
| लाभान्वित जनसंख्या | सबै पालिकावासी |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | २२ करोड ५० लाख |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | मुख्यबस्तीको सडकसँग पहुँच बढ्ने, यातायातमा सहज हुने |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | सुदृढ र सवल अर्थतन्त्रमा टेवा पुग्ने |
| योजना सम्पन्न गर्न लाग्ने समय | 1 वर्ष ( ५ वर्षसम्म निरन्तरता दिने। |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रक्रिया |
| उपलब्ध श्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघीय सरकारसँग माग |

## अनुसूची - २ : गाँउपालिकाको गौरवका योजनाहरु

**योजना १**

| आयोजना / योजनाको नाम | सार्वजनिक विद्यालय सबलीकरण योजना (विश्वास अभियान) |
|---|---|
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षा मार्फत नमुना विद्यालयको रुपमा विकास गर्न विश्वास (विद्यालय स्वास्थ्य सचेतना) अभियान कार्यक्रम संचालन गरि विद्यार्थीहरुमा स्वः उत्प्रेरणा जगाउदै हप्ताको १ दिन Book Free Day कार्यक्रम संचालन गरी सेवामुलक, आयमुलक, सीपमुलक, टेवामुलक व्यवहारिक ज्ञान मार्फत पढ्दै, सिक्दै, रमाउदै, कमाउदै आत्मनिर्भर बनाउने |
| योजनास्थल | सम्पूर्ण वडाका सामुदायिक विद्यालय |
| लाभान्वित जनसंख्या | सबै विद्यार्थी तथा अभिभावक |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | ५ करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | गुणस्तरीय शिक्षा विस्तार, शिक्षकमा उत्प्रेरणा, अभिभावकमा जागरुकता वृद्धि |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | विद्यार्थीहरु पढ्दै, सिक्दै, रमाउदै, कमाउदै आत्मनिर्भर बन्ने |
| योजना सम्पन्न गर्न लाग्ने समय | ५ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रक्रिया |
| उपलब्ध स्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघीय सरकारसँग माग |

उमेश चन्द्र यादव
अध्यक्ष

योजना २

| आयोजना / योजनाको नाम | धार्मिक पर्यटन प्रवर्द्धन |
| --- | --- |
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | विनयी त्रिवेणी गाँउपालिकाको त्रिवेणीमा दर्शनको लागि आउने तिर्थयात्रीलाई आधार बनाएर त्रिवेणीबाट प्रतापपुर गाँउपालिका वडा नं. ३ र वडा नं. १ मै सिमानामा अवस्थित बाउन्नगढी देवी मन्दिरको परिसर शनिदेव, हनुमान मन्दिर स्थापना गरी पर्यटन आगमनमा वृद्धि गर्ने |
| योजनास्थल | वडा नं ३ र वडा नं. १ |
| लाभान्वित जनसंख्या | सम्पूर्ण पालिकावासी |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | ५ करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | मौलिक तथा धार्मिक पर्यटन प्रवर्द्धन, समुदायको आम्दानीमा वृद्धि, राष्ट्रिय अन्तरराष्ट्रिय जगतमा पहिचान, |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | आन्तरिक तथा बाह्य पर्यटकको आगमनले व्यवसाय विस्तारले समुदायको आम्दानी वृद्धि हुनुको साथै युवाहरु रोजगारीमा व्यस्त रहनेछन् |
| योजना सम्पन्न गर्न लाग्ने समय | २ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रक्रिया |
| उपलब्ध स्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघ र सरकारसँग माग, सहुलियत ऋण |

उमेश चन्द्र यादव
अध्यक्ष

## योजना ३

| आयोजना / योजनाको नाम | **२४सै घण्टा चिकित्सक सहित फ्रि एम्बुलेन्स सेवा** |
|---|---|
| **संक्षिपत परिचय र अपेक्षित प्रतिफल** | गाँउपालिका भित्र हरेक नागरीकलाई २४औ घण्टा निशुल्क चिकित्सक सहितको एम्बुलेन्स सुविधा |
| **योजनास्थल** | प्रतापपुर गाँउपालिका |
| **लाभान्वित जनसंख्या** | सम्पूर्ण पालिकावासी |
| **लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा)** | ३ करोड |
| **योजनाबाट हुने प्रत्यक्ष लाभ** | गाँउपालिका भित्र हरेक नागरीकले निशुल्क एम्बुलेन्स सेवा प्राप्त गर्ने |
| **योजनाबाट हुने अप्रत्यक्ष लाभ** | पालिकाको प्रचार प्रसार हुने, पालिकावासिको स्वास्थ्य क्षेत्रमा सुलभ पहुच हुने |
| **योजना सम्पन गर्न लाग्ने समय** | ५ वर्ष (निरन्तर) |
| **कार्यान्वयन गर्ने तरिका** | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रकिया |
| **उपलब्ध श्रोत** | पालिकाको आफ्नै बजेट, निजी क्षेत्र, मह्रायन्न, प्रदेश, संघ र सरकारसँग माग / सहुलियत ऋण। |

योजना ४

| आयोजना / योजनाको नाम | डिजिटल प्रतापपुर |
|---|---|
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | सुचना तथा प्रविधिको अधिकतम प्रयोग गरि उर्जा, पर्यटन, वित्तिय सेवा कनेक्टिभिटी, शहरी पुर्वाधार, शिक्षा, स्वास्थ्य र कृषिमा नयाँ आयामको विकास गर्दै सुदृढ र सबल अर्थतन्त्रमा टेवा पुर्‍याउने |
| योजनास्थल | सबै वडाहरु |
| लाभान्वित जनसंख्या | सम्पूर्ण पालिकावासी |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | ५ करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | सुदृढ र सबल अर्थतन्त्रमा टेवा पुग्ने |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | पालिकाको प्रचार प्रसार हुने, युवाहरु विदेश पलायन हुनबाट रोक |
| योजना सम्पन्न गर्न लाग्ने समय | ५ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रक्रिया |
| उपलब्ध श्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघ र सरकारसँग माग, सहुलियत ऋण |

उमेश चन्द्र यादव
अध्यक्ष

योजना ५


| आयोजना / योजनाको नाम | गाँउपालिका विद्युत बस संचालन योजना |
|---|---|
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | प्रतापपुर गाँउपालिकाको विभिन्न ठाँउबाट बुटवल, भैरहवा, भरतपुर रुटमा ५ वटा प्रतापपुर विद्युतिय पालिका बस संचालन |
| योजनास्थल | प्रतापपुर गाँउपालिका |
| लाभान्वित जनसंख्या | आन्तरिक र बाह्य सम्पूर्ण पालिकावासी |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | ५ करोड |
| योजनाबाट हुने प्रत्यक्ष लाभ | सहज तथा गुणस्तरीय यातायातको पहुँच, डिजेलमा हुने खर्च बचत, वातावरणमा शुद्धता, प्रदुषण न्यूनिकरण, गाँउपालिकाको प्रतिष्ठा वृद्धि |
| योजनाबाट हुने अप्रत्यक्ष लाभ | पर्यटन प्रवर्धनमा विशेष विस्तार, समुदायको आम्दानीमा बृद्धि, अन्तर्राष्ट्रिय जगतमा पहिचान |
| योजना सम्पन्न गर्न लाग्ने समय | २ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रक्रिया |
| उपलब्ध श्रोत | पालिकाको आफ्नै बजेट, प्रदेश, संघ र सरकारसँग माग, सहुलियत ऋण |


योजना ६


| आयोजना / योजनाको नाम | एक वडा एक खेल मैदान निर्माण |
|---|---|
| संक्षिप्त परिचय र अपेक्षित प्रतिफल | प्रतापपुर गाँउपालिकामा एक वडा एक खेल मैदान निर्माण |
| योजनास्थल | ९ वटा वडामा |
| लाभान्वित जनसंख्या | सम्पूर्ण पालिकावासी |
| लागत खर्चको प्रारम्भिक अनुमान (रु.हजारमा) | ४ करोड ५० लाख |
| योजनावाट हुने प्रत्यक्ष लाभ | युवाहरुको खेलकुदमा क्षमता विकास भई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय जगतमा छनौटको सम्भावना रहने |
| योजनावाट हुने अप्रत्यक्ष लाभ | राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा पहिचान |
| योजना सम्पन्न गर्न लाग्ने समय | ३ वर्ष (निरन्तर) |
| कार्यान्वयन गर्ने तरिका | प्रचलित ऐन, कानुन, नीति, नीयम अनुसारको प्रक्रिया |
| उपलव्ध श्रोत | पालिकाको आफ्नै वजेट, प्रदेश, संघ र सरकारसँग माग, सहुलियत ऋण |

उमेश चन्द्र यादव


## अनुसूची - ३ : वडाहरुको विभिन्न विवरण सहितको भौगोलिक नक्साहरु






प्रतापपुर गाउँपालिका
वडा नं. २
Legend
Bridge
Road Network
Stream
Ward Boundary
Canal
Pond
Settlement
Agriculture
Forest





प्रतापपुर गाउँपालिका
वडा नं. ३
Legend
Bridge
Minor Road
Major Road
Stream
Ward Boundary
Canal
Pond
Settlement
Brick Industrial
Agriculture
Forest
Meters


प्रतापपुर गाउँपालिका
वडा नं. ४
Legend
Bridge
Minor Road
Major Road
Stream
Ward Boundary
Canal
Pond
Settlement
Brick Industrial
Agriculture
Forest



प्रतापपुर गाउँपालिका
वडा नं. ५
Legend
Bridge
Minor Road
Major Road
Stream
Ward Boundary
Canal
Pond
Settlement
Brick Industries
Agriculture
Forest


प्रतापपुर गाउँपालिका
वडा नं. ६
Legend
Bridge
Minor Road
Major Road
Ward Boundary
Canal
Pond
Settlement
Agriculture
Forest


प्रतापपुर गाउँपालिका
वडा नं. ७
Legend
Bridge
Minor Road
Major Road
Stream
Ward Boundary
Canal
Pond
Settlement
Brick industrial
Agriculture
Forest



प्रतापपुर गाउँपालिका
वडा नं. ८
Legend
Bridge
Minor Road
Major Road
Stream
Ward Boundary
Canal
Pond
Settlement
Brick Industrial
Agriculture
Forest


प्रतापपुर गाउँपालिका
वडा नं. ९
Legend

उमेश चन्द्र यादव

# कार्यशाला गोष्ठी







उमेश चन्द्र यादव
अध्यक्ष

# कार्यशाला गोष्ठी







उमेश चन्द्र यादव

# कार्यशाला गोष्ठी







# वडागत छलफल







# वडागत छलफल







उमेश चन्द्र यादव
अध्यक्ष

## वडागत छलफल







उमेश चन्द्र यादव
अध्यक्ष

# वडागत छलफल







# स्थलगत सर्वेक्षण








उमेश चन्द्र यादव
अध्यक्ष

# मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण







उमेश चन्द्र यादव
अध्यक्ष

लुम्बिनी प्रदेश नवलपरासी जिल्ला प्रतापपुर गाउँपालिकाको कार्यलयको आयोजना तथा परामर्श दाता संस्था श्री ट्रेड एण्ड इन्जिनियरिङ्ग प्रा.ली नयां बानेश्वर काठमाण्डौको प्रायोजनमा आर्थिक वर्ष २०८०।८१ को स्विकृत बार्षिक कार्य योजना अनुसार आयोजित आवधिक योजना अध्यावधिक सम्बन्धी प्रारम्भिक अभिमुखिकरण तथा छलफल कार्यक्रम नेपाल सरकारका पुर्व मुख्य सचिव श्री मान सोमलाल सुवेदी ज्युको प्रमुख प्रशिक्षकत्वमा गाउँपालिकाका कार्यलयका अध्यक्ष श्री उमेश चन्द्र यादव ज्यु को अध्यक्षतामा देहायको उपस्थितीमा सम्पन्न गरियो ।

उपस्थिती

१ प्रमुख प्रशिक्षक श्री सोमलाल सुवेदी नेपाल सरकारका पुर्व मुख्य सचिव
२ सभाध्यक्ष तथा प्रतापपुरगाउँपालिकाका अध्यक्ष श्री उमेश चन्द्र यादव
३ गाउँपालिकाका उपाध्यक्ष श्री मानकुमारी चौधरी
४ वडा अध्यक्ष ६ नं. वडा [illegible] चौधरी
५. [illegible] प्रसाद [illegible] कार्यपालिका [illegible]
६ [illegible] वडा अध्यक्ष [illegible]
७ [illegible] चौधरी [illegible]
८ - [illegible] शाह वडा अध्यक्ष [illegible]
९ - [illegible] वडा सदस्य
१० - हरिराम पासी वडा नं. ६ वडा सदस्य
११ ध्रुव नारायण चौ. वडा नं. ६ वडा सदस्य
१२ अर्जुन प्रसाद चौ. वडा नं. २ वडा सदस्य
१३ मकबुल मिया जिल्ला समन्वय समिति [illegible] सदस्य
१४) कन्हैया कुमार हरिजन वडाध्यक्ष वडा नं. ६
१५ [illegible] यादव - वडा सदस्य वार्ड नं. [illegible]
१६ हरिलाल लोनिया वडा सदस्य वार्ड नं. ४
१७ राम प्रसाद यादव वडा सदस्य वडा-५
१८ विनोद कुमार [illegible], ५ नं. वडा सचिव
१९ रामाशंकर गुप्ता [illegible]
२० किशोर गौतम [illegible] वडा सचिव
२१ रमेश कुमार चौधरी वडा नं. १ वडा सदस्य
२२ [illegible] कुमार प्र.अ. [illegible]

उमेश चन्द्र यादव
अध्यक्ष

| क.स. | नाम | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नरेन्द्र [illegible] | [illegible] | ९८४५८[illegible] | |
| २ | विनय [illegible] | [illegible] | ९८५५४४१७८४ | |
| ३ | विजय [illegible] | [illegible] | ९८४६३२३[illegible] | |
| ४ | [illegible] | [illegible] | ९८४५२८९३८६ | |
| ५. | [illegible] अली [illegible] | [illegible] | ९८६१२२९४६५ | |
| ६. | [illegible] यादव | अ.क.अ | ९८६५८२१३१० | |
| ७. | रिजवान मिया अन्सारी | का.स. | ९८२१००६२९८ | |
| ८ | [illegible] | [illegible] | ९८१५८३४६८[illegible] | |
| ९. | आनन्द यादव | [illegible] | ९८४४६१०३३४ | |
| १० | कमलेश यादव | [illegible] | ९८१६८२९९५ | |
| ११. | [illegible] कुमार [illegible] | अमिन | ९८४४६५८२२३ | |
| १२ | उमेश प्रसाद यादव | [illegible] | ९८४४८४००७ | |
| १३ | सन्तोष कु. चौधरी | [illegible] | ९८४५८२७१३४ | |
| १४ | राम नारायण [illegible] | सहायक [illegible] | ९८४८०५४४०३ | |
| १५ | [illegible] | [illegible] | ९८४६२५०३५८ | |

उमेश चन्द्र यादव
अध्यक्ष

| क.स. | नाम | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १५. | [illegible] | सब-इन्जिनियर | ९८६५४४२२८० | [signature] |
| १६ | रवि अहिर | नगर प्रहरी जवान | ९८२८२५६९६३ | [signature] |
| १८ | दिपेन्द्र प्रताप थेबा | नगर प्रहरी जवान | | [signature] |
| १९ | हरिलाल राजभर | कार्यालय प्र. सहयोगी | | [signature] |
| २०. | नागेन्द्र कु. गुप्ता | प्राविधिक कर्मचारी | ९६४८३४४९६४ | [signature] |
| २१ | वीरेन्द्र कुमार चौधरी | | | [signature] |
| २२ | संजय कुमार शर्मा | [illegible] | ९८६६८३५३१२ | [signature] |
| २३ | सन्तोष कुमार गुप्ता | स.प्र.नि. | ९८४३४२०५०१ | [signature] |
| २४ | मदन गुप्ता | का.स. | ९८०११५५०४१२ | [signature] |
| २५ | केशव त्रिपाठी | वडा सचिव | ९८०५८२११४८६ | [signature] |
| २६ | दिपक कुमार थापा मगर | वडा सचिव | ९८४४८८३६३८५ | [signature] |
| २६. | राहुल कुमार यादव | वडा सचिव | ९८६५७६६०७४ | [signature] |
| २८. | सागर घिमिरे | वडा सचिव | ९८०८६६६४४३ | [signature] |
| २९ | रचना घिमिरे | वडा सचिव | ९८६७१२१८८० | [signature] |
| ३० | यमुना देवी अधिकारी | का.स. वडा १ | | [signature] |

उमेश चन्द्र यादव
अध्यक्ष

| क.स. | नाम | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| ३१ | चन्द्र माया फुँयाली | [illegible] | ९८६६२४३७३३ | |
| ३२ | प्रतिमा भट्टराई | वार्ड नं १ ए.क.अ | ९८६६०२५५४४ | |
| ३३. | मनु माया कार्की | वार्ड नं २. क.स. | ९८६६९९३४५० | |
| ३४ | कल्पना चौधरी | वार्ड नं १ [illegible] | ९८४६२३५५०० | कल्पना |
| ३५ | उमाशंकर सिंह | वार्ड नं.-२ सि. क. अ. | ९८६४५६२२६४ | |
| ३६ | राज कुमार गुप्ता | स.क.अ. वडा नं. 6 | ९८४६४२०२०५ | |
| 37 | [illegible] प्रसाद चौधरी | वडा नं ८ कार्यालय प्र० | ९८११९८६६८० | |
| ३८ | सुरेन्द्र हरिजन | [illegible] | ९८४६२५०८०५ | |
| ३९ | सन्तोष पोखरेल | स.क.अ. [illegible] | ९८४६२५१६५२ | |
| ४० | [illegible] | का०स० [illegible] | ९८१९८४६६०९ | |
| ४१ | [illegible] | [illegible] | ९८४६४८२१९६ | |
| ४१ | विमला देवकोटा | विनियोजित सहजकर्ता | ९८६३९३५२६१ | |
| ४२ | मनीष कुमार ठाकुर | स.इ. | ९८१९८४४०३१ | |

उमेश चन्द्र यादव
अध्यक्ष

| क्र.स. | नाम | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| ४३ | राजेन्द्र प्रसाद चौधरी | अ.हे.व | ९८१६८२५०९६० | |
| ४४ | चन्द्रकान्त कुमार भण्डारी | प्रा.स. | ९८६४५९१५२८० | |
| ४५ | संध्या यादव | C.L (परिचालिका) | [illegible] | |
| ४६. | रजनी पौडेल | प.से.प्रा. | ९८४६६८४२७ | |
| ४७. | गौमा घिमिरे | सहायक चौकी | ९८४७०५६१४५ | |
| ४८ | प्रिया चौधरी | नगर प्रहरी जवान | ९८०११६६५ २६४ | |
| ४९ | विन्देश्वरी चौधरी | स.क.म. | ९८१६४१०५४४ | |
| ५० | साधना कुमारी भर | [illegible] | ९८६११६४५६१ | |
| ५१) | अस्मिता कुमारी पंजियार | स.क.अ. | ९८१३४४५३४५ | |
| ५२. | रुकमिणी कुमारी चौधरी | कार्यालय [illegible] सहयोगी | ९८०४८०६५५० | |
| ५३ | उषा यादव | सामाजिक परिचालक | ९८६५२८६३४५ | |
| ५४ | अनिता कुशवाहा | सामाजिक परिचालक | ९८६६४५६९२० | |

उमेश चन्द्र यादव
अध्यक्ष

| क.स. | नाम | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| ५५ | सोना हरिजन | वडा सदस्य | ९८१६४१६०६० | सोना |
| ५६ | सरस्वती कु. चमार | वडा सदस्य | ९८०३६३६७०३ | सरसती |
| ५७ | संगिता कुमारी [illegible] | वडासदस्य | ९८२६८२५२९१ | संगीता |
| ५८ | मन्जु हरिजन | " " | ९८६५४३१२०२५ | मन्जु |
| ५९ | इन्द्रावती पंजियार | " " | ९८०१६८०५३२३ | इन्द्रावती |
| ६० | बिमला हरीजन | " " | | बिमला |
| ६१ | देविका रानभट | कार्यालय सहयोगी | ९८०७६६६५६५ | देविका |
| ६२ | भुरवती देवी हरिजन | वडा सदस्य | | भुरवती |
| ६३ | हिरमती हरिजन | वडासदस्य | | हिरमती |
| ६४ | बिन्दु चौधरी | वडासदस्य | | बिन्दु |
| ६४ | अब्दुल हकिम धुनीया | वडा सदस्य | ९८१०३४०८८६ | [signature] |
| ६५ | गिता [illegible] | कार्यपालिका सदस्य | | गिता |
| ६६ | आशा देवी हलवाई | कार्यपालिका सदस्य | ९८१२९८०३६ ६५ | आसा |

उमेश चन्द्र यादव
अध्यक्ष

| क्र.स. | नाम | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| 56 | सुभावती पासी | कार्यपालिका सदस्य | | [illegible] |
| 58 | सीमा पटियार | वडा सदस्य वाड नं 6 | 9845719568 | [illegible] |
| 59 | चमेली कुमारी पासी | " " वाड नं. 2 | 9814425843 | चमेली |
| 60 | [illegible] | वडा नं 4 अध्यक्ष | 9857015782 | [illegible] |
| 61 | सिमा मण्डल | वडा सदस्य | 9804415205 | सिमा |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज मिति २०७४।४।५ गतेका दिन प्रभावर गाउँपालिकाको आयोजना विकासयोजना अन्तर्गतका सम्बन्धी कार्यक्रम रामस्वरूप सिंह (अध्यक्ष) को उपस्थितिमा भएको अभिलेख ।

उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १) | धर्मेन्द्र यादव | वडा अध्यक्ष | ९८०६०२९५४८ | |
| २) | रामेश्वर तिवारी | वडा-सचिव | ९८०६२११८४५ | |
| ३) | हरिराम पासि | का.-सदस्य | ९८०४८९८०३३२ | |
| ४) | मोहन पासी | स्थानीय वा.-६ | ९८०४८२१५५८ | |
| ५) | राजकुमार गुप्ता सहायक कर्मचारी | | ९८४०४ २०२०८ | |
| ६) | मीर अफजाल अली अन्सारी | स्थानीय | ९८४९१०२२८४ | |
| ६ | बाबु हरिनन्द प्र. कुर्मी | मीर अफजाल | ९८४६९२०६५२ | |
| ८ | सुशान्त कुमार शर्मा | | ९८४०१५५१६२ | |
| ९ | मोहन पासी (सदस्य) | | ९८०४५३१[illegible] | |
| १० | राजपति देवी यादव | | ९८४१५५४२३४ | |
| ११ | लिलावती कु मुखिया | | ९८६८८२८२०६० [illegible] | |
| १२ | संदेश | पोखरेल | | |
| १३ | रमा कुमारी सिंह भारत | | ९८६७४३१०८६ | |
| १४ | फुलवती कुमारी यादव | | ९७४५३९२००३ | |
| १५ | ऊषा | चौधरी | ९८६७०२५५३८ | |
| १६ | राजा | पाण्डे | ९८६४५१०९४१३ | |
| १७ | श्री नारायण चौधरी | | ९८२८६०८०९९ | |

उमेश प्रसाद यादव
अध्यक्ष

आज मिति २०८०।१२।२६ गतेका दिन प्रतापपुर गाउँपालिका [illegible] आर्थिक योजना/[illegible] सम्बन्धी [illegible] छलफल [illegible] कार्यक्रम प्रतापपुर (गाउँपालिका) वडा नम्बर ५ का अध्यक्ष श्री [illegible] को अध्यक्षता मा देहायको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

१ [illegible] वडा ५ अध्यक्ष [illegible]
२
३ [illegible] पासी वडा ५ [illegible]
४ [illegible] वडा ५
५ [illegible] वडा ५ [illegible]
६ [illegible] वडा ५
७ [illegible] मिश्रा वडा ५
८ [illegible] वडा ५ [illegible] केवट
९ [illegible] यादव वडा ५
१० राजु पासी वडा ५ [illegible] माया
११ राम [illegible] सिंह वडा ५ [illegible]
१२ गोविन्द सिंह वडा ५
१३ [illegible] वडा ५ [illegible]
१४ [illegible] पासी वडा ५ [illegible]
१५ [illegible] वडा ५ [illegible] पुनम
१६ [illegible] वडा ५ [illegible]
१७ [illegible] सिंह [illegible]
१८ [illegible] [illegible] [illegible]
१९ पुनम संगीता [illegible]
२० [illegible]
२१

पुनम [illegible] सुभावती संगीता
पुष्पा [illegible] [illegible] मीना
[illegible] सुमित्रा [illegible]
गीता देवी [illegible]

उमेश चन्द्र यादव

आज मिति २०८०/५/१० गतेका दिन जानकी गाउँपालिकाको आवधिक विकास योजना अद्यावधिक सम्बन्धी छलफल तथा तथ्याङ्क संकलन कार्यक्रम जानकी गाउँपालिका वडा नं ६ का अध्यक्ष जय किशुन चौधरी को अध्यक्षतामा श्री ... इन्जिनियरिङ प्रा.लि. काठमाडौं, टिम समूह द्वारा सम्पन्न गरियो

उपस्थिति

| | नाम | पद | मोबाइल नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १) | जय किशुन चौधरी | वडा अध्यक्ष ६ | ९८४६०५७६५८<br>९८४१५२०३७० | [signature] |
| २) | विरेन्द्र कुमार चौधरी | वडा सदस्य-६ | ९८६८४४४४४४ | [signature] |
| ३) | विनोद कुमार थनिया | वडा सचिव-६ | ९८४६०६५९९५ | [signature] |
| (४) | इन्द्रावति पडिहार | महिला, दलित | ९८१४८०४३२३ | |
| ५) | निर्मला हरिजन | महिला सदस्य, दलित | ९८२२४४३२८३ | |

आज मिति २०८०।१४।२० गतेको दिन कुतापर गाउँपालिका वडा नं. ५ को कार्यालय परिसरमा गाउँपालिकाको विकास योजना लगायत सम्बन्धी छलफल तथा लगाइ [illegible] कार्यक्रम गरी [illegible] इन्जिनियर [illegible] निम्न बमोजिम [illegible] गरियो।

उपस्थिति

| | नाम | पद | मोबाइल | हस्ताक्षर |
|---|---|---|---|---|
| (१) | लक्ष्मी प्रसाद बढुँ | वडा नं. ५ वडाध्यक्ष | ९८४००१३३३७ | |
| (२) | संगीता देवी साह | आमा समूह अध्यक्ष | ९८४४४५३४२ | |
| (३) | समिता महतो | उ.प.ज.मी | ९७४८११०६०२ | [signature] |
| (४) | शिला कुमारी हलिन | कार्य स | ९७६५५७९८६२ | [signature] |
| (५) | सुरेश चौधरी | वि.अ.ई.१ | ९८६२४५०५६८ | [signature] |
| (६) | भगवती यादव | उपभोक्ता समिति (सदस्य) | | [signature] |
| (७) | महेन्द्र पासी | युवा क्लबको अध्यक्ष | ९८४४८८२३ | [signature] |
| (८) | दर्शिका यादव | उपभोक्ता समिति (सदस्य) | ९८००७४८००६ | [signature] |
| ९. | | | | |

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय [illegible]

उमेश चन्द्र यादव
अध्यक्ष

आज मिति २०८०।११।२४ गतेका दिन प्रतापपुर गाउँपालिका वडा नं. ५ [illegible] वडा अध्यक्षज्यूको अध्यक्षतामा प्रस्तावित [illegible] [illegible] [illegible] तथा [illegible] [illegible] [illegible] श्री [illegible] [illegible] देखि [illegible] उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

१) [signature] रवीन्द्र यादव २ नं. वडा अध्यक्ष

२. [signature] अयोध्या प्रसाद साह

३. [signature] अनिल कुमार चौबे

४. [signature] राजेन्द्र प्रसाद यादव

५. [signature] [illegible]

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उमेश चन्द्र यादव
अध्यक्ष

आज मिति २०७५/०४/२८ गतेका दिन प्रतापपुर गाउँपालिका सभाहलमा [illegible] मा बसेको कार्यपालिकाको बैठकमा गाउँपालिकाको [illegible] रहेको [illegible] योजना [illegible] आर्थिक [illegible] [illegible] [illegible] योजना [illegible] गरिएको छ । [illegible] [illegible] [illegible] [illegible] निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम/थर | पद | दस्तखत |
| --- | --- | --- | --- |
| १. | श्री उमेश चन्द्र यादव | गाउँपालिका अध्यक्ष | |
| २. | श्री [illegible] कुमारी चौधरी | गाउँपालिका उपाध्यक्ष | |
| ३. | श्री [illegible] जोशी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री महेन्द्र बहादुर शाह चौधरी | वडा १ अध्यक्ष | |
| ५. | श्री [illegible] यादव | " २ " | |
| ६. | श्री [illegible] | " ३ " | |
| ७. | श्री [illegible] प्रसाद [illegible] | " ४ " | |
| ८. | श्री [illegible] | " ५ " | |
| ९. | श्री [illegible] प्रसाद अधिकारी | " ६ " | |
| १०. | श्री [illegible] यादव | " ७ " | |
| ११. | श्री [illegible] | " ८ " | |
| १२. | श्री [illegible] चौधरी | " ९ " | |
| १३. | श्री [illegible] चौधरी | कार्यपालिका सदस्य | |
| १४. | श्री [illegible] प्रसाद हरिजन | " | |
| १५. | श्री [illegible] देवी कुम्हार | " | |
| १६. | श्री [illegible] यादव | " | |
| १७. | श्री [illegible] देवी पासी | " | |
| १८. | श्री [illegible] मुसहर | " | |